महाभारतका केही प्रसङ्ग

S.Y923
356म

मुक्तिनाथ शर्मा नेउपाने

महाभारतका केही प्रसङ्ग

श्रीविष्णुसहस्रनामसहित

मुक्तिनाथ शर्मा नेउपाने

२६२३०

२५४.२५२३
न३९६म

लेखककी पुत्रवधू

श्रीमती रीता शर्मा

पुस्तक : **महाभारतका केही प्रसङ्ग**

प्रकाशक : श्रीमती रीता शर्मा, नेउपाने बानेश्वर
हाल : साउथल, लण्डन

सर्वाधिकार : लेखकमा

संस्करण : पहिलो, वि.सं. २०६८ भाद्र

कम्प्यूटर : कमला थापा

मूल्य : रु. २५०।— (विदेशमा $ 10.00)

मुद्रक : **श्री प्रेस** जावलाखेल ललितपुर
फोन : ५५३२८२२

ISBN : 978-9937-2-3914-1

समर्पण

सिकाए जसले पढ्न
लेख्नमा प्रेरणा दिए ।
दिए सीप र सामग्री
स्वास्थ्य, कर्मण्यता दिए ॥
जसका आँटले मैले
गर्ें ग्रन्थ प्रकाशन ।
यो सामग्री उनैको हो
उनैमा छ समर्पण ॥

— मुक्तिनाथ शर्मा नेउपाने

मन्तव्य

प्रा. मुकुन्दशरण उपाध्याय

श्री मुक्तिनाथ शर्मा नेउपाने ज्यू को नवीनतम कृति 'महाभारतका केहि प्रसङ्ग' को पाण्डुलिपि 'थाली पुलाक न्याय' को शैली मा सरसर्ती पढ्न पाएँ। आफू पनि महाभारत मा रमाउने मान्छे भएकाले नेपाली भाषा मा एस्तो कृति उपस्थित हुन लागेको मा खुशी लाग्यो। श्री नेउपाने नेपाली भाषा र साहित्य को साधना मा सघन रूप ले लाग्नु भएको छ र वहाँ को उत्साह लाई उमेर ले पनि लौकिक व्यस्तता ले पनि छेक्न सकेका छैनन्। वहाँ ले निरन्तर र निरपेक्ष रूप ले नेपाली साहित्य का विविध पक्ष मा कलम दौडाई रहनु भएको छ, साना नानी हरूका निम्ति पनि प्रौढ र वयोवृद्ध का निम्ति पनि। श्री नेउपाने अहिले जागीर र सन्तान को लालन पालन को व्यस्तता बाट निवृत्त हुनुहुन्छ। एसरी लौकिक व्यस्तता बाट विश्राम पाए पछि त वहाँ को एकाग्रता स्वाध्ययन र लेखन मा झनै केन्द्रीभूत हुन पाएको छ। सनातन धर्म परम्परा अनुसार वहाँ अहिले वानप्रस्थ आश्रम मा हुनुहुन्छ। वानप्रस्थ व्यक्ति का लागी धर्मशास्त्र हरू ले तपस्या गर्न भनेका छन्। तर तपस्या भनेको के हो त ? एस विषय मा उपनिषद् को समाधान महत्वपूर्ण छ। उपनिषद् मा भनिएको छ- **'स्वाध्याय एव तपः, स्वाध्याय एव तपः स्वाध्याय एव तपः'** जस को तात्पर्य अध्ययन मनन गर्नु र तेस क्रम मा प्राप्त ज्ञान लाई प्रवचन द्वारा अथवा लिखित (मुद्रित) सामग्री द्वारा समाज का निम्ति अर्पित गर्नु भन्ने हो। साहित्यकार श्री मुक्तिनाथ नेउपाने अहिले तेहि वैदिक तपस्या मा संलग्न बन्नु भएको छ। यहाँ वैदिक तपस्या भन्नु मा विशेष उद्देश्य पनि छ। किन भने हाम्रो समाज मा तपस्या भन्ने वित्तिकै जंगल वा कन्दरा गुफा हरू मा लुकेर कुनै देवी देवता को मन्त्र विशेष को जप गर्नु र सो क्रम मा अन्न पानी पनि त्यागेर शरीर लाई कष्ट दिनु र मरणासन्न पार्नु वा मृत्यु नै वरण गर्नु हो भनेर बुझ्ने हरू धेरै छन्। माथी उद्धृत उपनिषद् वाणी ले तेसको निषेध गरेको छ। भगवान् श्री कृष्ण ले भगवद्गीता मा पनि शरीर लाई यातना दिएर गरिने तपस्या लाई अनुचित बताउनु भएको छ। जस्तै-

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपोजनाः ।
दम्भाहंकार संयुक्ता कामरागबलान्विताः ।।
कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ।
मां चैवान्तःशरीरस्थं तान् विद्ध्यासुरनिश्चयान् ।।
(गीता १७।५-६)

अर्थात् जसले दम्भ र अहंकार लिएर कुनै कामना वा आसक्ति को बल मा वेदादि शास्त्र को आज्ञा का विरुद्ध घोर तपस्या गर्दछन् र आफ्नो शरीर का पञ्चमहाभूत आदि समूह (अंग प्रत्यंग आदि) लाई मात्र होइन शरीर भित्र आत्मा को रूप मा विराजमान परमात्मा लाई पनि कष्ट दिएर पाप कमाउँछन्, ती अहंकारी हरू पनि आसुरी प्रवृत्ति का हुन् भनेर बुझ्नु पर्दछ ।

तर वर्णाश्रम धर्म को यथार्थ स्वरूप बुझेर सो अनुरूप आचरण गर्दा हामी वास्तविक तपस्या किंवा पुण्य कार्य गरिरहेका हुन्छौँ । एस अर्थ मा साहित्यकार श्री नेउपाने ले अध्ययन मनन रूपी शास्त्रानुकूल तपस्या गरी रहनु भएको छ र आफ्नो जीवन लाई धन्य बनाउनु भएको छ । यो वहाँ स्वयं को पनि तथा नेपाली भाषा र साहित्य को पनि सौभाग्य हो ।

साहित्यकार श्री मुक्तिनाथ शर्मा नेउपाने को प्रस्तुत कृति मा वहाँ ले महाभारत महाकाव्य र उसका सन्दर्भ सामग्री हरू को अध्ययन गर्दा आफू लाई विशेष घत लागेका र पाठक लाई उपयोगी बन्न सक्ने प्रसंग हरू संकलित गरेको देखिन्छ । यो त विज्ञ पाठक हरू लाई विदितै छ कि महाभारत ग्रन्थ एउटा विशाल र अगाध सागर जस्तै छ ।

यथा समुद्रो भगवान् यथा मेरुर् महागिरिः ।
उभौ ख्यातौ रत्ननिधी तथा भारतमुच्यते ।।
(आदिपर्व ६२।४८)

यो एति विशाल छ कि एस मा विविध प्रकृति र उद्देश्य भएका पाठक हरू ले सहजै आफ्ना अनुकूल को सामग्री प्राप्त गर्न सक्छन् । स्वयं महाभारतकार ले उद्घोष गर्नु भएको छ-

धर्मे चार्थे च कामे च मोक्षे च पुरुषर्षभ ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ।।
(आदिपर्व ६२।५६)

अर्थात् धर्म, अर्थ (राजनीति), कामोपभोग तथा मोक्ष ई चारै पुरुषार्थ मा पनि महभारत ग्रन्थ भित्र पर्याप्त अध्ययन सामग्री छन् । एस्तो अनुभव हुन्छ कि यहाँ नभएका कुरा अन्यत्र कहीं पनि छैनन् ।

एस्तै एउटा सुन्दर अभिव्यक्ति सुभाषितरत्न भाण्डागार नामक ग्रन्थ मा भेटिन्छ । जस मा भनिएको छ-

यद्यत् तत्त्वं हि वेदानाम् अष्यदशसु पर्वसु ।
अष्यदशपुराणेषु तत्वं तदस्ति वा न वा ।।

(सुभाषित र.भा., संकीर्ण)

अर्थात् वेद संहिता को भित्री आशय महाभारत का अट्ठार पर्व मा जसरी र जति स्पष्ट सँग व्यक्त भएको पाइन्छ, तेसरी र तेति नै आशय सम्पूर्ण अट्ठार महापुराण हरू भित्र पनि भेट्टाउन सकिन्छ वा सकिन्न भन्न सकिन्न ।

एस कुरा को पुष्टि आधुनिक भारतीय विद्वान् हरू ले एसरी व्यक्त गरेका छन्-

सामाजिकं भौगोलिकं दार्शनिकं ज्योतिर् विषयकं विज्ञानं लोकरीतयो धर्मनीतयः कुटिलनीतयश्च इत्यादयोऽनेके परःसहस्रविषया महाभारतप्रतिपाद्याः ।

- श्रीरामचन्द्र किञ्जबडेकर शास्त्री

महाभारत ग्रन्थ का रचनाकार महर्षि वेदव्यास हुन् । श्रद्धेय वेद व्यास ले लोकोपकार तथा भगवद् गुणानुवाद गर्ने उद्देश्य ले हामी लाई अनेकौं महनीय ग्रन्थ दिएर छोडेका छन् । जस मध्ये महाभारत पनि एउटा हो । महर्षि वेद व्यास ले महाभारत रचना को मूल लक्ष्य धर्म को परिचय दिनु र धर्म को पालना गर्न प्रेरणा दिनु बताएका छन् । महिर्ष व्यास ले अर्थनीति र कामोपभोग लाई पनि धर्म अन्तर्गत नै राख्न सकिने र धर्म को अभाव मा उक्त दुवै कुरा को राम्रो अनुभव गर्न सम्भव नहुने कुरा अनेकौं दृष्टान्त हरू बाट सिद्ध गरेका छन् । ग्रन्थ को उपसंहार को क्रम मा उनी भन्छन्-

न जातु कामान्न भयात् न लोभाद्
धर्मं त्यजेत् जीवितस्यापि हेतोः ।
नित्यो धर्मः सुखदुःखे त्वनित्ये
जीवो नित्यो हेतुरस्य त्वनित्यः ।।

(स्वर्गारोहणपर्व ५।६१)

अर्थात् हे मनुष्य हो ! कुनै कुरा को कामना ले, कसैको डर ले केहि कुरा प्राप्त हुने सम्भावना को लोभ ले अथवा यहाँ सम्म कि प्राण संकट बाट आफू लाई सुरक्षित गर्ने उद्देश्य ले नै पनि धर्म लाई छोड्न हुन्न । किन भने धर्म भनेको हाम्रो स्थायी मित्र हो, बाँकी सुख, दुःख र तिनका उपकरण हरू अनित्य र अस्थायी कुरा हुन् । हाम्रो जीवन नित्य हो, शरीर अनित्य हो; एसर्थ नित्य जीवन को नित्य सहयोगी धर्म लाई छोडेर अस्थायी कुरा मा अलमलिनु बुद्धिमानी हुन सक्दैन ।

उक्त प्रसंग मा नै वेद व्यास ले निम्न लिखित अति मार्मिक उद्गार पनि व्यक्त गरेका छन्-

ऊर्ध्वबाहुर् विरौम्येष न च कश्चित् शृणोति मे ।
धर्माद् अर्थश्च कामश्च स किमर्थ न सेव्यते ।।
(स्व. ५।६२)

एसको नेपाली अनुवाद मा पंक्तिकार ले सम छन्द मा नै निम्न लिखित चार पंक्ति लेखेको छ-

धर्मै गरे हुँदी हुन्छ अर्थ काम समुन्नति
बन्दैनौ किन ए मान्छे ! धर्म सेवा दृढव्रती ?
कठै ! हात उठाएर कराउँछु जता पनि
कोहि हेर्दैन यो व्यास के के भन्छ सुनौं भनी ।।

एसरी हामी बुझ्दछौं महाभारतकार महर्षि वेद व्यास धर्म को परिचय, धर्म को अन्वय व्यतिरेकात्मक व्याख्यान र धर्म को महत्व किंवा धर्म पालन को महिमा बुझाएर समाज लाई धर्मपरायण बनाउन का निम्ति समर्पित भाव ले लागेका थिए र महाभारत ग्रन्थ तेसैको सुन्दर परिणाम थियो । श्री मुक्तिनाथ नेउपाने ले एस्तो गहन र महिमामय ग्रन्थ का केहि प्रसंग लाई नेपाली मा ल्याएर पाठक हरू मा वितरित गर्ने राम्रो प्रयत्न गर्नु भएको छ । यद्यपि नेपाली भाषा मा विविध शैली ले महाभारत का कथा हरू को सम्पादन भइरहेको छ र अन्य ग्रन्थ हरू पनि आएका छन्, भए पनि साहित्यकार मुक्तिनाथ नेउपाने ले छुट्टै शैली मा तिन लाई वितरित गर्ने जुन प्रयत्न गर्नुभएको छ, तेस को भूरि भूरि प्रशंसा गरिनु पर्दछ भन्दा अत्युक्ति हुने छैन ।

साहित्यकार श्री नेउपाने ले प्रस्तुत ग्रन्थ मा महाभारत को अत्यन्त सम्मानित स्तोत्र "श्री विष्णुसहस्रनाम" पनि पनि समाविष्ट गर्नु भएको छ । एस पवित्र कार्य

ले ग्रन्थ को गरिमा र धार्मिक महत्ता लाई बढाएको छ । महाभारत महासागर को मन्थन गर्दा प्राप्त हुने दुइटा अमृत कुम्भ को कल्पना गर्ने हो भने एउटा हो श्रीमद्भगवद्गीता र अर्को हो श्री विष्णुसहस्रनाम स्तोत्र । वैदिक सनातन धर्म परम्परामा गीता नाम का ग्रन्थहरू को जसरी एउटा विस्तृत वाङ्मय परम्परा छ तेसै गरी सहस्रनाम भन्ने अभिधान का स्तोत्र हरू को पनि विस्तृत परम्परा रही आएको छ । तिन मा गीता वाङ्मय तर्फ गणेश गीता, देवी गीता, अष्टावक्र गीता, उद्धव गीता, व्यास गीता, कपिल गीता, यम गीता, शिव गीता आदि विविध गीता हरू को नाम लिन सकिन्छ भने सहस्रनाम तर्फ शिव सहस्रनाम, गणेश सहस्रनाम, गायत्री सहस्रनाम, सूर्य सहस्रनाम, गोपाल सहस्रनाम आदि आउँछन् । विद्वान्हरू भन्दछन् ई दुवै थरी वाङ्मय का प्रेरणास्रोत महाभारत कै भगवद्गीता र विष्णुसहस्रनाम हुन् । ई दुई कृति का अक्षार अक्षार मा योग सिद्धि का रहस्यमय तत्व हरू को अस्तित्व छ । श्री नेउपाने ले विष्णुसहस्रनाम अक्षरशः संकलित गरेर ग्रन्थ को पावनता मा विशिष्ट आयाम थप्नु भएको छ ।

श्री नेउपाने ले नेपाली गद्य मा ग्रन्थ को सम्पादन गर्नु भएकाले वर्तमान नेपाली भाषा को वर्तनी किंवा हिज्जे बारे पनि केहि चर्चा गर्नु अप्रासंगिक हुने छैन । आज हामी देखि रहेछौं नेपाली भाषा को लेखाई छपाई मा डर लाग्दो किसिम ले अव्यवस्था फैलिएको छ । ठीक, बीच, तीन, तीस, फूल, भूल, दूध, जूट, फूट र शूट जस्ता दीर्घ मात्रा युक्त शब्द हरू बलात् ह्रस्व तुल्याइएका छन् र तिनै रूप हरू लाई शुद्ध रूप भन्ने प्रचार मा राज्यकोष बाट लाखौं पैसा को अपव्यय भइरहेको छ, तर पनि दिन प्रतिदिन अव्यवस्था बढ्दै गएका छन् । एस स्थिति मा साहित्यकार हरू लाई उचित वातावरण बन्दैन । पंक्तिकार को धारणा के छ भने कुनै पनि भाषा होस् उसको मौलिक स्वरूप मा हस्तक्षेप हुन हुँदैन । नेपाली भाषा ले बारम्बार हस्तक्षेप भोगी रहेको छ । कहिले आफ्ना शुद्ध सर्वनाम, एस, तेस, एता, तेता र इनी, इनै आदि जस्ता रूप लाई धपाएर यस, त्यस, यता, यिनले आदि बनाई दिने, कहिले स्कूल, कानून, मजदूर, मञ्जूर आदि लाई बलात् ह्रस्व तुल्याई दिने, कहिले शहर, शहीद, शेरपा, शेरचन, शेयर, शायद आदि मा प्रयुक्त मोटो शकार लाई धपाएर स्वकल्पित पातलो सकार भिराई दिने र टाँस्ने नपर्ने विभक्ति हरू लाई टाँस्ने पर्छ भनेर अत्तो पारी दिने इत्यादि हस्तक्षेप हरू एसले भोगी रहेको छ । एसरी नेपाली भाषा चिन्तनीय अवस्था मा बाँची रहेको छ । शब्दकोश र व्याकरण का पुस्तक हरू मा पनि एहि अव्यवस्था ले गर्दा साहित्यकार हरू अहिले

धर्म संकट मा छन्, कुन कोश र व्याकरण लाई पछ्याउने वा आधार मानेर आफनो कलम चलाउने भनेर ।

प्रस्तुति कृति को कम्प्यूटरित पाण्डुलिपि हेर्दा पनि एस्तो अनुभव भयो । साहित्यकार श्री मुक्तिनाथ नेउपाने ज्यू लाई पनि त्यो अपठ्यारो परेको हुनुपर्छ । किन भने वहाँ नेपाली भाषा प्रति संवेदनशील र निष्ठावान् लेखक हुनुहुन्छ । वहाँ को "श्रीमद्भगवद्गीता" नामक ग्रन्थ मा वहाँ ले मौलिक नेपाली भाषा को प्रयोग गरी सक्नु भएको पनि छ ।

तर प्रस्तुत कृति मा फेरि त्यो दोहोरिन पाएको छैन । किन भने विविध वर्तनी (हिज्जे) धारा हरू मा विभाजित वर्तमान परिवेश मा वहाँ लाई ठूलो समूह को अपेक्षा तर्फ पनि ध्यान दिनु पर्ने अवस्था पर्न गएको हुन सक्छ । यो कुनै अस्वाभाविकता होइन पनि । अझ एस्तो अवस्था पर्नु भाषिक चिन्तन लाई अगाडी बढाउने घटना क्रम पनि हुन सक्छ । तै पनि मुक्तिनाथ नेउपाने वा एस्तै भाषा र साहित्य को साधना मा समर्पित लेखक हरू स्वतन्त्र तथा ढुक्क बनेर कलम चलाउन पाउने वातावरण चाहिँ बन्नै पर्छ । हाम्रो यात्रा तेस तर्फ हुनै पर्छ । प्रस्तुत कृति मै पनि आदरणीय पाठक हरू ले दुई थरी हिज्जे र वाक्यविन्यास देख्नु पर्ने छ । किन भने यो पंक्तिकार ले यो जुन मन्तव्य लेखी रहेको छ त्यो र मूल ग्रन्थ को हिज्जे र वाक्यविन्यास मा कतिपय भिन्नता हरू छन् । सामान्यतया वर्तमान नेपाली ग्रन्थ हरू को यो कटु यथार्थ नै बनी सकेको छ । तर हामी सबै मिलेर नेपाली ग्रन्थ र पत्र पत्रिका हरू लाई एस अवस्था बाट उतारेर दुविधा मुक्त र फराकिलो संसार मा पुऱ्याउनै पर्छ ।

अन्त मा अहर्निश नेपाली भाषा र साहित्य मा समर्पित साहित्यकार श्री मुक्तिनाथ नेउपाने लाई परमात्मा को कृपा ले यो उत्साह र समर्पण उत्तरोत्तर परिणाम मुखी र लोक हितैषी बनाउन सफलता मिली रहोस् तथा वहाँ को स्वास्थ्य ले पनि वहाँ लाई सधैं साथ दिई रहोस् । एहि अभ्यर्थना गर्दछू ।

वि. सं. २०६८ भाद्र ४ आइतवार
(श्रीकृष्णजन्माष्टमी)

गहनापोखरी, टङ्गाल
काठमाडौं

अविरल गतिमा बगिरहोस् मुक्तिनाथजीको कलमगङ्गा

कलाधर काफ्ले

सर्जक मुक्तिनाथ शर्मा नेपाली साहित्यको सुन्दर बगैंचामा फेरि अर्को एउटा मगमगाउँदो फूल उमार्ने जमर्को गर्दैछन् । कथा, कविता, गीत, निबन्ध, यात्रासंस्मरण, समीक्षा, पौराणिक कथा, बालसाहित्यजस्ता अनेकौं विधामा कलम चलाएर वरिष्ठ साहित्यकारका रूपमा स्थापित भइसकेका शर्माको प्रकाशोन्मुख पुस्तक "महाभारतका केही प्रसङ्ग" तेइसौं कृतिका रूपमा देखा परेको छ । यसअघि नै श्रीमद्भागवतभित्रका केही प्रसङ्ग (२०६०) तथा श्रीमद्भगवद्गीता (२०६१) लेखेर महाभारतभित्रको रसास्वादन गरिसकेका शर्माले यस प्रकाशोन्मुख ग्रन्थलाई अलि नौलो पाराले पस्तुत गर्ने प्रयास गरेका छन् ।

वेद, उपनिषद, रामायण, महाभारत, गीता, पुराणजस्ता महान् ग्रन्थहरू मानव सभ्यताका उत्कृष्ट उपहार हुन् । यिनीहरू पारिभाषिक रूपमा ऐतिहासिक वा प्रागैतिहासिक प्रमाण नभए पनि हाम्रा पुर्खाका वैचारिक, दार्शनिक र व्यावहारिक अस्तित्व स्थापित गर्ने अमूल्य निधि भने अवश्य हुन् । यिनीहरूका बारेमा सदीयौंदेखि अनगिन्ती लेखकहरूले कलम चलाउँदै आएका छन् । न लेखेर कुनै स्रष्टा थाकेका छन् न लेख्ने विषय नै रित्तिएको छ । यस्तै अथक स्रष्टामध्ये मुक्तिनाथजी पनि एक हुन् । उनले आफ्नै तौरतरिकाबाट महाभारतजस्तो गहन ग्रन्थका बारेमा केही लेखेर साहित्य जगतको सेवा गर्ने जुन प्रयास गरेका छन् त्यो निश्चय पनि अत्यन्त सराहनीय पक्ष हुनगएको छ ।

महाभारतका वीराङ्गनाहरूले पुरुषहरूलाई सम्बोधन गर्दा प्रयोग गर्ने शब्द "आर्यपुत्र" बाट कौरव र पाण्डव दुवै आर्यहरू हुन् र महाभारतयुद्ध भारतीय उपमहाद्वीपमा आर्यहरूको प्रवेशपश्चात मात्र भएको हो भन्ने आभास पाइन्छ । ब्रिटिस सङ्ग्रहालयको हिन्दू, बौद्ध र जैन धर्मसम्बन्धी सामग्री प्रदर्शन गरिएको एक कक्षामा "आर्यहरू चार हजार वर्षअगाडि भारतीय उपमहाद्वीपमा

प्रवेश गरेका हुन् । प्रवेशकालमा तिनीहरूसँग धार्मिक सिद्धान्त त थियो तर कुनै ग्रन्थ भने थिएन । त्यही धार्मिक सिद्धान्तका आधारमा पछि लेखिएको ग्रन्थ वेद हो " भन्ने उल्लेख छ ।

सर आर्थर किथले ऋग्वेद आजभन्दा चार हजार वर्षअगाडि प्रारम्भ भएको ताम्रयुगमा लेखिएको ठहर गरेका छन् । ऋग्वेदलाई संसारको सबैभन्दा पुरानो ग्रन्थ मान्ने पश्चिमा विद्वानहरूले समेत ऋग्वेदकाललाई तीन हजार पाँच सयवर्ष भन्दा पुरानो मान्दैनन् । राहुल साङ्कृत्यायनले ऋग्वेदलाई इसापूर्व एक हजार दुई सय वर्ष अगाडिको ग्रन्थ मानेका छन् । बालकृष्ण समले तत्कालीन विचार, ज्ञान, विज्ञान, दर्शन, इतिहास, कथा आदि मुखमुखबाट वंशपरम्परागत चलिआएको श्रुतिको ऋग्वेद छ हजार वर्ष पुरानो मानेका भए पनि ताडपत्रमा सो ऋग्वेद धेरैपछि मात्र लेखिएको कुरा भने स्वीकार गरेका छन् ।

ऋग्वेदका सम्बन्धमा मदनमणि दीक्षितले उनको पुस्तक "त्यो युग-(२०६६)" मा लेखेका छन् - "आर्यहरूले भारत प्रवेश गर्दा आफूभन्दा पछौटे समुदायलाई होइन, बरु आफूभन्दा निकै समुन्नत, व्यवस्थित र सुसंस्कृत समाजलाई यहाँ उत्तर भारतमा नै फेला पारेका थिए । ... सिन्धु उपत्यकामा आफूभन्दा निकै उन्नत र सभ्य समाजलाई नयाँ बेहोर्नुपर्दा समेतका घटनाहरूको गाथा नै ऋग्वेद हो । ऋग्वेदमा भारत आगमनभन्दा पहिलेको अवस्थाका सम्झनाहरू र यज्ञहरूको चर्चाहरूलाई आर्य जातिका पुरेतहरू अर्थात ऋषिहरूले सूक्तबद्ध गर्नेगरेका थिए । .... ऋग्वेदका अन्तिम ऋचाहरू सके इसापूर्व बाह्रौँ शताब्दीको मध्यतिर नै छन्दोबद्ध भइसकेका थिए ... ।'

माथिका उद्धरणहरूबाट हामीलाई मोटामोटी रूपमा के कुरा स्पष्ट हुन्छ भने ऋग्वेद विभिन्न ऋषिहरूद्वारा लेखिएका आर्य जातिको ६ हजारवर्ष अगाडिदेखिको विचार, संस्कार, ज्ञान-विज्ञान, दर्शन तथा तिनीहरू भारतीय उपमहाद्वीपमा प्रवेश गर्दा त्यहाँका सुसंस्कृत र सभ्य जातिसँग युद्ध हुँदाको तीतो मीठो अनुभवसमेत समेटिएको एउटा महत्त्वपूर्ण सङ्ग्रह हो र यसको लेखन करिब बत्तीस सय वर्षअगाडि टुङ्गिएको थियो ।

महाभारतभन्दा ऋग्वेद पुरानो ग्रन्थ हो भन्ने कुरा पूर्वीय र पाश्चात्य विद्वानहरूले समेत स्वीकार गरेको यथार्थ हो । महाभारतका सम्बन्धमा उठ्ने हजारौँहजार वर्षअगाडिको प्रसङ्ग केवल किंवदन्ती मात्र हो । यति हुँदाहुँदै पनि यी दुई ग्रन्थका बीच केही समानताहरू देखिन्छन् । ऋग्वेद एउटा लामो

कालखण्डमा विभिन्न ऋषिहरूद्वारा सूक्तबद्ध गरिएको सङ्ग्रह हो भने महाभारत पनि समयसमयमा विभिन्न कविद्वारा छन्दोबद्ध कथा पटकथा र उपकथाद्वारा भरिएको एउटा स्थूल महाकाव्य हो । ऋग्वेदको लेखन प्रारम्भ गरिएको समय यकिन नभएझैं महाभारतको लेखन प्रारम्भ गरिएको समय पनि अनिश्चित छ । ऋग्वेदको पछिल्लो लेखनकाल इसापूर्व बाह्रौं शताब्दीको मध्यतिर टुङ्गिएझैं महाभारतले पनि सन् ५०० सम्ममा पूर्णता पाएको अनुमान छ । अर्को शब्दमा भन्नुपर्दा यी दुवै ग्रन्थ प्रारम्भमा गोसाईंकुण्डका त्रिशूली थिए भने पूर्णता प्राप्त गरेपछि मात्र देवघाटका त्रिशूली बनेका हुन् ।

महाभारतको विकासक्रमबारे मदनमणि दीक्षितद्वारा लेखिएको "त्यो युग (२०६६)" नामक ग्रन्थमा यसरी उल्लेख गरिएको छ - "लोकगाथाका रूपमा बाह्र सय जति श्लोकमा शुरूमा महाभारत सीमित थियो । 'जय' भनिने त्यस गाथामा पुष्यमित्र शुङ्ग (इसापूर्व दोस्रो शताब्दी) को समयमा परिवर्तन गरेर छ हजार जति श्लोकको 'भारत' तयार भयो । अनि गुप्त साम्राज्य (सन् ३२० देखि सन् ५०० सम्म) मा आजको महाभारतले रूप लियो ।" बाह्र सय श्लोक भएको 'जय' नामक लोकगाथा र एक लाख श्लोक भएको "महाभारत" नामक महाकाव्यका कथावस्तुबीच कति भिन्नता होलान् ? भन्न त हामी महर्षि व्यासलाई महाभारतका रचयिता भन्दछौं तर झन्डै सात आठ सय वर्षको अन्तरालमा पूर्ण गरिएको महाभारतका लेखक उनै महर्षि व्यास मात्र होलान् कि महर्षि व्यासजस्ता दुई/चार दर्जन व्यासहरूद्वारा त्यस्तो "महाभारत" लेखिएको होला ? यी निश्चय पनि यस क्षेत्रका विद्वानहरूले अन्वेषण गर्ने विषय हुन् ।

महाभारत वास्तवमा राजनीति, कूटनीति, रणनीति, षड्यन्त्र, न्याय-अन्याय, सदाचार-व्यभिचार, विचार-दर्शन, ज्ञान-विज्ञान, धर्म-अधर्म, सत्य-असत्य जस्ता मानव जीवनले व्यहोर्नुपर्ने यावत् कुराहरूलाई औपन्यासिक शैलीमा प्रस्तुत गरिएको एउटा कालजयी महाकाव्य हो । यो अत्यन्त रोचक कथा, उपकथाहरूले भरिपूर्ण छ । द्रौपदीलाई "पाँच पोईले" भन्नेहरूले वर्तमान नेपालको कतिपय समाजमा विद्यमान बहुपति प्रथालाई आत्मसात गर्दै आफ्ना पाँच-पाँच जना पुत्रलाई नृशंस हत्या गर्ने अश्वत्थामालाई क्षमादान गर्ने महान् वीराङ्गनाको रूपमा सम्मान गर्न पनि सक्नु पर्दछ । रामायणकालका हनुमान र महाभारतकालका भीमसेनको सम्बन्ध कसरी हो कुन्नि, महाभारतमा गाँसिन आएको छ । विज्ञहरू भन्दछन् कुरुक्षेत्रको युद्ध-गाथाभन्दा रामगाथा जेठो भए

पनि "रामायण" र "महाभारत" को लेखनकाल एउटै हो । यसैले दश हजार हात्तीको बल भएका भीम र मृतसञ्जीवनी बुटी पहिचान गर्न नसकेर सिङ्गो पर्वत नै बोक्ने हनुमानको कथाको तालमेल हुन सकेको हो । जम्मा दश हजार हात्तीको बल हुने बिचरा भीमसेनले सिङ्गो पहाडलाई काँधमा राखेर उड्नसक्ने बलवान् हनुमानको पुच्छरलाई के उचाल्न सकुन् त ! महाभारतमा पाइने यस्ता सयौँ रोमाञ्चकारी घटनाहरू केलाउने काम स्वयं पाठकहरूबाट हुनु आवश्यक छ ।

हामी मेरा अनन्य मित्र मुक्तिनाथ शर्माको प्रस्तुत पौराणिक ग्रन्थ "महाभारतका केही प्रसङ्ग" को चर्चामा छौँ । यसको पाण्डुलिपि सरसरती हेर्ने अवसर पाएँ । मलाई यो अत्यन्त पढनीय लाग्यो । महाभारतको कथा त यसमा हुने नै भयो । महाभारतका अठार पर्वको पर्वगत वर्णन नगरी यसका वीर-वीराङ्गना र नायक नायिकाहरूको जुन वर्णन गरिएको छ त्यो नै यस कृतिको विशेषता हो । उदाहरणका लागि महाभारतमा छरिएर रहेको विशिष्ट व्यक्तित्वहरूको पहिचानलाई लेखक महोदयले ठूलो मेहनतका साथ एकत्रित गरी एकै शीर्षकमा उल्लेख गरेका छन् । यसमा महाभारतका प्रमुख पात्रहरू-मत्स्यगन्धा, व्यास, भीष्म, द्रोण, कुन्ती, धृतराष्ट्र, गान्धारी, विदुर, कर्ण, युधिष्ठिर, दुर्योधन, भीमसेन, अर्जुन र द्रौपदीको परिचय छुट्टाछुट्टै शीर्षकमा समावेश गरिएको छ । कृष्णको समुपस्थिति शीर्षकमा अठार अध्याय गीताको माध्यमबाट महाभारत युद्धमा कृष्णको शीर्षस्थान दर्शाइएको छ । यसका अतिरिक्त यसमा यक्ष-युधिष्ठिर संवाद, कुरुक्षेत्रको बीभत्स दृश्य र अनुगीताको पनि सङ्क्षेपीकरण गरिएको पाइन्छ ।

वि.सं. २०५४ सालमा विद्रोह खण्ड-काव्य लेखेर साहित्य लेखनमा औपचारिक रूपमा प्रवेश गरेका शर्मा युद्धस्तरमा साहित्य सेवामा समर्पित भएका देखिन्छन् । ७२ वर्षे उमेरमा पनि उनी २२ वर्षे युवाजस्तै कर्मठ र सक्रिय देखिन्छन् । यो निश्चय पनि स्तुत्य र प्रशंसनीय विषय हो । यसले निरन्तरता पाइरहोस् । हार्दिक शुभेच्छासहित व्यक्त गर्नै पर्ने कुरा के हो भने मुक्तिनाथजीको कलमगङ्गा बगिरहोस्, अविरल गतिमा बगिरहोस् ।

नयाँ बानेश्वर, काठमाडौं

२०६८।५।१३

फोन: ४१०४१९१

भन्नैपर्ने कुरा

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ।।

(महाभारत, पहिलो श्लोक)

आदरणीय पाठकहरू समक्ष यो नयाँ पुस्तक लिएर आउन पाउँदा मलाई ज्यादै हर्ष लागिरहेको छ । मेरा यसअघिका पुस्तक पढेर मलाई प्रोत्सहन दिने मेरा सहृदयी पाठकहरू र मलाई समय समयमा मानसम्मान गर्ने संस्थाहरूको माया तथा सम्मानकै कारण यसरी पटक पटक नयाँ पुस्तक लेखी प्रकाशन गराउन सफल भएको हुँ भन्ने मलाई लाग्दछ । किनभने ती सम्झनाले मलाई लेखुँ लेखुँ बनाउछन् र लेखेका विषय प्रकाशनमा ल्याउन पनि लगाउँछन् । यस कारण म ती संस्था तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत **महाभारतका केही प्रसङ्ग** लेखनको विषय मैले यहाँ उल्लेख गर्नै पर्ने छ । मेरा फुपाजु (श्रीमतीतर्फका) पण्डित विष्णुदत्त भटराई बयोबृद्ध हुनुहुन्थ्यो र रोग बाट पनि पीडित हुनुहुन्थ्यो । उहाँलाई भेट्न म र मेरी श्रीमती उमा गएका थियौं । सकी नसकी कुरा गर्नुभयो । सुखदु:खका कुरा गरियो । हामी बिदावादी हुन खोजे पछि उहाँले भन्नुभयो "मसंग केही पुस्तक छन ती पुस्तक दिनलाई कुनै सुपात्रको विचार गर्दा मैले यहाँलाई ठहऱ्याएको हुँ । ती पुस्तक अहिले दिन चाहन्छु । स्वीकार्नु होला ।"

उहाँका यी कुराले मलाई भावुक बनायो । मेरा मनमा अनेकानेक तर्कना अए । म त्यस्तो विशिष्ट पात्र अवश्य होइन तापनि मलाई उहाँले किन यसरी मूल्याङ्कन गर्नुभयो भन्ने भयो मेरा मनमा । जे होस् वृद्धवाक्य सहर्ष स्विकार गरें तर प्रकट गरेर केही भन्न सकिनँ । उहाले सकी नसकी उठेर जनैमा रहेको साँचोबाट दराज खोल्नुभयो र महाभारतका छ ठेली पुस्तक मलाई हस्तान्तरण गर्नुभयो । म पुस्तक लिएर फर्कें ।

कसैले स्नेहका साथ दिएका पुस्तक त्यसै थन्क्याउने वा उपयोग नगर्ने मेरो बानी छैन । पढ्छु र समीक्षा वा अरू कुनै रूपमा लेख्ने समेत गर्दछु । यसो गर्दा गर्दा मैले झण्डै दुइसय भन्दा बढी पुस्तकको समीक्षा पनि गरेको छु, छापिएका

छन् पत्रपत्रिकाहरूमा । त्यही बानी भएका कारण महाभारत पनि पढ्ने विचार गरें । तर महाभारत पूरा पढ्न सक्ने क्षमताको अभाव नै भनौं आद्योपान्त पढ्ने हिम्मत आएन । कताकति पढ्न थालें । महाभारत वास्तवमा एउटा महासागर नै हो । महासागरको नजिक मात्र पुग्दा पनि छाल वा छालका छिटा पर्न जान्छन् । त्यस्ता छिटा पर्नु पनि शुभ हुन्छ भन्ने म ठान्दछु । यहाँ पनि करीव त्यस्तै लागेको हो मलाई । महाभारतले पनि मलाई गजवै गऱ्यो । म प्रभावित भएँ । पढ्दै गएँ वृद्ध फुपाजुको म प्रतिको स्नेह एवं विश्वास सम्झदै गएँ र मैले यसको कसरी सदुपयोग गरुँ भन्ने कुरामा समेत मनलाई हिँडाएँ । आखिर यसका केही प्रसङ्ग लेख्ने र फुपाजुलाई समर्पण गर्ने मन भएर आयो । म लेख्नथालें महाभारतका केही प्रसङ्ग । यसै बिच फुपाजु बित्नुभयो । ढिलो गरेको महसुस भयो र पश्चात्तापले पोल्यो मलाई । त्यसो भए पनि लेखनलाई निरन्तरता दिई नै रहें । केही लेखेपछि प्रकाशनमा ल्याउन मन लाग्यो । प्रकाशन हुँदैछ । यसरी लेखिएको हो महाभारतका केही प्रसङ्ग । यस अवसरमा म पण्डित विष्णुदत्त भट्टराईलाई सर्वप्रथम हार्दिक श्रद्धाञ्जलि चढाउन चाहन्छु ।

नेपाली समाजमा महाभारत प्रसङ्ग नौलो विषय होइन । कुनै न कुनै सन्दर्भबाट विख्यात छ यो । यसो भए पनि यसलाई पढेर फाइदा लिएका पाठक कमै छन् । आद्योपान्त अध्ययन गर्नेको संख्या त अझ सारै थोरै अवश्य छ । त्यस कारण मैले यो प्रयास गरेको हुँ । मेरो लक्ष्य हो यो पुस्तक पढेर मेरा पाठकले महाभारतको छोटकरीमा भए पनि जानकारी प्राप्त गर्न सकुन्, लाभ लिन सकुन् । यसका घटना, कुरा र व्यवहारबाट प्राप्त गर्न सकिने ज्ञान वर्तमानमा लागु गर्न सकिने खालका छन् । यो कति सम्भव हुन्छ त्यो पारख गर्ने पाठकका जिम्मामा छाड्न चाहन्छु ।

यहाँ एउटा निवेदन गर्नैपर्ने विषय छ । यस पुस्तकभित्र परेका संस्कृत पद्यहरू मूल महाभारतबाटै टिपिएका हुन् । तिनमा यथासम्भव पर्व, अध्याय र श्लोक संख्यासमेत उल्लेख गरिएका छन् । यसमा परेका कतिपय नेपाली पद्यहरू लेखकद्वारा तत्काल रचना गरिएका हुन् । गीतासम्बन्धी धेरैजसा पद्य लेखकद्वारा भावानुवाद गरिएको श्रीमद्भगवद्गीताबाट लिइएका छन् । अन्य गीताका श्लोकहरूको मूल स्रोतको उल्लेख गरिएको छैन, कारण गीताभित्र पसेर पत्ता लगाउन त्यति कठिन हुँदैन ।

पुस्तक प्रकाशन पूर्व सल्लाह माग्ने उद्देश्यले सर्वप्रथम म मैले दाजु ठहऱ्याएर मान चढाउने गरेका डा. महेश्वर शर्माकहाँ पुगें । उहाँले पाण्डुलिपि हेरेर केही सल्लाहका साथ मलाई हौसला दिँदै पुस्तक प्रकाशन योग्य छ भन्नुभयो । उहाँका कुराबाट म फुरुङ्ग फुर्केर फर्कें ।

प्रा. डा. बाबुराम पोखरेल यस सम्बन्धी ज्ञाता हुनाका साथै मलाई समय समयमा लेखन प्रकाशन विषयमा सुन्याउने गर्दै आउनुभएको हुँदा उहाँकहाँ पनि पाण्डुलिपि लिएर पुगें । उहाँले मेरो वेगमा उर्जा नै थपिदिनुभयो, म ढुक्क भएर अगाडि बढें ।

पुस्तक मुद्रणका निमित्त श्री प्रेस जाउलाखेलमा दिने निधो गरेर त्यहाँ गएँ । प्रेस प्रमुख रुक्मनाथ पौडेलजी, जो भद्र र सहयोगी भावनाका व्यक्ति हुनुहुन्छ उहाँलाई पाण्डुलिपि टक्याएँ । उहाँले सम्पादनका साथ पुस्तकको आकारमा ढाल्नुभयो मेरा पाण्डुलिपिलाई । त्यसपछि म विद्वान् प्रा. मुकुन्दशरण उपाध्यायकहाँ र मेरा परम मित्र कलाधर काफ्लेकहाँ गएँ । यसको खास कारण के हो भने म प्रायः यी विद्वान्हरूसँग राय लिने गर्छु यस्ता विषयमा । यस पटक पनि त्यहाँ नपुगी मन मानेन । उहाँहरू कहाँ गएँ । उहाँहरूले सौहार्दता पूर्वक मन्तव्य लेखिदिनुभयो । म सारै रमाएँ । उहाँहरूको त म ऋणी नै भएको छु ।

प्रकाशनका निमित्त मेरी बुहारी रीता शर्मा नेउपानेलाई भनें । यसको खास कारण के भने बुहारी रीताले "मेरो ससुरो लेखक हो " भनेर आफन्तहरूसँग सानका साथ भन्ने गरेको थाहा थियो मलाई । फेरि उनी र उनका माइतीतर्फका आफन्तहरू पनि श्रीकृष्णका भक्त नै हुन् । आपसमा कुराकानी हुँदा पनि "जय श्रीकृष्ण" भन्ने गर्दछन् । यो पुस्तकमा पनि श्रीकृष्णको समुपस्थिति नै प्रबल छदै छ । उता लण्डनका इष्टमित्रहरू खास गरेर भारतीयहरू मलाई लेखक भनेर आदरका साथ हेर्ने गर्दछन् । त्यसैले रीतालाई प्रकाशक बनाउने निधो गरें । यहाँ अर्को कुरो पनि छ त्यो के भने छपाइ खर्च पनि छोरा बुहारीकै कमाइबाट हुने हुँदै हो ।

यसरी जुरेको हो यो पुस्तक प्रकाशनको चाँजोपाँजो । त्यसैले यहाँ उल्लिखित सबैका पसिना र शुभेच्छा रहेको छ यो पुस्तकमा भन्दा सायद बढी भनेको मानिने छैन । अतः म सबैमा यथायोग्य मान सम्मान र धन्यवाद दिन चाहन्छु ।

पुस्तक कस्तो ठहर्छ यो पाठकहरूको ठम्याइको विषय हो । म कुनै ठूलो विद्वान् होइन । यस कारण यहाँ प्रशस्त कमी कमजोरी अवश्य छन् । त्यसमा मैले क्षमा याचना गर्ने पर्दछ । अहिले यति मात्र भन्न रुचाउँछु यहा भएगरेका र देखिएका कमी कमजोरीहरूमा म पूर्णरूपले जिम्मेवार छु । सुझाव पाए आगामी समयमा सुधार गर्नेछु । राम्रा कुराहरू भने उल्लिखित महानुभावहरूबाट मैले प्राप्त गरेका सहयोगबाटै भएका हुँदा जस वा प्रशंसाका धनी उहाँहरू नै हुनुहुन्छ । अहिले यत्ति । धन्यवाद ।

वि. सं. २०६८ भाद्र ३१

मुक्तिनाथ शर्मा नेउपाने
बानेश्वर, काठमाडौं

विषयसूची

१.	महाभारत सङ्क्षिप्त चिनारी	१९
२.	दाशराजपुत्री मत्स्यगन्धा	३८
३.	महर्षि व्यासको जन्म	४२
४.	गङ्गापुत्र भीष्म	४६
५.	आचार्य द्रोण	५३
६.	महारानी कुन्ती	५८
७.	धृतराष्ट्रको कर्मको फल	६६
८.	महारानी गान्धारीको क्रोध	७३
९.	महात्मा विदुर	७९
१०.	कुन्तीपुत्र कर्ण	८७
११.	हस्तिनापुरनरेश युधिष्ठिर	९२
१२.	यक्ष–युधिष्ठिर संवाद	९९
१३.	राजकुमार दुर्योधन	१०७
१४.	बलवान् भीमसेन	१११
१५.	कुन्तीपुत्र अर्जुन	११६
१६.	महारानी द्रौपदी	१२२
१७.	भगवान् श्रीकृष्णको समुपस्थिति	१२७
१८.	कुरुक्षेत्रको बीभत्स दृश्य	१७७
१९.	अनुगीता	१८०
२०.	विष्णुसहस्रनाम स्तोत्र	१८३

महाभारत सङ्क्षिप्त चिनारी

हिन्दू धर्मअन्तर्गतका पुराण महापुराण काव्य तथा महाकाव्यहरूमा महाभारतको विशेष महिमा भएको पाइन्छ। यो महत्त्वपूर्ण भएको र बृहदाकार महाकाव्य भएर पनि रहेको छ। यो महाकाव्य ऐतिहासिक महाकाव्य भएर आएको हो भनिन्छ। यो महान् ग्रन्थका रूपमा प्रख्याति पाएको ग्रन्थ हो। भनिन्छ यो ग्रन्थ आख्यानमा सर्वश्रेष्ठ आख्यानात्मक कृति वा ग्रन्थ हो। यसका एक एक पद, वाक्य तथा श्लोकहरू शब्दविन्यासले परिपूर्ण छन् र अर्थपूर्ण पनि छन्। त्यसै गरी समाजोपयोगी भावनाले ओतप्रोत छन्। यो महाकाव्य हिन्दू धर्मअन्तर्गतका वैदिक परम्परा देखिका प्रचलित सबै शास्त्रहरूको सार लिएर आएको छ भन्दा फरक पदैन। यसैको प्रथम अध्यायमा भनिएको छ "हिमालयको काखमा रहेको एउटा पर्वतीय गुफामा महर्षि व्यास रहनुहुन्थ्यो। धर्मात्मा व्यास महोदय स्नान आदि गरी शुद्ध भएर पवित्र कुशासनमा रहनुभएको थियो। ध्यान योगद्वारा उहाँले महाभारतको स्मरण गर्नुभयो। ज्ञानदृष्टिद्वारा पूरा महाभारत देखेका व्यासजीलाई सो ऐतिहासिक विवरण महाकाव्यका रूपमा लिपिबद्ध गर्ने मन भएर आयो। उहाँको मनले संकल्प गऱ्यो यो महाकाव्य धर्म, अर्थ, काम तथा मोक्ष सबै विषय सहित बनाइनुपर्दछ। यस्तो कुरा सोचेर उहाँ लाग्नुभयो। यसरी यो महाकाव्यको जन्म भएको हुँदा यसभित्र यी सबै विषय रहेका छन्।

एक लाखभन्दा बढी श्लोक संख्या भएको महाभारत महाकाव्य व्यास महोदयले संस्कृत भाषामा तयार गर्नुभएको हो। भनिन्छ यस महान् कार्यमा भगवान् श्रीगणेशको पनि सहभागिता थियो। पौराणिक ऐतिहासिक घटना विवरण र ती विवरणसँग सम्बद्ध पात्रहरूको चरित्रचित्रण, तत्कालीन सामाजिक नीतिसम्बन्धी वर्णन र विषयहरू यहाँ प्रस्तुत गरिएको देखिन्छ। काव्यसौन्दर्यका हिसाबले हेर्दा यो महाकाव्य उत्कृष्ट बनेको मानिन्छ भने सामाजिक तथा व्यावहारिक शिक्षाका दृष्टिले हेर्दा पनि यो महाकाव्य सुन्दरतम, समाजोपयोगी र विशिष्ट बन्न पुगेको देखिन्छ। यसको प्रशंसामा भन्ने गरेको पाइन्छः–

धर्मेअर्थे च कामे च मोक्षे च भरतर्षभ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्॥
(आदि पर्व ६२।५३)

नेपाली यस्तो हुन सक्छः– धर्म, अर्थ काम र मोक्षको जो जति यहाँ चर्चा छ अन्यत्र पनि त्यही छ जे जति यहाँ उल्लिखित छैन त्यो अन्यत्र कहीं कतै पनि छैन।

यसबाट सिद्ध हुन्छ यहाँ (महाभारतमा) सबै थोक छ। त्यसैले यो ग्रन्थ सर्वव्यापक भएको छ। यसले पाठकको श्रद्धा पाउन सकेको छ। त्यसैले यो जतातै पाठ्य भएर रहेको पाइन्छ।

महाभारत नामले प्रसिद्ध यो महत्त्वपूर्ण ग्रन्थ खास गरेर भरतवंशमा जन्मेका कौरव र पाण्डवहरूको बीचमा भएको अंश मुद्दा वा राजकाज सम्बन्धी खिचोलाबाट उत्पन्न भएको तनाव तथा युद्ध वर्णनलाई मुख्य विषय मानी युद्ध अघिका र युद्धपछिका विवरण समेत समेटिएको हुँदा यसको नाम महाभारत रहन गएको बुझ्न सकिन्छ। माथि उल्लेख भए झैं धर्म, अर्थ, काम र मोक्ष सबै विषय समेटिएको हुँदा वेदपछिको सबैभन्दा श्रेष्ठ र पवित्र ग्रन्थ मानिएको छ महाभारत। यो विशालकाय छ र पठनोपयोगी पनि छ यो ग्रन्थ। महाकाव्यकारले नै यो महाकाव्यका विषयमा भनिदिएका छन्:–

इतिहासाःसवैयाख्या विविधा श्रुतयोपि च।
इह सर्वमनुक्रान्तमुक्तं ग्रन्थस्य लक्षणम्॥
(आदि पर्व ११।५०)

यसको अर्थ हुन्छ महाभारत ग्रन्थमा व्याख्याका साथ सारा इतिहास तथा अरू विविध किसिमका श्रुति स्मृति रहस्यहरूको निरूपण छ। यस्तैयस्ता ग्रन्थहरूको पूर्णता यस ग्रन्थको लक्षण हो।

यसरी हेर्दा तथा ग्रन्थ अध्ययन गर्दा यस्तो लाग्छ यो अथाह विषय हो, ज्ञानरूपी महासागर जस्तै हो। महासागरमा जो पौडन सक्छ र गहिराइ भेट्टाउन सक्छ, त्यसले बहुमूल्य रत्नआदि फेला पार्न सक्छ। अमृत निकाल्न सक्छ र अमृत पान गर्न सक्छ, धन्य हुन्छ।

यो महाभारत अठार पर्वमा विभाजित छ। यो खास गरेर कौरव र पाण्डवहरूका बीच भएको महायुद्धको वर्णन आद्योपान्त पस्कने ध्येयले

लेखिएको हो भन्न सकिन्छ। यसमा भएका अठार पर्वहरूमध्ये आदि पर्व, सभा पर्व, वन पर्व, विराट पर्व र उद्योग पर्व समेत पाँच पर्व महायुद्ध अघिका विशेष घटनाहरूद्वारा सिंगारिएको देखिन्छ। अर्थात् युद्ध हुनाको जड रहस्य, मुहान र त्यसको तयारीका विषय रहेका छन् यहाँ। भीष्म पर्व, द्रोण पर्व, कर्ण पर्व, शल्य पर्व र सौप्तिक पर्व खास युद्धका अर्थात् काटमार, छलकपट्टद्वारा धनजनको विनाशकारी लीला गरेर अथाह मानिसको रगत बगाइएको र संसारलाई वीरहरू शून्य गराइएका घटनाहरूको विवरण भएका पर्व हुन्। बाँकी पर्वहरू क्रान्तिपछिका शान्ति बहाल गराउने पर्व हुन् अर्थात् संक्रमणका पर्व हुन् भन्न सकिन्छ। यहाँ नै छ एउटा छुट्टै पर्व "शान्ति पर्व"।

यो महान् ग्रन्थको सङ्क्षिप्त रूपरेखा कोर्न पर्दा महाराज ययातिबाट शुरू गर्न मनासिब हुन्छ भन्न सकिन्छ। महाभारतमा सोभन्दा अघिका वर्णन पनि छन् तर पनि सङ्क्षिप्त वर्णन वा समीक्षा गर्दा ययातिबाट गरे हुने देखिन आउँछ।

महाभारत भन्नासाथ प्रसङ्ग आउँछ भारतीय भूमिमा भरत नाम गरेका महाप्रतापी राजा थिए। उनैका नामबाट भारत वर्ष भनेर देशको नाम रहन गएको हो। त्यही वंशमा ययाति राजा भएका हुन्। उनका यदु र यादव नाम गरेका छोरा थिए। यदुले आफ्ना पितालाई रिझाउन नसकेका हुँदा ऊ र उसको वंश राजकाजमा लाग्न नपाउने गरी श्राप परेको थियो। यसो भए पनि उनीहरू समाजका अगुवा नै बनेर रहेका हुन्। यादवका वंशमा पुरु नाम गरेका एक जना राजा भएका थिए। तिनै पुरुको वंशमा शन्तनु पैदा भए। शन्तनुले वंशको नाम धानेर राजकाज गर्दै आएका हुन्।

शन्तनुले पहिले गंगासँग विवाह गरेका र गंगाले छाडेर गएपछि सत्यवतीसँग विवाह गरेका हुन्। सत्यवतीका गर्भबाट चित्राङ्गद र विचित्रवीर्य नाम गरेका दुइ छोरा भए। चित्राङ्गदको मृत्यु भएपछि विचित्रवीर्य हस्तिनापुरका राजा भए। संयोग वा भाग्यको खेलबाट चित्राङ्गद तथा विचित्रवीर्यबाट सन्तान भएनन्। शन्तनुका गंगातिरबाट भएका छोरा देवव्रत भीष्म आजीवन ब्रह्मचर्यमा बस्ने भएका थिए। तसर्थ राज्यको बागडोर सम्हाल्ने उत्तराधिकारी कोही नभएपछि महारानी सत्यवतीलाई चिन्ताले सतायो। उनले महर्षि व्यासलाई बोलाएर विधवा बुहारीहरूबाट सन्तान उत्पादन गराउने विचार मात्र

गरिनन् बुहारी तथा व्यासलाई मनाएर व्यासबाट धृतराष्ट्र पाण्डु र विदुर जन्माउन लगाइन् र सन्तानको डोरो बलियो बनाइन्।

धृतराष्ट्र जन्मान्ध थिए। त्यसैले पाण्डुलाई राजा बनाइयो। पाण्डुले केही समय राज्य गरेपछि उनको मृत्यु भयो। त्यसपछि उनै अन्धा धृतराष्ट्र राजा हुनु पऱ्यो भए। धृतराष्ट्रका सय भाइ छोरा थिए जसलाई कौरव भनिन्थ्यो। पाण्डुका पाँचभाइ छोरा थिए उनीहरूलाई पाण्डव भनिन्थ्यो। पाण्डुको निधनपछि पाण्डुका छोराहरू वयस्क नहुँदासम्मका लागि भनेर धृतराष्ट्रलाई राजा बनाइएको थियो। त्यसो भएको हुँदा युवराज हुने क्रम युधिष्ठिरको हो भन्ने एउटा पक्ष देखापऱ्यो र अर्को पक्ष दुर्योधन पक्षमा देखियो। किनभने ऊ बहालवाला राजाको छोरो ठहऱ्यो। राजा धृतराष्ट्र तथा उनका तर्फका पक्षपातीहरू दुर्योधनका पक्षमा भए। यसपछि शुरू भयो भाइ भाइको झगडा। त्यो झगडा अर्थात् अंश मुद्दा सर्वसाधारण जनतासम्म पनि पुग्यो। दुर्योधन महत्त्वाकांक्षी, पापी तथा घमण्डी भएको हुँदा ऊ अप्रिय हुँदै गएको अवस्था रह्यो र पाण्डुपुत्र युधिष्ठिर सत्यवादी, धर्मात्मा तथा सज्जन भएका हुँदा जनप्रिय हुँदै गए। दुर्योधनलाई यो विषय असह्य हुँदै गयो। राजा धृतराष्ट्र आफ्ना र भाइका छोरामा समान व्यवहार गरेको देखाउन खोज्थे तापनि पाण्डुपुत्रहरूको ख्याति नरुचाउने भएर निस्केका हुन्।

सँगै पालनतालन गरिएका पाण्डुपुत्रहरू तथा धृतराष्ट्रपुत्रहरूलाई शिक्षा दिन भारद्वाजपुत्र गुरु द्रोणाचार्यको जिम्मा लगाइएको थियो। त्यहाँ कौरवपक्षको नेतृत्व दुर्योधनको बन्यो भने पाण्डवहरूको अगुवाइ स्वभावतः युधिष्ठिरकै हुनगयो। बालककालदेखि नै युधिष्ठिर आफ्ना भाइ तथा बडाबाबाका छोराहरूलाई समेत समान रूपमा माया गर्दथे। भाइहरू उनलाई मान मर्यादा गर्ने गर्दथे। दुर्योधन आदि कौरव छुच्चा र घमण्डी हुँदै गए। स्वभावैले विरोधाभास हुँदै गयो। दुर्योधनले पाण्डव पक्षसँग ठूलो वैरभाव गर्न थाल्यो। त्यसमा पनि भीमसेनसँग उसको बढी दुश्मनी हुँदै जान थाल्यो।

सत्य, धर्म र पराक्रममा विश्वास गर्ने र सोही अनुसार चरित्र बनाउन चाहने स्वभाव भएर आयो पाण्डुनन्दनहरूको। यस्तो भएकाले उनीहरू प्रतिको जनसद्भावनामा पनि वृद्धि हुँदै आयो। धन यश तथा माया पाउने देखिए पाण्डवहरू। त्यसको ठीक उल्टे हुँदै गएको हो कौरवहरूको। पाण्डवहरूको जनप्रियता कौरवहरूका निमित्त असह्य हुँदै आयो।

निर्दयी दुर्योधन र भाइहरू मिलेर पाण्डवहरूलाई सताउन थाले। एक पटक दुर्योधनले भाइ भीमसेनलाई झुक्याएर विष पनि खुवायो। भीमसेनले त्यो विष पचाइदिए, बाँचे। सर्पबाट डसाउने र हातखुट्टा बाँधेर नदीमा बगाउने काम समेत गऱ्यो दुर्योधनले भीमसेनलाई । यस्ता आपत्तिहरूमा परमेश्वरका कृपाले बाँच्दै आए भीमसेन। त्यति बेला पाण्डवहरू निरीह भएर रहेका हुन् वास्तवमा। उनीहरूका सहारा भगवान् थिए र पितामह भीष्म तथा काका विदुर थिए। यिनीहरू लुकीछिपी पाण्डुपुत्रहरूको माया गर्थे र संरक्षणमा लागेका हुन्थे। आमा कुन्ती तथा पितामह भीष्मको माया उनीहरूमा हुन्थ्यो। यसो हुँदा दुर्योधनले चाहे जस्तो भएको थिएन तर पनि अप्ठेरोमा बाँच्दै आउन परेको थियो पाण्डवहरूले। यसो भए पनि पाण्डवहरूले राम्रोसँग शिक्षादीक्षा ग्रहण गरे। विद्यामा उनीहरू नै उत्कृष्ट भएका हुन्। युधिष्ठिर सत्यवादी भएर निस्के। भीमसेन बलशाली भए। अर्जुन धनुर्विद्यामा धुरन्धर तथा सर्वश्रेष्ठ भएर देखापरे। उनीहरू शक्तिशाली तथा जनप्रिय बने। यसबाट कौरव पक्ष अझै भयातुर भयो। उनीहरूलाई कसरी सिध्याउने जस्ता विषयमा बढी लाग्न थाल्यो।

दुर्योधनको मन्त्रणामा एक पटक महाराज धृतराष्ट्रले वारणावतमा एउटा लाक्षागृह निर्माण गराए। पाण्डवहरूलाई माता कुन्तीसहित त्यहीँ गएर रहन आज्ञा दिइयो। पाण्डवहरूले इन्कार गरेनन्। गरेर साध्य पनि हुँदैनथ्यो वारणावत गई माता कुन्तीसहित भएर रहे। त्यहाँ उनीहरूलाई मार्ने षड्यन्त्र थियो। ज्वलनशील पदार्थबाट बनेको थियो लाक्षागृह। कुनै दिन त्यो जलाइन सक्थ्यो सो कुरो पत्ता लगाए चलाख पाण्डवहरूले। लाक्षागृहभित्रै गोप्यरूपले सुरुङ बनाएर एक रात लाक्षागृह जलाएर आफूहरू सुरुङ मार्गबाट बाहिरिए। उनीहरू ब्राह्मणको भेष गरेर वन वन चाहारे। ऋषिमुनि तपस्वीहरूसँग भेट्दै हिँडे गोप्य रूपमा। मौका परेका ठाउँमा राजा तथा राज्यसँग समेत सम्बन्ध बनाउँदै शक्ति सञ्चय गर्दै पनि रहे। यही समयमा पाञ्चाल नरेशकी पुत्री द्रौपदीको विवाहका लागि आयोजित स्वयंवर समारोहमा भाग लिई द्रौपदीबाट वरमाला पहिरिन समेत सफल भए। पाण्डवहरू जलेर भस्म भए भन्ने बुझेर ढुक्क रहेको कौरव पक्ष यो खबर पाएपछि चकित हुन पुग्यो। हस्तिनापुरले पाण्डवहरू जिउँदै रहेको थाहा पायो। उनीहरूलाई हस्तिनापुरमा बोलाइयो। बढ्दो जनदबाब भएको थाहा पाएका कारण महाराज धृतराष्ट्रले राजसभा

बोलाई पाण्डवहरूलाई सम्बोधन गर्दै भने "बाबु हो ! तिमीहरू आधा राज्य लिएर खाण्डवप्रस्थमा राजधानी बनाई राज्य गर। यसो भएपछि मेरा छोरा र तिमीहरू बराबर हुनेछौ। वैरभाव केही हुने छैन। तिमीहरू सक्षम छौ। त्यो राज्यबाटै आफ्नु उत्तरोत्तर उन्नति प्रगति गर्न सक्छौ। यश कमाउन सक्छौ र प्रजा सुखी राखेर सुखमय जीवन जिउन सक्छौ।"

महाराज धृतराष्ट्रको यो घोषणाले पाण्डवहरू प्रसन्न भए। केही दिनपछि ससन्तोष खाण्डवप्रस्थतिर लागे। पाण्डव प्रति दया राख्नेहरू पनि ठीकै छ भन्दै रहे।

इन्द्रप्रस्थमा पाण्डवहरू गएपछि त्यो ठाउँको भाग्य जाग्यो। त्यहाँ धर्मोदय भएर देखापऱ्यो। राज्यमा सुख सन्तोष फैलियो। जनता जाँगरिला तथा न्यायप्रेमी भएर निस्के। राजा स्वयं न्यायप्रेमी भएका हुँदा यस्तो भएको हुनसक्छ। राजा र प्रजाका बीचमा सुमधुर र न्यानु सम्बन्ध कायम भयो। धर्म, अर्थ, काम, मोक्षका विषयमा समाज लागेको अनुभूति हुँदै आयो। चर्चा परिचर्चा हुनथाले। चेतनशील शुद्ध समाजको सिर्जना हुनपुग्यो। यो कुराको प्रसङ्ग टाढा टाढासम्म फैलियो। यसले गर्दा आसपासका र टाढा टाढासम्मका राज्यसँग समेत अतुलनीय एवं सुमधुर सम्बन्ध कायम हुन गयो पाण्डवहरूको। राम राज्यको अर्को रूप त्यहाँ देखापरे जस्तै भयो। राज्यलाई समुन्नत बनाएर सही बाटोमा हिँडाउन थालेपछि पाण्डुपुत्र महाराज युधिष्ठिरबाट राजसूय यज्ञ गर्ने कुरा आयो। जनताको सहयोगमा सो यज्ञ गर्ने सुर कसियो। चारै तिरका राजा, राजप्रतिनिधि र बुद्धिजीवीहरूलाई निमन्त्रणा गरियो। यज्ञमा हस्तिनापुर नरेश, युवराज दुर्योधन, मामा शकुनि, कर्ण आदिको उपस्थिति भयो। भगवान् श्रीकृष्ण त्यो यज्ञमा बोलाइनुभयो र उपस्थित हुनुभयो। पाण्डवहरूलाई शुभकामना दिनुभयो, सल्लाह सहयोग गरेर रहनुभयो। यसले गर्दा निर्विघ्नतापूर्वक राजसूय यज्ञ समाप्त भयो सफल भयो। पाण्डवहरूको यश फैलिन गयो।

राजसूय यज्ञ सफलतापूर्वक समाप्त भएपछि आमन्त्रित अतिथिहरू रमाएर बिदा भए। युवराज दुर्योधनका निमित्त भने युधिष्ठिरबाट भएको राजसूय यज्ञको सफलता डाहका रूपमा उभिन पुग्यो। मुटुको काँडो जस्तो भयो। ऊ डाहले छटपटाएको अवस्थामा केही अपमानित पनि हुनपऱ्यो।

यस्तो परिस्थितिमा ऊ छटपटाउनु स्वाभाविकै थियो। त्यो बुझेको कपटी शकुनिले जुवा खेल्न युधिष्ठिरलाई निमन्त्रणा दिई कपटबाट पाण्डवहरूको सर्वस्व लुट्ने प्रस्ताव अघि साऱ्यो। त्यो प्रस्तावमा दुर्योधनको चित्त बुझ्यो। दुर्योधनले युधिष्ठिरलाई जुवा खेल्ने निमन्त्रणा दिएर गयो।

युधिष्ठिरमा दुईओटा कमजोरी थिए। ऊ जुवा र युद्धको आह्वानलाई अस्वीकार गरेर पछि हट्न सक्तैनथे, चाहदैनथे। यस पटक पनि सकेनन्। जुवा खेल्नका निमित्त भाइहरू तथा महारानी द्रौपदीसमेत भएर हस्तिनापुर गए। हस्तिनापुरमा तयार गरिएको जुवाभवनमा जुवाको खाल जम्यो। शकुनिले कपटी जुवावाट युधिष्ठिरको सबै सम्पत्ति तथा राज्यसमेत जित्न सफलता प्राप्त गऱ्यो। त्यसपछि पनि युधिष्ठिरलाई सुऱ्याउन छाडिएन। युधिष्ठिरले भाइहरूलाई जुवाको दाउमा राखे। त्यो पनि हारियो। आफैँलाई दाउमा राखे त्यो पनि शकुनि मार्फत दुर्योधनले जिते। अन्त्यमा महारानी द्रौपदीलाई दाउमा राखियो। त्यो दाउमा पनि युधिष्ठिर पराजित भए। अब उनीहरू स्वतन्त्र भएनन्। पराधीन भए। दास बने।

जुवाको दाउमा जितिएकी द्रौपदीलाई सभामा जबरजस्ती ल्याइयो। दासी भनेर अपमान गर्न बाँकी राखिएन। त्यति मात्र पनि होइन उनको चीरहरण गर्ने घृणित कार्यमा समेत दुर्योधन, शकुनि, कर्ण र दुःशासनहरू लागे। द्रौपदी डरले थरथर कामेकी छन्। पाण्डवहरू शिर निहुराएर बसेका छन्, सहेका छन्। पितामह भीष्म, आचार्य द्रोण, महात्मा विदुर आदि सभासद किंकर्तव्यविमूढ भएर रहन बाध्य छन्। केही गर्न सकेनन्। त्यहाँ उत्पात मच्चियो। केही सिप नलागेकी द्रौपदी हा कृष्ण ! हा कृष्ण ! हा कृष्ण ! भन्दै भगवान् श्रीकृष्णको आराधना गर्दै उनकै भरमा परिन्। त्यति बेलाको उनको अलापविलाप साँरै दयनीय थियो। उनी यस्ता खालका प्रार्थना गर्न थालिन्:-

भक्तका प्रिय हे नाथ ! हे प्यारा मधुसूदन !
कहाँ के के गरी रा'छौ साँरै संकष्टमा छु म ॥

मेरा पाँचै पति ऐले जिउँदा नै भए पनि।
साँरै निरीह छन् नाथ ! छैन साहस आँट नै ॥

मेरो पुकार सुन्दैछौ भने शीघ्र दया गर।
अन्यथा ज्यान फाल्नेछु हा हा कृष्ण ! भनीकन ॥

दुःशासन द्रौपदीको सारी तान्दैछ। द्रौपदी हा हा कृष्ण भनी विलाप गर्दै छिन्। राजसभामा जो जो छन् मुर्दा समान देखिन्छन्। दुर्योधन रमाएर तान तान दुःशासन बल गरेर साडी तान नाङ्गै बना भनेर द्रौपदीलाई यस्ता घीनलाग्दा कुरा कडा स्वरमा भन्दै रमाउँदै छ। शकुनि छेडछाडका वचनले घाउमा नुन खुर्सानी थपेजस्तै कुरा थप्दैछ। कर्ण द्रौपदीलाई पाँच पतिकी पत्नी हो वेश्या हो जस्ता कुरा ओकल्न पछि परेको छैन। दुःशासन द्रौपदीको सारी तान्दा तान्दै थाक्यो तर सारी सकिएन। देवकीनन्दन भगवान् श्रीकृष्णले द्रौपदीको लाज बचाउन शुरू गरे जस्तो भान भयो। सारीको रास निक्कै ठूलो भयो तर पनि द्रौपदी नाङ्गी भएकी छैनन्। अन्ततोगत्वा दुःशासन थाकेर लडेपछि द्रौपदी दर्शक समेतलाई सम्बोधन गरेर श्राप दिन तयार भइन्। यसो भएपछि धृतराष्ट्र आत्तिए। उनले दुर्योधनलाई हप्काए जसरी भने "दुर्योधन ! तेरो बुद्धि कहाँ गयो ? के गरेको यो ? पाजी ! दुर्मति ! खवरदार... अब एक वचन बोलिस् वा द्रौपदीमाथि कुनै कुव्यवहार गरिस् भने म सहनेछैन ...।"

धृतराष्ट्रले यहाँनेर आएर यस्तो व्यवहार किन गरे भन्ने सम्बन्धमा जो कसैलाई पनि एक छिन सोच्न बाध्य बनाउँछ। किनभने उनले यसअघि पनि पाण्डवहरूप्रति साँचो माया गरेको देखिएको होइन। चीरहरणका समयमा पनि चुपचाप सहेकै हुन्। भित्रभित्र रमाएका थिएनन् पनि भन्न अप्ठेरो छ। यहाँ आएर भने दुर्योधनलाई त्यसरी हप्काए। यसको कारण हुन सक्छ जति गर्दा पनि द्रौपदी ननाङ्गिनु र उनले हा हा कृष्ण भनेर वासुदेव कृष्णलाई पुकारा गर्नु। यसबाट धृतराष्ट्रले श्रीकृष्ण द्रौपदीका सहारा भएर आएको बुझेका हुनन्। अन्यथा उनले त्यसो गर्दैनथे जस्तो लाग्छ। जे होस् त्यसरी हप्काए दुर्योधनलाई। परिस्थितिले अर्को मोड लियो।

धृतराष्ट्रले द्रौपदीलाई सम्बोधन गरेर भने "कल्याणी ! तिमी मेरी बुहारीमा सर्वश्रेष्ठ हौ। तिमी यो कुल र यो राज्यको हितमा लागिरहेकी वीराङ्गना हौ। तिमीमाथि यस्तो घृणास्पद जुन व्यवहार गरियो त्यसमा म दुःखी छु। जे भयो भयो सहन गर। बरु भन तिम्रा निमित्त म के गर्न सक्छु ? इच्छा लागेको वर माग।"

धृतराष्ट्रका कुरा सुनेपछि द्रौपदीले भनिन् "महाराज ! आज्ञा भए जस्तै मप्रति दया गर्ने विचार भए मेरा पतिहरू दासत्त्वबाट मुक्त होऊन्।"

धृतराष्ट्रले आफ्नो वचन पूरा गरे, तथास्तु भने। दुर्योधनलाई हप्काइसकेर द्रौपदीसँग पनि यस्ता कुरा भएपछि धृतराष्ट्रले युधिष्ठिरलाई सम्बोधन गर्दै भनेः–

अजातशत्रो भद्रं ते अरिष्टं स्वस्ति गच्छत।
अनुज्ञाता सहधनाः स्वराज्यमनुशासत ।।

(सभा पर्व ७३।२)

अर्थः– हे युधिष्ठिर ! म तिमीलाई भन्दैछु तिम्रो कल्याण होओस्। तिमीले हारेको सबै सम्पत्ति मैले फिर्ता दिएँ। तिमी त्यसका साथ कुशलतापूर्वक आफ्नु राजधानीमा जाउ। आफ्नु राज्यको शासन गर।

धृतराष्ट्रले द्रौपदीका कुरा सुने। युधिष्ठिरले जुवामा हारेको सबै सम्पत्ति फिर्ता पाए। खुरुक्क इन्द्रप्रस्थतिर जाने अनुमति पनि पाए। जाने तयारी मात्र भएन जाँदै थिए। दुर्योधनले पुनः जुवा खेल्ने प्रस्ताव ल्यायो। यो कार्य गर्नु उचित होइन भनेका भए पनि युधिष्ठिरले त्यो पनि स्वीकार गरे। पुनः जुवाको खाल जम्यो। यस पटकको जुवामा धन सम्पत्ति हार जित नगर्ने तर हार्ने पक्षले बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास बस्न पर्ने सर्त आयो। दुर्योधनको आग्रहलाई कुन्तीपुत्र युधिष्ठिरले स्वीकार गरे। जुवामा युधिष्ठिरको पुनः हार भयो। फलस्वरूप पाण्डवहरू बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास गर्ने गरी वनतर्फ लागे।

पाण्डवहरू वनवास गएको कुरा यत्र तत्र फैलियो। यो काण्डले गर्दा पाण्डवहरूप्रति सहानुभूति हुन थाल्यो छिमेकी राष्ट्रहरू तथा बुद्धिजीवीहरूबाट। धर्मभीरु राजा, राजकुमार, बुद्धिजीवीहरूसमेत पाण्डवहरूसँग सम्पर्क गर्न गए, भेट्न गए। भोज, वृष्णि, अन्धक, धृष्टद्युम्न, चेदिराज, धेष्टकेतु, केकयराज आदि वनमै गएर पाण्डवहरूसँग अब हामीले के गर्नुपर्दछ भन्नुहोस् हामी सो गर्न तयार छौं जस्ता आश्वासन दिन थाले। भगवान् श्रीकृष्ण पनि स्वयं पुग्नुभयो पाण्डवहरूसँग भेट गर्न वनैमा। कृष्णलाई अगाडि बनाएर उनीहरूले त्यस्तो आश्वासन पस्किरहेंको अवस्थामा त्यहाँ पुगेका क्षत्रिय वीरहरूलाई सम्बोधन गर्दै भगवान् श्रीकृष्णले भन्नुभएको छः–

दुर्योधनस्य कर्णस्य शकुनेश्च दुरात्मनः।
दुःशासनचतुर्थानां भूमि पस्यति शोणितम्॥

(वन पर्व १२।५)

अर्थः-

यस्तो लाग्दछ राजा हो ! पृथ्वी रगत प्यूँदछिन् ।
दुर्योधन दुःशासन् औ शकुनी कर्ण आदिको ॥

यस्तै यस्ता कुराहरू हुन थाले समाजमा । घटनाहरू बराबर हुँदै गरे । सोझै हेर्दा पाण्डवहरू वनवासमा छन् । यसो भए पनि उनीहरू आफ्नू धर्मकर्ममा छन् । राजा, राजकुमारहरू, ऋषिमुनिहरू तथा समाजका गण्यमान्यसँग भेटेर सहानुभूति तथा सुसम्बन्ध कायम गरी शक्ति सञ्चय गर्ने काम चालु राखेका छन् । कोही विरोधी देखिए युद्धद्वारा पराजित गराइरहेका छन् । उता दुर्योधनादि कौरवहरूको अधोगति हुँदैछ र यशमा कालो दाग लाग्ने क्रम चलिरहेको छ । यस्तो हुँदाहुँदै पनि दुर्योधन पाण्डवहरूलाई सताउने कुकार्यमा लागेकै छ । यसले गर्दा दुर्योधन दुष्ट अधर्मीको पुञ्ज बनेको अवस्था छ भने युधिष्ठिर आदि पाण्डवहरू सत्य, न्याय, र धर्मका धरोहर हुँदै अगाडि बढ्दै छन् । यस बीच धेरै धेरै कामहरू पनि भएका छन् ।

पाण्डवहरूले बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास समाप्त गर्नु अगाडि दुर्योधनले पटक पटक दुःख दिने चेष्टा गरेको भए पनि केही लागेको होइन । पाण्डवहरूले धैर्य न्याय, शूरवीरता र परोपकारको मार्ग लिएका छन् । यसबाट सबैको सद्भावना समेत प्राप्त गरेका छन् ।

वनवास तथा गुप्तवास सकेपछि उनीहरू आफ्नू राज्यमा फर्कन चाहे । तर दुर्योधन पक्ष अनेकानेक बहाना बनाएर रोक्ने चेष्टा गरिरह्यो । यस्तो भएको कारणले युद्ध अपरिहार्य ठहर्दै आयो । पाण्डवहरू एकातिर युद्धको तयारी र अर्को तर्फ मेलमिलापको प्रयासमा पनि लागेरै रहे । मेलमिलाप गराउन भगवान् श्रीकृष्ण स्वयं लाग्नुभएको थियो । हस्तिनापुर मेलमिलाप गर्नमा तयार भएन । अन्ततोगत्वा शान्तिदूत भएर हस्तिनापुरमा भगवान् श्रीकृष्ण स्वयं जानुभयो । वार्ता भए तर फल प्राप्त भएन । भगवान्ले पाण्डवहरूलाई केवल पाँच गाउँ मात्र दिए पनि म मिलाउँछु समेत भन्नुहुँदा समेत दुर्योधन पक्ष राजी भएन । दुर्योधनले यहाँसम्म पनि भन्यो कि "पाण्डवहरूलाई सियोको टुप्पो बराबरको जमीनसम्म पनि दिन सकिँदैन । यसरी शान्ति कायम हुन सकेन ।" कुरो नमिलेको मात्र पनि भएन शान्तिदूत भएर गएका भगवान् श्रीकृष्णलाई बन्दी बनाउनेसम्मका कुरा ओकल्यो दुर्योधनले । भगवान्लाई बन्दी बनाउने आदेश समेत दिइयो

सेनालाई। यस्ता यस्ता कुराबाट युद्ध नगरी नहुने भएर आयो। कौरव र पाण्डव आआफ्ना सेना लिएर युद्धका निमित्त कुरुक्षेत्रमा सामेल हुने भए ।

युद्धका निमित्त पाण्डव तथा कौरव दुवै पक्ष बलवान् बनेको थियो। दुवै पक्ष एकले अर्कोलाई जिल्ने निश्चयमा थियो। शत्रुपक्षलाई सखाप पारेर एकछत्र राज्य गर्ने कल्पना र आशामा थिए दुवै पक्ष। यस्तो महत्त्वाकांक्षा लिएर सामेल भएका उभय पक्ष मिलेर युद्धका नियमहरू बनाए। युद्ध अब हुन्छ तब हुन्छ भन्ने भयो। यस्तै अवसरमा युद्धका दुष्परिणामलाई सोचेर महर्षि व्यास भयातुर धृतराष्ट्रकहाँ जानुभयो। त्यहाँ गएर व्यासजीले धृतराष्ट्रलाई सम्बोधन गरेर भन्नुभयोः–

राजन् ! परितकालास्ते पुत्राश्चान्ये च पार्थिवाः ।
ते हिंसन्तीव संग्रामे समासाध्येतरेतरम् ॥
(भीष्म पर्व २।४)

अर्थः–

आयो है मृत्यु हे राजा ! तिम्रा पुत्र तथा अरू
संग्राममा खडा छन् जो अब मर्छन् खुरु खुरु ।

महर्षि व्यासले फेरि भन्नुभयो "राजन् ! यो दुर्दशा आफ्नै आखाले हेर्न चाहन्छौ भने म दिव्य नेत्र दिन्छु, हेरौला ।"

धृतराष्ट्रले भने– हे मुनिश्रेष्ठ ! म आफ्ना कुटुम्बी जन दनादन मरेको देख्न सक्तिनँ। तर सुन्न भने चाहन्छु। त्यसको केही बन्दोवस्त हुन सक्छ भने होओस्।

महर्षि व्यासले भन्नुभयोः–

चक्षुषा संजयो राजन् ! दिव्येनैव समन्वितः ।
कथयिष्यति ते युद्धं सर्वज्ञश्च भविष्यति ॥
(भीष्म पर्व २।१०)

अर्थः–

राजन् ! सञ्जय दिव्य दृष्टि पाई सर्वज्ञ हुनेछन् र तिमीलाई युद्धको समाचार दिनेछन्।

यसरी युद्ध हेर्नका निमित्त सञ्जयलाई दिव्य नेत्र दिएर महर्षि व्यास जानुभयो। महायुद्धको समय पनि आइपुग्यो। सञ्जय युद्धको वर्णन गर्ने

भएर राजा धृतराष्ट्रका सामुन्ने परेर बसे। यसै बेला महाराज धृतराष्ट्रले सञ्जयसँग सोधेः-

धर्म क्षेत्र कुरुक्षेत्र बीचमा युद्ध उत्सुक।
मेरा र पाण्डुका छोरा के गर्दै छन् नि सञ्जय ?

सञ्जयले कुरुक्षेत्र तिर दृष्टि दिएर भन्दै गएः-

देखेर व्यूहको दृश्य सेना पाण्डव पक्षको।
दुर्योधन गए भन्न गुरुसँग सबै कुरो॥

हेर्नूहवोस आचार्य ! सेना पाण्डव पक्षको।
व्यूह जो बन्न गाको छ सिप हो धृष्टद्युम्नको॥

युद्धको शुरूमा प्रमुखले सेनापतिहरूलाई युद्धको तयारी र आफ्ना पक्षको क्षमताको वर्णन गरी सेनाको मनोबल बढाउन पर्ने युद्ध नीति अनुसार दुर्योधन आफ्ना सेनाका प्रमुख व्यक्तित्व गुरु द्रोणाचार्यसँग त्यसरी वर्णन गर्न गएका छन्। उनले पहिले धृष्टद्युम्नद्वारा संरचित व्यूह सहितको सेनाको वर्णन गरे। धृष्टद्युम्न उनै गुरु द्रोणाचार्यका शिष्य हुन् भन्ने कुरा पनि स्मरण गराएको देखिन्छ। यसका अलावा उनले पाण्डव पक्षको सैन्य दस्ताको पनि वर्णन केही मात्रामा गरेका छन् र आफ्नू पक्ष नै विशेष बलवान् भएको देखाएका छन्। उता अर्जुनले भने सेनाको निरीक्षण गर्ने मनसाय व्यक्त गरेर आफ्ना सारथि भगवान् श्रीकृष्णलाई उनको रथ दुईतर्फका सेनाको बीचमा लगिदिन आग्रह गरेका छन्। भगवान् श्रीकृष्णले अर्जुनको इच्छाअनुसार नै आफ्नु रथ लगेर पाण्डव-कौरव सेनाको बीचमा राखि दिनुभयो र भन्नुभयो "हे अर्जुन ! युद्धका निमित्त जुटेका यी रथी महारथीहरूलाई हेर।"

अर्जुन सेना निरीक्षणमा लागे। अर्जुनले सेना निरीक्षण गर्दा देखिए त्यहाँ आउनेहरू। त्यहाँ लड्न आउनेहरूमा सबै आफन्तै आफन्त देखेर अर्जुन त तर्सिए। उनले भगवान् श्रीकृष्णसँग भने "हे कृष्ण ! हे जनार्दन ! हे माधव ! युद्धक्षेत्रमा डटेका अर्थात् युद्धको अभिलाषा लिएर आएका यी स्वजन समुदायलाई देख्दा मेरो त शरीर नै शिथिल भयो, मुख सुकेर सुख्खा भयो शरीर थरथर काम्न खोज्दै छ। मेरो गाण्डीव हातबाट खस्न खोज्दैछ। मेरो मन भ्रमित भै रहेको छ। मलाई त उभिनै पनि गाह्रो भैरहेको छ प्रभु ! म आत्तिइसकें भगवान् !

यसो भनेर थरथर काम्दै थचक्क बसे कुन्तीपुत्र अर्जुन रथको एउटा छेउमा। यो प्रसङ्गलाई श्रीमद्भगवद्गीताको प्रथम अध्यायले स्पष्ट वर्णन गरेको छ। यसलाई महर्षि व्यास महोदयले अर्जुन विषादयोग भन्ने नाम दिनुभएको छ। यहींबाट शुरू भएको छ श्रीमद्भगवद्गीता।

यहाँनेर एउटा जटिल प्रश्न आउँछ के अर्जुनलाई ती महानुभावसँग युद्ध गर्न पर्दछ भन्ने कुरा यसअघि थाहा थिएन ? जवाफ हुनसक्छ, थियो। तर यहाँ यस्ता प्रसङ्ग किन पोखियो ? त्यसको विषयमा छलफल गरेको छ श्रीमद्भगवद्गीताले।

विद्वान्हरू तर्क गर्न सक्छन् समयले गीता मागेको थियो। संसारलाई चाहिएको थियो गीता। जन उद्धार गर्नका निमित्त नभै भएको थिएन गीताको उत्पत्ति। त्यसैले समयले अर्जुनलाई याचक बनायो श्रीमद्भगवद्गीता सार्वजनिक गराउन। उनले मागेका हुन् गीता लोकको उद्धारका निमित्त। भगवान् श्रीकृष्णले दयापूर्वक संसारलाई गीता दिनुभएको हो अर्जुन मार्फत। भगवान् श्रीकृष्णले अर्जुनलाई सम्बोधन गरेर भन्नुभएको छः–

तिम्रो मन मझेरीमा किन जन्म्यो नि शंसय
अहिले यी कुरा गर्ने बेला होइन निश्चय।

आफ्ना पूज्य गुरु, पितामह आदि आफन्तहरूसँग युद्ध गर्न हुँदैन भन्छन् अर्जुन र परिस्थितिले नगरी नहुने भएर बाध्यतावश हुन गैरहेको युद्ध नगर्न पनि हुँदैन भन्नुहुन्छ भगवान् श्रीकृष्ण। गीताको दोश्रो अध्याय यसै गरेर सकिएको छ। यसलाई व्यास महोदयले "सांख्ययोग" नाम दिनुभएको छ। तेस्रो अध्याय "कर्मयोग" को छ। चौथो अध्याय "ज्ञानकर्म संन्यासयोग" भएर आएको छ। पाचौं अध्याय "कर्मसंन्यास" नाम दिएर वर्णन गरिएको छ भने छैटौं अध्यायमा "आत्मसंयम योग" भनिएको छ।

श्रीमद्भगवद्गीताको सातौं अध्यायमा "ज्ञान–विज्ञानयोग" रहेको छ। आठौं अध्यायले "अक्षरब्रह्मयोग" को वर्णन गरेको छ। नवौं अध्याय एउटा नयाँ शैलीको कुरा लिएर आएको छ भन्न सकिन्छ। यसलाई "राजविद्या राजगुह्मयोग" भनिएको छ। दशौं अध्यायले "विभूतियोग" को चर्चा गरेको छ भने एघारौं अध्यायमा आएर भगवान्ले वीर अर्जुनलाई आफ्नु विराट स्वरूपको दर्शन दिनुभएको छ। यसलाई महाकाव्यकारले "विश्वरूपदर्शनयोग" नाम

दिएको देखिन आएको छ। बाह्रौं अध्यायमा "भक्तियोग" को वर्णन रहेको छ। तेह्रौं अध्याय "क्षेत्रक्षेत्रज्ञविभागयोग" हो। चौधौं अध्याय "गुणत्रयविभाग योग" हो। पन्ध्रौं अध्याय "पुरुषोत्तमयोग" सोरौं अध्याय "दैवासुरसम्पद्विभाग योग" नामको छ भने सत्रौं अध्याय "श्रद्धात्रयविभागयोग" छ। अठारौं अर्थात् गीताको अन्तिम अध्याय "मोक्षसंन्यासयोग" हो। अठार अध्याय गीताभित्र श्रीकृष्णार्जुन संवाद रहेका छन्। यो संवादले गर्दा अर्जुनको विषाद तथा मोह हट्न गएको छ, अर्जुन अब विना हिचकिचाहट युद्ध गर्न अग्रसर भएका छन्।

श्रीमद्भगवद्गीताको अन्त्यतिरका केही पद्य जो छन् त्यसबाट गीताको प्रभाव बुझ्न सकिन्छ। त्यहाँ भनिएको छः–

सुनेर कृष्णका यस्ता दिव्य ज्ञान महत्त्वका।
हट्यो अर्जुनको मोह आयो स्मरण शक्ति ता॥

कुनै संशय नै छैन दृढ छन् वीर अर्जुन।
भन्छन् आदेश जो भा छ गर्छु त्यै मधुसूदन॥

देखि सुनि यो संवाद कृष्ण अर्जुन बीचको।
धृतराष्ट्र बुढालाई भन्छन् सारथि सञ्जय॥

संवाद जो भयो कृष्ण तथा अर्जुन बीचमा।
सुन्न पाएर रोमाञ्च भयो मेरा शरीरमा॥

यस्तो अद्भुत यो ज्ञान योगेश वासुदेवको।
सुन्न पाएँ मलाई यो व्यासबाट कृपा भयो॥

आश्चर्यमय ती वार्ता कृष्ण अर्जुन बीचका।
सम्झि गद्गद हुन्छु म राजन्! अति विचित्रका॥

भगवान् कृष्णको रूप राजन्! सम्झन्छु अद्भुत।
अति आश्चर्यमा पर्छु यस्तै हुन्छ पुनः पुनः॥

मेरो मन त यो भन्छ जहाँ छन् कृष्ण अर्जुन।
त्यहीं ऐश्वर्य कल्याण बस्छन् विजयका गुण॥

राजन्! ठान्छु म श्रीकृष्ण तथा अर्जुन छन् जहाँ।
पवित्र हुन्छ त्यै पक्ष उसैले जित्छ युद्धमा॥

हुन पनि हो गीता साँच्चै विचित्रको छ। गीताका पारखीहरूले गीताको सार सङ्क्षेपलाई छोटकरीमा यसरी प्रस्तुत गरेको पाइएको छः–

- सांसारिक मोहका कारण मान्छे भ्रममा पर्न जान्छ। म के गरुँ के नगरुँ द्विविधामा फस्छ। यस्तो अन्योलले कर्तव्यच्युत हुन्छ। यस्तो गर्न वा हुन हुँदैन।
- शरीर नाशवान् छ। त्यो बुझ्ने अविनाशी हो। यो रहस्य बुझेर आफ्नू कर्तव्यको पालना गर्नुपर्दछ। यसो गर्दा चिन्ता हुँदैन। चिन्ता नहुनुले नै शोकबाट पनि मुक्ति पाइन्छ।
- कर्मको तत्त्व बुझेर निष्काम भावबाट कर्म गर्दा कल्याण हुन्छ।
- तत्त्वज्ञानको अनुभवबाट कर्मबन्धन मुक्त होइन्छ।
- अनुकुल वा प्रतिकूल जस्तो अवस्थामा पनि सम बन्न सक्नुपर्दछ। यसो भएमा मात्र परम आनन्द प्राप्त हुन्छ।
- कुनै पनि उपायबाट अन्तस्करण शुद्धि हुनुपर्दछ। अन्तस्करणमा समता हुनुपर्दछ। यसो नगर्दासम्म मानिस निर्विकारयुक्त हुन सक्दैन।
- सबै कुरामा भगवान्प्रति समर्पित हुन सक्नुपर्दछ।
- चिन्तन अनुसार नै जीवनपद्धति बन्दछ। यस कारण हर समय हरक्षण भगवान् सम्झदै आफ्नू कर्तव्यको पालना गर्नुपर्दछ।
- सबै मान्छे भगवान् वा भगवत् प्राप्त गर्न अधिकारी वा अधिकारयुक्त हुन्छन्।
- संसारमा भएका सबै विलक्षण विषय भगवान्कै भनेर सम्झन सक्नुपर्दछ।
- जगत् सारा नै भगवान् हो भनेर त्यसकै दर्शन गर्ने गर्नुपर्दछ।
- खास भक्तले शरीर, इन्द्रिय, मन तथा बुद्धि भगवान्मा अर्पण गर्ने गर्नुपर्दछ। यसो गर्ने नै भगवान्को प्रिय हुन्छ।
- संसारमा एक भगवान् नै परमात्मा तत्त्व हो जो बुझ्छ विश्वास गर्दछ त्यसैलाई अमरता प्राप्त हुन्छ।

- संसार बन्धनबाट छुट्न सत्त्व, रज तथा तम यी तीन गुणबाट अतित हुन जरुरी हुन्छ। त्यसो गर्न भगवान्को अनन्य भक्ति गर्ने भक्त हुनुपर्दछ।
- संसारको मूल आधार परम पुरुष एक मात्र भगवान् हुन् सम्झेर अनन्य भावले भजन गर्नुपर्दछ।
- आफ्नै दुर्गुण एवं दुराचारका कारण मानिसले दुःख पाउने हो। जन्म मरणको चक्करमा पर्ने हो। यसबाट मुक्त हुन दुराचार त्याग्नै पर्दछ। शुद्ध चरित्र हुनुपर्दछ।
- श्रद्धापूर्वक भगवान्लाई सम्झेर उनैको नाम संकीर्तन शुरू गर्नुपर्दछ।
- ग्रन्थहरूको सार वेद हो, वेदको सार उपनिषद्, उपनिषद्को सार गीता र गीताको सार भगवान्को शरणागति नै हो। जो भगवान्को शरणमा आफूलाई समर्पण गर्दछ ऊ सम्पूर्ण पापबाट मुक्त हुन्छ। भगवान् यस्तैको उद्धार गर्नुहुन्छ।

यसरी भगवद्गीता ज्ञान समाप्त भयो, अर्जुनको मोह पनि हट्यो र सबै किसिमका अज्ञानबाट मुक्त भए अर्जुन। ज्ञानी भए। अब मैले सबै रहस्य थाहा पाएँ अब म युद्ध गर्दछु भनेर उनी जुरुक्क उठे, गाण्डीव समाए।

यो अवस्था देखेर सञ्जयले भविष्यवाणी पनि गरिदिए जीत कसको हुन्छ भनेर।

अर्जुन गाण्डीव लिएर उठ्नु अघि नै युद्धारम्भका शंखध्वनि गुञ्जिइसकेका थिए युद्ध मैदानमा। अर्जुन के गर्दै छन् को जिज्ञासा थियो उनी उठेपछि निश्चित भयो अब पृथ्वीमाता रक्तरञ्जित हुने समय आयो। सैनिकहरूले आक्रमण ! का चर्का आवाज सुने। परस्परमा हतियार प्रहार गर्न शुरू भयो। सेनापति भीष्म पितामहको रथ अगाडि बढेपछि पाण्डवहरू पनि आक्रमण तथा प्रत्याक्रमणका लागि आँटिला भएर अगाडि बढे। युद्ध मैदानबाट जोश जगाउने वाद्यवादन गुञ्जन थाले। अस्त्रशस्त्रको झन्झनाहट आउन थाल्यो। हात्ती घोडाका चर्का एवं क्रन्दनयुक्त हुंकार र वीरहरूका आपसि आक्रमणका साथै ऐया, मार्‍यो, मरें आदि कर्णकटु आवाज पोखिन थाले।

दिनको पहिलो भागमै भयंकर युद्ध हुन थाल्यो। यो राजा महाराजाहरूको विनाश गर्न आएको हो भन्ने सबैमा विदित थियो। कौरव

तथा पाण्डवहरू शत्रुलाई जित्ने इच्छा राखेर सिंह झैं आवाज निकाल्दै यसरी कसिएका थिए एकले अर्कोलाई लगाएका आरोपले आकाश भरिएको भान हुन्थ्यो। शस्त्र तथा अस्त्रहरू आपसमा टकराएको आवाजले आकाश भरिएको भान हुन्थ्यो। सैनिक, रथी, महारथी राजा महाराजा आफ्नू शत्रुलाई मार्ने नै दाउमा पूरा मन लगाएर मौका खोजेका र बलपूर्वक हतियार चलाएका हुन्थे। घोडचढी घोडचढीसँग हात्तीवाला हात्तीवालासँग र रथी रथीसँग तथा महारथी महारथीसँग भिडिरहेका हुन्थे। त्यहाँ भिड्ने जो पनि अर्कोलाई मार्ने दाउ खोजेको नै देखिन्थ्यो। दर्शकहरूबाट त्यो भयंकर युद्ध हेरिनसम्म पनि नसकिने अवस्थामा थियो। चित्कारहरू प्रशस्त थिए तर सुनेर दया गर्ने कोही थिएन। रगतको खोलो मात्र होइन नदी नै बहेको देखिन्थ्यो।

महाभारतमा पढ्न पर्दछ अरू अरू त आफू समानसँग प्राय भिडेका हुन्थे तर पितामह भीष्मसँग पनाति अभिमन्युको टकराव अभूतपूर्व थियो। हेर्न लायक वा हेर्ने नहुने के थियो त्यो आफ्नै ठाउँमा थियो। त्यो हेर्ने अरू त कोही थियो वा थिएन महर्षि व्यासले अवश्य हेरेका थिए। त्यसैले गरेका छन् वर्णन त्यसको पनि। सञ्जयले पनि हेरेर महाराज धृतराष्ट्रलाई बताउँदै गरेका हुन् जो मर्मस्पर्शी छ। भीष्म तथा अर्जुनका बीच भएको भयानक युद्धको त कुरै फरक छ।

युद्धको एउटा दिन विशेष किसिमको रह्यो। अर्जुन र भीष्म पितामह बीच भएको भयानक युद्ध थियो त्यो। भीष्म पितामहले लपेट्दै ल्याएको देखेर भगवान् श्रीकृष्णसमेत आत्तिनुभयो। श्रीकृष्ण स्वयं भीष्मलाई लक्ष्य गरेर हातमा चक्र लिएर जानुभयो, भीष्मले प्रतीकार गरेनन्, बरु स्वागत गरे। ठीक यसै समयमा कुन्तीनन्दन अर्जुन अगाडि आए, श्रीकृष्णका पाउ परेर रोके। उनले त्यति बेला भने समस्त कौरव म आफैं समाप्त गर्दछु। भगवान्ले चिन्तित हुन पर्दैन जस्ता कुराहरू गरेको देखिन्छ। अर्जुनले भनेका छन्:-

न हास्यते कर्म यथा प्रतिज्ञं पुत्रै सय केशव सोदरैश्च।
अन्तं करिष्यामि यथा कुरूणां त्वयाहमिन्द्रानुज सम्प्रयुक्तम्॥

(भीष्म पर्व ५९।१०३)

दशौं दिनको संग्राम अझ भीषण भएको हो। यसै दिन शन्तनुनन्दन गंगापुत्र भीष्म, पाण्डव कौरवका पितामह, कौरव सेनाका सेनापति भीष्मलाई

शिखण्डी अघि लगाइ अर्जुनले कडा बाण प्रहार गरे। भीष्मले आफ्नु प्रतिज्ञा सम्झेर हतियार नउठाएका कारण ऊ ढालिए। इच्छामरण वरदान प्रयोग गरेर शरशय्यामा सुते।

गंगापुत्र भीष्मपछि कौरव सेनाका सेनापति गुरु द्रोणाचार्य बनाइए। कर्ण पनि युद्धमा सामेल भए। युद्ध सुचारु रूपमा हुन थाल्यो। गुरु द्रोणाचार्य दुर्योधन पक्षका प्रधान सेनापति भएपछि द्रोण कर्णसमेत मिलेर युद्ध गर्दै थिए। युधिष्ठिरलाई बन्दी बनाउन दुर्योधनले द्रोणसँग आग्रह गरे। द्रोणले अर्जुन हुँदाहुँदै यसो गर्न सकिँदैन भनेपछि अर्जुनलाई अन्यत्रै अल्झाउने षड्यन्त्र भयो। अर्जुन टाढा युद्ध गर्दै गएपछि द्रोणाचार्यले चक्रव्यूह रचना गरे। पाण्डवहरूलाई आत्थो आत्थो पारेको बेला अर्जुनपुत्र अभिमन्युले चक्रव्यूह तोड्न सक्ने कुरा थाहा हुन आयो। उनी गएर चक्रव्यूहभित्र प्रवेश गरे र बहादुरीका साथ युद्ध गरे। कौरवहरू आत्तिए। यस्तै अवसरमा दुर्योधन, कर्ण, द्रोणाचार्य, कृपाचार्य, शकुनि र अश्वत्थामा समेत छ जना मिलेर एक्ला अभिमन्युमाथि जाइलागे। अन्याय अर्थात् युद्धनीति विरुद्ध गरेर अभिमन्युलाई मारियो। यसपछि युद्धले सारै भयावह रूप लिन पुग्यो। यो तेरौं दिनको युद्ध थियो।

अन्यायपूर्वक अभिमन्यु मारिएपछि पाण्डवहरू रिसले आगो भएर निस्के। यसो भए पनि द्रोणाचार्य हुँदासम्म पाण्डवहरूका निमित्त उकालो भैरहेको थियो। द्रोण पुत्रशोक नभै नमर्ने, द्रोणपुत्र अश्वत्थामा चिरञ्जीवी भएको हुँदा अप्ठेरो परेको थियो। यसै कारण अश्वत्थामा नाम गरेको हात्ती मारिएको विषयलाई प्रचार गरियो। द्रोणाचार्यले युधिष्ठिरसँग यसबारेमा सोधनी गर्दा युधिष्ठिरका सबै कुरा सुन्न पाएनन्, खालि अश्वत्थामा मारिएको भन्ने मात्र सुने। त्यसैले आफ्नै पुत्र अश्वत्थामा मारिएको बुझेर हतियार बिसाई युद्धमैदानमै समाधिमा बसेपछि द्रोणाचार्यको शिर गिँडियो। यो पन्ध्रौं दिनको घटना थियो।

पन्ध्रौं दिनको संग्राममा भारद्वाजपुत्र, कौरव पाण्डवका गुरु तथा कौरव सेनापति द्रोणाचार्य मारिएपछि कौरवसेनामा ठूलो खलबल मच्चियो। विशेष गरेर अश्वत्थामा, दुर्योधन, शकुनि कर्ण तथा दुःशासन सारै आत्तिए। अब कसलाई सेनापति बनाउने भन्ने कुरा पनि आयो। छलफलबाट कर्ण सेनापति बनाइएपछि पुनः युद्ध चलेर गयो।

कर्णको नेतृत्व अर्थात् सेनापतित्वमा भएको युद्धमा धेरै धेरै वीरहरूको रगत पियो कुरुक्षेत्रले। कुरुक्षेत्रले धेरै वीरहरूको रगत पिएको देखेर कौरवसेनाको मनोबल पनि गिरेकै अवस्था आएको थियो। कर्णको सारथि मारिएपछि शल्यलाई सारथि बनाएर लड्दै गरेका कर्ण अर्जुनको बाण प्रहारबाट मारिए।

महायोद्धा दानवीर कर्णले युद्धमा वीरगति पाएपछि कौरव पक्षमा ठूलो नैराश्य छायो। सो पक्षका रथी महारथी वीरहरूको त्यो बेलासम्मको अवस्था हेरेर अब कसै गरे पनि युद्ध जितिँदैन भन्ने निधोमा पुगेका कृपाचार्य दुर्योधनसँग युद्ध छाडिदिन वेश हुन्छ भन्न गए। तर उनको कुरो दुर्योधनले अस्वीकार गरिदिए। जति शक्ति बचेको छ त्यसलाई लिएर पनि युद्ध गर्ने निधोमा पुगेर दुर्योधनले मामा शल्यलाई सेनापति बनाए। शल्यले पनि फुर्ति देखाएकै थिए तर युधिष्ठिरसँगको युद्धमा उनी पनि मारिए। यसै समयमा भीमसेनद्वारा दुर्योधनका एक्काइस हजार सेना मारिए। यसपछि कौरव सेनामा भागाभाग चल्न थाल्यो। दुर्योधन बाहेक अरू केही मारिए। दुर्योधन सरोबरमा लुक्न गए। त्यहाँबाट फर्काइएपछि दुर्योधन र भीमसेनका बीच गदायुद्ध हुँदा दुर्योधनको जंघा तोडियो। पाण्डवहरूको विजय भयो।

यसरी पाण्डव कौरव महायुद्ध अठार दिन चलेर समाप्त भएको हो। यो युद्धमा कति धनजनको क्षति वा नाश भयो त्यो अथाह छ। यसको वर्णन भयावह छ। भए पनि सोको वर्णन यसपछि गरिने नै छ।

दाशराजपुत्री मत्स्यगन्धा

मत्स्यगन्धा सत्यवतीले महर्षि पराशरसँगको सम्बन्धबाट गर्भ धारण गरी प्राप्त गरेको गर्भलाई नदीको किनारमा फालेकी भए पनि नवजात शिशु शिशु नभएर एउटा परिपक्व विद्वान् बनेर देखापरे। उनले जननीसँग यसरी बोले "आवश्यकता परेमा मलाई सम्झनु है माता ! म हाजिर हुनेछु" शिशुका यस्तो बोलीबाट सत्यवती प्रसन्न भइन्। आफ्नो शरीरबाट निस्कने गरेको दुर्गन्धको सट्टा सुगन्ध हुनु उनका निमित्त सारै ठूलो गौरवको विषय छदै थियो। सम्भोगानन्द प्राप्त भयो त्यो पनि महत्त्वपूर्ण कुरा नै हो फेरि नवजात शिशुको त्यो परिपक्व बोलीबाट उनी ज्यादै रमाइन्। उनको कुमारित्वमा कुनै नकारात्मक प्रभाव परेन। उनका निमित्त सपना जस्तै भयो। दिनभरका कुरा सम्झदै रमाउँदै उनी आफ्नू निवासमा गइन्। उनका पिता दाशराज तीनछक परे। सधैं छोरी आउँदा आउने दुर्गन्ध आज छैन। उल्टे मगमग सुवास पो आइरहेको छ। यस्तो हुँदा बाबु खुसी हुनु स्वभाविकै हो। उनको खुसी अभुतपूर्व नै भयो। उनले कारण सोधे। सत्यवतीले यसरी जवाफ दिइन्:-

शक्तेः पुत्रो महा प्राज्ञ पराशर इति स्मृतः
नावं वहयमानाया मम दृष्ट्वा सुगर्हितम्।
अपास्य मत्स्यगन्धत्वं योजनाद् गन्धतां ददौ
ऋषेः प्रसादं दृष्ट्वा तु जनाः प्रीतिमुपागमन्॥

(आदि पर्व ६३।८६)

यसको अर्थ हो महर्षि शक्तिका छोरा महाज्ञानी पराशर जो छन् उ म डुंगा खियाइराखेको देखेर म नजिकै आए। उनले मेरो दुर्गन्धता देखेर मप्रति कृपा गरे। त्यसै कारण मेरो शरीरबाट आउने दुर्गन्ध हटाइदिएर सुगन्ध आउने बनाइदिए। यो सुगन्ध पनि पहिलेको दुर्गन्ध जस्तै एक योजन परपरसम्म पुग्छ। प्रभावकारी हुन्छ। आफ्नी छोरी प्रतिको महर्षिको यस्तो कृपादृष्टि देखेर दाशराज प्रसन्न भए। उनीहरूका आफन्त सबै रमाए।

सत्यवती पूर्ववत् आफ्ना पिता दाशराजकी सहयोगी भएर रहेकी थिइन्। एक दिन सिकार खेल्दै खेल्दै आएका हस्तिनापुर नरेश शन्तनुको नजरमा पर्न पुगिन्। यसको प्रमुख कारण सत्यवतीको सुगन्ध नै हो। हस्तिनापुर नरेश शन्तनु सिकार खेल्दा खेल्दै यमुना नदी किनारको सुन्दर वनमा पुगेका थिए उनको नाकमा यस्तो सुगन्ध आएर पस्यो जो राजाले यस अघि कहिल्यै त्यस्तो सुगन्ध अनुभव गरेका थिएनन्। तसर्थ राजा सुगन्धको पिछा गर्दै गर्दै सत्यवतीका नजिक पुगे। सुगन्धवती सत्यवती रूप र यौवनले परिपूर्ण छदै थिइन्। राजाको मन उनीसित गएर टाँसियो। त्यसको पनि एउटा कारण थियो त्यो के भने कुनै पनि सुन्दरी यौवना देखेपछि कुनै पनि पुरुषको मन आकर्षणले आन्दोलित हुनु स्वभाविकै हुन्छ। त्यसमा पनि राजा महाराजाहरूको त अझ भिन्न हुन्छ मन। त्यसमा पनि राजा शन्तनु त केही वर्षदेखि एक्लो जीवन जिइरहेका थिए। कारण उनकी अति प्रिय पत्नी गंगा उनलाई छाडेर गंगामा समाहित भएकी थिइन्। राजा सत्यवती सित मायामोहमा डुब्न सक्थे तर त्यहाँ पनि एउटा असजिलो कारण थियो। गंगाले एउटा जाज्वल्यमान पुत्र दिएर गएकी थिइन्। त्यसै कारण सत्यवतीसित आकर्षित भएका भए पनि शन्तनु उनलाई स्वीकार गर्न सक्तैनथे। यता यौनानन्दको चाहनाले मन विह्वल नै थियो। आखिर शन्तनु महाराज सत्यवतीसँग अनुरोध गर्न गए। सत्यवतीले आफ्नु चलन अनुसार उनी आफ्नै निर्णयले त्यस्तो आँट गर्न असमर्थ भएको कुरा दर्शाई पिताजीसँग कुरा गर्न भनिन्। महाराज शन्तनु सत्यवतीको हात माग्न दाशराजकहाँ गए। दाशराजसँग कुरा राखियो। दाशराजले कुराको जवाफमा भनेः–

अस्यां जायेत यः पुत्रः स राजा पृथिवीपते।
त्वदूर्ध्वमभिषेक्तव्यो नान्यः कश्चन पार्थिव॥

(आदि पर्व १००।५६)

अर्थात् हे राजा ! यसको गर्भबाट जो पुत्र जन्मन्छ तपाईंको शेषपछि उसैले राज्याधिकार पाउनुपर्दछ। अरू कुनै राजकुमारले होइन।

यद्यपि राजा शन्तनु कामाग्निको प्रचण्ड तापमा जलिरहेको अवस्था थियो। मनले खोजे जस्ती कन्या भेटिएकी पनि हुन् तापनि दाशराजको प्रस्ताव स्वीकार गर्ने अवस्थामा रहेनन्। एउटा गहिरो वेदना लिएर हस्तिनापुर

फर्के। राजा हरसमय चिन्तामै रहेर आफ्नु जीवनलाई आफैंले कष्ट दिन थाले। यसको कारण कसैलाई थाहा थिएन। राजा चिन्तित भएको कुराले उनका प्रियपुत्र देवव्रतलाई समेत असह्य भयो। कारण पत्ता लगाउन एक दिन देवव्रत स्वयं पिताश्री समक्ष गए र प्रश्न गर्न थाले।

देवव्रतले भने "पिताश्री ! हजुरको जतातै राम्रै राम्रो छ। यो पृथ्वीका सारा राजा महाराजाहरू हजुरको अधीनमा छन्। हजुरको आदेश मान्य हुन्छ। यसो हुँदा हुँदै पनि हजुर पिर माने जस्तो र चिन्तारूपी अग्निमा जल्न परे जस्तो देखिनु हुन्छ। यो सबै के हो ? किन यस्तो भएको हो ? हजुरलाई कुनै कडा रोग लागेको त छैन ? हजुर यसरी चुप चाप बसेर कसैको ध्यान गरेझैं किन देखिनुहुन्छ ? मलाई किन केही भन्नुहुन्न ? मन बहलाउन कतै घुमफिरका लागि बाहिर पनि जानुहुन्न। अनुहार खिन्न छ दुब्लाउँदै जानुभएको छ। यी सबै कुराको खास कारण के हो? म जान्न चाहन्छु। कतै म कुनै उपाय गर्न सक्छु कि ?"

आफ्ना एक मात्र परम प्रिय पुत्र गंगानन्दन देवव्रतको आफ्नू समस्याप्रतिको चासो देखेर देवव्रतसँग शन्तनुले भने "छोरा ! तिमीले ठीक अनुमान गरेका छौ। यसमा सन्देह छैन म चिन्तामा डुबेको छु। त्यो चिन्ता कस्तो हो म बताउँछु। तिमी हाम्रो विशाल वंशका एकमात्र पुत्र हौ। तिमी पनि सधै अस्त्रशस्त्रको अभ्यासमा लागिरहन्छौ। पुरुषार्थका निमित्त खटिरहन्छौ। म यो संसारको अनित्यतालाई हेरेर निरन्तर शोकग्रस्त र चिन्तित रहने गरेको हुँ। कुनै प्रकारले तिमीमाथि कुनै आपत्ति आयो भने त्यही दिन त्यही क्षण हाम्रो वंश समाप्त हुन्छ। यसमा शंका छैन। तिमी कसैका सय छोराभन्दा पनि महान् छौ। त्यसैले म पुनः विवाह गर्न चाहन्नँ। तर हाम्रो वंश परम्परा र संस्कार न हो मलाई पुनः पत्नीको चाहना भैरहेछ। यसै कारण म उचित निर्णय लिन सकिरहेको छैन। तिम्रो कल्याण होस्।"

शन्तनुले आफ्ना प्रियपुत्र देवव्रतसँग फेरि भने "धर्मवादी विद्वान्को मत छ एक पुत्र मात्र हुनु नहुनु बराबर हो। त्यो एउटा पुत्र कतै क्यै भयो भने कुल नै नष्ट हुन्छ। यो मानव मात्रमा पनि होइन सबै प्राणीमा पनि लागू हुन्छ। यहाँ धेरै कुरा छन् जो तिमीलाई मैले बताएँ। यसै कारण म सन्देहमा परेको हुँ तिमी शान्त भएपछि यो वंश परम्परा कस्तो होला।"

बुद्धिमान् देवव्रतलाई स्पष्ट भयो कुरा। उनी आफ्ना पिताका बूढा हितैषी मित्र मन्त्रीसँग कुरा गर्न गए। उनीहरूका बीच कुराकानी भए। मन्त्रीले भने "महाराज एक कन्यासँग विवाह गर्न चाहनुहुन्छ।" त्यो कुरा सुनेपछि देवव्रतले आफ्ना पिताका सारथिसँग सोधे "तपाईं मेरा पिताजीका सारथि मात्र नभएर मित्र पनि हुनुहुन्छ। तपाईंलाई अवश्य थाहा छ मेरा पिताजीको कुन स्त्रीसँग अनुराग छ बताउनुहोस्। तपाईं ठीक ठीक भन्नुहोस्।"

सारथिले सबै कुरा बताइदिएपछि राजकुमार देवव्रत केही सहयोगी समेत लिएर पिताका निमित्त कन्या माग्न धीवर दाशराज कहाँ गए। दाशराजले पुरानै कुरा दोहोऱ्याए। आफ्ना पिताको सुखका निमित्त जुनसुकै अप्ठेरो सहन गर्ने मन बनाएर गएका राजकुमार गंगानन्दन देवव्रतले भने "हुन्छ, ठीक छ सत्यवतीबाट जो पुत्र जन्मन्छ उही राजा हुनेछ।

देवव्रतका कुराबाट कुरा सिद्धिएको थियो तर दाशराजले अर्को प्रसङ्ग ल्याएर भने "हे राजकुमार ! तपाईं सत्यवादी हुनुहुन्छ। तपाईंले भनेपछि फरक पर्दैन मलाई थाहा छ। त्यसैले मेरी कन्याबाट जन्मनेले त राजकाज पाउने नै भयो। तर यहाँ अर्को पनि सानु कुरा रह्यो। त्यो के भने तपाईंले दिए पनि तपाईंका छोराबाट विरोध हुन सक्छ, सक्तैन र ?"

कुरा सारै अप्ठेरोमा आएको हो तर महामना देवव्रतले त्यसलाई केही पनि होइन जस्तो गरेर भने "निषादराज ! आजबाट मेरो आजीवन ब्रह्मचर्य व्रत हुनेछ। तपाईं ढुक्क हुनुहोस्।"

यति कुरा भएपछि निषादराज अर्थात् दाशराजले आफ्नी छोरी सत्यवती दिन स्वीकार गरेपछि देवव्रतले सत्यवतीलाई आफ्नो रथमा राखी लिएर आए। पिता शन्तनुलाई सौंपे। राजा शन्तनु खुसी भए। सबैले देवव्रतको कठोर प्रतिज्ञाको प्रशंसा गरे। शन्तनुले देवव्रतलाई इच्छामृत्युको वरदान दिए। कठोर प्रतिज्ञा गरेका हुँदा त्यस दिनबाट देवव्रत भीष्म कहलिए। राजा शन्तनु र सत्यवती सुगन्धवतीको विवाह सम्पन्न भयो।

यसरी मत्स्यगन्धा हस्तिनापुरकी महारानी बन्न पुगेकी हुन्।

२६५२०

महर्षि व्यासको जन्म

वेददेखि लिएर हिन्दू धर्मका महाभारत, श्रीमद्भागवत आदि महापुराणहरूका रचयिता महर्षि व्यासको जन्मको विषयमा जान्न जोसुकैलाई पनि मनलाग्छ। जान्न पनि पर्दछ। यो ज्ञान वास्तवमा रुचिकर हुन्छ नै। किनभने महर्षि व्यास निःसन्देह महापुरुष हुन्। उनले लेखेका पुराण महापुराणहरू धेरै छन् र पूज्य छन्। हिन्दू धर्मावलम्बीहरू पूजा गर्ने गर्दछन् पुराणहरूको। पढ्न सक्ने पढ्छन् र नसक्नेहरू अरूलाई पढ्न लगाएर सुन्छन्। उनका पुराणका कथाहरू ज्ञानदायक हुन्छन् र पवित्र मानिन्छन्। यसबाट हामी सिद्ध गर्न सक्छौं व्यासदेव एउटा महापुरुष हुन्। महापुरुषको जन्म सहितको जीवनी जानिराख्न वेश हुन्छ।

महाभारत आदि पर्वको त्रिसट्ठीयौं अध्यायमा महर्षि व्यासको जन्मको प्रसङ्ग छ। त्यो प्रसङ्ग यसरी शुरू भएको छः–

राजा परिचरो नाम धर्मनित्यो महीपतिः।
बभूव मृगयां गन्तुं सदा किल धृतव्रतः॥

(आदि पर्व १००।५६)

प्राचीन कालमा उपरिचर नामका राजा थिए। ती राजा आफ्नू कामले प्रसिद्ध कहलिएका थिए। उनी निरन्तर धर्ममा लागिरहन्थे। जनताको सुरक्षाको विचार गरेर हुनसक्छ उनी यदाकदा हिंश्रक पशुको सिकारमा पनि जाने गर्दथे। यी राजा पौरवनन्दन उपरिचर वसुले स्वर्गका राजा इन्द्रको आज्ञानुसार चेदी देशको राज्य समेत स्वीकार गरी त्यहाँको राजा भएका थिए।

कालान्तरमा यस्तो समय आयो राजा उपरिचर वसु आफ्ना अस्त्रशस्त्र त्यागेर आश्रममा बस्न थाले। उनले ठूलो तपस्या गरे र तपोनिधि कहलिए। यो कुरो इन्द्रआदि देवतालाई सह्य भएन। वसुले तपोबलद्वारा स्वर्गको राज्याधिकारी हुने अर्थात् इन्द्रपद प्राप्त गर्ने लक्ष्य लिएको ठानियो। उनीहरूले वसु समक्ष गएर तपस्या छाड्न अनुरोध गरे। इन्द्रआदि देवताहरूको आग्रह

स्वीकार गरे वसुले। इन्द्रकै सल्लाहले उनले चेदिदेशका राजा भएर धर्मपूर्वक शासन गरे। चेदिदेश धनधान्य पशुधन आदिबाट परिपूर्ण हुँदै गयो। धर्मपूर्वक राजकाज गरेका राजा वसुका पाँच यशस्वी पुत्र थिए। पाँचौं हुन् यदु। यदु अजेय थिए। उनलाई युद्धमा कसैले जित्न सक्दैनथ्यो।

इन्द्रको आग्रह स्वीकार गरेदेखि राजा वसु इन्द्रका प्रियपात्र बने। चेदिराज वसु इन्द्रले दिएको मणिमय विमानमा अन्तरिक्षमै निवास गर्ने गर्थे। नरेश वसुका सेवामा अप्सरा गन्धर्व आदि आवश्यकतानुसार उपस्थित भएर सेवा गर्थे। सारा बन्दोबस्त थियो आकाशमै। त्यसै कारण राजा वसु उपरिचर नामले पनि कहलिएका हुन्।

राजा उपरिचर वसुको राजधानी नजिक सुमति नामको एउटा नदी थियो। त्यो नदी एक पटक अनायास बन्द हुन गयो। अविरल बहिरहन पर्ने नदी एक्कासी बन्द हुँदा जनसमाजमा हाहाकार मचियो। राजाले आफ्नू प्रहारबाट पूर्ववत् वहन लगाए नदीलाई। त्यहाँ थाहा भयो पर्वतले नदीमा दुइटा सन्तान राखेको रहेछ। नदी बहेपछि ती दुई सन्तान भेटिए। दुईमध्ये एक पुरुष र एक कन्या थिए। नदीले ती दुवै सन्तान राजा उपरिचर वसुलाई सौंपिइन्। राजाले पुरुषलाई आफ्नू सेनापति बनाए भने कन्यालाई पत्नीका रूपमा राखे। ती पत्नीको नाम थियो गिरिका।

गिरिकाले एक दिन राजासँग यौन समागमको इच्छा प्रकट गरिन्। त्यसै समयमा राजा वसुलाई पितृहरूबाट वनमा गएर हिंश्रक पशुहरूलाई मार्ने आज्ञा भयो। पितृ आज्ञानुसार राजा वसु वनमा गए। उनका मनमा गिरिकाको आग्रह, उनको रूप, पूर्ण यौवन अवस्था सम्भोगको चाहना आदि आएर देखिए। राजा वसु कामातुर भए। त्यसै समयमा उनको वीर्य स्खलित भयो। सो वीर्य रुखको पातमा उठाए। आकाशमा उडिरहेको हिंसक पंक्षी बाजलाई बोलाएर सो वीर्य आफ्नू दरबारमा पुऱ्याई रानी गिरिकालाई दिन भने। बाज वीर्य लिएर आकाश मार्गबाट जाँदै थियो अर्को बाजले देख्यो। उसको मनले भन्यो त्यो बाजसँग मासु हुनुपर्छ। दोश्रो बाजले उसलाई आक्रमण गऱ्यो। दुइटा बाजहरू नदीमाथिको आकाशमा युद्ध गर्न थाले। घम्साघम्सी हुँदा वीर्य खस्यो र नदीमा पर्न गयो।

वीर्य जुन नदीमा खसेको थियो त्यो नदीमा अद्रिका नाम गरेकी स्वर्गकी अप्सरा ब्रह्माजीको श्रापका कारण नदीमा माछी भएर रहेकी थिइन्। उनले

त्यो वीर्यलाई निलिदिइन्। उनी गर्भिणी भइन्। दश महिना पुगेपछि ती माछीलाई माछा मार्नेहरूले छोपे। पेट चिरेर हेर्दा माछीका पेटमा दुई मानव बच्चा भेटिए। ती बच्चामा एकजना नारी र एक पुरुष थिए। माछी श्राप मुक्त भइन्। स्वर्गमा गइन् अप्सरा बनेर। बच्चाहरू मछुवाहरूले राजा वसुलाई सौंपे। पुरुष बच्चा राजाले राखे र कन्याचाहिं तिमी नै पालन तालन गर भनेर मछुवालाई दिए। कन्या सुकोमल थिइन् सुन्दरी थिइन् तर माछाको गर्भबाट जन्मेकी हुनाले उनको शरीरबाट माछाको गन्ध आउँथ्यो। त्यो पनि दुर्गन्ध। ती दुर्गन्धी कन्याको नाम थियो सत्यवती। अर्को नाम भएको हो मत्स्यगन्धा।

मत्स्यगन्धा सत्यवती रूप, शील, स्वभाव र बुद्धिमा निपुण थिइन्। उनी आफ्ना पितालाई सहयोग गर्ने गर्थिन्। पिता यमुनाजीमा डुङ्गा चलाउने गर्दथे। सत्यवती पनि पिताको काममा सघाउने गर्थिन्। एक दिन तपस्वी महर्षि पराशर नदी पार गर्ने सिलसिलामा त्यहाँ आए। मत्स्यगन्धालाई देख्दैमा महर्षि पराशर आकर्षित भए। उनले मत्स्यगन्धालाई देखेः-

दृष्ट्वैव स च तां धीमाँश्चकमे चारुहासिनीम्।
दिव्यां तां वासवीं कन्यां रम्भोरुं मुनिपुङ्गवः॥
(आदि पर्व ६३।७१)

कन्याको हसाइ बडो मनमोहक थियो। उनका जाँघ केराका थम्मा जस्ता थिए। अनुहार झल्झलाकार थियो। उन्मत्त बैंस थियो। यस्ती परम सुन्दरी नवयौवना देखेर ऋषि पराशर आकर्षित भए। उनले मत्स्यगन्धासँग समागमको इच्छा प्रकट गरे। कन्याले दिनदहाडै छ फेरि वारि र पारि मानिसहरू छन् देख्छन् लाज हुन्छ कसरी त्यस्तो काम गर्ने भनेपछि महर्षिले कुहिरो सृष्टि गरेर अन्धकार बनाए।

मत्स्यगन्धाले लख काटिन् यी चानचुने ऋषि होइनन्। अतः उनले ऋषिवरसँग प्रार्थना गर्दै भनिन् "भगवन्! हजुरलाई थाहा छ म सधैं आफ्ना पिताको अधीनमा रहेकी कुमारी हुँ। तपाईंको इच्छा पूरा गर्दा मेरो कुमारित्व नष्ट हुन्छ। यस्तो हुँदा मैले बाँच्नु नै व्यर्थ हुन्छ। अर्को कुरा त यहाँले थाहा पाइसक्नुभएको छ म मत्स्यगन्धा पनि छु। तसर्थ जे उचित हुन्छ त्यही गरियोस्।"

मत्स्यगन्धा सत्यवतीको कुरा सुनेर मुनिश्रेष्ठ पराशर प्रसन्न भए। उनले भने "नानी सत्यवती ! म जे भन्दैछु त्यो गरेर पनि तिमी कन्या नै रहने छौ। तिमी जे चाहन्छ्यौ त्यो वर माग मसँग।"

महर्षिको कुरा सुनेर मत्स्यगन्धा सत्यवतीले आफ्नू शरीरबाट आउने गरेको मत्स्य दुर्गन्धको सट्टा उत्तम सुगन्ध आउने हुने र गर्भ बोक्न व्याउन कष्ट नहुने तथा लामु समय पुत्रप्राप्तिका निमित्त पर्खन नपर्ने वर मागिन्। पराशरले तथास्तु भनेपछि उनीहरूले सम्भोगानन्द ग्रहण गरे। सत्यवती मत्स्यगन्धाको सट्टा उत्तम सुगन्धवती सत्यवती बनिन्। तुरुन्तै पुत्रवती पनि बनिन्। नवजात बच्चा नदी किनारामा फालियो। त्यही बच्चा पछि आएर महर्षि व्यास बन्न गएको हो। कालान्तरमा व्यास नै महाभयंकर महाभारत महायुद्धको द्रष्टा बने स्रष्टा बने। सुगन्धवती सत्यवती महाभारत महायुद्धकी मुहान अर्थात् ब्याड बन्न पुगिन् भन्दा बढी भनेको नठहरिन सक्छ।

यहाँ एउटा अर्को कुरा पनि उल्लेख्य छ त्यो के भने योजनगन्धा सत्यवतीले तत्काल पुत्र उत्पन्न गरेर फालेका व्यासले आफ्नी आमासँग भनेका थिए– "कुनै बेला आवश्यक पऱ्यो भने मलाई सम्झनु है माता ! म मदत गर्नेछु।"

गङ्गापुत्र भीष्म

पढ्दा सुन्दा वा सुनाउन खोज्दा मात्र पनि डरलाग्ला जस्तो महाभारत महायुद्ध भएको हो जो भयंकर डरलाग्दो नै हो। असंख्य मानिस लगायतका हात्ती घोडा आदि मारिएको त्यस्तो भयंकर युद्ध कसका कस्ता कारणले भएको थियो भनेर विचार गर्दा त्यसमा धेरै वीर पुरुष तथा सज्जनहरूको संलग्नता वा कारणबाट भएको हो भन्नै पर्दछ। त्यस्ता धेरै वीर तथा कर्मठ पात्रहरूमध्येका एउटा वीर हुन् गंगापुत्र भीष्म। भीष्म महाभारत युद्ध हुनुअगावै भीष्म पितामह भइसकेका पात्र हुन्। उनी त्यति बेलाका राजा धृतराष्ट्रका दरबारका पूज्य व्यक्तित्व पनि हुन्, वीर हुन्, बुद्धिजीवी हुन् र महाज्ञानी पनि हुन् देवव्रत भीष्म। तर पनि समयले उनलाई समेत मुछ्यो त्यो महायुद्धमा।

उति बेलाका राजाहरूमा श्रेष्ठ महाराज शन्तनु हिंसक पशुहरूको वध गर्ने उद्देश्यले यदा कदा सिकारमा जाने गर्दथे। त्यसै गरी एक दिन सिकारमा गएका बखत शन्तनुका नजरमा एउटी परम सुन्दरी युवती पर्न आइन्। अतिशय राम्री युवती देखेका राजा उनीतिर आकर्षित भए, नजिक गए। युवतीले मायालु मुस्कानयुक्त कटाक्षले संकेत गरिन्। राजा अझै मोहित भए र आफ्नी रानी बन्ने आग्रह गर्न पछि परेनन्।

शन्तनुका आँखामा पर्न आएकी सुन्दरी युवती कोही चानेचुने युवती थिइनन्, गंगा थिइन्। राजाबाट भएको आग्रहका साथै आफूले गर्नुपर्ने महत्त्वपूर्ण कार्यको सम्झना भयो गंगालाई। उचित समय आएको सोची गंगा शन्तनुका नजिक आइन्। मायालु भावमा आएर भनिन् "महाराज ! म हजुरकी महारानी भएर सँगै बस्न राजी छु।" सुन्दरीका कुरा सुनेर महाराज शन्तनु प्रसन्न भए। यस्तो देखेपछि गंगाले एउटा प्रस्ताव अघि सारिन्। त्यो प्रस्ताव होः-

यत् तु कुर्यामहं राजञ्छुभं वा यदि वाशुभम्।
न तद् वारयितव्यास्मि न वक्तव्या तथाप्रियम्॥

(आदि पर्व ९८।३)

गंगाले भनेकी हुन् "राजन् ! मेरो एउटा प्रस्ताव छ विवाह पश्चात् यहाँले यो कुरा स्वीकार गर्नुपर्नेछ म राम्रो वा नराम्रो जुनसुकै कार्य गर्न पुगुँ, यहाँले स्वीकार गर्नुपर्नेछ। चुपचाप सहनुपर्नेछ। मसँग कुनै अप्रिय वचनसम्म पनि गर्न पाइने छैन। यदि त्यस्तो भैहाल्यो भने म तुरुन्त हजुरको साथ छाडिदिनेछु।"

गंगाको त्यस्तो कडा सर्त पनि राजा शन्तनुले मञ्जुर गरे। यसको पनि कारण थियो। उनले त्यो झलक्क सम्झे। विवाह भयो गंगाको र शन्तनुको। राम्रोसँग रहे। गंगा वास्तवमा गंगा थिइन्। अति सुन्दरी र मायालु थिइन्। त्यसैले पति पत्नीसँगै रहन्थे र यताउता विचरण गर्थे। केही समयपछि रानी गंगा गर्भवती भइन्। राजपरिवारमा खुसी छायो। रानीले जब पुत्र पैदा गरिन, यमुना नदीमा लगेर बगाइदिइन्। राजाले कुनै आपत्ति गर्न सकेनन् किनकि गंगाले सर्तमा मञ्जुर गराइसकेकी थिइन्। पुनः गर्भवती भइन् गंगा, पुत्र पैदा गरिन्। त्यो शिशु पनि पूर्ववत् बगाइदिइन्। राजा मुटुमाथि ढुंगा राखेरै भए पनि हाँसे जस्तै चुपचाप सहेरै बसे। गंगाले पुत्र पैदा गर्ने र गंगामा बगाउने क्रम दोहऱ्याउँदै गरिन्। सात पुत्र बगाइसकेपछि देवव्रत जन्मेका हुन्। उनलाई पनि गंगामा बगाउन लिएर जाँदै गर्दा राजाले रोके। वार्ता भएपछि गंगाले आफ्नु कुरा राखिन्। गंगाले भनिन् "राजन् ! तपाईं महान् हुनुहुन्छ। म तपाईंको यो पुत्र अब मार्दिनँ। तर अब मेरो यहाँ रहने समय समाप्त भयो। हाम्रो पूर्व सर्त पनि त यस्तै थियो नि हैन र ? म देवताहरूको इच्छाअनुसार मात्र यहाँ रहेकी थिएँ। अब उनीहरूको इच्छा पनि पूरा भयो। अब म जान्छु। यो तपाईंको पुत्र लिनुहोस्। यो बालक ठूलो पराक्रमवाला हुनेछ र श्रेष्ठ हुनेछ। यसलाई माया गर्ने गर्नुहोला। यसको नाम पहिलो गंगादत्त र दोश्रो देवव्रत राख्नुहोला। यसले तपाईंको सेवा तथा सहयोग दुवै गर्नेछ। तपाईंको इच्छा पूरा गर्नेछ।"

जन्मनासाथको बालक राजालाई सौंपेर रानी गंगा गंगामा नै विलीन भइन्। गंगादत्त देवव्रतलाई लिएर राजा शन्तनु दरबार फर्के। देवव्रत सुखपूर्वक पालिए। राम्रोसँग पढाइए। योग्य विद्वान्, पराक्रमी र शस्त्रअस्त्र विद्याबाट निपुण भएर आफ्ना पिता राजाको राजकाजमा सघाउँदै गर्न थाले। राजा शन्तनु खुसी एवं सुखी भएरै राजकाज गर्दै थिए। एक दिन यमुना नदीको

किनारको जंगलमा घुम्दै पुगेका वखत एउटा अति उत्तम सुगन्धको अनुभव भयो। कहाँबाट कसरी यस्तो सुगन्ध आयो भनेर त्यसको अनुसन्धान गर्दै जाँदा त्यो अनुपम सुगन्ध जसको शरीरबाट निस्कने गरेको हो ती कन्या भएको ठाउँमा पुगे राजा शन्तनु। कन्या सुगन्धवती हुनाका साथै सारै राम्री र मस्त यौवना थिइन्। उनलाई देखेर राजा मोहित भए। उनले ती कन्यासँग विवाह गर्ने प्रस्ताव राखे। कन्याले त्यस्तो कुरा आफ्ना पिता दाशराजसँग गर्न पर्ने हुन्छ भनेपछि राजा शन्तनु सत्यवतीका पिताकहाँ गए। उनकी पुत्रीको हात मागे। कुरा सुनेपछि निषाद दाशराजले एउटा सर्त राखे। दाशराज आफ्नी छोरी सत्यवती राजा शन्तनुलाई दिन त दिन्छन् राजाले एउटा सर्त भने मञ्जुर गर्नुपर्दछ। त्यो सर्त हो सत्यवतीसँग राजाको विवाह भएपछि उनीबाट पैदा हुने छोरो नै राजा शन्तनुपछि राजा हुनुपर्दछ। अरू कुनै राजकुमार राजा हुन हुँदैन।

दाशराजको सर्त राजा शन्तनुले मञ्जुर गर्न सकेनन्। किनभने उनका त चलाक, पितृभक्त र शूरवीर गंगादत्त देवव्रत छदै थिए। उनी हुँदाहुँदै सत्यवतीबाट जन्मने राजकुमारलाई राजा बनाउने कुरा हुँदैन। तसर्थ महाराज शन्तनुले निषाद दाशराजको सर्त स्वीकार गर्न सकेनन् र रित्तो हात फर्के। उनलाई सत्यवतीको रूप, यौवन तथा सुगन्धले पच्छ्याउन भने छाडेन। राजा प्रेममा फसे। प्रेम भने एकोहोरो भएको हो। राजा चिन्तित हुँदाहुँदै रोगी जस्ता देखिए, निर्बल देखिए। गंगादत्त देवव्रतले औषधीमुलो आदि खोज खवर गर्न बाँकी राखेका होइनन्, तर पनि केही लागेन। अखिरमा पत्ता लाग्यो राजाको प्रमुख रोग त गंगादत्त देवव्रत नै रहेछन्। यो रहस्य पत्ता लागेपछि शन्तनुपुत्र गंगादत्त देवव्रत सत्यवतीको आफ्ना पितासँग विवाह गराउने लक्ष्य लिएर दाशराज कहाँ पुगे। पुरानै कुरा दोहोरियो। राजकुमारले कवोल गरे महाराज शन्तनुपछि सत्यवती पुत्र नै राजा हुनेछन्। उनी आफू राजा हुने छैनन्।

देवव्रतबाट यस्तो कुरा भएपछि निषादले भने "राजकुमार ! तपाईंले भनेको कुरा ठीक हो। तपाईं निःसन्देह सत्यवादी हुनुहुन्छ। म मान्दछु तर तपाईं राजा हुन नचाहनु होला तपाईंका पुत्रलाई यो कुरा स्वीकार्य नहुन सक्छ।"

निषादको यो कुराबाट पनि देवव्रतपछि हटेनन्। उनले आफ्ना पिताका निमित्त उनले मन पराएकी सत्यवती जसरी पनि उनलाई उपलब्ध गराउने

इच्छाले एउटा कठोर कुरा कवोल गर्दै भने "म आजीवन अखण्ड ब्रह्मचर्य पालनमा रहनेछु। विवाह नै गर्नेछैन।"

गंगादत्त देवव्रतको कठोर प्रतिज्ञापछि सत्यवती र महाराज शन्तनुको विवाह भयो। शन्तनुले गंगापुत्र देवव्रतलाई सारै ठूलो माया दिएर राखे। देवव्रत कुमार रहेरै हस्तिनापुरको राजकाजमा राजाका सहायक भएर कर्मठ जीवन जिइरहे। उनले आफू राजा नभए पनि देशको सेवामा नै रहिरहने पनि प्रतिज्ञा गरेका थिए। यसै बेलादेखि गंगादत्त देवव्रत "भीष्म" कहलिएका हुन्। किनभने आजीवन ब्रह्मचर्यमा रहने प्रतिज्ञा भनेको डरलाग्दो विषय हो अर्थात् भीष्म हो। भीष्म प्रतिज्ञाकर्ता हुनाले भीष्म भनिएको हो।

सत्यवतीका गर्भबाट चित्रांगद र विचित्रवीर्यको जन्म भएको थियो। महाराज शन्तनुको निधन भयो। त्यसै गरी चित्रांगदको पनि देहावसान भयो। हस्तिनापुरको राज सिंहासनमा विचित्रवीर्यलाई राखेर देवव्रत भीष्म राजकाजको रेखदेख एवं सञ्चालनमा सक्रिय रहे।

हस्तिनापुर नरेश विचित्रवीर्यको सन्तान नहुँदै स्वर्गारोहण भयो। सत्यवतीले भीष्मसँग बुहारीहरूसँग संपर्क गरेर पुत्र प्राप्त गरी राजपरम्परा कायम राख्न भनिन्। भीष्मले आफ्नु प्रतिज्ञा अनुसार त्यो कुरा अस्वीकार गरे। त्यसपछि सत्यवतीले आफ्ना पहिला पुत्र महर्षि व्यासलाई डाकेर विधवा बुहारीहरूमा गर्भाधान गराई सन्तानोत्पादन गर्न भनिन्। व्यासले त्यसै गरे। धृतराष्ट्र, पाण्डु र विदुर जन्माए। धृतराष्ट्रका सय छोरा भए तिनीहरूलाई कौरव भनियो। पाण्डुका पाँच छोरा भए। ती पाँचलाई पाण्डव भनियो।

देवव्रत भीष्म राजगद्दीमा ससाना कुमारहरूलाई राखेर पनि हस्तिनापुरको संरक्षण, सुरक्षा,समृद्धि र विकासमा लागि नै रहे। धृतराष्ट्र जन्मान्ध भएका र पाण्डु चाँडै नै दिवंगत भएकाले भीष्ममा ठूलो बोझ थपियो। जे जसो भए पनि पाण्डव र कौरवको पालन तालन शिक्षा दीक्षामा भीष्म खटि नै रहे। कता कताबाट पाण्डव र कौरवका बीच राज्याधिकारको कलहको बिउ रोपिन गयो। भीष्मले लाख प्रयास गर्दागर्दै पनि केही लागेन। अन्ततोगत्वा भाइ भाइका बीच भयंकर युद्ध भयो। त्यो युद्धमा भीष्मले कौरवपक्षबाट लड्नैपऱ्यो, लडे। त्यति बेला उनी भीष्म पितामहका रूपमा परिचित भैसकेका थिए।

उनी अस्त्रशस्त्रमा निपुण र सत्यवादी भएका थिए। कर्मठ जीवन जिएका भीष्म पितामह इच्छामरणको वरदानबाट विभूषित पनि थिए। त्यसै कारण महाभारत युद्धमा वीर अर्जुनका बाणबाट सख्त घायल भएर पनि केही समय बाँचे। यो बेलामा उनी शरशय्यामा सुतेर पनि शुभ दिन र समय मिलाएर स्वर्गारोहण गरे। महाभारतमा उनको सुनाम र बहादुरी तथा महान् व्यक्तित्व भन्ने चर्चा छ। उनी अमर बनेका छन्।

महाभारतयुद्धमा भीष्मको पराजय कसरी भयो भन्ने सम्बन्धमा भनिएको छ कौरव पक्षका महारथीहरूबाट घेरिएका कौरवसेनापति महात्मा भीष्मलाई मार्न पाण्डवपक्षबाट शिखण्डीलाई अगाडि सारियो। यसको कारण के भने महात्मा भीष्मपितामह स्त्रीजातिसँग युद्ध नगर्ने प्रतिज्ञाबद्ध थिए। शिखण्डी पहिले स्त्री भएकाले भीष्म पितामह उनीसँग नलड्ने भए। यही मौका पारेर पाण्डवपक्षका महारथीहरू भीष्ममाथि जाइलागे। बहुसंख्यक योद्धाहरूबाट अनेकानेक अस्त्रशस्त्रहरूद्वारा उनको कवच, हात हतियार आदि क्षतविक्षत बनाउँदा पनि भीष्म आफ्नू अडानमै थिए। शत्रुहरूमाथि प्रलयकालको अग्नि झैं तेजिला भएर उठे। उनको तेजले ढूलाढूला वीर महारथीहरू पनि सखाप हुँदै थिए। भीष्म रीसले क्रुद्ध भएर पाण्डव सेनाहरूको जत्थाभित्र पसे। त्यहाँ भएका पाण्डव महारथीहरूलाई घायल बनाए। त्यसपछि अर्जुनले शिखण्डीलाई अगाडि पारेर भीष्मलाई घायल बनाए। उनको धनुष काटिदिए। अर्जुन र भीष्म पितामह बीच घमासान युद्ध भयो। अन्त्यमा महाप्रतापी भीष्मले यसो भने:-

शक्तोऽहं धनुषैकेन निहन्तुं सर्वपाण्डवान्।
यद्येषां न भवेद् गोप्ता विष्वक्सेनो महाबलः॥

(भीष्म पर्व ११९।३२)

अर्थः- "यदि महाबली श्रीकृष्ण पाण्डवहरूको रक्षामा हुनुहुँदैनथ्यो त यी सबैलाई एउटै धनुष बाणबाट सिध्याउन सकिन्थ्यो। भगवान् त सम्पूर्ण लोकका निमित्त अजेय हुन्। अतः यस अवसरमा म दुई कारण पाण्डवहरूसँग युद्ध गर्दिनँ। एक त पाण्डुका सन्तान हुनाका कारण मेरा निमित्त उनीहरू अवध्य छन्। दोश्रो कुरा साम्ने शिखण्डी छन्। शिखण्डी पहिले स्त्री थिए। स्त्रीवध मेरो सिद्धान्त विपरीत छ।"

भीष्मले मनमनै सोचे– पूर्व कालमा मैले जब माता सत्यवतीका साथ पिताजीको विवाह गराएको थिएँ। त्यति बेला पिताजी मसँग सन्तुष्ट भएर मलाई दुईओटा वरदान दिनुभएको थियो एउटा वर थियो जब तिमी कुनै युद्धमा हुनेछौ तिम्रो इच्छाबेगर कोही तिमीलाई मार्न सक्ने छैन। अतः अब मैले स्वेच्छाले नै मृत्यु स्वीकार गर्नुपर्दछ। त्यो शुभ अवसर अहिले आएको छ।"

महातेजस्वी भीष्म यस्तो मन बनाइरहेका छन् भन्ने जानेर आकाशमा विचरण गरिरहेका ऋषि महर्षिहरूले भनेः–

यत् ते व्यवसितं तात तदस्माकमपि प्रियम् ।
तत् कुरुष्व महाराज युद्धे बुद्धिं निवर्तय ॥

(भीष्म पर्व ११९।३७)

अर्थः– "तात ! तपाईंले जुन निश्चय गर्नुभएको छ हामीलाई ठीक लागिरहेको छ। तसर्थ त्यही गर्नुहोस् जो सोच्नुभएको छ। युद्धबाट आफ्नू चित्तलाई हटाउनुहोस्।"

यस्ता कुरा हुनासाथ सिरसिर पानी पऱ्यो, हावा शीतल भएर बह्यो। देवताहरूका दुन्दुभि कर्णप्रिय भएर बजेको सुनियो। भीष्ममाथि फूलको वर्षा भयो। त्यसपछि अर्जुनले शीघ्रतापूर्वक सय बाणद्वारा भीष्मका सम्पूर्ण अंगमा हाने। अरू अरू महारथीहरूले त्यसै गरे। युधिष्ठिरले युद्धवीरहरूलाई आदेश दिए "वीर योद्धाहरू हो ! हान हान पितामहलाई मार्नमा कत्ती नडराओ।" यो महाभारत युद्धको दशौं दिन थियो। दुई घण्टासम्म चलेको यो युद्ध अपूर्व र भयंकर भएको हो। पृथ्वी नै कम्पायमान भएको भान हुन्थ्यो। यसपछि भीष्म पितामहलाई पाण्डव सेनाका सेना, सेनापति महारथीहरूले घेरेर राखे। कौरव सेना सारालाई भगाइदिए।

यसपछि महान् धनुर्धर कौरवसेनापति भीष्म पितामह आफ्नू रथबाट तल ढले। उनका शरीरमा बाणैबाण रोपिएका थिए। घाउहरूबाट रगत बहिरहेको थियो। भुइँमा परे पनि बाणमै अल्झेका थिए भीष्म पितामह। आकाशबाट पानी परेको र धरती थरथर कामिरहेको जस्तो भान भएको थियो। यस्तैमा भीष्म पितामहका मनमा आयो त्यति बेला सूर्य दक्षिणायनमा हुनाले तत्काल मृत्युवरण गर्नु योग्य होइन। तसर्थ शरशय्यामै रहे महावीर भीष्म। भीष्मको यो कार्यको प्रशंसा जतातैबाट भयो। व्यासजीको भनाइ छः–

भरतानां च ये पूर्वे ते चैनं प्रशशंसिरे
महोपनिषदं चैव योगमास्थाय वीर्यवान् ॥१२१॥

जपन्शान्तनवो धीमान् कालाकांक्षी स्थितोभवत् ॥१२२॥

भरतवंशका पूर्वजहरूले पनि भीष्मजीको बढाइ गरेका छन्। परम पराक्रमी बुद्धिमान् शन्तनुनन्दन भीष्म उपनिषद्हरूको सारभूत विषयहरूको सहारा लिएर विविध जपआदि गर्दै उत्तरायणको पर्खाइमा बाणमाथि नै सुतिरहे। भीष्मपितामह शरशय्यामा सुतेपछि पनि युद्ध चालू नै थियो। युद्धमा कौरव पक्षको केही लागेन, उनीहरू पराजित भई सिद्धिए। त्यसपछि हस्तिनापुर पाण्डवहरूको भयो र चारैतिरबाट सुरक्षित पनि भयो। महाराज युधिष्ठिर भीष्मपितामहको अन्तिम दर्शनको लागि जाँदा पितामहले उनलाई राजधर्म, गृहस्थधर्म जस्ता विषयमा शिक्षा दिनुभयो। पितामह युधिष्ठिरलाई विष्णुसहस्रनाम सुनाई परमधाम हुनुभयो।

आचार्य द्रोण

महाभारत महाकाव्यमा आचार्य द्रोणको ठूलो नाम छ। धनुर्विद्या तथा अन्य व्यावहारिक विद्याका साथै शस्त्रअस्त्र विद्यामा निपुण द्रोणाचार्य महर्षि भरद्वाजका पुत्ररत्न हुन्। उनले महर्षि अग्निवेशका आश्रममा बसेर उनैसँग धनुर्वेद र अस्त्रशस्त्र विद्या हासिल गरेका थिए। पछि उनै द्रोण पाण्डु तथा धृतराष्ट्रका छोराहरूका गुरु हुन पाए। महाभारत युद्धमा भीष्मपितामह शरशय्यामा सुतेपछि द्रोण प्रधान सेनापति भएर युद्ध सञ्चालनकर्ता बने। दुर्योधनका विश्वासपात्र भएर महायुद्ध लड्दै प्रधान सेनापति भएर समेत युद्ध सञ्चालन गरेका द्रोणाचार्य विशिष्ट लडाकुका नामले सुविख्यात भएका र महाभारत युद्धमै उनले वीरगति प्राप्त गरेका हुन्।

द्रोणाचार्यले कसरी कुरुवंशी राजकुमारहरूका पूज्य गुरु हुने सुअवसर पाए त्यस विषयमा महाभारतमा चर्चा छ। चर्चा अनुसार पाण्डव तथा कौरव कुमारहरू एउटा मैदानमा जम्मा भएर भकुण्डो खेल्दै थिए। अकस्मात् एउटा गहिरो इनारमा भकुण्डो खस्यो। इनारमा पानी थियो भकुण्डो पानीमाथि तैरिएर रहेको थियो। राजकुमारहरूले त्यो भकुण्डो झिक्न सकिरहेका थिएनन्। के गर्ने जस्तो भइरहेको अवस्थामा एकजना अग्ला, दुब्ला र आकर्षक व्यक्तित्व भएका सज्जन आउँदै गरेको देखे राजकुमारहरूले। इनारमा खसेको भकुण्डो झिकिदिन अनुरोध गरियो। आगन्तुक विद्वान्ले नजिकै रहेका झिक्राहरू ल्याइ तीखो बनाएर पहिले एउटा छेस्को होसियारी पूर्वक बल गरेर इनारमा फाले। त्यो छेस्को भकुण्डोमा गडेर ठाडो पऱ्यो। अर्को छेस्को फेरि लिए हातमा र फाले। त्यो छेस्को पहिले भकुण्डोमा गडेको छेस्कोको टुप्पोमा गड्न पुग्यो। त्यसै गरी अर्को फाले र छेस्कोमा नै अल्झाए। एवं रीतले छेस्का फाल्दै बल्झाउँदै गर्दागर्दै छेस्कोको छेउ माथि आयो। त्यसमा समाएर भकुण्डो उठाइयो। माथि आएपछि हातले समाएर कुमारहरूलाई दिए सज्जनले। यस्तो सजिलो कुरा पनि गर्न नसक्ने तिमीहरू कस्ता भनेर खिज्याए पनि।

राजकुमारहरू चकित भए आगन्तुक ब्राह्मणको चमत्कार पूर्ण कौशलता देखेर। उनीहरूले द्रोणलाई पितामह भीष्मकहाँ पुऱ्याए। भीष्मले ब्राह्मणको

परिचय, बुद्धि तथा साहस पहिचान गरेर उनलाई पाण्डु तथा धृतराष्ट्रका छोराहरूलाई पढाई सबै विद्याबाट पारंगत बनाउने काममा नियुक्त गरेपछि द्रोणको तालुमा आलु फलेको हो।

द्रोणाचार्य यसअघि आफ्नू अध्ययनका क्रममा अग्निवेश मुनिका आश्रममा हुँदा त्यहाँ द्रुपद नाम गरेका राजकुमार पनि अध्ययनार्थ आएका थिए। द्रुपद र द्रोणका बीचमा घनिष्ठ रूपमा मित्रता भयो। द्रुपदले भनेका पनि थिए "म राजा भएपछि मलाई भेट गर्न आऊ। म सहयोग गर्नेछु।" पछि द्रोणलाई गरीबीले सतायो पनि। उनी आफ्ना मित्र ठानेर राजा द्रुपदकहाँ गए। त्यति बेला राजमात लागेर चुलिइसकेको अवस्था थियो द्रुपदको। त्यसैले उनले द्रोणलाई सहयोग गर्नु त कता हो कता उल्टै अपमान समेत गरे। राजा र एउटा गरीबसँग मित्रता हुन सक्दैन जे भए पनि आइहाल्यौ एक छाक खाएर जाउ जस्ता दुर्वाच्य समेत प्रयोग गरे द्रुपदले। यो घटनाले द्रोणाचार्य ठूलो शोकमा डुबे। त्यसैले उनी बदला लिने सुरमा मौका खोज्न र कामको खोजीमा भौतारिएको अवस्थामा हस्तनापुर आइपुगेका थिए। उनी कुरु राजकुमारहरूका नजरमा परे। राजकुमारहरूका पितामह भीष्मले माया र सम्मान दिएर उनको इज्जत पनि गरे।

द्रोणाचार्यले राजकुमारहरूलाई शिक्षादीक्षा दिई दीक्षित गराए। परीक्षा समेत सकिएपछि गुरुदक्षिणाको कुरा आयो। द्रोणका मुटुमा द्रुपदले हानेको अपमानरूपी बाण तातै थियो। तसर्थ उनले राजकुमारहरूसँग प्रसन्न छौ भने पाञ्चालराज द्रुपदलाई युद्धबाट जितेर मलाई बुझाउ भने। उनले उनको सक्कली गुरुभेटी त्यही हुनेछ पनि भनिदिए। अर्जुनलगायत द्रुपद शिष्यहरूले त्यसमा समर्थन जनाए। यतिखेर द्रोणाचर्यले भनेका छन्:-

पञ्चालराज्यं द्रुपदं गृहीत्वा रणमूर्धनि।
पर्यानयत भद्रं वः सा स्यात् परमदक्षिणा॥

(आदि पर्व १३७।३)

अर्थः- "प्यारा शिष्यहरू ! तिमीहरू मसँग प्रसन्न छौ भने पाञ्चालराज द्रुपदलाई युद्धद्वारा जिती कैद गरेर मलाई बुझाओ। तिमीहरूको कल्याण होओस्। यही मेरा निमित्त सर्वोत्तम गुरु दक्षिणा पनि हुनेछ।"

द्रोणका शिष्यहरू जो कुरुवंशी राजकुमारहरू थिए योग्य शिक्षकबाट दीक्षित छदैथिए। फेरि सक्षम पनि थिए। गुरुको आज्ञाअनुसार तुरुन्त पाञ्चाल

राज्यमा आक्रमण गरेर द्रुपदलाई परास्त मात्र गरेनन् उनलाई कैदी बनाएर ल्याई गुरु द्रोणाचार्यलाई गुरुदक्षिणाका रूपमा सौंपे। यस कार्यमा कुन्तीपुत्र अर्जुनको विशेष योगदान रहेको हो। एउटा मित्रले अर्को मित्रलाई गरेको असहयोग तथा अपमानको बदला भयो यो। द्रोणाचार्यले द्रुपदले गरेको अशोभनीय कार्यको बदला लिए। यो घटनाले द्रुपदको घमण्ड चकनाचुर भयो।

अर्जुन सहितका राजकुमारहरूले गुरुदक्षिणा स्वरूप बुझाएका पाञ्चालनरेश द्रुपदलाई द्रोणाचार्यले बन्दी बनाएर राखेनन्। उनको राज्य पनि पूरा लिएनन्। आधा राज्य उनैलाई फिर्ता गरिदिए र आधा राज्य आफ्ना अधीनमा लिए। यसबाट द्रोण र द्रुपद दुवै राजा हुन पाए। समानता भयो दुवैमा। एक त जस्तै भए पनि मित्रहरू बराबरीका हुने कुरा भयो भने दोश्रो द्रोणले बैगुनीलाई गुनले मारेको ठहरियो। द्रुपद आफ्नु राज्यमा फिर्ता गए तर शत्रुता भने जिउँदै भएर रह्यो। त्यो शत्रुता महाभारत युद्धमा आएर समाप्त भयो। द्रोणाचार्यबाट नै मारिए द्रुपद आखिर।

त्यो समयका वयोवृद्ध, ज्ञानवृद्ध तथा बुद्धिजीवी शूरवीर साराका सारासे अनेकानेक प्रयास गरेका थिए युद्ध नहोओस् भनेर। स्वयं भगवान् श्रीकृष्ण पनि लाग्नुभएको हो शान्ति स्थापनाका लागि तापनि महाभारत युद्ध हुने नै भयो। त्यति बेलाका सारा राजा रजौटा, रथी, महारथी बुद्धिजीवी सबैले पाण्डव तथा कौरव कुनै एक पक्षमा दरिन पर्ने भयो। आचार्य द्रोण नुनको गुन तिर्नका लागि भनेर कौरव पक्षबाट युद्ध गर्ने गरी उभिए। महाभारत महायुद्धमा पहिले कौरवपक्षका प्रधान सेनापति पितामह भीष्म बनाइएका थिए। द्रोणाचार्यले उनको नेतृत्वको युद्धमा पनि सक्रिय भएर भाग लिएका हुन्। युद्धमा खट्दा खट्दै भीष्म पितामह शरशय्यामा सुत्न परेपछि कौरव पक्षको प्रधान सेनापति बनाइए गुरु द्रोणाचार्य। त्यति बेला द्रोणाचार्यले वीरता तथा बुद्धिमत्तापूर्ण तरिकाले युद्ध हाँकेको देखिन्छ। कमलव्यूह तथा चक्रव्यूह जस्ता व्यूह रचना गरेर कुशलतापूर्वक युद्ध हाँकेका हुन् गुरु द्रोणाचार्यले। पाण्डवहरूलाई तोबातोबा पारेका हुन्। यो विवरणलाई महाभारतमा द्रोण पर्व भनेर उल्लेख गरिएको छ।

द्रोणलाई प्रधान सेनापति बनाइएपछि द्रोणाचार्यले युवराज दुर्योधनसँग उनको खास चाहना के छ भनेर प्रश्न गर्दा दुर्योधनले भनेका थिए "युधिष्ठिरलाई जीवितै गिरफ्तार गरेर बन्दी बनाइयोस्।"

आचार्य द्रोणले त्यो प्रयास गरेको भए पनि असफल भए, सकेनन्। पाण्डव पक्ष झनै सक्षम भएको कारण नै द्रोणाचार्य असफल भएका हुन्। यसो भए पनि यो घटनाले द्रोण र दुर्योधनका बीच नराम्रो भयो। कटुवचन पनि फुत्कियो। अर्को दिन द्रोणाचार्यले चक्रव्यूह नामक किल्ला बनाएर घनघोर संग्राम हुँदा पनि केही लागेन।

कुरुक्षेत्रमा भयंकर युद्ध चलिरहेको अवस्थामा आचार्य द्रोणसँग युद्ध गर्न मत्स्यनरेश विराटनरेश र पाञ्चालनरेश साम्ने आए। उनीहरू दुवैले द्रोणाचार्यमाथि आक्रमण गरे पनि उनीहरूको केही सिप लागेन। द्रोणाचार्यले दुवैलाई मृत्युको स्वाद चखाइदिए। यसरी युद्धमा खटेका वयोवृद्ध सेनापति आचार्यलाई उनका छोरा अश्वत्थामा मारिए भन्ने खबर सुनाइयो। त्यस्तो खबर सुनेपछि आफ्ना हातहतियार फालेर युद्धमैदानमा समाधि कसी बसेका बखत द्रोणको टाउको धृष्टद्युम्नको तरबारबाट गिडियो। कुरु राजकुमारहरूका पूज्य गुरु द्रोणाचार्यले यसरी वीरगति प्राप्त गरेका हुन्।

भारद्वाजपुत्र गुरु द्रोणाचार्य कुरुक्षेत्रको मैदानमा घाँटी काटिएको अवस्थामा पुग्नु पूर्व टाउको सिधा उठाएर छाती फुलाइ आँखा बन्द गरेर एकाग्र चित्त गरी समाधि कसेर ओम उच्चारण गर्दै गरेका थिए। एकै छिनपछि ज्योति स्वरूप भएर ब्रह्मलोकतिर सबार भए जहाँ पुग्न ठूला ठूला सन्तहरूका निमित्त पनि सरल हुँदैन। आचार्य द्रोण नश्वर शरीरलाई छाडेर ज्योति स्वरूप भएर गएको विषयलाई व्यास महोदयले लेख्नुभएको छ। आचार्य द्रोण त्यसरी परलोक तर्फ प्रस्थान गर्दा आकाशमा दुई सूर्य भए जस्तो भान भएको हो।

द्रोण पर्व १२ औ अध्याय २५ सौ श्लोक यस्तो छः–

ग्रहणे हि जयस्तस्य न वधे पुरुषर्षभ।
एतेन चाप्युपायेन ग्रहणं समुपैष्यति॥

नेपाली अर्थ–

मारेर जितिने हैन, वशमा राख्नु वेश हो।
शत्रुको मेख मार्ने हो, भने यै नीति हो भलो॥

यस्तो विचारका हुन् गुरु द्रोणाचार्य। यसो हुँदाहुँदै पनि द्रोणाचार्यको जीवन अनौठो भएको पाइन्छ। वास्तवमा मान्छेको जीवन अनौठाकै हुन्छ। कताबाट कता मोडिन्छ सितिमिति भन्न सकिँदैन। यसको खास कारण के हो

भने मान्छे सदैव परिस्थितिको दास भएको हुन्छ। समय र परिस्थिति अनुसार जीवन डुंगा चल्दो रहेछ मान्छेको। यसको पारख गर्न वा बुझ्न ठूलाबडाका जीवनी पढ्नुपर्ने रहेछ। जो कसैलाई पनि गुरु द्रोणाचार्यको जीवनी देख्दा यस्तै लाग्न पुग्ने देखिन्छ।

सर्वश्रेष्ठ धनुर्धर सर्वश्रेष्ठ योद्धा रणकौशल राजगुरु द्रोणाचार्य भारद्वाज मुनिका पुत्ररत्न भएर जन्मे। त्यति बेलाको ब्राह्मण संस्कार अनुसार शिक्षादीक्षा ग्रहण गरेका द्रोण धनुर्विद्यामा निपुण बनाइएका थिए। गुरुआश्रममा रहदाकै अवस्थामा बालक द्रोण राजकुमार द्रुपदका आत्मीय मित्र बने। गुरुआश्रमबाट छुट्ने बेलामा यी दुई मित्र पछि भेट्ने सर्तमा छुट्दै थिए द्रुपदले द्रोणलाई भनेका थिए पछि केही समस्या भयो भने मलाई भेट्नु। म सहयोग गर्न सक्छु।

जीवन डुंगा बहदा बहदै द्रोणाचार्य गरीब भएका कारण समस्यामा फसेपछि उनले मित्र द्रुपदका कुरा सम्झे। उ सहयोगको याचना गर्न पाञ्चाल राज्यमा गए। त्यति बेला द्रुपद पञ्चाल देशका राजा भैसकेका थिए। द्रोणले मित्रलाई भेटे। मित्रलाई भने राजमात लागिसकेको थियो। उनले सहयोग गर्नु त कता कता उल्टे अपमान गरेर फर्काए। द्रुपदको भनाइ रहेको थियो राजा र गरीव मान्छेका बीच मित्रता हुन सक्दैन। यो कुराले द्रोणको मनमा ठूलो चोट लाग्यो। उनले द्रुपदसँग बदला लिने मन बनाएर फर्के। भौंतारिदै हिंड्दा हिंड्दा द्रोणाचार्यले कुरुराजकुमारहरूको गुरु हुने सौभाग्य पाए। समय उनको अनुकुल हुन आयो।

समयले नै भारद्वाजपुत्र द्रोणाचार्यलाई कुन्तीपुत्र अर्जुनप्रति बढी मोह गर्न सिकायो। उनले एकलव्यमाथि अन्याय गरे। कर्णलाई तिरष्कारको गाँस खुवाए। शिक्षित ब्राह्मण भएर पनि क्षत्रियहरूको बीचमा रहेर युद्ध गर्न मञ्जुर भए। पाण्डवको पक्ष लिए र दुर्योधनलाई हप्काउन पछि नपर्ने गरेका द्रोणाचार्य महाभारत युद्ध हुँदा दुर्योधनकै पक्षमा उभिए मात्र होइन आफू प्रधान सेनापति भएका बखत युधिष्ठिरलाई बन्दी बनाउने कार्यमा समेत उद्यत भए। पुत्रशोक बेगर मृत्यु वरण नगर्ने भएका भरद्वाजपुत्र गुरु द्रोणाचार्य आफ्नू पुत्र अश्वत्थामा चिरञ्जीवी हुन् भन्ने थाहा हुँदाहुँदै पनि झुटमुट समाचारको पछि लागेर पुत्रशोक गर्दै हतियार बिसाई युद्धमैदानमै समाधिमा बसे। शत्रु पक्षले मौका पायो। उनको गर्धनमा तरबार प्रहार भयो। त्यसैले भन्दछन् पारखीहरू मानिस समयको दास हुन्छ।

महारानी कुन्ती

भारतीय महाद्वीपका जुनसुकै मानिसहरू पनि कुन्ती भन्नासाथ सर्वप्रथम कल्पना गर्ने गर्छन् हस्तिनापुरकी महारानी, महाराज पाण्डुकी पटरानी, महाराज युधिष्ठिरहरूकी माता र महाभारत महायुद्ध समयकी एउटी चर्चित नारी पात्र भनेर। यसो हेर्दा कुन्ती सुखसुविधामा रहेकी नारी पात्र भन्ठान्लान् मानिसहरूले। त्यो भने सत्य होइन। कुन्ती एउटी दुःखी आइमाई हुन् भनेर भन्नै पर्दछ। यो कुरा बुझ्न महाभारत महाकाव्य अध्ययन गर्नुपर्दछ। अध्ययनले बताउँछ ती दुःखी महिला कति रोइन् जिन्दगीमा भनेर। यसबाट अर्को कुरा के पनि बुझ्नैपर्ने हुन्छ भने मानिसका जिन्दगीमा न दुःख मात्र आउँछ न त सुख मात्र। सुख दुःख आइरहन्छन् मान्छेको जिन्दगीमा। त्यसैले जीवनको परिभाषा गर्दा विज्ञहरू भन्ने गर्दछन् जिन्दगी भनेको सुख र दुःखको संयुक्त रूप हो। हुन पनि हो सधैं सुखभोग मात्र गरेका तथा सधैं दुःखका भुमरीमा मात्र लटपटिएका मान्छे सायद हुँदैनन्। धेर थोर दुःख सुख सबैका जिन्दगीमा आउँछन्, कुन्तीको जीवनमा पनि त्यस्ता कुरा छन्। तर भन्नै पर्दछ कुन्तीका सुखभन्दा दुःख बढी भएका हुन्।

महाभारत महाकाव्य हिन्दू धर्मावलम्बीहरूको एउटा परिचित ग्रन्थ हो। यो ग्रन्थले भारतीय भूमिका राजा महाराजा तथा उनीहरू सरह देखापर्दै आएका युगपुरुषहरूको वर्णन गरेको छ। यसै क्रममा हस्तिनापुर नरेशहरूको इतिहास बताउँदै भयावह महाभारत युद्धको विस्तार पूर्वक वर्णन पनि गरेको छ। यहाँ देखापर्ने पात्रहरूमध्ये नारी पात्रका रूपमा चर्चित एवं महत्त्वपूर्ण भूमिका खेलेकी महारानी कुन्तीको जीवनलीला छ। यो जीवनलीला पढ्नैपर्ने खालको छ। झट्ट हेर्दा कुन्ती जो हस्तिनापुरकी महारानी हुन्, उनका सुख दुःखका के कुरा गर्ने सुखै सुख होला नि जस्तो लाग्दछ। तर वास्तवमा त्यसो होइन। कुन्ती त यस्ती दुःखी नारी हुन् उनले जीवन वास्तवमा रोएर बिताएकी हुन्।

भगवान् श्रीकृष्णका हजुरबा शूरसेन हुन्। उनी यदु वंशीहरूमा श्रेष्ठ पुरुष मानिन्थे। उनकी एक कन्या जन्मेकी हुन् जसको नाम पृथा राखिएको

थियो। पृथा अति नै सुन्दरी थिइन्। भनिन्थ्यो यो भू–मण्डलमा उनी जस्ती राम्री अरू कन्या नै छैनन्। कन्या मात्र होइन अरू त्यस्ता स्त्री जाति नै छैनन् पृथा जस्ता सुन्दरतम रूपका।

शूरसेनका भानिजदाजु थिए कुन्तीभोज। कुन्तीभोजका सन्तान थिएनन्। त्यसैले पृथा कुन्तीभोजलाई दिइयो। पृथा कुन्तीभोजकी छोरी सरह पालिइन्। कुन्तीभोजकी पुत्री भनेर पृथाको नाम नै कुन्ती भएको हुन सक्छ। कुन्ती कुन्तीभोजकहाँ देवपूजनका सामाग्री तयार गर्ने र अतिथिको सेवा गर्ने काम गर्ने गर्थिन्। उनी यो काममा सारै निपुण ठहरिएकी थिइन्।

एक पटक कुन्तीभोजकहाँ ऋषि दुर्वासा आए। कुन्तीले सारै राम्रोसँग दुर्वासाको सेवा गरिन्। दुर्वासा एउटा रिसाहा र क्रूर स्वभावका व्यक्ति भए पनि कुन्ती अर्थात् पृथाको सेवा सुश्रूषाबाट प्रभावित भए, रमाए। उनले कुन्तीका जीवनमा घट्न सक्ने भावी संकटको सम्भावना देखेका थिए। त्यसैले उनले कुन्तीलाई "वशीकरण"नामक मन्त्र दिए। उनले कुन्तीलाई भने "शुभे ! म तिमीलाई यो मन्त्र दिन्छु। यसलाई प्रयोग गर्ने विधि बताइदिन्छु। यो मन्त्रद्वारा तिमीले जुन देवताको आह्वान गरौली उनले तुरुन्त तिमीसँग आएर पुत्रदान दिनेछन्।"

भर्खरका कन्याकुमारीमा पुत्रप्राप्ति त्यति प्रिय विषय हुँदैन। कुन्तीलाई पनि त्यस्तै भएको हो तापनि ऋषिले दिएको मन्त्र अस्वीकार गर्न सकिनन्, स्वीकार गरिन्। ऋषि आफ्नु बाटो लागे। कुन्तीका मनमा त्यो मन्त्रको परीक्षा लिने विचार आयो। उनले विधिपूर्वक मन्त्र जपेर सूर्यदेवको आह्वान गरिन्। तुरुन्तै हाजिर भए सूर्य। कुमारी कुन्ती आत्तिइन्, रोइन्। तर जो हुनुभैसक्यो। अब रोएर कुनै काम बन्दैन सोचिन्। यस्तैमा सूर्यले भने "म तिम्रो आह्वानमा यहाँ आएको हुँ। अब मैले तिमीलाई पुत्र दिन ऋतुदान दिनै पर्दछ।"

सूर्यको कुरा सुनेर कुन्तीले भनिन् "एक ब्राह्मणले मलाई एउटा मन्त्र दिनुभएको थियो। त्यसको परीक्षण गर्न मैले हजुरको आह्वान गरेकी हुँ। मबाट भूल भयो। क्षमा पाउँ। अनजानमा भएको हुँदा यो अपराधै भए पनि रक्षा गर्नुहोस्। माफ दिनुहोस्।"

सूर्यले भने "त्यसरी हुँदैन। जब तिमीले मेरो आह्वान गऱ्यौ म आएँ।

अब म त्यत्तिकै फर्कन मिल्दैन। तिमीलाई पुत्र दान दिनै पर्दछ। तसर्थ आउ समागमका निमित्त तयार होऊ। अन्यथा भन ठूलो अनर्थ हुन्छ, दोष लाग्छ।"

कुन्ती धर्मसंकटमा परिन्, डराइन् तर सूर्यदेव नै भए, प्रयास जारी राखे। आखिर समागममा शरीक भइन् कुन्ती। तत्काल एउटा झल्झलाउँदो बच्चा जन्म्यो। बच्चा जन्मदैमा कवच र कुण्डलयुक्त थियो, सारै सुन्दर थियो। माया लागेको हो तर परिवार, समाज र आफ्नू कुमारित्वमा दाग लाग्छ भन्ने डरले त्यो बच्चा स्वीकार गरेर रहन सकिनन्। आमाको मन न हो खुब रोएर बच्चा गंगामा लगेर बगाइदिइन्। अघिपछि आँसु पिएरै भए पनि हाँस्न पर्दा हाँसेर रहिन् अथवा चुपचाप रहने गरिन् कुन्ती।

एकान्तमा रुँदा र अघिपछि हाँस्दा पनि कुन्तीको मन रोएकै हुन्थ्यो। उनीभित्रको मातृत्वले उनलाई बराबर भन्ने गर्दथ्यो "हे कन्या ! तैले नकाम गरिस्, सारै ठूलो पाप गरिस्। तँ अब रो, जिन्दगी भर रो।" दिन रात निद जाग्रत् यही कुरा मात्र आउन थाल्यो कुन्तीका मनमा। त्यसो भए पनि रूप र बैंसले गाजेर ल्याइरह्यो ल्याइरह्यो। कुन्तीभोजकी पुत्री बनेकी कुन्ती सुन्दर रूप र उत्तम गुणशाली भन्ने कहलिइन्। व्रत पूजाआजामा त्यत्तिकै लागिन्। स्त्रीजनोचित सर्वोत्तम गुणकी बनिन् कुन्ती। यस्तो देखे सुनेर राजकुमारहरू कुन्तीभोजकहाँ आउन थाले। कुन्तीभोजले आफ्नू वर रोज्ने अधिकार स्वयं कुन्तीलाई नै हुन्छ भनेर स्वयंवरको आयोजना गरे। कुन्तीले पाण्डुलाई वरमाला पहिराइदिइन्। अरू राजकुमारहरू फर्के। पाण्डु र कुन्तीको विवाह भयो।

विवाह पश्चात् सुखभोगमा रहने कुरा भई नै हाल्छ। कुन्ती र पाण्डुको पनि भयो नै तर कुन्तीको मन छाम्न सकिन्छ यी पक्कै पनि सुखी हुन सकिनन्। किनभने आफ्नू मुटुको टुक्रालाई नदीमा बगाउन बाध्य आमाको अवस्था सहजै अनुमान लगाउन सकिन्छ। पक्कै पनि कुन्ती भित्रभित्रै रोएकी हुन्थिन तर महाराज पाण्डुलाई त्यो कुरा थाहा दिन हुँदैनथ्यो। आँखामा निस्कन खोज्ने आँसुलाई जवर्जस्ती रोक्नुपर्थ्यो होला। यस्तै अवस्थामा फेरि पाण्डुले माद्रीसँग दोश्रो विवाह गरे। सौता भनेको मुटुको किलो हो भन्ने मान्यता भएको पाइन्छ नारी समुदायमा। कुन्तीले त्यो पीडा पनि सहनै पऱ्यो सहिन्।

महाराज पाण्डु छिमेकी देशहरूमाथि आक्रमण गर्दै जित्दै आफ्नू राज्य विस्तार गर्दै गए। आफन्तहरू खुसी थिए तर कुन्ती खुसी थिइनन्। यसको

खास कारण के भने उनका मनमा खराव दिनको अन्दाज भइसकेको थियो। तर पनि यो कुरा प्रकट गर्न सक्दैनथिन् एकातिर भने अर्कोतिर आफ्नू मुटुको टुक्राको सम्झना आइरहन्थ्यो आइरहन्थ्यो।

राज्य विस्तार गर्ने कार्य थाती राखेर महाराज पाण्डु रानीहरूसहित वनविहार गर्न गए। राजा समय समयमा सिकार गर्न जाने गर्दथे। एक दिन एउटा दुर्घटना घट्यो। जंगलमा एकजोर मृग मृगिणी मैथुनमा व्यस्त थिए पाण्डुले तिनीहरूलाई ताकेर बाण छाडे। मृग मृगिणी कुनै साधारण थिएनन्। उनीहरू त महातेजस्वी तपोधन ऋषिपुत्र तथा उनकी पत्नी थिए। मृग रूपमा मजा लिन आएका थिए उनीहरू र मोज मजामा नै थिए। पाण्डुको बाणबाट घायल भएर लडे। मृगरूपी ब्राह्मण ब्राह्मणी नररूपमा आए। रिसले आगो भएर पाण्डुलाई श्राप दिदै भने "हे महाराज पाण्डु ! तिमीले हामीमाथि यस्तो अवस्थामा बाण प्रहार गरेर ठूलो अन्याय गरेका छौ। तिमी पनि जब आफ्नी रानीहरूसँग सहवास गर्न थाल्नेछौ तत्काल मृत्यु भोग्नेछौ।

कुन्ती रुने विषय थपियो। पाण्डु, कुन्ती र माद्री राजकाज छाडेर वानप्रस्थ जीवनमा रहन वन पसे। कस्तो जिन्दगी ! स्त्री पुरुषसँगै छन् तर सुखभोगबाट ठगिएका छन्। यस्तो अवस्थामा कस्तो लाग्छ त्यो अन्दाज गर्ने विषय हो। यस्तोमा सबैको मन बिग्रन्छ नै। उनीहरूको बिग्रो। निःसन्तानको पीडा आपनै ठाउँमा छदै छ। वंश जोगाइराख्नु पनि एउटा धर्म हो। त्यसका निमित्त एक दिन महाराज पाण्डुले कुन्तीसँग भने "महारानी कुन्ती ! सन्तान जन्माउन कुनै उपाय सोच्न पर्‍यो।"

कुन्तीले आफूसँग भएको मन्त्र सम्झिन्। पहिले धर्मराजलाई आह्वान गरेर युधिष्ठिर जन्माइन्। वायु मार्फत् भीमको जन्म भयो र इन्द्रसँगको सहवासबाट अर्जुन जन्माइन्। साथै अश्विनीकुमारको आह्वान गरेर माद्रीमा गर्भाधान गराइयो। उनको गर्भबाट नकुल र सहदेवको जन्म भयो। बालकहरूको पालन तालनको बोझ थपियो एकातिर भने कसको गर्भ ? भन्ने प्रश्न पनि त आयो होला। त्यसको सामना गर्दा पनि कुन्तीलाई पक्कै अप्ठेरो भयो होला। पुराना कुरा सम्झेर रुने काम आफ्ना ठाउँमा छदैछ नयाँ समस्याले कुन्तीलाई थप रुवायो पक्कै।

केही समयपछि महाराज पाण्डुको देहावसान भयो। आफ्नू पतिको

मृत्युमा कुनै नारीको मन कस्तो हुन्छ त्यो भन्नै परेन। कुन्तीलाई त्यस्तै भयो। माद्री पतिसँगै चितामा जलिन्, सती गइन्। कुन्ती लालाबाला सम्हाल्न बसिन्। यी बालकका सँगसँगै पहिलो बालक आउन छोडेन पक्कै। एउटी आमाका निमित्त यो अझ बढी कष्टकर विषय हुँदै हो। यी हाँस्दा ऊ अगाडि देखापर्दछ भने यी रुँदा उ पनि रोएको छ कि भन्ने हुन्छ। कुन्तीलाई पनि नहुने कुरा होइन, भयो। तर सहनु र रुनु सिवाय अरू उपाय थिएन कुन्तीसँग। कसैसँग कहेर दुःख बाँड्न हुने कुरा पनि भएन। यस्तो हुँदा नारीको जन्मसँग नै पनि रिस उठ्ने गर्थ्यो कुन्तीलाई। पुरुष सम्भोग गर्छ गर्भाधान गराउँछ उम्कन्छ। नारीले बोक्नु, ब्याउनु र लालाबाला सम्हाल्नुपर्ने कुरा हेरेर विधाताको नीतिमाथि नै रिस उठ्ने विषय हो। कुन्ती अपवाद पक्कै बनिनन्। तर ती कुरा मनकै एउटा कुनामा लुकाएर राख्नै पर्दछ, राखिन् कुन्तीले। रुन भने भित्रभित्रै खुब रोइन्।

पाण्डव र धृतराष्ट्रका बालक पुत्रहरू हस्तिनापुर दरबारमा पालिएसँग सँगै। दुर्योधन पाण्डवहरूमाथि नकारात्मक धारणा बनाएर निस्क्यो। दुर्योधनका अरू ९९ भाइले उसको पक्ष लिनु अस्वाभाविक होइन लिए। यस्तो भएपछि बराबर झैझगडा हुने नै भयो, हुन थाल्यो। पाण्डवहरू टुहुरा हुन्, कौरवहरू सनाथ भैहाले। पाण्डवहरूमा आत्म कमजोर अवश्य भयो भने कौरवहरूमा घमण्ड हुनु स्वाभाविकै हुन्छ, त्यस्तो पनि अवश्य हुन गयो। यसको प्रभाव कुन्तीमा पर्न जान्थ्यो पऱ्यो। तर उपाय अर्को थिएन। त्यसैले रोइन् खुब रोइन्।

एक पटक भाइ भाइ सँगै खेलेका बखत युधिष्ठिर आदि पाण्डवका आँखा छलेर भीमलाई विष खुवाएर नदीमा बगाइदियो दुष्ट दुर्योधनले। खोजतलास भयो भीम भेटिएनन्, कुन्ती रोइन बेसरी। यसको लामू कथा छ।

बाबु राजगद्दीमा छन्, आमा छन् र सय भाइ छन् एकातिर र अर्कातिर बाबु नभएका टुहुरा निरीह आफ्ना सन्तान छन् मात्र पाँच जना। सयको पाँचमाथिको दुश्मनी बढ्दै गयो। यस्तो परिस्थिति देखेर कुन्तीको मन आत्तिन्थ्यो। आत्तिइन् रोइन्। यस्तो कुरा कसैसँग भनेर केही हुनेवाला होइन। प्रकाश गर्दा सहाराविहीन होइन्छ भन्ने कुरा पनि आफ्ना ठाउँमा हुने नै भयो। कुन्तीविजोक भनेको यही हो थियो कुन्तीमा। तसर्थ केवल रोइन् तर एकान्तमा।

अधिरथ तथा राधापुत्र कहलिएका कर्णको पालन तालन तथा शिक्षा दीक्षाका कुरा कतै न कतैबाट कुन्तीका सामु पनि आइपुग्दो हो, सुनेर कुन्ती धेरै पटक रोइन् अवश्य। सूर्यपुत्र पनि आफू सँगै हुन पाएको भए उनका पाँच होइन छ भाइ छोरा हुने थिए। सय भाइका अगाडि एक जना मात्र भए पनि बढ्ने थिए। फेरि कर्ण शिक्षा अस्त्रशस्त्र विद्या आदिमा निपुण होलान्। तसर्थ पक्कै पनि ठूलो बल मिल्ने थियो भाइहरूलाई पनि तर त्यो हुन पाएन भनेर कुन्ती अवश्य रोइन्। कस्तो जिन्दगी पाण्डुपत्नी कुन्तीको ?

पाण्डव तथा कौरव राजकुमारहरूले गुरु द्रोणाचार्यबाट शिक्षा ग्रहण गरे। उनीहरूका बीच अस्त्रशस्त्र कौशल प्रदर्शन गर्ने कार्यक्रम बन्यो। रङ्गभूमिमा अर्जुन, भीमसेन तथा दुर्योधन आदिका पुरुषार्थ प्रदर्शन भयो। अर्जुन उत्तम ठहरिए। यति बेला कुन्तीको मनमा आनन्द आएको थियो यस्तैमा एक जना फुर्तिलो युवक रङ्गभूमिमा आयो। उसले हाँक दिदै भन्यो यो प्रदर्शनमा म पनि भाग लिन आएको छु। म अझ राम्रो गर्न सक्छु आदि। उनको शरीरमा भएका कवच कुण्डलबाट कुन्तीले पहिचान गरिसकिन् युवक कर्ण नै हो भनेर। तर मेरो छोरो हो भनेर न त कसैसँग भन्न सकिन् न नजिक गएर माया तथा आशीर्वाद नै दिन सकिन्। उनले त केवल भगवान्लाई आँसु चढाइन् मात्र। एउटा कुरा भने भयो त्यो दिन के भने कुन्तीले मन भरि हुने गरी हेरिन् आफ्नु मुटुको टुक्रालाई। उनको पुत्र त्यति बेला यस्तो रूपमा थियोः–

सिंहर्षभगजेन्द्राणां बलवीर्यपराक्रमः।
दीप्तिकान्तिद्युतिगुणैः सूर्येन्दुज्वलनोपमः॥

(आदि पर्व १३५।४)

अर्थः कर्ण यस्तो रूपमा थिए। उनीमा सिंहको जस्तो बल, उन्मत्त साँढेको जस्तै वीर्य र हात्तीको जस्तो पराक्रम। उनको सूर्य जस्तै तेजिलो मुहुडा थियो। चन्द्रमामा जस्तै तेज र भर्भराउँदो आगो जस्तै देखिन्थ्यो मुहार।

बिडम्बना त्यस्ता उत्कृष्ट प्रतिभालाई सूतपुत्र भनेर प्रतियोगितामा भाग लिन दिइएन। षड्यन्त्र भयो। महारानी कुन्तीलाई हुनुसम्म पीडा अनुभव भयो। तर त्यो देखेका भए साक्षात् सूर्यले देखे। कुन्तीले देखिन् अरू कसैले देखेर कुनै अर्थ रहेन। कुन्ती पनि अरू के गर्न सक्थिन् र खुब रोइन् मात्र त्यो दिन पनि।

कर्ण शूरवीर श्रेष्ठ धनुर्धर र विद्वान् भएका र दुर्योधनका हितैषी साथी भएका हुँदा हस्तिनापुर दरबारमा भित्रिए एक किसिमले। अनि त समय समयमा कर्णको उपस्थिति हुने नै भयो। जब कुरा चर्केर आउँछ तेजोवध गर्ने गरिन्थ्यो सूतपुत्र भनेर। कुन्तीको मुटु छियाछिया हुन खोज्थ्यो। आफ्ना भाइहरू छाडेर विपक्षमा हुन गएकाले कुन्तीलाई पर्नु पिर परेको थियो। कपटी जुवा काण्ड, लाक्षागृह काण्ड, द्रौपदी वस्त्र हरण आदिमा कर्ण सामेल भएकोमा कुन्ती आधा आधा भएकी थिइन्। महारानी द्रौपदीलाई कर्णको मुखबाट वेश्या भनिँदा कर्णको मुख नै च्यातिदिन मन लागेको थियो कुन्तीलाई। तर समय समय नै हुँदो रहेछ। चुपचाप सहिन्, एकान्तमा गएर खुब रोइन्।

महाभारत महायुद्धमा कर्ण कौरवपक्षमा लागे। भीष्म, र गुरु द्रोणाचार्यपछि कर्ण कौरव सेनाको सेनापति नहुँदै कर्णसँग गएर म तिम्री आमा हुँ। तिमी भाइहरूका पक्षमा आउ भनेकी हुन् कुन्तीले। त्यो कुरा भन्दा पनि उनले रुँदै रुँदै भन्न परेको थियो। कारण सारै ढिलो भैसकेको थियो। तसर्थ कर्णले त्यो कुरा समर्थन गर्न नसकेपछि एक फेर कुन्ती फेरि रोइन्। अनि महाभारत युद्धमा सेनापति भएका कर्णको वध भएपछि सारै रुनपरेको हो कुन्तीलाई। कर्णका पालामा महाभारत युद्धमा के के भयो त्यो कर्णवध पर्वमा छ।

महाभारत युद्धमा सेनापति रहेका भीष्म पितामह जस्ता फलामका भने हुने मान्छे वीरगति प्राप्त गर्ने गरी मृत्यु पर्खेर शरशय्यामा छन्। दोश्रो सेनापति बनेका गुरु द्रोणाचार्यको शिर काटेर ढलाइयो। त्यसपछि कर्ण सेनापति बनाइएका हुन्। उनी शूरवीर हुन्। बहादुरीका साथ लडेका हुन्। तर अर्जुनसँग केही लागेन। उनको रथको पांग्रो भइमा धसिएको अवस्था थियो। त्यसैले यो धर्मयुद्ध हो अहिले मेरो रथ धसिएको छ, यस्तो बेलामा बाण नचलाउ भनेर अर्जुनसँग कर्णले भनेका भए पनि अर्जुनले बाण चलाए। कर्णको शिर कटक्कै काटिदिए। यो कुरा सुनिन् कुन्तीले। उनी खुब रोइन्। तर अरूले देख्ने गरी रुन पनि नहुने अवस्था थियो। किनभने कर्ण कुन्तीका छोरा नभएका भए आफ्ना छोराको विजयमा गर्व गर्न पाउथिन् कुन्तीले। तर आफ्नै छोराले अर्को छोराको गर्धन छिनालेको छ। यस्तो बिडम्बना बेहोर्नु पनि पऱ्यो कुन्तीले।

कर्ण शूरवीर श्रेष्ठ धनुर्धर र विद्वान् भएका र दुर्योधनका हितैषी साथी भएका हुँदा हस्तिनापुर दरबारमा भित्रिए एक किसिमले। अनि त समय समयमा कर्णको उपस्थिति हुने नै भयो। जब कुरा चर्केर आउँछ तेजोवध गर्ने गरिन्थ्यो सूतपुत्र भनेर। कुन्तीको मुटु छियाछिया हुन खोज्थ्यो। आफ्ना भाइहरू छाडेर विपक्षमा हुन गएकाले कुन्तीलाई पर्नु पिर परेको थियो। कपटी जुवा काण्ड, लाक्षागृह काण्ड, द्रौपदी वस्त्र हरण आदिमा कर्ण सामेल भएकोमा कुन्ती आधा आधा भएकी थिइन्। महारानी द्रौपदीलाई कर्णको मुखबाट वेश्या भनिँदा कर्णको मुख नै च्यातिदिन मन लागेको थियो कुन्तीलाई। तर समय समय नै हुँदो रहेछ। चुपचाप सहिन्, एकान्तमा गएर खुब रोइन्।

महाभारत महायुद्धमा कर्ण कौरवपक्षमा लागे। भीष्म, र गुरु द्रोणाचार्यपछि कर्ण कौरव सेनाको सेनापति नहुँदै कर्णसँग गएर म तिम्री आमा हुँ। तिमी भाइहरूका पक्षमा आउ भनेकी हुन् कुन्तीले। त्यो कुरा भन्दा पनि उनले रुँदै रुँदै भन्न परेको थियो। कारण सारै ढिलो भैसकेको थियो। तसर्थ कर्णले त्यो कुरा समर्थन गर्न नसकेपछि एक फेर कुन्ती फेरि रोइन्। अनि महाभारत युद्धमा सेनापति भएका कर्णको वध भएपछि सारै रुनपरेको हो कुन्तीलाई। कर्णका पालामा महाभारत युद्धमा के के भयो त्यो कर्णवध पर्वमा छ।

महाभारत युद्धमा सेनापति रहेका भीष्म पितामह जस्ता फलामका भने हुने मान्छे वीरगति प्राप्त गर्ने गरी मृत्यु पर्खेर शरशय्यामा छन्। दोश्रो सेनापति बनेका गुरु द्रोणाचार्यको शिर काटेर ढलाइयो। त्यसपछि कर्ण सेनापति बनाइएका हुन्। उनी शूरवीर हुन्। बहादुरीका साथ लडेका हुन्। तर अर्जुनसँग केही लागेन। उनको रथको पांग्रो भइमा धसिएको अवस्था थियो। त्यसैले यो धर्मयुद्ध हो अहिले मेरो रथ धसिएको छ, यस्तो बेलामा बाण नचलाउ भनेर अर्जुनसँग कर्णले भनेका भए पनि अर्जुनले बाण चलाए। कर्णको शिर कटक्कै काटिदिए। यो कुरा सुनिन् कुन्तीले। उनी खुब रोइन्। तर अरूले देख्ने गरी रुन पनि नहुने अवस्था थियो। किनभने कर्ण कुन्तीका छोरा नभएका भए आफ्ना छोराको विजयमा गर्व गर्न पाउथिन् कुन्तीले। तर आफ्नै छोराले अर्को छोराको गर्धन छिनालेको छ। यस्तो बिडम्बना बेहोर्नु पनि पऱ्यो कुन्तीले।

महाभारतमा व्यास महोदयले लेखेका छन्:-

व्यूढोरस्कं कमलनयनं तप्तहेमावभासं
कर्णं दृष्ट्वा भुवि निपतितं पार्थबाणाभितप्तम् ।
पांसुग्रस्तं मलिनमसकृत् पुत्रमन्विक्षमाणा
मन्दं मन्दं व्रजति सविता मन्दिरं मन्दरश्मिः ॥

(कर्ण पर्व ९१।६८)

यसको अर्थः- जसको छाती चौडा र आँखा कमल समान सुन्दर थिए कान्ती तताएको सुन जस्तै देखिन्थ्यो त्यो कर्ण अर्जुनका बाणबाट काटिएर जमीनमा पछारियो। धूलोमा लट्पटियो। आफ्नू त्यो छोरोलाई हेर्दै हेर्दै मन्द किरण बनाएर मन्दगतिमा श्रीसूर्य बिस्तारै डुब्न थाले।

बाबु बनेका सूर्यको यो गति भयो तर आमा भएकी कुन्ती कति रोइन् त्यो कुनै पनि मातृ हृदयले मात्र अनुमान गर्न सक्ला यकिन गर्न सक्ला। अथवा साक्षात् भगवान्लाई थाहा हुन्छ यस्तो कुरो।

धृतराष्ट्रको कर्मको फल

महाभारत युद्धको इतिहास अध्ययन गर्दा यो युद्धको प्रमुख पात्रका रूपमा देखिन्छन् महाराज धृतराष्ट्र। धृतराष्ट्र जन्मैदेखि अन्धा त थिए थिए उनमा भएको स्वार्थान्धता अझ बढी खतरनाक थियो। उनकै यो अन्ध स्वार्थका कारण महाभारत महायुद्ध भएको हो। यो युद्धमा सारै धेरै मानिसहरू मारिएका हुन्। महावीर ठहरिएकाहरू पनि सारै धेरै मारिएका हुन्। स्वयं धृतराष्ट्रका सय छोरा मारिए। यस्तो भयानक युद्ध नगराउन सक्ने सामर्थ्य महाराज धृतराष्ट्रमा थियो तर उनको महत्त्वाकांक्षा र पुत्रमोहले गर्दा यो युद्ध भएको हो। यो युद्धको वर्णन पढ्दा वा सुन्दा जीउ भतभती पोल्ला जस्तो हुन्छ। सारै डरलाग्दो हो यो युद्ध। यसका प्रमुख पात्रको जन्मदेखि बाध्यतावश राजकाज छाडेर रुँदै रुँदै वनवास जाँदासम्मका कथा देख्न पाइन्छ महाभारत महाकाव्यमा।

महाराज विचित्रवीर्यका सन्तान नभएकामा उनकी आमा राजमाता सत्यवती चिन्तित बनिन्। उपायको खोजी गर्दा अरू कुनै विषय नमिलेपछि सत्यवतीले आजीवन ब्रह्मचर्यमा रहने प्रतिज्ञा गरेका भीष्मसँग बुहारीहरूसँग सम्भोग गरेर सन्तान जन्माउन भन्दा उनले आफ्नू प्रतिज्ञाका कारण असमर्थता देखाए। त्यसपछि भीष्म समेतको सल्लाहमा सत्यवतीले व्यासलाई आह्वान गरिन्। व्यास तुरुन्त हाजिर भए। यसको पनि कारण के थियो भने माता सत्यवतीले व्यासलाई जन्मनासाथ झाडीमा फालिदिदा व्यासले भनेका थिए आवश्यक पर्दा मलाई सम्झनु। त्यही कुरा सम्झेर सत्यवतीले आह्वान गरिन् महर्षि व्यास तत्काल हाजिर भए। सत्यवतीले आफ्ना कुरा राखेपछि व्यासले स्वीकार गरे विषय। यति भएपछि सत्यवतीले आफ्ना बुहारीहरूलाई पनि मनाइन्। बुहारीहरू त्यति बेला ऋतुस्नाता पनि थिए। त्यसैले आफ्ना पलङमा बसालेर उनीहरूसँग सत्यवतीले भनिन्:-

कौशल्ये देवरस्तेऽस्ति सोऽद्य त्वानुप्रवेक्षति।
अप्रमत्ता प्रतिक्षैनं निशीथे ह्यागमिष्यति॥

(आदि पर्व १०५।२)

सत्यवतीले भनेकी हुन् "कौशल्ये ! तिम्रा एक देवर छन् उनी आज तिमीलाई गर्भाधान गराउन आउनेछन् सावधान भएर उनको प्रतिक्षा गर । उनी आधारातमा आउलान् ।"

आफ्नी आमाको आदेशानुसार महर्षि व्यास रातमा दरवारमा आएर बुहारीसँग समागम गरी गर्भाधान गराए । व्यास काम सकी जान लाग्दा सत्यवतीले कस्तो पुत्र दियौ त भनिन् । व्यासले भने "अम्बिकाका गर्भबाट एउटा बलवान् राजकुमार उत्पन्न हुन्छ । ऊ दश हजार हात्तीको बल जत्तिकै बलवान् हुन्छ । सारै बाठो हुन्छ र उसका सय छोरा पनि हुन्छन् । तर कौशल्येले सम्भोगका समयमा आखा चिम्लेकी हुँदा ऊ अन्धो हुन्छ ।"

सत्यवतीलाई अर्को समस्या आइलाग्यो । यति बृहद् कुरुवंशको राजा अन्धो भएर त कहाँ हुन्छ ? त्यसैले व्याससँगै उनले अरू उपाय के हुन सक्ला जस्ता प्रश्न गर्दा व्यासले भने "अब अर्की रानी अम्बिकाबाट अर्को पुत्र जन्माउने ।" सत्यवतीले त्यही मार्ग अपनाउने निधो गरिन र व्यास तथा अर्की रानीलाई मनाइन् । पहिलीलाई जसै गरेर गर्भाधान गराए व्यासले । पूर्ववत् सत्यवतीले दोश्रो बच्चाका विषयमा सोधिन् । व्यासले यो पनि आमाकै कारण पाण्डु वर्णको हुन्छ भने । अम्बिकालाई पुनः अर्को बच्चा जन्माउन भनियो । व्यासले स्वीकार गरे । तर अम्बिकाले तेश्रो पटक दाशीलाई पठाइन् । दाशीका गर्भबाट विदुरको जन्म भएको हो । भनिन्छ विचित्रवीर्यको क्षेत्रबाट तीन जना पुत्र जन्माएर हस्तिनापुर राज परिवारको वंश रक्षा गरिएको हो ।

भीष्मले महाराज शान्तनुको शासनपछि राज्यको शासन बालक भाइहरूका नाममा खुव राम्रोसँग चलाएका हुन् । साथै धृतराष्ट्र पाण्डु र विदुरको लालन पालन एवं शिक्षादीक्षा उचित किसिमले गरेका हुन् । राज्य विस्तार भएको हो र राज्यको चौतर्फी उन्नति प्रगति पनि भएको हो । कुमार वयस्क भएपछि राजकुमार पाण्डु राजा बनाइए । संयोग भनौ वा देशको दुर्भाग्य भने पनि हुन्छ पाण्डुपछि अन्धा धृतराष्ट्र राजा बनाइए ।

धृतराष्ट्रको विवाह गान्धारराज सुबलकी छोरी गान्धारीसँग भएको थियो भने पाण्डुको विवाह कुन्तीभोजकी धर्मपुत्री कुन्तीसँग भएको थियो । धृतराष्ट्रका सय छोरा भएका हुन् र पाण्डुका पाँच छोरा भएका हुन् । धृतराष्ट्रका जेठा छोरा हुन् दुर्योधन भने पाण्डुका जेठा छोरा युधिष्ठिर हुन् । पाण्डुपुत्रहरू भद्र

एवं शालीन थिए भने धृतराष्ट्रका दुर्योधन आदि कुमारहरू घमण्डी र कपटी थिए। महाराज धृतराष्ट्र आफ्ना र भाइका छोराहरूमा बराबर स्नेह देखाउन खोज्थे तर आफ्नै छोराहरूका पक्षपाती थिए। यसै कारण भाइ भाइमा कटुता बढ्यो। बढाए स्वयं धृतराष्ट्रले नै भन्थे उनीहरूका शुभचिन्तकहरू।

धृतराष्ट्र लगायतका दुर्योधन आदि कौरवहरू पाण्डुपुत्र युधिष्ठिर, भीम, अर्जुन नकुल र सहदेवहरूलाई सिध्याउन चाहन्थे। यस्तो हुँदाहुँदै एक पटक यस्तो पनि भयो पाण्डवहरूलाई राजाबाट वारणावत नगरमा पठाउने निधो भयो। त्यहाँ लाक्षागृहको निर्माण गराइएको थियो। त्यहीँ बस्ने आदेश भयो राजाबाट। उनीहरू गए। एक रात त्यो लाक्षागृहमा आगो लगाइयो पाण्डवहरू सुरुङ भएर निस्के, बाँचे।

लाक्षागृह काण्डवाट बचेका पाण्डवहरू गोप्य रूपबाट वन वनमा भड्किदै गरे। उनीहरू जिउँदै छन् भन्ने थाहा भएपछि हस्तिनापुर बोलाइयो। उनीहरूलाई इन्द्रप्रस्थमा गएर बस्न भनियो। उनीहरूले त्यसै गरे। त्यहाँ राजसूय यज्ञ गरे युधिष्ठिरले। उनीहरूले इन्द्रप्रस्थमा गरेको उन्नति प्रगतिबाट पनि ईर्ष्या बढाए कौरवहरूले। धृतराष्ट्र लगायतका कौरवहरू पाण्डवहरूलाई कसरी सिध्याउने भन्ने उपायको खोजिमा रहे। आखिर कपटी शकुनिको सल्लाहमा पाण्डवहरूलाई हस्तिनापुरमा जुवाको निमन्त्रणा दिइयो। उनीहरू आए। कपटी शकुनिसँग जुवा खेलाइदा युधिष्ठिरले राज्य लगायत रानी द्रौपदी समेत हारे। द्रौपदीलाई सभामा ल्याएर वस्त्रहरण गर्ने जस्तो घिनलाग्दो काम समेत भयो। धृतराष्ट्र हेरी बसे। पछि पुनः जुवा खेलाइयो। पाण्डव पक्षलाई हराइयो। बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवासको बाजी पनि हराइयो पाण्डवहरूलाई। पाण्डवहरू वनवास तथा गुप्तवास बस्न गए। पाण्डवहरूले आफ्ना सर्त पूरा गरेपछि आफ्नू राज्य फिर्ता मागे। धृतराष्ट्रपक्षले दिएन। भगवान् श्रीकृष्णले समेत धेरै कोशिस गर्नुभयो पाण्डव तथा कौरव समस्या सुल्झाउन। भीष्म पितामह आदि विद्वान्हरूको प्रयास पनि त्यसै खेर गयो। दुर्योधनको घमण्ड र धृतराष्ट्रको महत्त्वाकांक्षा तथा कपटपूर्ण व्यवहारले गर्दा महाभारत युद्ध भयो।

महाभारत महायुद्ध अगाडि कैयौँ शुभचिन्तकहरूले आफन्तहरूले र त्यति बेलाका गण्यमान्यहरूले धृतराष्ट्रलाई सम्झाएका फकाएका हुन्। तर कपटी धृतराष्ट्रले सुनेको नसुन्यै गरे। महाभारत अरण्य पर्व अध्याय ८ मा

महर्षि व्यासले समेत पाण्डवहरूमाथिको अन्याय रोक्न भन्नुभएको उल्लेख छ। कैयौं कुरा राख्दा पनि धृतराष्ट्र मौन रहे।

एक पटक महाप्राज्ञ मुनि मैत्रेयले पनि त्यसै गरी सम्झाउनुभएको हो धृतराष्ट्रलाई। त्यो पटक धृतराष्ट्रले आफ्नू असक्षमता समेत प्रकट गरेका छन्। उनले मुनिसँग भनेका छन्:-

यदि त्वहं मनुग्राह्यः कौरव्येषु दया यदि।
अन्वसाधि दुरात्मानं पुत्रं दुर्योधनं मम॥

(अरण्य पर्व १०।३)

यसको अर्थ हो "यदि हजुरको मप्रति अनुग्रह हो भने, यदि कौरवकुल प्रति तपाईंको दया छ भने मेरो दुरात्मा पुत्र दुर्योधनलाई स्वयं शिक्षा दिनुहोस्।"

यस्तै यस्ता कपटी कुरा गरेको देखिन्छ धृतराष्ट्रले समय समयमा। कुटनैतिक व्यवहार गर्थे धृतराष्ट्र। कुटनीतिभन्दा पनि भन्नै पर्दछ कपटी व्यवहार गर्थे धृतराष्ट्र। धृतराष्ट्रले पाण्डवहरूप्रति पटक पटक ठूला ठूला अन्याय गरेका थिए। त्यस्तो नहोस् भनेर शुभचिन्तकहरूले भनेकै हुन् तर धृतराष्ट्रले मानेनन्। अशान्ति हुन् नपाओस् भन्ने आफन्तको चाहनालाई स्वीकार गरेनन् धृतराष्ट्रले। धृतराष्ट्रले शान्ति चाहदै चाहेनन्।

आखिर पाण्डवहरूको पक्षबाट शान्तिदूत बनेर स्वयं भगवान् श्रीकृष्ण नै आउनुभयो हस्तिनापुरमा। दुर्योधन तथा धृतराष्ट्रपक्षले उहाँका कुरामा ध्यान दिनु त कताहो कता उल्टे श्रीकृष्णलाई बन्दी बनाउने कुरा समेत गर्न पुग्यो। दुर्योधनको यस्तो नीच कुरा पनि सुनिरहे। चुपचाप बसे धृतराष्ट्र। कुनै पनि उपायले काम नगरेपछि महायुद्ध हुन नै गयो। महाराज धृतराष्ट्र सञ्जयलाई साथमा लिएर सञ्जय मार्फत त्यो भयाबह युद्ध हेरेर बसे हस्तिनापुरमा। कुरुक्षेत्रमा भयावह युद्ध भयो।

आखिर महाभारत युद्धमा कौरव पक्षको पराजय भयो। धृतराष्ट्रको सत्यानास नै भयो। सयभाइ छोरा सबै मारिए। राज्य अर्काका हातमा गयो। राज्यको ठूलो नोक्सानी भयो। यो सबै धृतराष्ट्रको कपटी व्यवहार तथा सत्ता मोह र पापी विचारको तथा महत्त्वाकांक्षाको फल हो। अन्त्यमा रुनै पऱ्यो धृतराष्ट्रलाई।

महाभारत महायुद्ध सकिएपछि राज्यको बाग्डोर सम्हाल्न पाण्डवहरू विजयोत्सवका साथ हस्तिनापुर आए। शासन सत्ता बुझाउनै पऱ्यो धृतराष्ट्रले पाण्डुपुत्रहरूलाई। आफू मरेसरह एउटा निरीह प्राणी भएर बस्नुपऱ्यो।

आफ्ना सय छोरा समेत मारिएको भयंकर युद्ध सम्झिएर महाराज धृतराष्ट्र चिन्तामा डुबेकै अवस्थामा सञ्जयले भनेका छन्:-

किं शोचसि महाराज नास्ति शोके सहायता
अक्षौहिण्यो हताचाष्टौ दश चैव विशाम्पते॥
(स्त्री पर्व १।६)

अर्थः- "महाराज तपाईं किन शोक गरिरहनुभएको छ ? यो शोकमा तपाईंको सहायता गर्न सक्ने तपाईंको दुःखमा साथ दिने कोही बचेको छैन। महाराज ! यो युद्धमा अठार अक्षौहिणी सेना मारिएका छन्।"

भनिएको छ सञ्जयबाट। यो करुणा जनक कुरा सुनेर छोरा नाति मारिएका व्याकुल धृतराष्ट्र ढूलो आँधीका कारण जरासमेत उखेलिएर पल्टिएको रुख झैं भुइँमा पछारिए। कैयौं विद्वान् चिन्तक र आफन्तहरूका कुरा नमानी युद्धमा होमिएका धृतराष्ट्र पराजयको नमीठो फन्दामा परेर यसरी पछारिएपछि पश्चात्ताप पूर्वक बिलौना गर्न थाले। उनले भनेः-

किं नु बन्धुविहीनस्य जीवितेन ममाद्य वै।
लूनपक्षस्य इव मे जराजीर्णस्य पक्षिणः॥
(स्त्री पर्व १।११)

यसको अर्थ हुन्छ पखेटा काटिइसकेको पक्षी जस्तै बन्धु बान्धवहीन भएको म वृद्धको अब यो जीवनको के प्रयोजन छ र ?

यसै गरी धृतराष्ट्र भन्छन् "मेरो राज्य छिनियो। बन्धु बान्धव मारिए। आँखा त पहिलेदेखि नै थिएनन्। सूर्यास्त हुने बेलाका सूर्यका क्षीण किरण जस्तै अब मेरो अस्तित्व पनि यो जगत्मा रहने छैन। मैले आफ्ना शुभचिन्तकहरूका कुरा मानिनँ। जमदग्निनन्दन परशुराम, देवर्षि नारद, श्रीकृष्ण, द्वैपायन व्यास सबैले मेरो निम्ति हित हुने कुरा भनेकै थिए तर मैले सुन्दै सुनिनँ। भगवान् श्रीकृष्णले सभामा भनेका थिए राजन ! वैर बढाएर हजुरलाई कुनै लाभ हुने छैन, आफ्ना छोराहरूलाई रोक्नुहोस् आदि। उनका

बातमा पनि मैले सहमति दिइनँ। आज त्यसको फल भोग्दैछु। निश्चय हो त्यति बेला मेरो बुद्धि बिग्रिएकै हो।

हाय रे अब म भीष्मजीका धर्मयुक्त बात सुन्न पाउने छैन। साँढे झैं डुक्रने दुर्योधनका वीरोचित शब्द पनि अब मेरा कानमा पर्ने भएनन्। दुशासन, कर्ण द्रोण सबै मारिए। यो जनममा पहिले मैले अरू कुनै पाप गरेको मेरो सम्झनामा छैन। तर फल भोग्दैछु ती र त्यस्ता पापको। मैले पूर्व जन्ममा केही जघन्य अपराध गरेकै रहेछु। त्यसको फल भोग्न परमात्माले मलाई बाध्य बनाए अहिले। अब म बूढो भएँ। आफ्ना सबै मारिए। अब मभन्दा बढी दुःखी को हुन्छ र ?

धरतीमा पछारिएर नाना प्रकारका अलाप विलाप गरेका धृतराष्ट्रलाई विद्वान्हरूले भनेका छन् "नरेश्वर ! जब तपाईंको छोरो दुर्योधन जवानीको घमण्डमा आएर मनमानी गर्न थाल्यो तपाईंले आफ्ना हितैषीहरूका कुरा सुन्नुभएन। दुर्योधनमा लोभ थियो। ऊ राष्ट्रको सारा लाभ आफैं भोग्न चाहन्थ्यो। उसले खराब मानिसलाई साथ लियो। दुःशासन, दुरात्मा राधापुत्र कर्ण, दुष्टात्मा शकुनि शल्यहरू दुर्योधनका खास मान्छे बने। भीष्म, गान्धारी, विदुर, द्रोणाचार्य, कृपाचार्य देवर्षि नारद, महर्षि व्यास तथा भगवान् वासुदेव श्रीकृष्णको समेत कुरा नमान्दाको फल हो यो। अब जो भयो भयो, शोक गरेर काम छैन। पुत्रसहित तपाईंले नै लोभरूपी घिउमा भिजेर अर्जुनरूपी अग्नि प्रज्वलित गराउनुभएकै हो। आगोमा फालहाल्नुभएकै हो।

यसरी विलापको पोखरीमा डुबेका धृतराष्ट्रका मनमा रहेको कपट निखेको थिएन। लडाइ सकिएपछि राज्य सत्ता लिन श्रीकृष्ण सहित पाण्डवहरू हस्तिनापुरमा आए। पाण्डवहरूबाट धृतराष्ट्रलाई भेट्ने कार्यक्रम बन्यो। उनीहरू धृतराष्ट्र भएको ठाउँमा गए। धृतराष्ट्रले म युधिष्ठिर आदि पाण्डवहरूलाई बेग्ला बेग्लै भेट्छु भने। उनको दाउ भगवान् श्रीकृष्णलाई थाहा भयो। पहिले युधिष्ठिरलाई भेटेपछि भीमको पालामा दुर्योधनले पहिले गदा साधना गर्दा बनाएको भीमको फलामको नक्कली मान्छे अगाडि सारिदिनुभो भगवान् श्रीकृष्णले। भीमको पालामा धृतराष्ट्रले फलामको मान्छेलाई यसरी अँठ्याए कि फलाम टुक्रा टुक्रा भयो। भीम मारियो भन्ने सोचेका धृतराष्ट्र भीमकै विषयलाई लिएर नक्कली विलाप गर्न थाले। त्यति बेला भगवान् श्रीकृष्णले भन्नुभयोः–

मा शुचो धृतराष्ट्र त्वं नैव भीमस्त्वया हत ।
आयसी प्रतिमा हेषा त्वया निष्पातिता विभो ॥

(स्त्री पर्व १२।२२)

अर्थ हो "महाराज धृतराष्ट्र ! तपाईं शोक नगर्नुहोस् । भीम तपाईंको हातबाट मारिएका छैनन् । हजुर यो त फलामको एउटा प्रतिमा थियो । त्यसैलाई तपाईंले टुक्रा टुक्रा पार्नुभयो ।

भगवान् श्रीकृष्णले फेरि भन्नुभएको छ "भरत श्रेष्ठ ! तपाईं सारै ठूलो क्रोधमा फस्नुभएको बुझेर मैले कुन्तीपुत्र भीमलाई पछाडि तानेको थिएँ । बलमा तपाईं जस्तो बलियो कोही छैन । तपाईंले अठ्याएको कसले सहन सक्छ र ? जसरी यमराजकहाँ पुगेपछि कोही छुट्न सक्तैन त्यसै गरी तपाईंका हातभित्र परेपछि कसैको प्राण बच्न सक्दैन । तपाईं अहिले पुत्रशोकमा हुनुहुन्छ । त्यसैले भीमलाई मार्न चाहनुहुन्थ्यो, मैले बचाएको हुँ । महाराज भीमलाई मारेर पनि तपाईंका छोराहरू त फर्कदैनन् अवश्य । किनकि ती त मारिइसके । अब चित्त सम्हाल्नुहोस् महाराज ।"

यसरी समाप्त भयो महाराज धृतराष्ट्रको कथा । अब हामी सोचौं त यो उनको कर्मको फल भएन र ?

महारानी गान्धारीको क्रोध

महाभारत एउटा महान् ग्रन्थ हो। यो यति विशाल छ कि सम्भवतः यो संस्कृत साहित्यको नै महान्तम ग्रन्थ हो। यसलाई विद्वान्हरूले पाँचौं वेदसम्म पनि भनेका छन्। हुन पनि यहाँ दुनियाँभरका विषय रहेका छन् र विचित्र विचित्रका चरित्रहरूको वर्णन रहेको छ। त्यस्तै विचित्रका घटनाहरूको संगम रहे भएको पाइन्छ। यसका घटना तथा चरित्रहरूको वर्णन गर्न पर्दा हस्तिनापुरनरेश धृतराष्ट्रकी पत्नी महारानी, गान्धार नरेश सुबलकी पुत्री, कपटी शकुनिकी दिदी र घमण्डी युवराज दुर्योधनकी माता गान्धारीको वर्णन नगरी हुँदैन। त्यसको खास कारण के भने गान्धारी महाभारत महाकाव्यकी महत्त्वपूर्ण नारी पात्र हुन्। भयावह महाभारत युद्धकी जिम्मेवार नारी पनि हुन्।

महाभारतमा भनिएको छ धृतराष्ट्र, पाण्डु र महात्मा विदुरको जन्मबाट कुरुवंशको वंशवृक्ष धानिएको हो। यसको श्रेय महारानी सत्यवती तथा महर्षि व्यासलाई दिनैपर्दछ। यिनीहरूको र गङ्गापुत्र भीष्मको सरसल्लाहमा यो कार्य भएको हो। त्यसरी धानिएको वंशको संरक्षक भएर रहेका भीष्मको वीरता तथा चातुर्यताबाट नै कुरुवंश, कुरुजाङ्गल देश र कुरुक्षेत्रको उन्नति भएको हो। राज्यमा सुशासन भएपछि उन्नतिप्रगति स्वतः हुने रहेछ। त्यति बेला त्यस्तै भएको हो। पृथ्वीमा खेतीको उब्जनी बढ्यो। अन्नले भण्डार भरियो। वृक्षहरू फलफूलले परिपूर्ण हुन्थे। पानी ठीक समयमा पर्ने भयो। अनुकूल मौसम, सधै हराभरा धरा, फूल र फलले भरिएका वृक्ष र सुगन्धयुक्त वातावरण हुँदा स्वर्गीय बनेको हो त्यो भूमि। सबैतिर सुव्यवस्था र उपभोग्य वस्तुहरू पर्याप्त भएकाले चोर डाँकाहरूको भय हुँदैनथ्यो। पापको नाम निशाना थिएन। धर्मले वास गरेको थियो। यी सबै हुनुमा भीष्मजीको हात भएको हुँदा उनैको पौरख भने हुने अवस्था थियो। उनैले धृतराष्ट्र, पाण्डु र विदुरको पालन तालन तथा शिक्षा दीक्षाको प्रबन्ध गरेका थिए। विद्वान् तथा सुयोग्य बनाएका थिए। सबैको सक्रिय नेतृत्व लिएर भीष्मजी पनि सुयशले धपक्क बलेको अवस्था थियो। उनी सत्यलाई बहाल गराएर उन्नत राष्ट्र

बनाउने काममा सदैव व्यस्त रहने गर्दथे। यसै कारण त्यहाँको उन्नति प्रगति उच्च उच्च हुँदै गएको थियो।

एक दिन भीष्मले महात्मा विदुरसँग भने "हेर विदुर ! हाम्रो यो कुल सद्गुणले युक्त भएको हुँदा भू-मण्डलकै साम्राज्य हुन गएको छ। उच्च र विकसित भएको छ। अब हामीले हाम्रा कुमारहरूको विवाह पनि गराइदिनुपर्दछ। अब त्यसतर्फ पनि सोच विचार गर्न पर्ला।

भीष्मजीका कुरामा विदुर सदैव सकारात्मक रहन्थे। त्यसैले उनले 'जो विचार' भन्दै समर्थन जाहेर गरेपछि धृतराष्ट्रका निमित्त कन्याको खोजी हुन थाल्यो। राज्यका गण्यमान्यहरूको राय सल्लाहसमेत लिन थालियो। यस्तैमा केही ब्राह्मणहरूबाट सुबलकी पुत्री गान्धारी शुभलक्षणा छन्, भगवान् शंकरको आराधना गरेर सय पुत्रकी आमा हुने आशीर्वाद समेत प्राप्त गरेकी छन् भन्ने समेतको खवर भीष्मजीकहाँ आयो। त्यसैले भीष्मजीले कन्या माग्न पठाए। यद्यपि धृतराष्ट्र अन्धा हुन् तापनि कुलवंशरत्न हुन् र उन्नत राज्यका कुमार हुन् भन्ने विचारले गान्धारी धृतराष्ट्रलाई दिन सुबलनरेश राजी भए। गान्धारी पतिव्रता भएकी हुनाले धृतराष्ट्रसँग विवाह हुने गरी वाग्दान भएपछि पति सरह नै रहने निधो गरेर उनले आफ्ना आँखा बन्द गरिन्। शकुनिले आफ्नी दिदीलाई लिएर गए। बडो आदरका साथ धृतराष्ट्रलाई सौंपे। प्रशस्त दाइजो दिए। गान्धारीले उत्तम स्वभाव, सदाचार र सद्व्यवहारबाट कौरवहरूलाई प्रसन्न बनाएर रहिन्।

एक दिन महर्षि व्यास भोक र थकाइले चूर चूर बनेर धृतराष्ट्रकहाँ आए। गान्धारीले समुचितरूपले महर्षिको सेवा गरेकी हुँदा व्यास प्रसन्न भए। उनले गान्धारीलाई वरदान दिने इच्छा प्रकट गरे। व्यासका कुरा सुनेपछि गान्धारीले आफ्ना पति धृतराष्ट्र बलवान् छन्, चलाख छन् र शूरवीर स्वभावका छन् भन्दै त्यस्तै सय पुत्र होउन भनेर माग गरिन्। व्यासले तथास्तु भनेर गए।

समय आयो गान्धारीले गर्भ धारण गरिन्। तर समयमा जाय जन्म भएन। दुई वर्षसम्म नै त्यसै रह्यो उनको गर्भ। उता महारानी कुन्तीले युधिष्ठिरलाई जन्म दिएको खबर पाएपछि गान्धारीलाई खपिसक्नुभएन। क्रोध उत्पन्न भएर आयो। अन्ततोगत्वा गान्धारीले आफ्नै पेटमा नराम्रोसँग मुक्का प्रहार गरिन्। उनको मुक्का प्रहारका कारण उनको गर्भबाट एउटा मांसपिण्ड पैदा भयो। उनले त्यो मांसपिण्ड फ्याँक्ने योजना बनाउँदै थिइन्

त्यही बेलामा हतार गर्दै व्यास महोदय आइपुग्नुभयो। उहाँले एक छिन गान्धारीसँग वार्ता गरेपछि यसो भन्नुभयोः–

वितथं नोक्तपूर्वं मे स्वैरिष्वपि कुतोन्यथा
घृतपूर्णं कुण्डशतं क्षिप्रमेष विधियताम् ।।
(सम्भव पर्व ११४।१८)

यसको अर्थ हुन्छ "मैले हास परिहासमा सम्म पनि झुट्टे बात गरेको छैन। फेरि वरदानमा भनिएका बात त झन् झुट्टा हुने कुरै होइन। हे गान्धारी ! तिमी शीघ्र सयओटा माटाका भाँडा मगाऊ र घिउले भर। एकदम गोप्य ठाउँमा राख र सुरक्षाको बन्दोवस्त गर। यो मांसपिण्डलाई चिसो पानीले भिजाउने गर।"

गान्धारीले त्यसै गर्दै गइन्। एक दिन मासुको डल्लो फुटेर सय टुक्रा भयो। गान्धारीले एक एक टुक्रा एक एक ओटा माटाका घडाहरूमा राखिन्। दुई वर्षपछि घडाहरूको बिर्को खोलिन्। पहिले दुर्योधन र त्यसपछि क्रमैले अरू कुमारहरू उत्पन्न भए। गान्धारीका यी पुत्रहरू उत्पन्न हुँदा ठूलो अलच्छिन भएको कुरा पनि महाभारतमा उल्लेख भएको छ।

गान्धारी एउटी महारानी, माता र शिवभक्तिनीको धर्म निभाउँदै आएकी हुन्। समय समयमा आफूले गर्नुपर्ने कार्य गरेकै हुन्थिन् र स्वयं दृष्टि विहीन भएर रहेकी हुन्। दुर्योधनले नचाहिदा नचाहिदा काम गर्दै आएकोमा पनि सहदै आएकी थिइन्। उनी भित्रको मातृत्वले यसो गर्न लगाएकोमा उनले स्वीकार गरेकी नै हुन्। एक दिन अति भएपछि उनी महाराज धृतराष्ट्रसँग भन्न पुगिन् "आर्यपुत्र ! दुर्योधन जन्मनासाथ परम बुद्धिमान् विदुरजीले भनेका थिए यो बालक कुलको नाश गर्नेवाला हुनेछ। अतः यसलाई त्याग्नुपर्दछ।"

गान्धारीले फेरि भनिन् "हे भारत ! यसले जन्म लिनासाथ गिद्धका झैं कराएको थियो। त्यसैले लागेको हो यो पक्कै पनि हाम्रो कुलको नाश गर्ने हुन्छ। तसर्थ यसका कारण आफ्नू कुललाई नै विपत्तिको महासागरमा नडुवाउनुहोस्। यसको हा मा हा नमिलाउनुहोस्। यदि यसो नगरेर दुर्योधनको कुरामा भुल्नुभयो भने यो कुलको विनाशको कारण तपाईं नै बन्नुहुनेछ। यस्तो नहुनुहोस् महाराज ! तपाईं सबै जान्नुहुन्छ तापनि मैले समेत स्मरण गराएकी हुँ। अझै पनि यो कलंकलाई त्याग्नै पर्दछ।"

गान्धारीले यस्तो अनुनय विनय गरेकी भए पनि दुर्योधनको मोहमा फसेका धृतराष्ट्रले त्यो केही सुनेनन्। महाभारत युद्ध भइछाड्यो। कौरवहरूको पराजय भयो। धृतराष्ट्र तथा गान्धारीका दुर्योधन सहित एक सय पुत्र स्वाहा भए त्यो युद्धमा। यो अवस्थामा गान्धारी रिसले चुर चुर भएकी होलिन्। तपस्विनी गान्धारीको भयंकर श्राप पर्न सक्छ आफूहरूमा भन्ने भयमा पाण्डवहरू पुगे। यसमा के उपाय हुन सक्छ भनेर चिन्तामग्न भएका युधिष्ठिरले एक मात्र उपाय भगवान् श्रीकृष्णलाई देखे। युधिष्ठिर सहितका पाण्डवहरूले श्रीकृष्णसँग हस्तिनापुर गएर शोकमग्न धृतराष्ट्र तथा तपस्विनी गान्धारीलाई सम्झाएर शान्त बनाइदिन अनुरोध गरे। श्रीकृष्ण हस्तिनापुर जानुभयो। युद्धका बाध्यता तथा अन्य सबै विषय प्रस्तुत गर्दै अश्वत्थामा कुरुवंशको बिउ नै मास्न उद्यत भएको कुरा समेत गरेपछि धृतराष्ट्र तथा गान्धारीले भनेका छन्:-

शीघ्रं गच्छ महाबाहो पाण्डवान् परिपालय।
भूयस्तव समेष्यामि क्षिप्रमेव जनार्दन॥

(गदा पर्व ६३१८)

अर्थः महाबाहु जनार्दन ! तपाईं तुरुन्त जानुहोस्। पाण्डव सन्तानको रक्षा गर्नुहोस्। हामी चाँडै नै फेरि भेटौंला।

कुरुक्षेत्रमा भएको महाभारत युद्ध समाप्त भयो। कौरवहरू सखाप भए। पाण्डवहरूको विजय भयो। यसलाई यसरी पनि भन्ने गरिन्छ धर्मको विजय भयो र अधर्मको पराजय भयो। पाण्डवहरू हस्तिनापुर आए। उनीहरूको महाराज धृतराष्ट्र तथा महारानी गान्धारीसँग भेट्ने कार्यक्रम थियो। गान्धारीका मनमा पाण्डवहरूलाई भयंकर श्राप दिने विचार आएको थियो। यो कुरा सत्यवतीनन्दन महर्षि व्यासले थाहा पाए। उनी तुरुन्त हस्तिनापुर राजदरबारमा आए। उनले आफ्नी बुहारी गान्धारीसँग भनेः-

न कोप पाण्डवे कार्यो गान्धारी सममाप्नुहि।
वचो निगृह्यतामेतच्छृणु चेदं वचो मम॥

(स्त्री पर्व १४।७)

अर्थः- गान्धारराजकुमारी ! शान्त वन। पाण्डवपुत्र युधिष्ठिरप्रति रिस राग नगर। अहिले तिम्रो मुखबाट जे बात निकाल्ने विचार गर्दैछौ त्यसलाई रोकेर मेरा कुरा सुन।"

महर्षि व्यासले भने "गएका अठ्ठार दिनमा हरेक दिन तिम्रो छोरो दुर्योधन तिमीसँग आउथे र भन्थे म शत्रुसँग युद्ध गर्न जादैछु। मेरो कल्याण होस् भन्ने आशिष दिइयोस्। यस्तोमा सधै तिमी भन्ने गर्थ्यौं जहाँ धर्म छ त्यहीँ विजय हुन्छ।"

व्यासले फेरि भनेका छन्– "गान्धारी ! तिमीले बातचितका प्रसङ्गमा पनि कहिल्यै झुटो बोलिनौ। तिमीले झुटो बोलेको मलाई थाहा छैन। सधैं प्राणीहित चाहन्थ्यौ। राजाहरूको यो घोर संग्राममा पाण्डवले जो विजय पाएका छन् त्यसबाट सिद्ध भएको छ धर्मको बल सबैभन्दा ठूलो हुन्छ बलियो हुन्छ। तिमी पहिले धर्मात्मा थियौ। क्षमाशील थियौ। अहिले किन यस्तो सोच्दै छौ ? अहिले किन क्षमाशील भइनौ ? मोहबाट मुक्त होउ। अधर्म छोड। किनभने जहाँ धर्म थियो त्यहाँ विजय भयो।"

महर्षि व्यासका वचन सुनेपछि गान्धारी अलिकति शान्त देखिइन्। तर पनि उनले भनिन् "भगवन् ! म पाण्डवहरू प्रति कुनै दुर्भावना राख्दिनँ। यिनको विनाश होस् मेरो चाहना होइन। तर म के गरुँ ? एउटी आमा भएका कारण पुत्रशोकले मेरो मन व्याकुल भएको छ। कुन्तीपुत्रहरूलाई जसरी कुन्ती रक्षा गर्छिन् त्यही रीत मैले पनि अपनाउनु पर्दछ। तपाईं तथा महाराज धृतराष्ट्रको पनि यही कर्तव्य हो। कुरुकुलको संहार त दुर्योधन, शकुनि तथा दुःशासनको अपराधबाटै भएको हो। युधिष्ठिर, अर्जुन, नकुल तथा सहदेवको पनि केही दोष छैन। तर महामना भीमसेन गदायुद्धमा दुर्योधनलाई बोलाएर वासुदेव नन्दन श्रीकृष्णकै सामु जस्तो व्यवहार गर्थे त्यो मलाई असह्य भइरहेको थियो र छ। रणभूमिमा अनेक प्रकारले तिम्रा देखाएर घुमिरहन्थ्यो भीम। गदायुद्धमा जब भीमले दुर्योधनको नाभिभन्दा तल प्रहार गर्‍यो त्यो सम्झेर मेरो रिस बढिरहेको छ।"

गान्धारीका यस्ता आक्षेप तथा त्यसैमा आधारित बिलौना सुनेपछि कुन्तीपुत्र भीमले आफ्नू स्पष्टीकरण दिएका छन्। भीमका कुरा सुनेपछि गान्धारीले युधिष्ठिर खै भनिन्। युधिष्ठिर हाजिर भएर सारा अपराध आफ्नै हुन् भनेर स्वीकार गरे। आत्मसमर्पण जस्तै गरेपछि गान्धारीको रिस शान्त भयो। उनले पाण्डवहरूका सारा दोषमाथि क्षमा दिइन्। उनले भनिन् "ल, हुन्छ अब तिमीहरू आफ्नी आमा कुन्तीकहाँ जाओ।"

पाण्डवहरू गान्धारीको आदेश लिएर आफ्नी आमा कुन्तीको दर्शन गर्न गए। गान्धारीले महर्षि व्यासबाट प्राप्त दिव्य दृष्टिले कौरवहरूको विनाशस्थल

हेरिन्। रणभूमिको दृश्य देखेर विलाप गर्न थालिन्। उफ् रणक्षेत्र नै त हो हाड, मल रगत, तथा लासहरूले भरिपूर्ण देखियो। कैयौं हजार लास यत्र तत्र थिए। हात्ती, घोडा तथा नरशिर जतातै देखिए। ओरिपरि स्त्री रोदन भयंकर थियो। रगत मासुका निमित्त आतुर स्याल, गिद्ध, काग आदि जङ्गली जनावर रमाउँदै मासु लुछ्दै र आपसमा डारडुर गर्दै थिए। गान्धारीलाई हेर्न नै नसकिने जस्तो भयो। बाल बच्चा तथा आमाहरूको रोदन अति थियो। उनले यी सबैको विजोक देखेर भगवान् श्रीकृष्णसँग स्वयं विलाप गरिन्। विलाप गदागर्दै गान्धारीको विरक्ति तथा रिस दुवैले सीमा नाघ्न पुग्यो क्यारे भगवान् श्रीकृष्णलाई सम्बोधन गरेर श्राप दिन थालिन्।

"हे महाबाहु ! हे मधुसूदन ! तिमी शक्तिशाली हौ। तिमीसँग धेरै सेना थिए र सेवक थिए। दुवै पक्षलाई मनाउन सक्ने खुबी तिमीसँग थियो। तिमी शास्त्र जानेका थियौ र महात्माहरूका बात सुनेका थियौ। यी सबै भएर पनि स्वेच्छाले कुरुकुलको नाश भयो। तिमी सहिरह्यौ। जाने बुझेर पनि यो वंशको विनाश हुन दियौ। यो तिम्रो ठूलो अपराध हो। यस कारण तिमी यसको फल ग्रहण गर।

हे सुदर्शनचक्रधारी ! हे गदाधारी ! हे केशव ! मैले पतिसेवाबाट जति तप प्राप्त गरेकी छु त्यो दुर्लभ तपोबलबाट तिमीलाई श्राप दिन्छु। हे गोविन्द ! तिमीले आफू आफूमा मार काट गर्ने कौरव तथा पाण्डवलाई हेरिरह्यौ। यस कारण तिम्रा आफ्ना भाइ बन्धुहरूको पनि विनाश गर्नेछौ। हे मधुसूदन ! आजको छत्तीसौं वर्ष आउनासाथ तिम्रा कुटुम्ब, मन्त्री तथा छोराहरू आपसमा लडेर मर्नेछन्। तिमी अनाथ तथा सहाराहीन भएर वन वनमा विचरण गर्न बाध्य हुनेछौ। कुनै निन्दित उपायद्वारा मृत्यु प्राप्त गर्नेछौ।"

आजीवन तपस्या, सत्य, क्षमा र धर्ममा रहेकी महारानी गान्धारीले क्रोधवश यसरी देवकीनन्दन वासुदेव श्रीकृष्णलाई यति ठूलो श्राप दिएको वर्णन महाभारत महाकाव्यमा छ।

गान्धारीको श्राप सुनेका भगवान् श्रीकृष्ण भन्नुहुन्छ– मलाई थाहा छ, यस्तो हुनेवाला छ भन्ने। जे हुनु थियो तिमीले त्यही भन्यौ। हो, वृष्णिवंशका यावदहरू दैवबाटै नष्ट हुनेछन् । किनकि यावदहरू कुनै मान्छे, राक्षस वा देवताबाट पनि नमारिने छन् त्यसैले आपसमा लडेर मारिनेछन् र यस कुलको नाश हुनेछ ।

महात्मा विदुर

महाभारत महापुराणमा महात्मा विदुरको प्रसङ्ग आउँदा थाहा हुन्छ महात्मा विदुर एउटा विद्वान् र नीति निपुण व्यक्तित्व हुन् र धर्मात्मा तथा सज्जन हुन्। उनले जीवन भर धर्म र नीतिभित्र रहेरै कर्म गरेको देखिन्छ। महाभारत सम्भव पर्वमा विदुरको जन्मको विवरण दिइएको छ।

महाराज शान्तनुका पुत्र देवव्रतले आफ्ना पिताश्रीको इच्छा पूरा गर्न आजीवन ब्रह्मचर्यमा रहने प्रतिज्ञा गरे। भाइ विचित्रवीर्यका सन्तान नभएपछि माता सत्यवतीमा राजवंश नै समाप्त हुने खतराले पिरल्यो। विचित्रवीर्यको क्षेत्रबाट सन्तान उत्पन्न गर्ने प्रसङ्ग आयो। देवव्रत भीष्मकै परामर्शमा राजमाता सत्यवतीले उनका जेष्ठपुत्र व्यासलाई बोलाएर बुहारीहरू मार्फत सन्तान उत्पन्न गर्न भनिन्। व्यासले मञ्जुर गरे। बुहारीलाई पनि उनैले मञ्जुर गराइन्। उचित समयमा महर्षि व्यास आए। समागमका लागि अम्बिकालाई पठाइयो व्यास समक्ष। त्यति बेला राजकुमारीका मनमा भय वा लज्जाले वास गरेको कारण उनले दृष्टि अन्यत्र नै मोड्न पुगिछन्। काम सकियो व्यास जानलाग्दा सत्यवतीले नतिजा जान्न चाहिन्। व्यासले भने पुत्र त प्राप्त हुन्छ हुन्छ, बलवान् पनि हुन्छ र विद्वान् पनि हुन्छ तर समागम समयमा नानीले दृष्टि अन्यत्र लगेका कारण बालक अन्धो हुन्छ। हस्तिनापुरको राजा बनाउन यति गरिएको बालक अन्धो हुने भएपछि राजमातालाई सन्तुष्टि हुन सकेन। अर्को बच्चा जन्माउन लगाउने मन भयो। उनले पुनः आदेश दिइन् व्यासलाई। यो पटक लाज वा कुनै अरू कुराको भय भयो कि राजकुमारी सेती भइछन्। व्यासले आमासँग भने अहिलेको बालक पाण्डु हुन्छ।

राजमाताले पुनः एउटा बालक दिन अनुरोध गर्दा राजकुमारी आफू गइनन् र एउटी सुन्दरी दासीलाई पठाइन्। त्यो पटक विदुर जन्मेका हुन्। विदुर गर्भमा रहनासाथ महर्षिले दासीलाई भनेका हुन्— "अब तिमी दासी होइनौ अरू राजकुमारी सरहकी भयौ। तिम्रो कोखबाट जन्मने बालक

बुद्धिमान् र धर्मात्मा हुनेछ। यो बालक लोकमा बुद्धि, नीति र धर्ममा सर्वश्रेष्ठ हुनेछ।"

यसरी विचित्रवीर्यको क्षेत्रबाट व्यासजी मार्फत धृतराष्ट्र पाण्डु र विदुरको जन्म भएको हो। तसर्थ यी तीनजना भाइ भाइ हुन्। यिनीहरू देवकुमार जस्ता सुन्दर र तेजस्वी थिए। यी नै तीन भाइ कुरुवंशका उद्धारक भएका हुन्। गंगापुत्र भीष्मले यिनीहरूलाई राम्रोसँग शिक्षादीक्षाको बन्दोबस्त गरेका थिए। त्यसले यिनीहरू विद्वान् पनि बने।

महात्मा विदुर जब विवाह योग्य भएका थिए गंगापुत्र भीष्मकहाँ एउटा खवर आयो। राजा देवककहाँ एउटी अति योग्य कन्या छन्। जो शूद्र जातकी स्त्रीको गर्भबाट ब्राह्मणको वीर्य मार्फत जन्माइएकी हुन्। उनी सुन्दरी छन् र मस्त युवती छन्। यो सुनेपछि भीष्मजीले ती कन्या मागेर ल्याए। विदुरसँग विवाह गराइदिए। विदुरले ती स्त्रीबाट छोराहरू जन्माए। महाराज धृतराष्ट्रले आफ्ना भाइ विदुरलाई महामन्त्रीका रूपमा नियुक्त गरेका हुँदा विदुरले बुद्धिमत्ता पूर्वक र इमान्दारी पूर्वक हस्तिनापुरको भलो चिताएर काम गरेका विविध प्रसङ्ग महाभारतमा आउँछन्।

दुर्योधनका कारण धृतराष्ट्रपुत्र तथा पाण्डुपुत्रका बीच कटुता शुरू मात्र भएन दुर्योधन पक्ष पाण्डवहरूलाई सखापै पार्ने षडयन्त्रमा लाग्न पुग्यो। महाराज धृतराष्ट्र बाहिर बाहिर पाण्डवहरूसँग पनि पुत्रवत् व्यवहार गरेको देखाउन चाहन्थे तर उनी पनि दुर्योधन, शकुनि कर्णहरूका कुरामा लागेर षड्यन्त्रकारी नै बनेका थिए। षड्यन्त्र पूर्वक नै उनले पाण्डुकुमारहरूलाई माता कुन्ती सहित वारणावत जाने आज्ञा दिए जहाँ लाक्षागृहको निर्माण भएको थियो। त्यहीँ बस्ने प्रबन्ध भएको थियो। त्यस बखत विदुरले सुरुङमार्ग मार्फत पाण्डवहरूलाई बच्न अनेक उपायबाट सगाएका हुन्।

पाण्डवहरू त्यहाँ पुगेर बसेपछि एक रात लाक्षागृहमा आगो लगाइयो। पाण्डवहरू माता कुन्ती सहित जलेर भस्म भए भनेर दुर्योधन आदि रमाए तर पाण्डवहरू बचेका थिए। उनीहरू वन वन चाहार्दै रहे। राजा द्रुपदकी पुत्री द्रौपदीको स्वयंवरमा गएर द्रौपदीसँग विवाह भएको खबर आएपछि कौरवहरू एकाएक आत्तिन पुगे। यसै क्रममा महाराज धृतराष्ट्रले आफन्तहरूसँग सरसल्लाह गरी पाण्डवहरूलाई हस्तिनापुर बोलाउने निधो भएपछि कसलाई

पठाउने पाण्डवहरूलाई लिन भन्दा विदुरको नाम आयो। विदुर पाण्डवहरूलाई लिन द्रुपदको राज्यमा गए। महात्मा विदुरको बुद्धिमत्तापूर्ण कुराबाट प्रसन्न भएका पाण्डवहरू हस्तिनापुर आए र आधा राज्य स्वीकार गरी इन्द्रप्रस्थ गए।

पाण्डवहरू इन्द्रप्रस्थ गएर शान्त भएर बसे। त्यहाँ उनीहरूले राज्यको विकासका धेरै काम गरेका हुँदा उनीहरूको यश चारैतिर फैलियो। पाण्डवहरूको किर्ति फैलिएको सहन नसकेर दुर्योधनले कपटी शकुनिको सल्लाहमा जुवा खेल्न निमन्त्रणा दिने जाल रचना गऱ्यो। छलकपटपूर्ण जुवा खेलाएर उनीहरूको राज्य छिन्ने सल्लाह थियो। त्यो पटक पनि पाण्डवहरूलाई बोलाएर ल्याउने काममा महात्मा विदुरलाई पठाइयो। निष्पाप विदुर आज्ञालाई शिरोपर गरेर उहाँ गए। जुवा खेल्न खेलाइन हुँदैन भनेर विदुरले जति तर्कपूर्ण सुझाव दिएका भए पनि धृतराष्ट्र पक्षले सुनेन। आखिर विदुरले जुवा खेल्न आउन युधिष्ठिरलाई बोलाउनै पऱ्यो बोलाए। जुवा खेलाइयो खेलियो। परिणाममा पाण्डवहरूले सर्वस्व हारे। द्रौपदी समेत जुवामा दाउमा राखेर हारेपछि द्रौपदीको वस्त्रहरण जस्तो घृणित कार्य समेत भयो। पाण्डवहरू वनवास र गुप्तवासमा जान पर्ने दाउ पनि राखियो र छलपूर्ण तवरले हराइयो। पाण्डवहरू वनवास र गुप्तवासमा गए। त्यति बेला महात्मा विदुरले धृतराष्ट्रलाई भनेका छन्:-

नि कृतस्यापि ते पुत्रैर्हृते राज्ये धनेषु च।
न धर्माच्चलते बुद्धिर्धर्मराजस्य धीमतः॥

(अनुद्यूत पर्व ८०।१०)

विदुरले भनेका छन् "महाराज ! तपाईंका छोराहरूले छलकपटपूर्ण काम गरेर पाण्डवहरूको राज्य धन सबै थोक गयो तापनि धर्मराज युधिष्ठिरको बुद्धि धर्मबाट विचलित भएको छैन।

पाण्डवहरूलाई वनवासी बनाइएपछि कपटी महाराज धृतराष्ट्रलाई पश्चात्तापले सतायो। उनले विदुरलाई बोलाएर सोधे "आम नागरिक तथा हाम्रा शुभचिन्तकहरू समेत हामीलाई नै दोषदृष्टिले हेर्दैछन्। यो अवस्थामा मैले के गर्न ठीक हुन्छ बताऊ विदुर।"

विदुरले आफ्नू विचार राखे। उनले भनेका थिए पाण्डवहरूलाई फिर्ता बोलाएर उनीहरूको राज्य फिर्ता दिनुपर्दछ र उनीहरूका साथ मेलमिलाप पूर्ण तरिकाले दुर्योधन आदिले स्वच्छ व्यवहार गर्नुपर्दछ। साथै शकुनिलाई

तिरष्कार गर्नुपर्दछ। तर धृतराष्ट्रले मानेनन् विदुरबाट आएका सुझावपूर्ण कुरालाई।

पाण्डवहरूको वनवास तथा गुप्तवास सकियो। अब के गर्ने भन्ने सम्बन्धमा आफन्तहरूसँग राय सल्लाह लिइयो। महाराजसँग वार्ता गरेर पाण्डवहरूको राज्य फिर्ता गरिनुपर्दछ धृतराष्ट्रपक्षले भन्ने र त्यहीं पाण्डवहरू रहनु पर्दछ भन्ने समेतका सल्लाह प्राप्त हुन आए। यसैकारण अब को मार्फत कुरा गर्ने भनेर दूतहरू आदान प्रदान गर्ने कार्य भयो। एक पटक धृतराष्ट्रबाट दूत बनाएर सञ्जयलाई पाण्डवहरूकहाँ पठाइएको थियो। सञ्जय त्यहाँ पुगेर फर्केका दिन धृतराष्ट्रकहाँ गए। धृतराष्ट्रबाट आज्ञा भयो "सञ्जय ! आज तिमी घरमा गएर आराम गर। भोलि कौरव सभामा अजातशत्रु युधिष्ठिरको सन्देश सुनौंला।" सञ्जयलाई पठाएपछि धृतराष्ट्रको मनमा युधिष्ठिर आदि पाण्डवहरूबाट जरुर चर्को सन्देश आएको छ भन्ने लागेको थियो। "जसको साथमा खोटे मोहोर, उसैको मन धरमर" भन्ने नेपाली उखान जस्तै भएको थियो। उनलाई के गरुँ कसो गरुँ भयो। उनलाई आफ्नै कुकर्मले टोकिरहेको थियो।। उनले महात्मा विदुरलाई बोलाउन पठाए। विदुर आएपछि उनले भनेः–

सञ्जयो विदुर प्राज्ञो गर्हयित्वा च मां गतः।
अजातशत्रोः श्वो वाक्यं सभामध्ये च वक्षति॥

(उद्योग पर्व ३३।९)

धृतराष्ट्रले भनेका हुन्– "विदुर ! बुद्धिमान् सञ्जय आए। उनले मलाई केही भनेर गए। भोलि सभामा अजातशत्रु युधिष्ठिरका वचन सुनाउँछन्। आज मैले कुरुवीर युधिष्ठिरका कुरा बुझ्न सकिनँ। यसैले गर्दा मेरो मन भतभती पोलेको छ। मलाई निन्द्रा लाग्दै लागेन। म चिन्तित छु। मलाई कल्याणकारी बात सुनाऊ। किनभने हामीमा तिमी नै धर्म अर्थ र नीतिमा निपुण छौ। अतः भोलि तिमीले नै यो समस्या सुल्झाउन अवश्य पर्दछ। सञ्जय फर्केपछि मेरो मनमा शान्ति भएकै छैन। मन धुरमुरमै छ। भोलि उसले के के भन्ला यो मात्र चिन्ता छ।"

राजा धृतराष्ट्रका कुरा सुनेपछि नीतिज्ञ महात्मा विदुरले भनेका छन् "राजन् ! जसको आफूभन्दा बढी बलवान्सँग विरोध भएको छ त्यो साधनहीन

दुर्बल मान्छे जसको सबै थोक हरिएको छ, जो कामी छ र जो चोर हो उसलाई रातमा निन्द्रा लाग्दैन। राजन् ! तपाईंलाई पनि यी दोषसँग सम्पर्क त भएन ? कतै परधनको लोभमा तपाईंले कुनै कष्ट अनुभव गर्नुभएको त छैन ?

राजन् ! श्रेष्ठ लक्षणबाट सम्पन्न राजा युधिष्ठिर तिनै लोकका स्वामी हुन् सक्छन् उनी तपाईंका आज्ञाकारी पनि हुन्। उनलाई वनमा पठाउनुभयो। तपाईं धर्म जान्ने धर्मात्मा भएर पनि आँखाको ज्योतिबाट ठगिएका कारण उनलाई चिन्न सक्नुभएन। त्यसैले तपाईं उनको विपरीत हुनुभयो र उनको राज्यको उनको भाग दिन सक्नुभएन।

युधिष्ठिरमा क्रूरताको अभाव छ। तर दया, धर्म, सत्य र पराक्रम उनैसँग छ। तपाईंमा पूज्य बुद्धि राख्छन्। यी नै सद्गुणका कारण सोचि बुझि चुपचाप धेरै दुःख खेपिरहन्छन्। तपाईं दुर्योधन, शकुनि, कर्ण तथा दुःशासन जस्ता अयोग्य व्यक्तिहरूसँग बसेर राज्यभार लिइरहनुभएको छ। कसरी कल्याण चाहनुहुन्छ ?

आफ्नू वास्तविक स्वरूपको ज्ञान, उद्योग, दुःख सहन सक्ने र धर्ममा स्थिरता यी गुण जुन मानिससँग रहन्छन् त्यही मान्छे पण्डित कहलिन्छ। जो असलकाम गर्ने गर्छ खराव कामबाट टाढै रहन्छ जो आस्तिक र श्रद्धालु छ पण्डित हुने लक्षण हुन् यी। क्रोध, हर्ष, गर्व, लज्जा उद्दण्डता र आँफै ठूलो हुँ भन्ने भाव जसले त्याग्छ, जो आफ्नू पुरुषार्थलाई भ्रष्ट पार्दैन त्यही मान्छे पण्डित कहलिन्छ। अर्काथरी जो कर्तव्य सल्लाह, र पहिलेदेखि गर्दै आएको विचार जान्दैन बरु काम पूरा भएपछि जान्दछ ऊ पण्डित कहलिन्छ। सर्दी गर्मी भय अनुराग सम्पत्ति अथवा दरिद्रता यी जसको कार्यमा विघ्न पुऱ्याउन सक्दैनन् त्यही मानिस पण्डित कहलिन्छ। जसको लौकिक बुद्धि धर्म र अर्थको अनुशासन गर्दछ जो भोगलाई त्यागेर पुरुषार्थको वर्णन गर्दछ त्यो पण्डित कहलिन्छ। विवेकपूर्ण बुद्धिवाला पुरुष शक्तिअनुसार काम गर्ने इच्छा गर्दछ तथा कुनै पनि वस्तुलाई तुच्छ सम्झेर उसको अवहेलना गर्दैन त्यो पण्डित कहलिन्छ।

विद्वान् पुरुष कुनै विषयलाई राम्रोसँग सुन्छ, चाँडै सम्झन्छ, सम्झेर कर्तव्य बुद्धिबाट पुरुषार्थमा प्रवृत्त हुन्छ। कामनाबाट होइन। कसैले नसोधिकन अरूका विषयमा बोल्दैन पण्डितको मुख्य पहिचान यही हो।

पण्डितहरूको बुद्धि सम्झने मान्छे दुर्लभ वस्तुको कामना गर्दैनन्। हराएको वा नासिएको वस्तुलाई लिएर शोक गर्दैनन्। आपदमा घबडाउँदैनन्। जो निश्चय पूर्वक कुनै काम गर्छन् बीचमा रोकिँदैनन्, समय खेर फाल्दैनन्, चित्तलाई वशमा राख्छन् ती पण्डित कहिन्छन्।

भरतकुलभूषण ! पण्डितहरू श्रेष्ठ कर्ममा रुचि राख्छन्, उन्नतिका कार्य गर्छन्, र आफ्नो भलो गर्नेहरूप्रति दोष देखाउँदैनन्। जो आफ्नू आदर हुँदा हर्षित भएर फुलेल हुँदैनन् अनादर भयो भनेर जो आत्तिँदैनन् त्यस्ता सज्जन पण्डित कहलिन्छन्। सम्पूर्ण भौतिक पदार्थको राम्रो ज्ञान राख्ने काम गर्न जान्ने मान्छेमा सबैभन्दा बढी जानकार जो छ त्यो पण्डित मानिन्छ। जसको वाणी कहीं रोकिदैन जो विचित्र ढङ्गले कुरा गर्दछ तर्कपूर्ण प्रतिभावाला छ ग्रन्थहरूको तात्पर्य चाँडो बताउन सक्छ त्यो पण्डित कहलिन्छ। जसको विद्या बुद्धिको अनुसरण गर्दछ, बुद्धि विद्याको तथा जो शिष्ट पुरुषको मर्यादा उल्लंघन गर्दैन त्यसले पण्डितको उपाधि पाउन सक्छ।

पढाइ विनाको गर्व गर्ने, गरीव भएर पनि ठूला ठूला आशा गर्ने र कामै नगरी धनको आस गर्ने मानिसलाई पण्डितहरू मूर्ख मान्छन्। जो आफ्नू कर्तव्य छाडेर अरूको कर्तव्यमा लाग्छ, मित्रसँग असत्य आचरण गर्छ त्यो मूर्ख कहलिन्छ।

राजन् ! जसले आफूलाई चाहदैनन् तर ऊ त्यसलाई चाहन्छ र चाहनेलाई त्याग्छ आफूभन्दा बलवान्सँग शत्रुता कायम गर्छ उसलाई मूढ विचारको मानिस भनिन्छ। जो शत्रुलाई मित्र बनाउँछ मित्रसँग द्वेष भाव राखेर कष्ट पुऱ्याउँछ सधै खराव काममा मात्र मन लगाउँछ उसलाई मूढ चित्तवाला भनिन्छ। जो पितृश्राद्ध र देवपूजन गर्दैन जोसँग मित्रहरू भेट वार्ता गर्न इच्छा गर्दैनन् त्यसलाई मूढ चित्त भनिन्छ र मूढ चित्तवाला मान्छे विना बोलाहट कसैकहाँ जान्छ, नसोधेकै कुरा पनि बताउन अगाडि सर्छ, अपत्यारिलो मान्छेको विश्वास गर्छ। आफू दोषयुक्त काम गर्छ र अरूलाई दोष दिन्छ र रिस गर्छ त्यो मान्छे महामूर्ख हो। जो आफ्नू बलको विचार नगरी धर्मार्थ विरुद्ध तथा पाउन योग्य नभएको वस्तुको इच्छा गर्दछ त्यो मूढ बुद्धि कहलिन्छ।

यस्तै यस्ता नीतिका वचन धेरै सुनाएका छन् विदुरले महाराज धृतराष्ट्रलाई। महाभारत महाकाव्यमा यी कुराहरू रहेका छन्। यहाँ उद्योग

पर्वको तेत्तीसौं अध्यायका केही प्रसङ्ग राखिएको हो। यो अध्यायमा १२३ श्लोक रहेका छन्। त्यहींबाट ३८ श्लोकसम्मको भाव यहाँ ल्याइएको हो। महात्मा विदुरका नीति वचनको नमुना प्रस्तुत गर्ने यो आलेखको प्रमुख आशय हो। ४१ सौं अध्यायसम्म नै विदुरका नीति वचन रहेका छन्। यी नीतिहरूलाई नीति वचन भनिन्छ। यहाँ नमुनाका लागि केही विषय पस्केने प्रयास भएको हो।

राजा धृतराष्ट्र समक्ष विविध नीतिपूर्ण कुरा राखेका विदुरले एक ठाउँमा भनेका छन्:-

अंके कुरुष्व राजानं धृतराष्ट्रं युधिष्ठिरम्।
युध्यतो हि द्वयोर्युध्ये नैकान्तेव भवेज्जय॥
(उद्योग पर्व ३३।२७)

अर्थः- "महाराज धृतराष्ट्र ! तपाईं राजा युधिष्ठिरलाई आफ्नु काखमा लिनोस्। किनभने दुई पक्षमा युद्ध छेडियो भने विजय कसको हुन्छ यो भन्न सकिँदैन।

नीति सम्बन्धमा धेरै कुरा भनिसकेपछि विदुरले यो पनि भनेका छन्:-

राजा लक्षणसम्पन्नस्त्रैलोकस्यापि यो भवेत्।
शिष्यस्ते शासिता स्तो स्तु धृतराष्ट्र युधिष्ठिरः॥
(उद्योग पर्व ३४।८४)

अर्थः- महाराज धृतराष्ट्र ! राजलक्षणबाट सम्पन्न हुनाका कारण संसारकै राजा हुन सक्ने सुयोग्य व्यक्ति हजुरका प्रिय युधिष्ठिर नै हुन्।

विदुरले भगवान् श्रीकृष्णको प्रतापको लामू वर्णन गरेका छन्। धृतराष्ट्रलाई कृष्णका कुरा मान्न तर्कपूर्ण अनुरोध गरेका छन्। शान्ति न्याय धर्म आदिका कुरा गरेका छन् विदुरले।

विदुर धृतराष्ट्रका भाइ, महामन्त्री र विद्वान् हुनाका करण उनले विश्वास गर्थे। तर विदुरले युद्ध नहोओस् भनेर ज्यादै ठूलो अनुनय विनय गरेका भए पनि धृतराष्ट्र युद्ध रोक्न असर्थ भए वा नचाहेपछि विदुरले अन्तिम अस्त्र प्रहार सरह कुन्तीकहाँ गएर कर्णलाई सम्झाउन समेत भनेका छन्। कुन्तीले त्यसै गरिन् तर पनि युद्ध रोक्ने कुनै उपाय हुन सकेन।

अन्ततोगत्वा महाभारत महायुद्ध भएपै छाड्यो। पाण्डव पक्षको जीत भयो। अर्थात् धर्मको जय र अधर्मको पराजय भयो। पाण्डवहरूले हस्तिनापुरको राज काज सम्हालेपछि महाराज धृतराष्ट्र, महारानी गान्धारी वनवासमा गए। महात्मा विदुर पनि वन वन डुलेर तपस्यामै आफूलाई लगाइरहेका थिए। महाराज युधिष्ठिर तपस्वीहरूको अवस्था बुझ्न वनमा गएका बखत तपस्यारत महात्मा विदुरको पनि सम्झना गरे। विदुर निराहार तपस्यामा लीन भएको पाइयो। युधिष्ठिर काका काका ! भन्दै नजिक जाँदै थिए विदुर पर एउटा वृक्षको फेदमा टक्क उभिएको देखियो। त्यति नै बेला विदुरको शरीरबाट एउटा अनौठो जाज्वल्यमान तेज निस्कियो। त्यो तेज युधिष्ठिरतिर आयो। युधिष्ठिर उभिएर त्यो ज्योति हेर्दै थिए। ज्योति आएर युधिष्ठिरको शरीरमा समाहित भयो। महात्मा विदुरको इहलीला समाप्त भयो।

कुन्तीपुत्र कर्ण

महाभारत महापुराणमा तथा महाभारत महायुद्धमा एक वीर योद्धा तथा महादानी ठहरिएका एक महापुरुष हुन् कर्ण। कर्ण जीवनभर जस्तो एउटा सूतपुत्र तथा राधेय भएर रहे। उनी वास्तवमा कुन्तीपुत्र हुन् तर यो रहस्य रहस्यमै रहेको थियो। एक दुई जनालाई बाहेक अरूलाई थाहा थिएन। यो कुरा उनको जीवनको उत्तरार्धमा मात्र थाहा भएको छ। यद्यपि यो गुप्त रहस्य भगवान् श्रीकृष्णलाई थाहा थियो। कुन्तीलाई त थाहा नहुने कुरै होइन थाहा थियो। तर त्यो कुरा न कुन्तीले कसैसँग बताइन् न त भगवान् श्रीकृष्णले नै बताउनुभयो। कर्ण राधेय तथा सूतपुत्र भएरै बढे पढे र ठूला ठूला शस्त्रअस्त्र विद्याका ज्ञाता र सर्वश्रेष्ठ योद्धा बने। ठूलो ख्याति कमाए। उनको वास्तविक परिचय उनले मृत्यु वरण गर्ने समय नजिक पुगेर मात्र पाए।

यदुवंशीमा श्रेष्ठ कहलिएका हुन् शूरसेन। शूरसेन वसुदेवका पिता तथा भगवान् श्रीकृष्णका पितामह हुन्। उनकी एउटी छोरी जन्मिन्। उनको नाम पृथा राखियो। पृथा यो पृथिवीमा नै सबभन्दा राम्री कन्या ठहरिएकी थिइन्। शूरसेनले आफ्नू कबोल अनुसार पृथालाई कुन्तीभोज समक्ष सौंपेका हुन्। कुन्तीभोजकी पुत्रीका रूपमा पृथा रहेकी हुन्। पृथा कुन्तीभोजका घरमा देवता पूजा गर्ने सामाग्री तयार गर्ने तथा अतिथि सेवामा सक्रिय रहने बनेकी थिइन्। एक पटक कुन्तीभोजका घरमा ऋषि दुर्वासा आउनुभयो। पृथाले राम्रो सेवा गरिन्। सेवाबाट प्रसन्न भएका दुर्वासाले भावी संकटको विचार गरेर एउटा मन्त्र दिए पृथालाई। मन्त्र दिदै दुर्वासाले पृथालाई भनेः–

यं यं देवं त्वमेतेन मन्त्रेणावाहयिष्यसि।
तस्य तस्य प्रसादेन पुत्रस्तव भविष्यति॥
(सम्भव पर्व ११०।७)

अर्थः– शुभे ! तिमीले यो मन्त्रद्वारा जुन देवतालाई आह्वान गरौली उनको अनुग्रहले तिमी पुत्र प्राप्त गर्नेछौ।

अनायास यस्तो आशीर्वादका साथै मन्त्र पाएकी पृथा अर्थात् कुन्तीका मनमा जिज्ञासा आयो। त्यो मन्त्र कस्तो हो के हो परीक्षण गर्ने मन भएर आयो। यशस्विनी राजकन्याले ऋषिद्वारा प्राप्त मन्त्रको माध्यमबाट सूर्य देवको आह्वान गरेकी हुँदा तुरुन्तै भगवान् भास्कर उपस्थित हुनुभयो। किन बोलाइयो जस्ता कुरा भए। कुन्तीले आफ्ना मनका कुरा बताइन्। कुन्तीका कुरा सुनेर सूर्यले भने- "भद्रे ! मैले कुरा बुझें। म त्यही मन्त्रका कारण यहाँ आएको हुँ। म तिमीलाई पुत्रदान दिन नै आएको हुँ।"

कुन्ती पहिले तयार भइनन्। कसरी होउन् उनलाई लाज डर सबै कुराले अठ्ठेरो परेको थियो। कुन्तीका कुरा बुझेर सूर्यदेवले धेरै कुरा सम्झाए। यसै क्रममा भनेका हुन्- राजकुमारी ! सुन। तिमीलाई यस्तो पुत्र प्राप्त हुनेछ जो जन्मदैमा विशेष किसिमको कुण्डल तथा कवच सहित जन्मनेछ। पुत्र बडा स्वाभिमानी र दानी हुनेछ।

त्यसपछि उनीहरूको समागम भयो। तत्काल एउटा सुन्दर पुत्र जन्मन पुग्यो। नवजात शिशु जन्मदैमा कवच र कुण्डलयुक्त थियो। त्यही शिशु पछि महान् धनुर्धर दानवीर कर्ण भएर प्रख्यात भएको हो। कर्ण जन्मेपछि कुन्ती एउटा अठ्ठेरोमा परिन्। उनले आफ्नू अनुचित कार्यको फल सम्झेर इज्जत जोगाउने उद्देश्यले शिशुलाई नदीमा बगाइदिइन्।

नदीमा बगाइएको शिशु महायशस्वी सूतपुत्र अधिरथले फेला पारे। अधिरथ र उनकी पत्नी राधाले कर्णको पालन तालन गरे। त्यो कवच कुण्डल सहितको बालक निर्वाध रूपमा हुर्क्यो बढ्यो। सबै प्रकारका शस्त्र विद्यामा निपुण पनि भयो।

लामू समयपछि एक दिन कर्णले राती सपनामा सूर्य भगवान्लाई देखे। सूर्यले कर्णसँग भने- इन्द्र ब्राह्मणको भेषमा तिमीसँग केही माग्न आउनेछन्। त्यसरी आएर भिक्षा मागे भने भिक्षा नदिनु। उ तिम्रा यी कवच र कुण्डल फुत्काउन आउने हुन्।

सूर्यको यो कुरा सुनेर कर्णले भने- प्रभु ! त्यस्ता याचकलाई रित्तो हात त म पठाउन सक्दिनँ अवश्य। तसर्थ आज्ञा होस् म के गरुँ ?

कर्णका कुरा सुनेर सूर्यदेवले यसो भनेः-

यदि यस्तो भयो भने इन्द्र पनि तिमीलाई केही वर दिन खोज्लान्। त्यति बेला तिमीले सम्पूर्ण अस्त्रशस्त्रको निराकण गर्ने वर माग्नु।

एक पटक त्यस्तै भयो। ब्राह्मण रूपमा इन्द्र आएर कर्णसँग उनका कवच कुण्डल मागे। कर्णले आफ्नू शरीर समेत काटेर कवच कुण्डल इन्द्रलाई दिएर पठाए। इन्द्र प्रसन्न भएर केही माग भनेपछि कर्णले वर मागे। इन्द्र कर्णलाई वर दिएर गए। पहिले कर्णको नाम वसुषेण थियो। यो कार्यपछि उनी कर्ण भएका हुन्।

सूतपुत्र तथा राधेय भनिएकोमा कर्णलाई किञ्चित् मात्र पनि हीनता बोध वा अपमान केही अनुभव भएको थिएन। अधिरथलाई पिता र राधालाई माता मानेरै कर्ण बढे, पढे र ठूलो धनुर्धर बने। शस्त्रअस्त्र तथा अन्य विद्यामा निपुण बनेका हुन् कर्ण। उता कुन्तीपुत्र अर्जुनका प्रतिस्पर्धी पनि बनेका थिए कर्ण। समय समयमा कर्णको तेजोवध गर्ने प्रयत्न हुन्थ्यो तर पनि मन मैलो हुन दिएनन् कर्णले। उनी राजकुमार दुर्योधनका प्रिय मित्र बन्न पुगेपछि एउटा देशको राजा समेत बनाइए। घटना दुर्घटनाहरू एकपछि अर्को गर्दै बढ्दै गएपछि महाभारत महायुद्ध नै हुनपुग्यो। यो महायुद्धमा कर्ण कौरव पक्षबाट युद्धमा सामेल भए।

कर्ण बुझ्ने भएपछि पनि उनलाई म आफ्नी आमाको स्नेह पाएर, उनको स्तन चुसेर हुर्केको होइन, त्यस्तो हुन पाइनँ जस्ता पीडानुभूति हुन पाएको थिएन तापनि अरूले हेर्दा वास्तवमा उनी अभागी हुन्। कारण उनलाई उनकी जन्म दिने आमाले जन्मनासाथ नदीमा बगाइदिएकी हुन्। कर्ण माथि मान्छे देवता सबैले अन्याय गरेकै हुन्। स्वयं भगवान् श्रीकृष्णले र जननी कुन्तीले पनि त्यति लामू जीवन भर कुनै संकेतसम्म पनि नगरेका र महाभारत युद्धको पनि उत्तरार्धमा आएर ती गोप्यताहरूको पोल खोलिदिएकाले धर्म संकटमा परेका हुन् बिचरा कर्ण। तर यसो भए पनि निष्ठावान् हुनाका कारण कर्णले आफ्नो सिद्धान्त बदलेनन्। अडिग रहेर महाभारत युद्धमा कौरवसेनाको सेनापति समेत भइ इतिहास पुरुष भएरै मृत्यु वरण गरे।

महारथी कर्ण अर्थात् कुन्तीपुत्र कर्ण शूरवीर थिए। दानवीर थिए धर्ममा आस्था राख्थे र मित्रप्रति समर्पित थिए कर्ण। उनी पाण्डव विरोधी भने अवश्य थिए। पाण्डवहरूसँग जीवनका हरक्षेत्र र समयमा आम्ने साम्ने हुन परेको हो कर्णलाई। पराजय कर्णकै हुन्थ्यो तापनि उनी हरेस खाँदैनथे।

दुर्योधनका प्रिय मित्र र विश्वासी थिए कर्ण। परन्तु महाभारत युद्धमा कौरवपक्षको सेनापति हुनु अगावै माता कुन्ती उनीकहाँ गएर म तिम्री आमा हुँ भन्दै रहस्य खुला गरिदिइन्। कर्णलाई साँच्चैको धर्मसंकट परेको हो। यसै भएर उनले आमासँग भनेका हुन्– "हे माते ! तपाईं अहिलेसम्म पाँच पुत्रकी आमा बनेर आउनुभएको हो। यो युद्धपछि पनि पाँच पुत्रकी आमा नै बन्नुहुनेछ। मलाई त वास्तवमा तपाईंले पुत्र मान्नुभएको थिएन। त्यसैले पाँच पुत्रकी माता रहिरहनु हुनेछ। कारण म यो युद्ध लड्दै आएको हुँ, अझै लड्छु। लडे पनि म अरू भाइलाई मार्नेछैन। मैले सके अर्जुनलाई मार्छु, अर्जुनले सके मलाई मार्छन्। जे भए पनि तपाईंका छोरा पाँचका पाँचै रहने निश्चित छ।

महाभारत युद्धमा भीष्म पितामह अर्थात् गंगापुत्र भीष्म शरशय्यामा लेटेपछि त्यो युद्धको सेनापति गुरु द्रोणाचार्य भए। द्रोणाचार्यलाई वीर गति प्राप्त भएपछि महावीर कर्ण सेनापति भएका हुन्। यति बेला कौरव पक्षमा ठूलो नैरास्य छाएको थियो। महावीर कर्णले अत्यन्त ठूलो साहस देखाउँदै पाण्डवहरू सखाप पार्ने दृढता देखाउँदा दुर्योधनमा आशाको दियो बलेझैं भएको थियो र कौरव सेनामा पुनः शक्ति सञ्चार भएझैं भएको थियो। उता अर्जुन भगवान् श्रीकृष्णको आशीर्वाद पाएका र कृष्णको संरक्षण पाएका छदै थिए। तसर्थ घमासान युद्ध भयो दुई भाइ बीच। सारै ठूलो र डरलाग्दो युद्ध भए जस्तो भयो यो युद्ध। बराबर क्षमताका दुई वीरको युद्ध बुझिएको हो यो दिनको युद्ध। त्यसै दिन भीमसेनद्वारा दुःशासन मारिएको हुँदा दुर्योधन पनि सारै ठूलो रिस र प्रतिशोधको आगोमा नै रहेका थिए। एक्कासी शल्यद्वारा हाँकिएको सेनापति कर्णको रथ भुइँमा धसिन पुग्यो। कर्ण रथबाट झरेर उचाल्न जति प्रयास गरे पनि रथ उचालिएन। कर्णले रथबाट अगाडि सर्दै अर्जुनसँग भने "हे धर्मात्मा अर्जुन ! तिमी हामी धर्मयुद्ध लडिरहेका छौं। अहिले मेरो रथ धसिएको छ। मैले युद्ध गर्ने साधन गुमाउनु परेको छ। अतः मैले रथ ननिकालेसम्म ममाथि हतियार प्रहार नगर। एक छिन पख।"

कर्णले जति जे भने पनि अर्जुनले मानेनन्। युद्धभूमिले पहिले नै धर्ममा कलंक लगाइसकेको थियो। त्यसका अनगिन्ती प्रमाण मनमा ल्याउँदै र भगवान् कृष्णको आशय विचार गरेर अर्जुनले कर्णको घिच्रो ताकेर बाण

हाने। त्यो बाणले कर्णको घाँटी चटक्कै छिनायो। कर्णको सुन्दर एवं तेजोमय शरीर युद्ध मैदानमा ढल्यो।

हस्तिनापुर दरबारमा रहेर दिव्य दृष्टिबाट कुरुक्षेत्रको युद्ध हेर्दै महाराज धृतराष्ट्रलाई वताइ रहेका सञ्जयले आजको युद्ध हेर्दाहेर्दै महाराजसँग यसो भनेका छन्:-

तत् प्रापतच्चाञ्जलिकेन छिन्न
मथास्य कायो निपपात पश्चात्।
ददुत्यतादित्यसमानतेजसं
सरन्यभोमध्यगभास्करोपमम्॥

वराङ्गमुर्व्यामपतच्चमूमुखे
दिवाकरोस्तादिव रक्तमण्डलः॥

(कर्ण पर्व ९१।५२)

आञ्जलिकबाट काटिएको त्यो शिर पृथ्वीमा पल्टियो, त्यसै गरी शरीर पनि धराशायी भयो। जसरी अस्त हुने अवस्थामा सूर्य अस्ताचलमा जान्छन् त्यसै गरी कर्णको धप्धपाउँदो शरीर सेनाहरूको अगाडि भुइँमा पसारियो।

हस्तिनापुरनरेश युधिष्ठिर

महाभारत महायुद्धका विशेष विशेषता भएका महापुरुषहरूको चर्चा गर्ने क्रम यहाँ चलिरहेको छ। यसै क्रममा आउने एक जना प्रमुख हस्ति हुन् हस्तिनापुर नरेश कुन्तीपुत्र महाराज युधिष्ठिर। युधिष्ठिरका विषयमा धेरै राम्रा राम्रा प्रसङ्गहरू आउँछन् महाभारत महाकाव्यमा। यसका खास कारणहरूमध्ये प्रमुख कारण हो युधिष्ठिर सत्यवादी हुन् धर्मात्मा हुन्, शूरवीर हुन् र राजकीय गुणहरूले ख्याति पाएका सज्जन हुन्। उनको जीवनीमा धेरै जसो यस्तै प्रसङ्गहरू आउने गर्छन्। उनको जीवन बडो महत्त्वपूर्ण छ र जान्नपर्ने खालको छ ।

हस्तिनापुर महाराज विचित्रवीर्यका सन्तान नहुँदा वंश नै सखाप हुने डर भयो महारानी सत्यवतीलाई। सत्यवतीले आफूले ऋषि पराशरको वीर्यबाट उत्पन्न गरेको पुत्र महर्षि व्यासलाई सम्झना गरिन्। व्यास उपस्थित भएपछि विचित्रवीर्यका पत्नीहरूबाट सन्तान उत्पादन गरेर आफ्नो वंशवृक्षको रक्षा गर्न भनिन्। बुहारीहरूलाई पनि यो कार्यमा राजी हुने आदेश दिइन्। महर्षिको वीर्यबाट पहिलो पुत्रका रूपमा जन्मन पुगे धृतराष्ट्र। उनी अन्धा हुने पनि थाहा भयो र अन्धा राजाबाट राजकाज चलाउन कठिन हुने देखिन् सत्यवतीले र अर्को पुत्र जन्माउन आदेश दिइन्। अर्की बुहारीलाई मनाइन्। बुहारी मानिन् तर समागम समयमा किन हो उनी आत्तिइन्। उनको अनुहारमा गोरो पन आयो अर्थात् सेती भइन्। त्यसैले पाण्डु गोरो रूप लिएर जन्मे। गोरो वर्ण भएपनि पाण्डु शूरवीर र विद्वान् भएर निस्केका हुन्। त्यसैले पाण्डु हस्तिनापुरका राजा बनाइएका हुन्।

पाण्डु राजा भएपछि उनले काका भीष्म तथा भाइ विदुरको समेत उचित सल्लाहमा आफ्नू राजकाज कर्म सारै राम्रोसँग चलाएर ख्याति कमाएका हुन्। भनिएको छ महाभारतमा पाण्डुमा सिंहमा जस्तै अभिमान थियो। आँखा साँढेका जस्ता ठूला र तेजिला थिए। बलशाली त्यत्तिकै थिए महाराज पाण्डु। भगवान् सूर्यको जस्तै तेज थियो। यस्ता अति योग्य महाराज पाण्डुको महारानी

कुन्ती तथा माद्रीसँग विवाह भएको थियो। राजा पाण्डु देवकुमार जस्तै तेजिला थिए। उनले धेरै राज्यमाथि विजय प्राप्त गरेर प्रशस्त सेना, शस्त्रअस्त्र, मणिमाणिक्य आदि बहुमूल्य द्रव्यादि सबै थोकको बन्दोबस्त गरेर आफ्नू राज्यलाई शत्रु रहित समेत बनाएका थिए। उनको यश सर्वत्र फैलिएको थियो। पाण्डुले त्यसरी आर्जन गरेको यश, धन र राज्य आफ्ना दाजु धृतराष्ट्रको अनुमति लिएर माता अम्बिका तथा अम्बालिकाका पाउमा दाखिला गरे। धर्मात्मा पाण्डुले त्यो सम्पत्तिबाट अन्य स्वजनहरूलाई पनि खुसी पारे। पाण्डुले आलस्यलाई जितेका थिए। उनले रानीहरूको रुचि अनुसार राजमहल छाडेर वनमा रहन थाले। वनमा रहदा पाण्डु सिकार खेल्ने गर्दथे।

एक समय राजा पाण्डु मृग आदि जंगली जनावरले भरिएको वनमा सिकार खेल्ने उद्देश्यले गए। त्यसरी जाँदा पाण्डुले मृगहरूका बीचमा एउटा मृग आफ्ना बगालमा रहेर मृगिणीसँग मैथुन गरिरहेको देखे। उनले त्यो मृगलाई बाण हाने। मृग कोही जंगली मृग मात्र थिएन, ती त मृगको रूप लिएर वन विहार गर्न गएका एउटा ऋषिपुत्र थिए। उनी आफ्नी मृगिणीरूप पत्नीसँग मैथुन कार्य गर्दै आनन्द लिइरहेका थिए। राजालाई पछि थाहा भयो। पाण्डुको बाणबाट घायल भएको मृग मान्छे झैं बोल्न थाल्यो। विलाप गर्न थाल्यो। धर्म, न्याय आदिका धेरै कुरा गर्दै अन्त्यमा मृगरूपधारी ऋषिपुत्रले पाण्डुलाई यसरी श्राप दिए:-

वर्तमानसुखे दुःखं यथाहं प्रापितस्त्वया।
तथा त्वां च सुखं प्राप्तं दुःखमभ्यागमिष्यसि॥
(सम्भव पर्व ११७।३३)

अर्थ:- म सुखमा मग्न थिएँ यस्तो अवस्थामा मलाई मार्ने उद्देश्यले बाण चलायौ। तिमीले मलाई जसरी दुःखमा पाऱ्यौ त्यसै गरी तिमी पनि आफ्नी पियारी पत्नीहरूसँग समागम गरी जब सुख प्राप्त गरौला त्यो सुख प्राप्त गर्दा तिमी माथि ठूलो दुःख आइपर्नेछ। तिमी मर्नेछौ।

मृगरूप धारी ऋषिपुत्रले यसरी राजालाई श्राप दिएर आफूले मृत्यु वरण गरे। यो श्रापले गर्दा राजा पाण्डु, पत्नीसुखबाट वञ्चित भए। फसाद पऱ्यो। सन्तान भएकै थिएनन्। के गर्ने कसो गर्ने भयो। राजा पाण्डु वानप्रस्थाश्रमका नीति नियम पालन गरेर बस्न थाले। उनले महान् ज्ञान हासिल गरे। पत्नी

कुन्ती र माद्री राजा सँगै रहेर सेवा गर्दै थिए। सन्तान नहुँदा राजा रानी सबै चिन्तित हुने कुरा स्वभाविकै हो।

वानप्रस्थ धर्ममा रहेका राजा पाण्डुले एक दिन कुन्तीसँग भने "हे प्यारी कुन्ती ! हे शुभे ! मैले धर्म शास्त्र, पूर्वजहरूका भनाइ र व्यवहार समेतका आधारमा रहेर सन्तान प्राप्त गर्ने एउटा उपाय सोचेको छु। म त्यो कुरा भन्छु। तिमी मेरो कुरा मानेर पुत्र प्राप्त गर्ने काम गर। यद्यपि म मैथुनरत मृगरूप ऋषिपुत्रको वध गरेका कारणले तिमीसँग मैथुन गरी गर्भ धारण गराउन असमर्थ छु तापनि पुत्र प्राप्त त गर्नै पर्दछ। त्यस कारण तिमीले म सुहाउँदो कुनै पुरुषसँग सम्भोग गरेर मेरो क्षेत्रबाट पुत्र पैदा गर। पाण्डुको आग्रहलाई शिरोपर गरेर मुसुक्क मुस्काएकी कुन्तीले महाराज पाण्डुसँग भनिन् "आज्ञा शिरोपर छ, म कोसिस गर्दछु।"

कुन्तीसँग उनको बाल्यकालमै महर्षि दुर्वासाले दिएको मन्त्र थियो। त्यो मन्त्र अनुष्ठान गरेर कुनै पुरुषलाई सम्झना गर्दा त्यो पुरुष हाजिर हुन्थ्यो। कुन्तीले मन्त्र अनुष्ठान गरेर धर्मराजलाई सम्झना गरिन्। धर्मराज उपस्थित भए। धर्मराजले कारण सोध्दा कुन्तीले पुत्रको कामना गरिन्। धर्मराजले कुन्तीको आग्रह अनुसार सम्भोग गरेर यस्तो पुत्र दिए जो समस्त प्राणीको हित गर्नेवाला भए। हो ती पुत्र हुन् महाराज युधिष्ठिर। उता गान्धारीले गर्भ धारण गरेको एक वर्ष हुँदा सम्म पनि प्रसव भएको थिएन। यता धर्मराज युधिष्ठिरको जन्म भयो। त्यसले गर्दा धृतराष्ट्र र पाण्डुका छोराहरूमा जेठा हुन गए महाराज युधिष्ठिर। युधिष्ठिर जन्मनासाथ आकाशवाणी भएको थियो "यो बालक श्रेष्ठ पुरुष, धर्मात्माहरूमा अगुवा, पृथ्वीका राजाहरूमा महान् पराक्रमी र सत्यवादी हुनेछ। यो बालक जो पाण्डुको जेठो छोरो छ यो तीनै लोकमा प्रख्यात, यशस्वी तेजस्वी तथा सदाचारी हुनेछ।"

युधिष्ठिरपछि धृतराष्ट्रका सय छोरा र पाण्डुका चार छोराहरूको जन्म भयो। जेठा छोरा भएकाले युधिष्ठिरको काँधमा विशेष जिम्मेवारी हुने नै भयो। युधिष्ठिर एक सय चार भाइका दाजु हुनाका साथै युवराज पदवी पाउने अधिकारी पनि बने। तर महाराज धृतराष्ट्र स्वयं यो विषयको पक्षमा थिएनन्। शुभ चिन्तकहरूको आशय र डरबाट सोझै विषयलाई नकार्न सकेका थिएनन्। उता टुहुरा युधिष्ठिर बाल्य कालदेखि नै सदाचारी, इमान्दार

र चलाख भएर निस्केका हुन्। पाण्डुको निधन र माद्रीको सतीगमनपछि ऋषिहरूले पाण्डवहरूलाई हस्तिनापुरमा लिएर गए। ऋषि महर्षिहरूले पाण्डवहरूलाई भीष्म तथा धृतराष्ट्रका जिम्मा लगाएर फर्के।

युधिष्ठिर भाइहरूका साथ खेल्दाखेल्दै पनि उच्च विचारका र सत्यवादी देखिएका हुन्। अध्ययन योग्य भएपछि युधिष्ठिर लगायतका सबै कुमारहरू गुरु द्रोणाचार्यबाट शिक्षा दीक्षा ग्रहण गर्न थाले। यति बेला युधिष्ठिरलाई महाराज धृतराष्ट्रले धृति, स्थिरता, सहिष्णुता, दयालुता, सरलता तथा अविचल सौहार्द्रताका ठहऱ्याएर युवराज पदमा नियुक्त गरे। यति बेला युधिष्ठिरले बुद्धिमत्तापूर्ण व्यवहार गरेर देखाए। युधिष्ठिरको शालीनता देखेर महाराज धृतराष्ट्र स्वयं चिन्ता लिन थाले। सानै उमेरदेखि नै कुमार दुर्योधन र कुमार भीमको मेल हुन सकेको थिएन। त्यसैले कुमार दुर्योधन युधिष्ठिरसँग समेत नमिल्ने गरी विरोधी भैसकेका थिए। यस्तो देखेर पाण्डवहरूप्रति दयाभाव राख्ने सर्वसाधारण जनता समेत चिन्ताको भुमरीमा पर्न थाले। युधिष्ठिर लगायतका पाण्डवहरूप्रति प्रजागणको स्नेह देखेर दुर्योधन भित्रभित्रै जल्दै आएको अवस्था थियो। उनले पाण्डवहरूलाई कसरी समाप्त गर्ने भन्ने अशुभ कार्यको षड्यन्त्र गर्न थाले। उनीहरूमाथि पटक पटक प्राणघातक प्रहार हुने गरेका प्रसङ्ग छन्। यसै प्रसङ्गमा पाण्डवहरूलाई वारणावत पठाउने कार्यक्रम बन्यो। त्यहाँ एउटा भवन बनाउन लगाइयो। यो भवन लाहामिश्रित थियो, अर्थात् प्रज्वलनशील वस्तुबाट निर्मित थियो। त्यसैले यसलाई लाक्षागृह भनिन्थ्यो। लाक्षागृहको निर्माण भएपछि पाण्डवहरूलाई वारणावतमा निर्मित लाक्षागृहमा बस्न पठाइयो। माता कुन्तीसहित पाण्डवहरू त्यहाँ बस्न थाले। एक रात पाण्डवहरू सुतिरहेको अवस्थामा लाक्षागृहमा आगो लगाइयो। पाण्डवहरू जलेर भस्म भए भनेर दुर्योधन आदि कौरवहरू रमाए। ढुक्क थिए। पाण्डवहरू भने सुरुङमार्गबाट निस्केर हिँडे।

लाक्षागृहबाट निस्केर गएका पाण्डवहरू माता कुन्तीसहित भएर वन वन चाहार्दै ऋषि मुनिहरूसँग भेट्दै धर्मकर्म गर्दै हिँडे। त्यति बेलाको नेतृत्व युधिष्ठिरकै थियो। यसै बीचमा उनीहरू द्रौपदी स्वयंवर समारोहमा सामेल भएर द्रौपदीको पाणिग्रहण गरे। केही समय यसरी वनमा रहेपछि पाण्डवहरू हस्तिनापुर आए र आफ्नू राज्यभाग माग गरे। लामू छलफल वादविवाद

पश्चात् पाण्डवहरूले इन्द्रप्रस्थको राज्य पाए। त्यहाँ रहेर आफ्नू पौरख प्रदर्शन गर्दै त्यहाँको उन्नति प्रगति गरेर ख्याति कमाए। युधिष्ठिरको राजसूय यज्ञ समेत सम्पन्न भयो। यो चकचकी देखेको दुर्योधन पक्ष जल्न थाल्यो। त्यसको फलस्वरूप जुवा काण्डको सिर्जना गराइयो। छली कपटी शकुनिको जालभेल पूर्ण खेलबाट पाण्डवहरूको सर्वस्व हरण गरियो। कुलवधु द्रौपदीको वस्त्र हरण गर्ने जस्तो घिनलाग्दो व्यवहार समेत भएपछि पाण्डवहरूले बाह्र वर्ष वनवास र एक वर्ष गुप्त वास रहन पर्ने दाउ समेत युधिष्ठिरले हारे। फलस्वरूप द्रौपदी सहित पाण्डवहरू वनवास र गुप्तवासमा गए। सबै घटना परिघटनाका अगुवा सत्यवादी युधिष्ठिर नै थिए। भाइहरू तथा पत्नी द्रौपदी युधिष्ठिरको निर्णय तथा निर्देशनमा रहने गर्दथे।

वनवास र गुप्तवास बस्दा भाइहरू तथा द्रौपदीले युधिष्ठिरकै अगुवाइमा समय समयमा युद्ध गरेका छन्, तपस्या गरेका छन्, रक्षा गर्न पर्नेहरूको रक्षा गरेका छन्। भावी युद्धका निमित्त तयारी समेत भएको छ। ठूलो मूल्य चुकाएका छन् पाण्डवहरूले र ठूलो ख्याति वीरता तथा सहानुभूति पनि कमाएका छन्। यी सबै कार्य युधिष्ठिरको कुशल नेतृत्व, दया, विवेक र सहनशीलताबाट भएको छ। यसै प्रसङ्गमा महाराज युधिष्ठिर तथा यक्षको भेट वार्ता जो भएको छ त्यो सारै महत्त्वपूर्ण र समाजोपयोगी हुन गएको समेत देखिन आएको छ।

वनमा घुम्दा घुम्दा पाण्डवहरू एक दिन पिउने पानीको अभाव भएको वनमा पुगे। सबै तिर्खाएका हुँदा युधिष्ठिरले पानी कतैबाट खोजेर ल्याउन भाइहरूलाई भने। सबैभन्दा पहिले सहदेव गए उनी फर्केनन्। नकुल गए त्यस्तै भयो। एवं रीतले अर्जुन तथा भीमसमेत नफर्केपछि युधिष्ठिर स्वयं गए। जाँदा एक जल सरोवर भेटियो। त्यहाँ युधिष्ठिरका भाइहरू मरे सरह पल्टेका देखियो। युधिष्ठिरले भाइहरूलाई जल पिलाउन प्रयत्न गर्दा खबरदारी आयो। खवरदार कर्ताले पानी छुन हुन्न भनेपछि सवाल जवाफ भयो। सवालकर्ता यक्ष थिए। उनले युधिष्ठिरसँग धेरै प्रश्न गरे। युधिष्ठिरले सही जवाफ दिएपछि खुसी भएका यक्षले युधिष्ठिरसँग भने— "तिम्रो प्रश्नबाट म सन्तुष्ट भएँ, अब म तिम्रा भाइहरूमध्ये एक जनालाई बचाइदिन्छु, भन त्यो नाम जसलाई बचाउन तिमी चाहन्छौ ?"

युधिष्ठिरले नकुल भनेपछि यक्षले पुनः प्रश्न गरे— "किन ?"

युधिष्ठिरले भनेका छन् "मेरा माता दुई हुन् कुन्ती र माद्री। यदि एक मात्र बचाउने भए नकुललाई बचाउन वेश किनभने कुन्तीपुत्र म जीवित छु। नकुल बाँचे माद्रीका पनि एक पुत्र रहन्छन्" आदि। यक्ष प्रसन्न भएर सबै भाइलाई बचाइदिएका छन्। यो प्रसंगलाई अद्यापि यक्षप्रश्नको रूपमा सम्झना गर्ने गरिन्छ।

युधिष्ठिरको नेतृत्वमा पाण्डवहरूले बाह्र वर्षको वनवास र एक वर्षको गुप्तवाससमेत समाप्त गरेपछि उनीहरूले आफ्नो भाग राज्य मागे महाराजा धृतराष्ट्रसँग तर मिलेन। परिणाम महाभारत महायुद्धमा परिणत भयो। युधिष्ठिरको नेतृत्वमा भयावह महाभारत महायुद्ध भयो। युद्धमा पाण्डवहरूको विजय भयो। युधिष्ठिर हस्तिनापुरका महाराज भए। राजा भएका भए पनि युधिष्ठिर प्रसन्न हुन सकेनन्। उनीसँग दया र करुणा नामक जे जति सम्पत्ति थिए तीनले वैराग्य उत्पन्न गराउन पुगे।

त्यति ठूलो त्याग तपस्या र युद्ध विजयबाट राजा भएका महाराज युधिष्ठिरमा वैराग्य उत्पन्न भएको खबर पाएर सम्झाउन महर्षि व्यास आएर सम्झाउँदा महाराज युधिष्ठिरले गरेका विलौना थाहा पाइराख्नुपर्ने खालका छन्। युधिष्ठिरले भनेका छन् "हे मुनिश्रेष्ठ ! यो युद्धमा बालक अभिमन्यु, दौपदीका पाँच पुत्र, धृष्टद्युम्न, राजा द्रुपद धर्मज्ञ वृषसेन, चेदिराज धृष्टकेतु मेरा पूज्य गुरु द्रोणाचार्य तथा नाना देशका निवासी अन्यान्न नरेश पनि वीरगति प्राप्त हुन गएका छन्। म जाति भाइको घातक बनेको छु। म राज्यको स्वामी अत्यन्त निर्दयी वंशविनाश गर्नेवाला भएँ। यी सबै कुराका कारण मलाई शोकले छाडेको छैन। म सारै पीडित छु। जसको काखमा खेल्न पाउँदा सर्वोच्चानन्दको अनुभूति हुन्थ्यो उनै पितामहलाई मैले नै मार्न लगाएँ। म देखिरहेको छु अर्जुनका कडा बाणले घायल बूढो सिंहजस्ता पुरुष मेरा पितामह घाउको रन्कोले थरथर काम्दैछन् शरशय्यामा छन्। हाय म कस्तो मान्छे ?

यसरी सबै वीरहरूका विषयमा चर्चा गर्दै पश्चात्तापको आगोमा छटपटाएका छन् कुन्तीपुत्र महाराज युधिष्ठिर। श्रीकृष्णले सम्झाउनुभएको छ तैपनि शोक हटेन महाराज युधिष्ठिरको। यसबाट अनुमान गर्न सकिन्छ युद्ध गर्न हुने र गरिने विषय हुँदै होइन। यसमा हार्न सकिँदैन जित्न मन हुन्छ। तर जित्दा पनि शान्ति प्राप्त हुँदैन। दुवैतर्फ खराब हो यो विषय। धेरै नोक्सान र थोरै लाभ हुने विषय हो युद्ध।

यस्तो बुझेका महाराज युधिष्ठिर शरशय्यामा सुतेका पितामह भीष्मकहाँ समेत गएर यस्तै यस्ता विलाप रोदन क्रन्दन गरे। पितामहले धेरै धेरै सम्झाउनुभयो। उहाँले भन्नुभयो– हेर बाबु तिमीसँग त एउटा सारै ठूलो सम्पत्ति छ। तिमीसँग यस्तो व्यक्तित्व रहेको छ जो साक्षात् परमेश्वर परमात्मा श्रीकृष्ण हुन्। यी तिम्रा मित्र भएका छन्। उनकै शरणमा जाउ। उनले तिमीलाई पार लगाउनेछन्। यति भन्दै पितामह भीष्मले विष्णुसहस्रनाम स्तोत्रसमेत सुनाइदिनुभयो।

युधिष्ठिरले केही समय हस्तिनापुरको राज्य शासन चलाए। त्यसपछि आफ्ना नाति परीक्षित्लाई राजकाज सौपेर सशरीर स्वर्गको बाटोतिर लागे। स्वर्ग जाँदा युधिष्ठिरसँग भाइहरू भीम, अर्जुन, नकुल र सहदेव थिए। उनीहरूसँगै महारानी द्रौपदी पनि थिइन्। उनीहरूका पछिपछि एउटा कुकुर गएको थियो। यिनीहरू जाँदा जाँदा एउटा कठोर उकालोमा पुगे। त्यहाँ बाटो अप्ठेरो र कठिन थियो। बाटो हिँड्दा हिँड्दै सहदेव ढले। मृत्य वरण गरे। त्यसपछि क्रमशः नकुल, द्रौपदी, अर्जुन र भीम ढले मृत्यु वरण गरे। युधिष्ठिर र कुकुर अगाडि बढ्दै थिए स्वर्गबाट देवदूत आए उनीहरूलाई लिन। देवदूतले महाराज युधिष्ठिरलाई अब जाउँ स्वर्ग भने। युधिष्ठिरले मसँग कुकुर पनि छ ऊ पनि मसँगै जान्छ भन्दा कुकुरलाई छाड्ने कुरा भयो। युधिष्ठिर त्यसो गर्न मञ्जुर भएनन्। वास्तवमा कुकुर कुनै साधारण कुकुर नभएर साक्षात् धर्मराज कुकुरको रूप लिएर आएका थिए। उनले आफ्नू असली रूप देखाए। परीक्षा लिन आएका थिए धर्मराज महाराज युधिष्ठिरको। परीक्षामा समुत्तीर्ण भए महाराज युधिष्ठिर। धर्मराजले युधिष्ठिरसँग भनेका छन्:–

अतस्त्वयाक्षया लोकाः स्वशरीरेण भारतः।
प्राप्तोसि भरतश्रेष्ठ दिव्यां गतिमनुत्तमाम्॥

(महाप्रस्थानिक पर्व ३।२२)

अर्थः– हे भारत ! हे भरतश्रेष्ठ ! यही कारण तिमीलाई सशरीर अक्षय लोक प्राप्त भएको हो। तिमीले उत्तम र दिव्य गति पायौ।

यक्ष-युधिष्ठिर संवाद

महाभारत महाकाव्यमा वनपर्व नामको एउटा पर्व छ। वनपर्वमा अरण्य पर्व नामको उपपर्व रहेको छ। त्यसको ३१२,३१३ र ३१४ अध्यायमा यक्ष र युधिष्ठिरका बीचमा भएको संवाद छ जो विशेष महत्त्वपूर्ण छ। तसर्थ त्यस विषयलाई यहाँ राख्ने प्रयास गरिएको छ।

वनवासका समयमा पाण्डवहरू वनमा डुल्दा डुल्दै एक दिन प्यासले व्याकुल भए। पिउने पानी त्यता कतै देखिएन। यस्तैमा युधिष्ठिरले भाइ नकुलसँग भने "नकुल ! कुनै एउटा अग्लो रूखमा चढी हेर त, कतै पानी देखिन्छ कि ?"

पूज्य दाजुका कुरा वा आज्ञा मुखबाट निस्कनासाथ नकुलले एउटा ठूलो र अग्लो रूखमा चढेर हेर्दा केही पर एउटा जल सरोवर देखियो। सो कुरा दाजु युधिष्ठिरसँग नकुलले भनेपछि युधिष्ठिरले गएर पानी लिएर आउन भने। नकुल तुरुन्त पानी लिन गए। सरोवरमा रहर लाग्दो अमृततुल्य पानी देखेका र प्यासले व्याकुल भएका हुँदा अञ्जुलीभर पानी लिएर पिउन मात्र के लागेका थिए "खबरदार, पख" आवाज आयो। यता उता हेर्दा केही देखिएन। आवाजले भने भन्यो "तिमी यो सरोवरको पानी पिउन सक्दैनौ। खबरदार त्यो साहस नगर। यसमा मेरो अधिकार छ। पानी पिउने भए पहिले मेरो प्रश्नको उत्तर देउ। अनि मात्र पानी पिउ। चाहेको लिएर जाउ।"

नकुललाई प्यासले सताएको हुँदा आवाजको वास्ता नगरेरै एक अञ्जुली पानी पिए। उनी अचेत भएर लडे। नकुल फर्केर नआएपछि सहदेवलाई पठाइयो। उनी पनि फर्केर आएनन्। अर्जुन गए त्यस्तै भयो र भीम गएर पनि आएनन्। आखिर महाराज युधिष्ठिर नै गए। किनारामा भाइहरू मुर्छा परेर लडेको देखियो। यता उता हेरे कोही देखिएन। यस्तैमा आवाज आयो। जसरी भाइहरूलाई भनिएको थियो त्यसै गरी भनियो। त्यो कुरा सुनेर युधिष्ठिरले भनेः- तिमी को हौ ? कस्तो प्रश्न गर्ने हो गर म उत्तर दिन्छु।

यक्षले प्रश्न शुरू गरेः—

यक्षः— सूर्यलाई कसले उठाउँछ ? उदयास्त कसरी हुन्छ ? ऊ के कुरामा प्रतिष्ठित छ ?

युधिष्ठिरः— ब्रह्म सूर्य उदयास्त गराउँछन्। देवता चारैतिर हुन्छन्, र उ सत्यमा प्रतिष्ठित छन्।

यक्षः— राजन् ! मान्छे श्रोत्रिय कसरी हुन्छ ? महत् पद कोबाट प्राप्त गर्दछ ? द्वितीय र बुद्धिमान् कसरी हुन्छ ?

युधिष्ठिरः— वेदाध्ययन गर्ने मान्छे श्रोत्रिय हुन्छ। तपस्याद्वारा महत्पद प्राप्त गर्दछ। धैर्यवान् हुन्छ र वृद्धहरूको सेवा गरेर बुद्धिमान् बन्दछ।

यक्षः— ब्राह्मणहरूमा रहने देवता के हो ? सत्पुरुषको धर्म के हो ? मनुष्यभाव के हो ? र असत्पुरुषको आचरण के हो ?

युधिष्ठिरः— वेदको स्वाध्ययन ब्राह्मणको देवत्व हो। तपस्या सत्पुरुषको धर्म हो। मर्नु मनुष्य भाव हो। निन्दा गर्नु असत्पुरुषको आचरण हो।

यक्षः— यस्तो कुन पुरुष हुन्छ जो बुद्धिमान् छ लोक सम्मानित छ प्राणीहरूको माननीय भएको छ विषयको अनुभव गर्दछ र स्वावलम्बी छ तापनि वास्तवमा जीवित हुँदैन ?

युधिष्ठिरः— जो देवता, अतिथि, पालनपोषण गर्न पर्ने आफन्तजन, पितृ र आत्मा यी पाँचैको पोषण गर्दैन ऊ श्वास लिइरहेको भए पनि वास्तवमा जिउँदो मानिँदैन।

यक्षः— पृथ्वीभन्दा गह्रौं के हुन्छ ? आकाशभन्दा अग्लो के छ ? वायुभन्दा पनि छिटो हिंड्ने के हो ? कणभन्दा पनि बढी हुने के हो ?

युधिष्ठिरः— आमाको गौरव पृथ्वीभन्दा पनि ठूलो हुन्छ। पिता आकाशभन्दा पनि अग्ला मानिन्छन्। मन हावाभन्दा छिटो हिंड्छ। चिन्ता कणभन्दा पनि धेरै हुन्छ। असंख्य हुन्छ।

यक्षः— को सुनतिर पनि हेर्दैन ? कुनै कुराको चेष्टा गर्दैन ? कसको हृदय नै हुँदैन ? के आवाजभन्दा छिटो दौडन्छ ?

युधिष्ठिरः— माछो सुन हेर्दैन, अण्डा पारेर पनि सन्तानतिर हेर्दैन। पत्थरको हृदय हुँदैन। नदी लगातार दौडिरहन्छ दौडिरहन्छ। मन आवाजभन्दा छिटो दौडन्छ।

यक्षः- प्रवासीको मित्र को हुन्छ ? गृहस्थको, रोगीको र मर्नै लागेका मान्छेका मित्र को को हुन्छन् ?

युधिष्ठिरः- परदेशीका निमित्त सहयात्री मित्र हुन्छन्। पत्नी गृहस्थकी मित्र हुन्छिन्। वैद्य रोगीको मित्र र दान मर्नेहरूको मित्र हुन्छ।

यक्षः- समस्त प्राणीको अतिथि को हो राजन् ! सनातन धर्म के हो ? अमृत के हो र यो सारा जगत् के हो ?

युधिष्ठिरः- अग्नि समस्त प्राणीको अतिथि हुन्, गाइको दूध अमृत हो। अविनाशी नित्य धर्म नै सनातन धर्म हो र वायु सारा जगत् हो।

यक्षः- एक्लै को हिँड्छ ? एक पटक उत्पन्न भएर फेरि कुन उत्पन्न हुन्छ ? चीसोको औषधी के हो र महान् क्षेत्र के वा कुन हो ?

युधिष्ठिरः- सूर्य एक्लै हिँड्छन्। चन्द्रमा पुनः पुनः जन्मन्छन् आगो चीसोको औषधी हो र पृथ्वी गहौं क्षेत्र हो।

यक्षः- धर्मको मुख्य स्थान कुन हो ? यश, स्वर्ग र सुखका मुख्य स्थान के के हुन् ?

युधिष्ठिरः- धर्मको मुख्य स्थान दक्षता हो। यशको दान, स्वर्गको सत्य र सुखको स्थान शील हो।

यक्षः- आत्मा के हो ? दैवकृत मित्र को हो ? जीवनको सहारा कहाँ छ र पूरा आश्रय केलाई मान्ने ?

युधिष्ठिरः- सन्तान मनुष्यको आत्मा, स्त्री दैवकृत साथी, मेघ उपजीवन र दान आश्रय हो।

यक्षः- धन्यपुरुषको उत्तम गुण, उत्तम धन, लाभमा प्रधानलाभ र उत्तम सुख के हो ?

युधिष्ठिरः- दक्षता उत्तम गुण, शास्त्रज्ञान प्रधान धन, लाभमा श्रेष्ठ आरोग्य र सन्तोष नै उत्तम सुख हो।

यक्षः- संसारमा श्रेष्ठ धर्म के हो ? सधैं फलदायी हुने धर्म के हो ? कसलाई बसमा राख्दा शोक हुँदैन ? को सँगको मित्रता नष्ट हुँदैन ?

युधिष्ठिरः- दया लोकमै श्रेष्ठ धर्म हो। वेदोक्त धर्म फलदायी हो। मन निरोध गर्न सक्ने मानिस शोक गर्दैन र सत्पुरुषसँगको मित्रता नष्ट हुँदैन।

यक्षः– कुन विषय त्यागेमा मानिस प्रिय हुन्छ ? केलाई त्याग्दा शोक हुँदैन ? कसलाई त्याग्नाले धनी होइन्छ ? र के त्यागे सुख हुन्छ ?

युधिष्ठिरः– मान नखोज्ने प्रिय हुन्छ। क्रोध त्याग्दा शोक हुँदैन। काम त्याग्दा धनी र लोभ त्याग्दा सुखी होइन्छ।

यक्षः– बाहुनलाई दान किन दिइन्छ ? नर्तक नर्तकीलाई किन दान दिने सेवकलाई दानको के प्रयोजन हुन्छ र राजालाई किन दान दिनुपर्दछ ?

युधिष्ठिरः– ब्राह्मणलाई धर्मका निमित्त दान दिइने हो। नर्तक नर्तकीलाई यशका निमित्त सेवकलाई भरण पोषणका निमित्त र राजालाई भयका निमित्त दान दिइने हो।

यक्षः– जगत् के ले ढाकेर प्रकाशित हुँदैन ? मान्छे मित्रलाई किन त्याग्छ ? र स्वर्गमा किन जान चाहदैन मान्छे ?

युधिष्ठिरः– जगत् अज्ञानबाट ढाकिएको छ। तमोगुणका कारण प्रकाश हुँदैन। लोभले मान्छे मित्र त्याग्छ र आसक्तिका कारण स्वर्ग जान चाहदैन मान्छे।

यक्षः– कुन मान्छे मरेको मानिन्छ ? श्राद्ध कसरी मर्छ ? र यज्ञ किन नष्ट हुन्छ ?

युधिष्ठिरः– दरिद्र मरे सरह हुन्छ। कुशल नेतृत्व बेगरको राज्य नष्ट हुन्छ। श्रोत्रिय ब्राह्मण श्राद्ध गरेन भने मरे तुल्य हुन्छ र दक्षिणा बेगरको यज्ञ नष्ट हुन्छ।

यक्षः– दिशा, जल, अन्न, विष के हो र श्राद्ध समय कुन हो यो बताउ र जल पिई लिएर पनि जाउ।

युधिष्ठिरः– सत्पुरुष दिशा हो, आकाश जल हो, पृथ्वी अन्न हो, कामना विष हो र ब्राह्मण नै श्राद्ध समय हो, यक्ष ! यसमा तपाईंको मान्यता के छ ?

यक्षः– तपको लक्ष्य के हो ? दम के हो उत्तम क्षमा के हो र लाज के हो ?

युधिष्ठिरः– आफ्नू धर्ममा तत्पर रहनु तप हो। मनको दमन दम हो। सर्दी गर्मी आदि द्वन्द्व सहनु क्षमा हो र नगर्ने कामबाट टाढा रहनु लज्जा हो।

यक्षः– राजन् ! ज्ञान केलाई भनिन्छ ? शम के हो ? उत्तम दया कस्तो हो र सरलता केलाई भनिन्छ ?

युधिष्ठिरः– परमात्माको यथार्थ बोध ज्ञान हो। चित्त शान्त गर्नु शम हो। सबैको सुख चाहनु दया हो र शम चित्त हुनु नै सरलता हो।

यक्षः– मान्छेको दुर्जय शत्रु को हो ?अनन्त व्याधी को हो ? साधु कसलाई र असाधु कसलाई मान्ने ?

युधिष्ठिरः– क्रोध दुर्जय शत्रु हो। लोभ अनन्त व्याधी हो। समस्त प्राणीको हित गर्ने साधु हो र निर्दयी मानिसलाई असाधु भनिन्छ।

यक्षः– राजन् ! मोह कसलाई भनिन्छ ? मान के हो ? आलस्य केलाई बुझ्ने र शोक केलाई भनिन्छ ?

युधिष्ठिरः– धर्ममूढता मोह हो। आत्माभिमान मान हो धर्मपालन नगर्नु आलस्य हो र अज्ञान नै शोक हो।

यक्षः– ऋषिहरूले स्थिरता केलाई भनेका छन् ? धैर्य के हो ? परम स्नान केलाई भनिन्छ ? र दान कसको नाम हो ?

युधिष्ठिरः– आफ्नू धर्ममा स्थिर रहनु स्थिरता हो। इन्द्रिय निग्रह नै धैर्य हो। मानसिक निर्मलता परम स्नान हो र प्राणी रक्षा दान हो।

यक्षः– कसलाई पण्डित मान्ने ? नास्तिक को हो ? मूर्ख को हो ? काम के हो र मत्सर केलाई भनिन्छ ?

युधिष्ठिरः– धर्मज्ञलाई पण्डित मान्नुपर्दछ। मूर्ख नास्तिक हो र नास्तिक मूर्ख हुन्छ। जन्ममरणरूप संसारको कारण हो। वासना काम हो र हृदयको जलन मत्सर हो।

यक्षः– अहंकार केलाई भनिन्छ ? दम्भ कस्तो हो ? परम दैव के हो र पैशुन्य कसको नाम हो ?

युधिष्ठिरः– महान् अज्ञान अहंकार हो। आफूलाई ठूलो ठान्नु दम्भ हो। दानको फललाई नै दैव भनिन्छ। अरूलाई दोष लगाउनु पैशुन्य हो।

यक्षः– धर्म, अर्थ, काम यी सबै परस्पर विरोधी छन् यी नित्य विरुद्ध एक स्थानमा कसरी जुट्न सकछन् ?

युधिष्ठिरः– धर्म र भार्या परस्पर अविरोधी भएर मान्छेका वशमा हुन्छन्। त्यो समयमा धर्म, अर्थ र काम विरोधी भएर पनि एक साथ रहन सक्छन्।

यक्षः– भरतश्रेष्ठ ! अक्षय नरक कसले पाउँछ ? मेरो यो प्रश्नको अति चाँडै उत्तर देऊ।

युधिष्ठिरः– जो भिक्षा माग्ने ब्राह्मणलाई आफैँ बोलाउँछन् तर भिक्षा दिदैनन् त्यस्ता अक्षय नरकमा जान्छन्। जो वेद धर्मशास्त्र ब्राह्मण देवता र पितृ धर्ममा मिथ्या बुद्धि राख्छन् ती अक्षय नरकमा पुग्छन्। धन आफूसँग भएर पनि जो लोभवश दान तथा भोगमा रहित हुन्छन् न्याय युक्त भोग नगरी मसँग छैन भन्छन् त्यस्ता अक्षय नरकमा जान्छन्।

यक्षः– राजन ! कुल, आचार स्वाध्याय र शास्त्र श्रवण यी कुरा विषयबाट ब्राह्मण सिद्ध हुन्छ यो कुरा निश्चय गरेर बताउ।

युधिष्ठिरः– यक्षजी ! कुल ब्राह्मणत्वमा कारण हो, न स्वाध्याय न त शास्त्र श्रवण। ब्राह्मणत्वको खास कारण आचार नै हो। यसमा शंसय नगरे हुन्छ। यसैकारण सदाचारको नै रक्षा गर्नु जरुरी हुन्छ। ब्राह्मणहरूले यसमा सतर्क हुनुपर्दछ। किनभने जसको सदाचार अक्षुण्ण छ उसको ब्राह्मणत्व पनि बनेकै हुन्छ। र आचार नष्ट भए त स्वयं नष्ट हुन्छ। पढ्ने र पढाउने तथा शास्त्रहरू विचार गर्नेहरू सबै व्यसनी र मूर्ख हुन्, पण्डित त तिनै हुन् जो आफ्नू शास्त्रोक्त कर्तव्य पालन गर्दछन्। चारै वेद पढेकाहरू पनि दुराचारी हुन्छन्। शूद्रभन्दा पनि अधम हुन्छन्। जो अग्निहोत्री छन् जितेन्द्रिय छन् ती नै हुन् ब्राह्मण।

यक्षः– मधुर वचन बोल्नेहरूबाट के मिल्छ ? सोच विचार गरेर काम गर्नेहरू के पाउँछन्, जसले धेरै मित्र बनाएको हुन्छ के लाभ हुन्छ ? र जो धर्मनिष्ठ छ उसले के पाउँछ ?

युधिष्ठिरः– मधुर वचन बोल्ने सबैको प्रिय हुन्छ। सोच विचारपूर्वक काम गर्ने ज्यादा सफल हुन्छ। यस्ता मानिस सुखपूर्वक रहन्छन् र जो धर्मनिष्ठ छ उसलाई सद्गति प्राप्त हुन्छ।

यक्षः– सुखी को हो ? आश्चर्य के हो ? मार्ग के हो ? र वार्ता के हो ? यी चार विषयको उत्तर दिएर जल पिऊ।

युधिष्ठिरः– जलाध्यक्ष यक्ष ! जुन पुरुषको ऋण छैन जो परदेशी होइन ऊ पाँच

छ दिनमा आफ्नू घरमा सागपात पकाएर खान्छ यस्तो भए पनि ऊ सुखी हो। संसारबाट हरेक दिन मान्छेहरू यमलोक जान्छन्। बचेकाहरू बाँच्ने इच्छा गर्छन्। योभन्दा बढी आश्चर्य के छ र ? तर्कको स्थिति हुँदैन। श्रुतिहरू फरक फरक हुन्छन्। एउटा ऋषि छैनन् जसको मतलाई प्रमाण मान्न सकिन्छ, धर्म तत्त्व अत्यन्त गूढ हुन्छ। यस कारण महापुरुषहरू जहाँ गइरहन्छन् त्यही मार्ग हो। यस्तो महामोहरूपी संसारमा भगवान् समयसमयमा समस्त प्राणीलाई महिना र ऋतुरूपी चर्खाबाट उलट पलट गर्दै सूर्यरूपी अग्नि र रातदिनरूपी इन्धनद्वारा चलाइरहेका हुन्छन्। यही वार्ता हो।

युधिष्ठिरको जवाफबाट सन्तुष्ट भएका यक्षले भने– "हे परंतप ! तिमीले मेरा सबै प्रश्नको उत्तर ठीक ठीक दियौ। अब पुरुषको पनि व्याख्या गरिदेऊ र यो बताऊ कि सबैभन्दा बढी धनी को हो ?

युधिष्ठिरः– जुन व्यक्तिको पुण्य कर्मको कीर्ति जबसम्म स्वर्ग र भूमि स्पर्श गरेको हुन्छ तबतक ऊ पुरुष कहिन्छ। जो सुख दुःख भूत भविष्य द्वन्द्वमा सम छ ऊ नै सबैभन्दा बढी धनी हो। जो भूत वर्तमान र भविष्य सबैतिरबाट सम छ शान्त चित्त छ र प्रसन्न छ र सदा योग युक्त रहन्छ उही धनीहरूको स्वामी हुन्छ।

यक्षः– राजन् ! जो सबैभन्दा बढी धनी पुरुष हो त्यसको तिमीबाट ठीक ठीक व्याख्या भयो। त्यसैले तिम्रा भाइहरूमा जसलाई भन्छौ एक जना जीवित हुन्छ।

युधिष्ठिरः– यक्ष ! यो जो कालो कालो छ तीखा आँखा छन् सतीसाल जस्तै अग्लो छ चौडा छातीवाला नकुल जीवित होओस्।

यक्षः– राजन् ! तिम्रो प्रिय त भीमसेन हो। तिमीहरूको सबैभन्दा बढी आधार अर्जुन हुँदाहुँदै तिमी किन नकुललाई बचाउन चाहन्छौ ? जसमा दश हजार हात्ती समान बल छ त्यस्तो भीमलाई छाडेर सौतेनी भाइ नकुलमा के क्षमता छ र बचाउन चाहन्छौ ? जसको बाहुबलमा सबै पाण्डवको पूरा भरोसा छ त्यस्तो अर्जुनलाई छोडेर नकुललाई बचाउन चाहनाको कारण के हो ?

युधिष्ठिरः- **धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।**
तस्मात् धर्म नत्यजामि मा नो धर्मो हतोवधीत् ॥

(वन पर्व ३१३।१२८)

अर्थः- यदि धर्मको नाश भयो भने नष्ट भएको धर्मले नै कर्तालाई नष्ट गर्दछ। यदि धर्मको रक्षा गरियो भने रक्षित धर्मले कर्ताको रक्षा गर्दछ ।

यसैले म धर्म त्याग गर्न सक्दिनँ। सम्झन्छु कतै नष्ट हुन गएको धर्मले मेरो नाश गरोस्। मेरो विचार यस्तो छ। अनुशंसता नै ठूलो धर्म हो। यही सोचेर सबैमा दया र समानभाव राख्न चाहन्छु। यसैले नकुल जीवित होउन्। यक्ष ! मेरो विषयमा मान्छे सम्झनेछन् राजा युधिष्ठिर धर्मात्मा हुन् तसर्थ म धर्मबाट विचलित हुन्न। मेरा भाइ नकुल जीवित होउन्। मेरा पिताका कुन्ती र माद्री दुई पत्नी हुन्। उनीहरू दुवै पुत्रवती बनिरहुन्। यस्तो मेरो विचार हो। यक्ष ! मेरा निमित्त जस्ती मेरी आमा कुन्ती हुन् त्यस्तै माद्री पनि हुन्। यसैले नकुल जीवित होउन्।

यक्षः- हे भरत श्रेष्ठ ! तिमीले अर्थ र कामभन्दा पनि बढी दया र समताको आदर गऱ्यौ। यसैले तिम्रा सबै भाइ जीवित होउन्।

यसरी यक्षले युधिष्ठिरका सबै भाइ जियाइदिए। यक्ष बनेर युधिष्ठिरका पिता धर्मराज नै आएका थिए उनको परीक्षा लिन। परीक्षामा युधिष्ठिर सफल निस्केपछि यक्षरूपी धर्मराजले आफ्नू परिचय दिँदै आशीर्वाद समेत दिएका छन्। युधिष्ठिरलाई हेर्ने इच्छा भएर स्वयं धर्मराज त्यहाँ आएको प्रसङ्ग पनि छ ।

राजकुमार दुर्योधन

महाभारतका विषयमा विचार गर्दा भन्नैपर्दछ यहाँका पात्र मध्येका एउटा श्रेष्ठ पात्र हुन् राजकुमार दुर्योधन। गान्धारी नन्दन दुर्योधन यद्यपि राजा भएकै होइनन् तापनि आफ्ना पिता मार्फत आफ्नै इसारामा राज्यसंयन्त्र सञ्चालन गर्न सफल पात्र भएर राज्यसत्ता भोग गरेका पात्र हुन्। महाभारत महायुद्धका त यि प्रमुख पात्र नै हुन उनका पक्षका। उनैले हाँकेका हुन यो महायुद्ध। युद्ध सञ्चालनमा यिनको सीप र सामर्थ्य भएको देखिन्छ। यसो नभएको भए त्यत्रो ठूलो युद्ध अठार दिन सम्म चालु हुने थिएन, तर चल्यो।

दुर्योधन एउटा महत्वाकांक्षी, क्षत्रीय वीर हुन् र कपटी तथा घमण्डी पनि हुन्। उनको जन्मदेखि नै यस्तो चरित्र बन्दै आएको देखिन्छ। यसो भए पनि यिनले राज्यसत्ताको बलचाहिँ पाएकै हुन्।

महाभारतमा भनिएको छ पाण्डुपुत्र धर्मराज युधिष्ठिरको जन्मपश्चात् दुर्योधनको जन्म भएपछि राजा धृतराष्ट्रले आफन्त विद्वानहरूसँग मेरो छोरो कस्तो होला जस्ता प्रश्न गर्दा एउटा अपशकुन देखा पर्न आयो। चारैतिरबाट भयंकर भयंकर मांसाहारी जीवहरूको गर्जना सुनियो। गिद्धहरू अमङ्गल आवाज निकाल्दै आकाशभर उड्न थाले। यस्तो अमङ्गल दृश्य देखेर महामन्त्री विदुर धृतराष्ट्रकहाँ आए। उ निक्कै आत्तिएको अवस्थामा थिए। उनले भविष्यवाणी गर्दै भने "महाराज ! हजुरको यो छोरो कुलकै संहार गर्नेवाला देखियो। हजुर यदि यसलाई त्याग्न सक्नुहुन्छ भने सारा विघ्न नाश हुनेछन्। अन्यथा भारी उपद्रव हुनेछ। कुलको नाश हुनेछ।"

विदुरको भनाइमा भलो छिपेको भएपनि राजा बाट स्विकार्य हुने कुरा भएन। यस्तो हुन गारो पर्दछ पनि। धृतराष्ट्रलाई त्यस्तै भयो। कालान्तरमा विदुरको भविष्यवाणी सत्य ठहऱ्यो। जन्मदैमा अपशकुन अर्थात अशुभ भविष्य लिएर आएका दुर्योधन बाल्यकालबाटै पापात्मा भएर अनैतिक कार्यमा संलग्न हुन थाले। षड्यन्त्रकारी मामा शकुनिको सङ्गत पनि भयो। खराब खराब कार्य गर्दै रहेकाले शूरवीर शिक्षित र महारथी भएका भए पनि उनको नाममा

कलंक लाग्दै आयो, थपिँदै गयो। काम अगतिला गर्ने र मानमर्यादा बढी खोज्ने हुनाका कारण दुःखद अन्त्य पनि भयो आखिरमा भन्न सकिन्छ।

पाण्डवहरू हस्तिनापुर ल्याइएपछि धृतराष्ट्र तथा पाण्डुपुत्रहरू एकै साथ एकै ठाउँमा शिक्षा ग्रहण गर्ने गरी राखिएका हुन्। द्रोणाचार्य बाट शिक्षा दिने प्रबन्ध भएको थियो। सानै उमेरदेखि कुमार दुर्योधनमा पाण्डवहरूप्रति कुभावना पस्न गयो, उनीहरूलाई देखि नसक्ने भए दुर्योधन। एक दिन घुमफिर गर्ने र रमाइलो गर्ने भनि उनीहरू सहरबाट केही पर गएका थिए। त्यही अवस्थामा दुर्योधनले पाण्डुपुत्र भीमसेनका खाने कुरामा षड्यन्त्र वा छलकपटपूर्ण काम गरी कालकुट नामक विष हालिदिए। निर्दोष विचरा भीमसेन बेहोस भएपछि दुर्योधनले भीमलाई नदीमा बहाइदिए।

पाण्डुपुत्रहरू असल स्वभावका धर्मात्मा भएका र दुर्योधन पक्ष अर्थात धृतराष्ट्रपुत्रहरू पाप मन भएका हुनाले दुइ पक्षमा कटुता बढ्दै गयो। पाण्डवहरू शिक्षादीक्षामा निपुण देखापरे। शिक्षा समाप्त भएपछि कुमारहरूको परीक्षण हुन गयो रङ्गशालामा। अर्जुन सर्वश्रेष्ठ घोषणा हुने अवसर आउनै लागेका बखत अर्का मेधावी युवक देखापरे। उ पनि धनुर्विद्यामा निपुण थिए। उनको नाम हो कर्ण। उ पर्शुराम शिष्य थिए। कर्ण अर्जुनसंग प्रतिस्पर्धा गर्न सक्षम देखिएका भए पनि त्यो प्रतिस्पर्धा राजकुमारहरूका बिच भएकोले उनलाई समावेश गर्न नसकिने भनिएपछि दुर्योधनले कर्णलाई अंग देशको राजा घोषणा गरे। कर्णलाई आफ्नु पक्षमा लिने चाल थियो यो उनको।

पाण्डवहरूको यश दिनानुदिन बढ्दै जान थाल्यो। यो देखेर कौरवहरू रिसले जल्न थाले। यस्तैमा बाध्य भै धृतराष्ट्रले युधिष्ठिरलाई हस्तिनापुरको युवराज घोषणा गरे। यसबाट दुर्योधन पक्षको दुष्टतामा अझै वृद्धि हुन गयो। एक दिन मामा शकुनिको इसारामा धूर्त दुर्योधनले पाण्डवहरूलाई वारणावत पठाउने प्रस्ताव राखे। पुत्रमोहमा डुबेका धृतराष्ट्रले सो कुरामा स्वीकारोक्ति दिए। त्यहाँ निर्मित लाक्षागृहमा उनीहरूलाई बसाल्ने र जलाएर मार्ने षड्यन्त्र थियो उनीहरूको। धृतराष्ट्रले पाण्डवहरूलाई त्यहाँ जाने आदेश दिए। आज्ञाकारी पाण्डव आमा कुन्ती सहित वारणावत गए। सोझाको दैवसाह भने झैं भयो। पाण्डवहरू लाक्षागृहमा आगो लाग्नु अघि नै सुरुङमार्ग हुदै बाहिरिए र बाँचे।

पाण्डवहरू आगोमा परेर सखाप भए भनेर दुर्योधन पक्ष रमायो। उता पाण्डवहरू वन वन हुदै अनेकानेक सत्कार्य गर्दै पाञ्चाल देशमा पुगे। त्यहाँ द्रौपदीको स्वयंवर हुदैथियो। ब्राह्मणभेष गरेर हिडेका पाण्डवहरू पनि स्वयंवर समारोह हेर्न गए। समारोहमा भाग लिएका राजकुमारहरूले लक्षभेदन गर्न नसकेपछि अर्जुनले लक्षभेदन गरेका हुदा द्रौपदीका हातको वरमाला उनका गलामा पऱ्यो। यो खवर जताततै फैलियो। हस्तिनापुर पनि पुग्यो। यो खवरले दुर्योधन पक्ष आत्तियो। विदुर आदिको सल्लाहमा पाण्डवहरू हस्तिनापुर बोलाइए। बाध्य भएर धृतराष्ट्रबाट युधिष्ठिरलाई आधा राज्य दिइयो। युधिष्ठिर खाण्डवप्रस्थका राजा भए।

गएगुज्रेको खाण्डप्रस्थमा पाण्डवहरूले निक्कै मिहिनेत गरेर विकास गरेका हुँदा त्यहाँका जनता र वरपरमा समेत सकारात्मक प्रभाव हुन गयो पाण्डवहरूको, खाण्डवप्रस्थ इन्द्रप्रस्थ हुन गयो। युधिष्ठिरबाट राजसूय यज्ञ समेत गरेकाले दुर्योधन पक्ष आफैंमा जल्दै थियो। राजसूय यज्ञमा पुगेको दुर्योधनको अज्ञानतामा द्रौपदीद्वारा अपमान भएको कुराले दुर्योधन अझै जल्न पुग्यो। मामा शकुनिको इसारामा दुर्योधनबाट षड्यन्त्रकारी जुवा काण्ड मचाई सर्वस्व हरण गरियो। द्रौपदी समेतलाई दाउमा रख्ने र हार्ने जित्ने काम भयो। द्रौपदी वस्त्रहरण काण्ड मचायो दुर्योधन पक्षले। त्यसै बेला द्रौपदीले प्रतिज्ञा गरिन् दुःशासनको छातीको रगत नलगाउँदासम्म उनले आफ्नु केस सम्हाल्दिनन्। खुलै राखिनेछ। यसको खास कारण के भने द्रौपदीको चुल्ठो समाएर सभामा ल्याउने र साडी तान्ने काम दुःशासनबाट भएको थियो।

जुवामा जित्दै जाँदा र द्रौपदी वस्त्रहरण हुदा तिघ्रा ठट्याई ठट्याई हाँस्दै खिज्याउदै गरेको दुर्योधनलाई देखेर भीमसेनले "कुनै दिन दुर्योधनको जङ्घा तोड्नेछु" जस्तो कठोर प्रतिज्ञा समेत गरे। द्रौपदीले शाप दिन खोजेपछि डराएर पापी धृतराष्ट्रले युधिष्ठिरलाई जुवामा हारेको श्रीसम्पत्ति फिर्ता गरे। दुर्योधन त्यसपछि पनि षड्यन्त्र गर्नमा लागिरहे। आखिर पुनः जुवा खेल्ने र जो हार्छ त्यसले बार वर्ष वनबास र एक वर्ष गुप्तबास गर्ने प्रस्ताव राखियो। त्यो जुवा पनि षड्यन्त्रपूर्ण नै भएकोले दुर्योधन पक्षले जित्यो। पाण्डवहरू वनबास र गुप्तबास भोग्न गए। दुर्योधन पक्ष खुसी मान्दै रह्यो। यस्तो अन्याय देखेका महर्षि व्यास स्वयं त्यहाँ आएर राजा धृतराष्ट्रलाई भन्नुभयो :-

न मे प्रियं महाबाहो यद् गताःपाण्डवा वनम्
निकृत्या निकृताश्चैव दुर्योधनपुरोगमैः ॥
(वनपर्व ८।२)

व्यासजीले भन्नुभएको हो– "महाबाहु ! पाण्डवहरूलाई वनमा पठाइयो यो मलाई ठीक लागेको छैन। दुर्योधनहरूले उनीहरूलाई छलपूर्वक जुवामा हराएका हुन्।"

पण्डवहरूको वनवास र गुप्तबास सफलतापूर्वक सम्पन्न भएपछि उनीहरूको राज्य फिर्ता गर्न दुर्योधन पक्षलाई चारैतिरबाट भनिएको हो तर घमण्डी दुर्योधनले नमानेपछि भगवान श्रीकृष्ण स्वयं शान्तिदुतका रूपमा हस्तिनापुरमा आउनुभयो। भगवान् श्रीकृष्णले लाख कोसिस गर्दा पनि दुर्योधन नमानेपछि श्रीकृष्ण सभाबाट बाहिरिदै हुनुहुन्थ्यो यस्तैमा दुर्योधनले उहाँलाई बन्दी बनाउने प्रयास समेत गऱ्यो, अन्ततोगत्वा महाभारत युद्ध निश्चित भयो।

युद्ध भयो। यद्यपि दुर्योधन पक्षमा पितामह भीष्म, आचार्य द्रोण, कुलगुरु कृपाचार्य आदि ठूला महारथी रहेका हुन तथापि ती सबै वीरगति प्राप्त गरेर गए। दुर्योधनका सबै भाइ भतिजा आदि सखाप भए। आखिर दुर्योधन पनि भीमसेन संगको गदायुद्धमा जङ्घा तोडिएरै मारिएको हो। भनिएको छ यो युद्ध धर्म र अधर्मका बिच भएको थियो। पाण्डबहरू धर्म पक्षमा थिए र दुर्योधन पक्ष अधर्म पक्षको लडाइ लड्दै थियो।

दुर्योधन मारिएपछि कुन्तीनन्दन भीमसेनले भनेकाछन्:–

रजस्वलां द्रौपदीमानयन् ये ये चाप्यकुर्वन्त सदस्यवस्त्राम्।
तान् पश्यध्वं पाण्डवैर्धार्तराष्ट्रान् रणे हतांस्तपसा याज्ञसैन्या ॥
(गदापर्व ५९।१०)

जसले रजश्वला द्रौपदीलाई सभामा बोलायो जसले भरी सभामा नाङ्गी बनाउन प्रयत्न गऱ्यो त्यही धृतराष्ट्रपुत्रलाई द्रौपदीका तपस्याले पाण्डवहरूले रणभूमिमा मारेका हुन्। यो सबै बाट हेरियोस्।

यहाँ एउटा कुरा पनि भन्नैपर्ने हुन्छ महात्मा विदुरको भविष्यवाणी पनि मिलेकै हो। दुर्योधन बाटै उसका वंशको सर्वनाश भयो ।

बलवान् भीमसेन

महाभारत महायुद्धका महानायकहरू मध्येका एक नायक वा महारथी हुन् भीमसेन। महाभारत महायुद्धमा पाण्डव पक्षका प्रधान सेनापति रहेका भीमसेन महाबलशाली हुन्। उनी महारानी कुन्तीका माहिला सुपुत्र कहलिएका हुन्। गदायुद्धमा सर्वश्रेष्ठ ठहरिएका महावीर पनि हुन् कुमार भीमसेन। आफ्ना विशाल भुजाबाट सुशोभित भीमसेनमा दश हज़ार हात्तीको बल रहेको थियो। यस्ता बलवान् भएका भए पनि क्रोधलाई रोक्न वा संयम गर्न सक्ने ताकतका थिए कुमार भीमसेन। त्यसैले भीमसेनको चरित्र महान् थियो भन्ने कुरा महर्षि व्यासदेवबाट निर्मित महाभारतमा वर्णन भएको पाइन्छ।

महारानी कुन्तीले धर्मराज युधिष्ठिर जन्माएपछि धर्मको समेत सल्लाहमा वायुदेवको आह्वान गरिन्। वायु उपस्थित भए। कुन्तीले वायुसँग पुत्र प्राप्तिको आग्रह गरिन्। वायुको वरदान स्वरूप उनकै वीर्यबाट महाबली भीमसेनको जन्म भएको हो। त्यसैले भीमसेनलाई वायुपुत्र भन्ने गरिन्छ।

महाराज पाण्डुको क्षेत्रबाट जन्मेका पाँच पुत्र तथा धृतराष्ट्रका सय छोरा सबै बलवान् थिए। उनीहरूमा भीमसेन सबैभन्दा बलिया थिए। सबैभन्दा बलिया भएका हुँदा भीमसेन भाइहरू सबैलाई जिस्क्याइरहने गर्दथे। उनले आफ्ना दाजु कुमार युधिष्ठिरलाई मान मर्यादा गरे पनि अरू भाइलाई जिस्क्याउने उनको स्वभाव नै भएको थियो। कौरवहरूलाई अझ बढी लतार्ने गरेका हुँदा दुर्योधन भीमसेनलाई देखिनसक्ने भएको थियो। उसले भीमलाई मार्ने प्रयत्न समेत पटक पटक गरेको वर्णन पाइन्छ। एक दिन त भीमसेनलाई खाने कुरामा विष मिसाएर ख्वाई नदीमा बगाइदिएको समेत हो। बेहोश भीम बहदै नागलोकमा पुऱ्याइए। त्यहाँसम्म पुग्दा प्रशस्त विषालु नागहरूले डसेका हुँदा दुर्योधनबाट खुवाइएको भीमको विष उत्रेर गयो। भीम बिउँझे र नागहरूलाई मार्न थाले। त्यो देखेर त्यहाँ स्वयं नागराज वासुकि आए। उनले आफ्ना पनाति भीमलाई चिने। वासुकिले भीमलाई आफ्नू अमृत भण्डारमा लगेर जति सक्छौ यो अमृत पिउ भनिदिएपछि भीमले आठ कुण्डको अमृत घटघट पिइदिए।

यसले गर्दा भीमसेन दस हजार हात्तीबराबर बल भएका भए। महाभारत आदिपर्व सम्भव पर्वको अध्याय १२८ को २२औं श्लोकमा भनिएको छः–

यत् ते पीतो महाबाहो रसोयं वीर्यसम्भृतः।
तस्मान्नागायुतबलो रणे धायो भविष्यसि॥

अर्थः– हे बाबु भीम ! तिमीले यति शक्तिपूर्ण रस पियौ यसैले तिम्रो बल दस हजार हात्ती बराबरको हुनेछ। युद्धमा तिमी अजेय हुनेछौ।

मारिए भनेका कुमार भीमसेन दस हजार हात्तीको बल लिएर आएका भए पनि दुर्योधनको व्यवहार उस्तै रह्यो। कहिल्यै सफा रहेन। दुर्योधन र भीम समय समयमा भिड्ने गरी रहे। तर दुर्योधनको केही चलेन। आखिर महाभारत महायुद्धको अन्तिम समयमा दुर्योधनसँग भीमको गदायुद्ध भयो। युद्धमा भीमसेन सफल भए। दुर्योधन धराशायी भए, मारिए।

घमण्डी दुर्योधन बाल्यकालदेखि नै पाण्डव विरोधी भएको र वयस्क भएपछि अनेकानेक जाल प्रपञ्च रचेर पाण्डवहरूलाई सिद्ध्याउने चाल चलिरहेको हो। लाक्षागृह निर्माण गरेर पाण्डवहरूलाई जलाउने प्रयत्न भयो। यसपछि ढुक्क भएको थियो दुर्योधन पक्ष खास गरी दुर्योधन तर धर्मले गर्दा पाण्डवहरू बचे। उनीहरू गोप्य रूपमा वन वन चाहारेर शक्ति सञ्चय गर्न थाले। कहिले हिडिम्बसँग भिड्न पऱ्यो कहिले अन्य कसैसँग। त्यो समयमा भीमसेनको बलले ठूलो काम दियो। भीमबाट हिडिम्वासुर मारियो। हिडिम्बा राक्षसी भीमआदि पाण्डवहरूको शरणमा आइन्। हिडिम्बा र भीमसेनका बीच माया पिरती हुन गयो। भीमसेनको वीर्यबाट घटोत्कचलाई जन्म दिइन् राक्षसी हिडिम्बाले।

भीमसेन लगायत पाण्डवहरू माता कुन्तीका साथ घुम्दाघुम्दै एकचक्का नगरीमा पुगे। त्यहाँ एउटा ब्राह्मण परिवार थियो। त्यही परिवारका घरमा बसेका थिए। पाण्डवहरू पनि ब्राह्मण भेषमा थिए। एक दिन पाण्डवहरू बसेको घरमा गोप्य रूपमा रुवावासी भएको सुनियो। कुन्तीलाई त्यो परिवारमा के कारण त्यस्तो भएको हो पत्ता लगाएर सहयोग गर्न मन लाग्यो। माता कुन्ती लगायतका पाण्डवहरूले पत्ता लगाए पनि। त्यहाँ एउटा शक्तिशाली वकासुर नाम गरेको राक्षस रहेछ। उसले जथाभावी मान्छे मारेर खाने गरेर हैरान गराएको अवस्थामा गाउँले बासिन्दाले उसलाई त्यसो नगर्न भने। कुराकानी हुँदा हरेक दिन उसको खानाको बन्दोवस्त गाउँलेबाट भएमा जबर्जस्ती गरेर उसले दुःख

नदिने कसैलाई नमार्ने कबोल गऱ्यो। गाउँलेले त्यो कुरो स्वीकार गरे। उनीहरूले पालै पालो वकासुरको खानाका निमित्त प्रत्येक दिन प्रशस्त चामलको भात, मासुका निमित्त दुईओटा भैंसी र एक जना मानिस करका रूपमा दिने चलन चलाएका रहेछन्। त्यो दिन पाण्डवहरूको घरपट्टिको पालो परेको रहेछ। त्यसैले त्यो परिवारमा आपत्ति आयो। घरमा बाबु, आमा, एक छोरा र एउटी छोरी रहेछन्। अब राक्षसको आहारा बन्न को जाने ? भन्ने कुरा हुँदा सबै आफैं जाने तर्क राख्दै जो गए पनि एक जना नास्सिने भएर रुवावासी भएको बुझियो।

महारानी कुन्तीले ब्राह्मण परिवारलाई त्यो दुःखबाट जोगाउने कुरा राखिन्। ब्राह्मणले त्यो पाप कर्म हुने हुँदा अस्वीकार गरेका भए पनि सम्झाई बुझाई भीमसेनलाई त्यहाँ पठाइयो। भीमसेन खाना लिएर वकासुरकहाँ गए। भीमसेनले वकासुरलाई लिएर गएको खानहुने खाद्यवस्तु आफैंले खाएर रहे। वकासुरलाई दिएनन्। ऊ रिसले चुर भएर आयो। वकासुर र भीमसेनका बीच भयंकर युद्ध भयो। आखिर भीमसेनले वकासुरलाई मारिदिए। यो काण्डबाट वकासुर पक्षको सातो गयो। उनीहरू प्राण बचाउन त्यहाँबाट भागे। नगरवासीहरू खुसी भए। भीमसेन लगायत पाण्डवहरूको जय जयाकार भयो।

एकचक्काबाट ब्राह्मण रूपधारी पाण्डवहरू वनवास तर्फ लागे। द्रुपदको राज्यमा उनकी छोरी द्रौपदीको स्वयंवर समारोहको आयोजना गरिएको थियो। त्यहाँ देश देशका प्रशस्त राजा राजकुमारहरू द्रौपदीलाई जित्न आएका थिए। पाण्डवहरू त्यो समारोह हेर्न गएर बसे। भगवान् श्रीकृष्ण पनि त्यहाँ हुनुहुन्थ्यो। उहाँको इसारामा अर्जुनले लक्ष्यभेदन गरे। तब उनले राजकुमारी द्रौपदीको पाणिग्रहण गर्ने भए। त्यहाँ उपस्थित पराजित राजा राजकुमारहरू क्षत्रिय राजा राजकुमारहरूका बीच ब्राह्मणहरूलाई उपस्थित गराएकोमा राजा द्रुपदसँग रिसाए। उनीहरू द्रुपदमाथि जाइलागे। त्यो समयमा महाबली भीमसेनले राजा राजकुमारहरूको सातो काडे। उनी एउटा ठूलो रूख नै मूला उखेलेझै उखेलेर रूखलाई नै हतियार बनाई जाइलागेको देखेर राजा राजकुमारहरू भागाभाग गरे। पाण्डवहरू द्रौपदीलाई लिएर त्यहाँबाट प्रस्थान गरे ।

कुमार भीमसेनबाट महाबली जरासन्ध जस्तो शक्तिशाली राजा मारिन गयो। उसले बन्दी बनाएकाहरू स्वतन्त्र भए। कुन्तीनन्दन भीमसेनले किर्मिर

नाम गरेको राक्षसलाई पनि मारेको देखिन्छ। यसैगरी भीमसेनको बलले धेरै ठाउँमा धेरै धेरै सकारात्मक काम गरेको देखिन्छ। यस्ता महाबली भएका भीमसेनले गर्दा पाण्डवहरूलाई सारै ठूलो सहारा भएको हो। भीमसेन बलिया मात्र नभएर बढी खाना खानेमा पनि कहलिएका थिए। भनिएको छ खानामा भएका चिजबिज मध्येको आधा भाग भीमसेनलाई दिइन्थ्यो र आधाबाट माता कुन्तीसहित अरू भाइका भागमा आउथ्यो। बलको घमण्ड पनि उनमा थियो सायद। त्यसैले उनको बलको घमण्ड तोडाउने काम पनि भएको देखिन्छ।

एक पटक एक घना जंगलमा कुमार भीमसेन चाहार्दै थिए। उनका अगाडि एउटा बूढो बाँदर बसेको पाइयो। वानर वृद्ध र बिमार पनि देखिएको हो। ऊ बाटोमा थियो। भीमसेनले बाटो छाड्न भने। वानरले आफू वयोवृद्ध भएको र तत्काल बिरामी भएको हुँदा यता उता चल्न नसक्ने कुरा राख्दै नाघेर जाने आशय व्यक्त गऱ्यो। त्यसो गर्न भीमसेनको धर्मले दिएन। उनले पटक पटक हप्काएपछि वानरले आफ्नु पुच्छर अलिकति पन्छाएर अगाडि बढ्न भन्यो। भीमसेनले वानरको पुच्छर पन्छाउन खोज्दा सकेनन्। उनले त्यो वानर चानचुने वानर होइन भन्ने अन्दाज गरेर उसको परिचय मागे। वानरले पहिले भीमले आफ्नू परिचय दिएपछि मात्र आफ्नू परिचय दिने कुरा गऱ्यो। बाध्य भै भीमसेनले परिचय दिएपछि वानरले पनि आफ्नू परिचय दियो। ती साधारण वानर नभएर पवनपुत्र वीर हनुमान् रहेछन्। पछि भीमसेनले माफी मागे हनुमान्ले दिए। दाजुभाइ भइएको महसुस गरेर उनीहरूका बीच धर्मका कुरा पनि भए। भीमसेनले हनुमान्बाट धेरै धेरै धर्मका कुरा सिकेको वर्णन महाभारत महाकाव्यमा छ।

महाबली भीमसेन पाण्डवहरूको एक वर्षे गुप्त वासका समयमा विराट नरेशको दरबारमा रसोइ अर्थात् भान्छेको रूपमा बसेका थिए। त्यहाँ युधिष्ठिर समेत सबै पाण्डव र राजकुमारी द्रौपदी समेत थिए। द्रौपदीको रूपबाट मोहित भएको कीचकले उनीमाथि बलात्कार गर्ने प्रयास गरेको हुँदा भीमले कीचकको वध गरेका हुन्। यसै गरी उनले जिमुतको पनि वध गरेका छन्।

महाबली भए पनि भीमसेन शान्ति प्रिय पनि थिए। उनले भगवान् श्रीकृष्ण कौरवपक्षसँग शान्ति वार्ता गर्न जाँदा युद्ध नहोओस् भन्ने पवित्र भावना राखी भगवान् कृष्णँग यस्तो प्रार्थना गरेका छन्:-

अहमेतद्ब्रवीम्येवं राजा चैव प्रशंसति ।
अर्जुनो नैव युद्धार्थी भूयसी हि दयार्जुने ॥
(उद्योगपर्व, भगवद्यानपर्व ७४।२३)

अर्थः– म शान्ति स्थापनाका निमित्त भनिरहेको छु राजा युधिष्ठिर तथा अर्जुन पनि शान्ति नै चाहन्छन्, अर्जुनको विचार त्यस्तै छ र दयालु पनि छन् ।

यसरी पाण्डवपक्षले शान्तिका लागि लाख प्रयास गर्दा पनि युद्ध टरेन, युद्ध भएरै छाड्यो । महाबली भीमसेन पाण्डवपक्षका सेनापति भए । सेनापतिको काम कर्तव्य राम्रोसँग निभाए । उनले आफ्नू प्रतिज्ञाअनुसार दुःशासनलाई मारेर छातीको रगत पिएका र द्रौपदीलाई दिएका हुन् । यसको खास कारण के थियो भने पाण्डवहरूलाई जुवा खेल्न हस्तिनापुरमा निम्त्याइयो । जुवामा कपट गरेर हराइयो । यहाँसम्म कि महारानी द्रौपदी समेत हारिइन् । द्रौपदीलाई अपमानपूर्वक राजसभामा ल्याई वस्त्र अपहरण गर्दा द्रौपदीलाई जवर्जस्ती घिसारेर ल्याउने दुःशासन थियो । त्यसैबेला भीमसेनले युद्धमा दुःशासनलाई मारेर छातीको रगत पिउने प्रतिज्ञा गरेका थिए । उता द्रौपदीले पनि जबसम्म पाण्डवहरूले दुःशासनको वध गरेर उसको रगत ल्याउँदैनन् तबसम्म आफ्ना केस खुला रहन्छन् भनेर प्रतिज्ञा गरेकी थिइन । युद्धको अन्त पनि भीमसेनबाटै भएको हो भने हुन्छ । किनभने दुर्योधनको इच्छा बमोजिम अन्त्यमा भीमसेन दुर्योधन गदायुद्ध भएको हो र भीमसेनका गदा प्रहारबाट दुर्योधन मारिएको हो ।

महाभारत महायुद्ध समाप्त भएपछि पाण्डवहरू श्रीकृष्णसहित हस्तिनापुर गए । उनीहरू महाराज धृतराष्ट्रकहाँ गए । धृतराष्ट्र रिसले आगो भएका थिए । भीमसेनप्रति अझ सारै जलेका हुँदा भेटमा अंकमाल गर्ने बहानामा मार्ने चाहेको कुरा भगवान् श्रीकृष्णलाई थाहा भयो । तसर्थ भगवान्ले पहिले फलामको भीमसेन अगाडि बढाइदिनुभयो । धृतराष्ट्रले फलामे भीमसेनलाई अँठ्याएर चकनाचुर गराएका हुन् । भगवान् श्रीकृष्णको आशीर्वादमा भीमसेन बाँचेका पनि हुन् ।

कुन्तीपुत्र अर्जुन

महाभारत महाकाव्यद्वारा वर्णन गरिएको महाभारतयुद्धका अति चर्चित वीर पुरुषको नाम हो अर्जुन। आफ्नू जमानामा सर्वश्रेष्ठ योद्धा ठहरिएका अर्जुन महारानी कुन्तीका चौथो सुपुत्र हुन्। यी वीरको कथा वा विवरण निक्कै लामू छ। यी महाभारतयुद्धका सर्वश्रेष्ठ धनुर्धर मानिएका हुन्। देवकीनन्दन भगवान् श्रीकृष्णका हितैषी मित्र समेत ठहरिएका अर्जुनलाई यिनका तुलनामा आउने अरू केही धनुर्धर भएका भए पनि समयले इनलाई सर्वश्रेष्ठ ठहर गर्न प्रयत्न गरेका उदाहरण प्रशस्त छन्। उनी यसरी सबैतिरबाट यश र सहयोग पाउने भाग्यमानी बनेका हुन्। यसका प्रमाण खोज्दै जाँदा भेट्टाउन सकिन्छ भगवान् श्रीकृष्णका नजिकका साथी हुनाले पनि यस्तो भएको हो। गीतामा भगवान् श्रीकृष्णले पटक पटक अर्जुनलाई मित्र अझ प्रियमित्रका रूपमा स्वीकार गरेका महावाणी देख्न सकिन्छ। श्रीकृष्णको आशीर्वाद पाएका कारण अर्जुन उनको काममा सफल हुने गरेका हुन् पनि भन्दा फरक पर्दैन। कसै कसैले त श्रीकृष्णकै प्रेरणा र आशीर्वादले अर्जुनलाई सफलता मिलेको र ख्याति प्राप्त भएको हो पनि भन्न खोज्छन्।

भीमसेनको जन्म भएपछि राजा पाण्डुले कुन्तीलाई अर्को पुत्रको लागि पनि प्रयत्न गर भनेको हुँदा कुन्तीले देवराज इन्द्रको सहयोग लिई आफ्नू तेस्रा पुत्रको रूपमा अर्जुनलाई जन्माएकी हुन्। फाल्गुन महीनामा जन्मिएका हुनाले अर्जुनको एउटा नाम फाल्गुन पनि हो।

फाल्गुन अर्थात् अर्जुन गुरु द्रोणाचार्यको दीक्षाबाट सम्पूर्ण विद्यामा पारंगत भए। त्यो समयका सर्वश्रेष्ठ धनुर्धर हुने लक्ष्य लिएर देखापरे। पाण्डव तथा कौरव राजकुमारहरूलाई शिक्षा दिएर सकेपछि गुरु द्रोणाचार्यले शिष्यहरूको परीक्षा लिँदा अर्जुन सर्वश्रेष्ठ ठहरिए। रणभूमिमा अस्त्र कौशल प्रदर्शन गर्दा पनि अर्जुन नै अगाडि आए। यसरी गुरु द्रोणाचार्यबाट राजकुमारहरूलाई विद्या दिने काम सकिएपछि गुरुदक्षिणाको कुरा आयो। द्रोणाचार्यले शिष्यहरूसँग गुरुदक्षिणा बापत राजा द्रुपदसँग युद्ध गरी उनलाई

परास्त गरेर बन्दी बनाइ आफूलाई बुझाउन भने। यो कार्यमा पनि अर्जुन बढी खटे, सुझबुझका साथ काम सम्पन्न गरेर देखापरे। द्रुपदलाई युद्धबाट पराजित गरी बन्दी बनाएर द्रोणाचार्यलाई बुझाइयो। द्रोणाचार्यले द्रुपदसँग बदला लिने मौका पाए।

जतातैबाट पाण्डवहरूको कीर्ति बढ्दै गएकोले दुर्योधन पक्ष चिन्तित हुँदै थियो। पाण्डवहरूलाई वारणावतमा लाक्षागृह निर्माण गरी सखाप गर्ने षड्यन्त्र गरेर पठाइयो। पाण्डवहरू सुतिरहेको अवस्थामा राती त्यहाँ आगलागी पनि भयो पाण्डवहरू जलेर भस्म भए भन्ने भयो। तर पाण्डवहरू बचेर वन वन चाहार्दै बढी शक्ति सञ्चय गर्ने कार्यमा थिए गोप्य रूपमा। उनीहरू द्रौपदीको स्वयंवर हेर्न गए। त्यहाँको लक्ष्यभेदन गर्न उपस्थित राजा राजकुमारहरू सफल नभएको अवस्थामा अर्जुनले लक्ष्यभेद गरे। सफल भएर बहादुरीका साथ द्रौपदीको पाणिग्रहण गरे।

द्रौपदी स्वयंवरपछि वनवन भौतारिएका पाण्डवहरूको पहिचान भयो। उनीहरू भस्म नभएको थाहा पायो कौरव पक्षले। पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउने काम भयो। उनीहरू हस्तिनापुर आए। बाध्यतावश हस्तिनापुरले पाण्डवहरूलाई इन्द्रप्रस्थ राज्य दिएकोले पाण्डवहरू त्यहाँ गए। इन्द्रप्रस्थलाई हराभरा एवं विकसित बनाएपछि अर्जुन तीर्थाटनमा गए। प्रभास क्षेत्रमा भगवान् श्रीकृष्णसँग भेट भयो अर्जुनको। रैवतकपर्वतको उत्सवमा सुभद्रालाई देखेका अर्जुन उनीप्रति आसक्त भए। सुभद्रा पनि अर्जुनको रूपमा मोहित भएकी हुन्। श्रीकृष्णको सल्लाह अनुसार शुभद्रा हरण गरेर विवाह गरे अर्जुनले।

महाराज युधिष्ठिरबाट अश्वमेध यज्ञ गर्ने निधो भएपछि वीर अर्जुनले धेरै देश देशावर चाहारेर त्यहाँका राज्यहरूलाई आफ्नू अधीनमा पारी प्रशस्त धन सम्पत्ति र मान मर्यादा प्राप्त गरे।

युधिष्ठिरको अश्वमेध यज्ञ भएपछि दुर्योधनपक्ष अझै डाह गर्ने भएर उत्र्यो। जाल प्रपञ्च आदि हुँदै हुदै धेरै सताइए पाण्डवहरू। यति गर्दा पनि अझै अधैर्य थियो दुर्योधन पक्ष। शकुनिको जालझेल एवं कपटपूर्ण जुवाकाण्ड आयो। जुवा पाण्डवहरूले हारे। जुवामा धनसम्पत्ति मात्र हारेनन् युधिष्ठिर महाराजले। राज्य, श्रीसम्पत्ति आदि सकिएपछि महारानी द्रौपदी समेत दाउमा

राखिइन् र हारिइन्। जुवामा जितिएकी द्रौपदी भनेर इज्जेत लिने काम समेत भयो। द्रौपदीलाई राजसभामा उपस्थित गराई वस्त्रहरण जस्ता अति नीच कार्य समेत भएपछि पाण्डवहरू बाह्र वर्ष वनवास र एक वर्ष गुप्त वास गर्नपर्ने सर्तमा समेत फसे। उनीहरू गए वनवास। त्यो समयमा वीर अर्जुनले शक्ति सञ्चय गर्न अनेकानेक तपस्या समेत गरेको देखिन्छ। अन्य राजाहरूसँगको सुसम्बन्ध तथा तपस्या समेतबाट वीर अर्जुनले विविध खालका शक्तिशाली हात हतियार एवं आशीर्वाद पनि प्राप्त गर्न सफल भएका हुन्।

गुप्तवास बसेका बखत कीचकवधका समयमा अर्जुनको भूमिका महत्त्वपूर्ण देखिएको हो। विराट नरेशका गाइहरण पर्वमा अर्जुनले बृहन्नलाको रूपमा उत्तरकुमारको सारथि भएर गएका र दुर्योधनका सेनासँग आफैं युद्ध गरी कृपाचार्य, द्रोणाचार्य, अश्वत्थामा, कर्ण तथा भीष्म आदि लाई लज्जित बनाएका हुन्। यसै समय पश्चात् उनीहरूको गुप्तवास समाप्त भएको र विराट नरेश अर्जुन प्रति प्रभावित तथा आस्थावान् भएका हुँदा आफ्नी प्यारी छोरी दिन तयार हुँदा अर्जुनले विराटपुत्री उत्तरालाई पुत्रवधुकारूपमा स्वीकार गरेका हुन्।

कुन्तीपुत्र अर्जुन वीर योद्धा हुन्, सर्वश्रेष्ठ धनुर्धर हुन् र युद्ध कौशल हुन्। यति भएर पनि उनी शान्ति चाहने सज्जन पनि हुन्। यसको एउटा प्रसङ्ग छ। दुर्योधन पक्षले कसै गरे पनि पाण्डवहरूलाई उनीहरूको राज्य फिर्ता नदिएपछि भगवान् श्रीकृष्ण मध्यस्थता गर्न स्वयं अगाडि आउनुभयो। दुर्योधन आदि हस्तिनापुरका शासकलाई सम्झाउन भगवान् श्रीकृष्ण स्वयं हस्तिनापुर जाने कार्यक्रम हुँदा सबैसँग राय लिँदै हुनुहुन्थ्यो। त्यो समयमा वीर अर्जुनले भगवान्सँग सकेसम्म शान्ति हुनुपर्दछ भनेका छन्। उनले भनेका छन् म अरू कुराभन्दा शान्ति चाहन्छु : –

ममा अरू कुनै छैन भन्न पर्ने कुरा अब।
हे जनार्दन ! त्यै गर्नोस् जहाँ पाण्डव हित छ ।।

यसरी भगवान् श्रीकृष्णसँग पूर्णरूपले विश्वस्त थिए कुन्तीपुत्र अर्जुन। भगवान्ले पनि अर्जुनलाई परम मित्र मान्नुभएको थियो र एउटा वीर योद्धा भएर पनि शान्तिप्रिय व्यक्तित्व मान्नुभएको थियो। पाण्डव र कौरवका बीच युद्ध नहोओस् भनेर कृष्णले धेरै प्रयत्न गर्नुभयो। शान्तिदूत भएर हस्तिनापुर गएका बखत दुर्योधनले पाण्डवहरूलाई सियोको टुप्पो जति पनि जमीन दिन्न

भनेपछि र भगवान्लाई नै बन्दी बनाउने घोषणाका साथ प्रयास समेत गरेपछि महाभारत युद्ध भएको हो। यो युद्धमा भगवान् श्रीकृष्ण अर्जुनका सारथि हुनुभएको हो।

महाभारत युद्ध कुनै एक दुई दिनका घटनाका कारणले तथा केही घटनाले मात्र भएको होइन। धेरै काल देखिका घटना, दुर्घटना थुप्रिदै आएर उरुम भएका र त्यति बेलाका जिम्मेवारहरूका अगतिला काम कारबाहीका कारण र थोपरिएका समस्याका कारण युद्ध हुन गएको हो। खास गरेर अन्याय अत्याचार तथा कुकृत्यहरूको कारणले सिर्जना भएका उकुसमुकुसका कारण भएको हो यो युद्ध। यसलाई महारानी सत्यवतीदेखि घमण्डी दुर्योधनसम्मका कारण भएको हो भनिन्छ। यसरी महायुद्ध भयो। यो युद्धका महान् हस्तीहरू मध्येमा पर्दछन् कुन्तीपुत्र अर्जुन पनि। अर्जुन यस्ता शूरवीर, शक्तिशाली, धैर्ययुक्त र धर्मात्मा थिए सायद उनको तुलनामा अरू कोही देखापर्ला। अनेकानेक घटना परिघटना र परिस्थितिका कारण युद्ध तोकियो। पाण्डव र कौरव पक्षका योद्धा आआफ्ना सैन्यका साथ कुरुक्षेत्रमा जम्मा भए। युद्धको हाँकस्वरूप शंखनाद समेत भैसकेपछि अर्जुनलाई युद्धमा को को आएका छन् हेर्ने इच्छा भयो। उनले आफ्ना सारथि यशोदानन्दन श्रीकृष्णसँग प्रार्थना गरे म एक पटक सेना निरीक्षण गर्छु भनेर। भगवान्ले उनको रथ युद्धमैदानको बीचोबीच लगेर अड्याइदिनुभयो। अर्जुनले हेरे। त्यहाँ सबै आफन्त देखेर त्यो युद्ध हुनुभएन भन्न थाले। यस्ता वीर भैकन पनि दयालु भएका कारण यस्तो भनेका हुन् अर्जुनले। उनको भनाइ हो युद्ध जित्न अफन्तलाई मार्न पर्ने भो, आफन्तलाई मार्ने युद्ध नगरियोस् नहोओस्। यति बेला अर्जुनले भगवान् श्रीकृष्णसँग लामू छलफल गरेका छन्।

दुवैतर्फका सेना तम्तयार भएका छन्। सेनाप्रमुखहरूले सबैलाई सतर्क गराइसके। सबैले युद्धारम्भको शंखनाद पनि गरिसके। दुर्योधन आफ्ना सेनापतिहरूलाई युद्धको तयारी बताउँदै आफ्नू पक्ष बलवान् छ भनेर हौसला बढाउँदै थियो। अर्जुनका मनमा विषाद उत्पन्न भयो। अर्जुनले भगवान् श्रीकृष्णसँग भनेः–

देख्दा यी युद्धको इच्छा राखेर लड्न आउने।

मेरो त हल्लियो होस काम्न थाल्यो शरीर नै ॥

यसरी युद्धबाट विषादित भएर थरथर काम्दै गाण्डीव थन्क्याएर रथको एउटा छेउमा बसेका अर्जुनलाई सम्झाउन थाल्नुभयो भगवान् श्रीकृष्ण। भगवान्ले भन्नुभयोः–

तिम्रो मन मझेरीमा किन जन्म्यो नि संशय।
अहिले यी कुरा गर्ने बेला होइन निश्चय ॥

श्रीकृष्णका कुरा सुनेपछि अर्जुनले भगवान्सँग भीष्म, द्रोण जस्ता महात्माहरूलाई म कसरी मार्न सक्छु र भन्दै उनले भनेः–

ई महात्माहरूलाई मार्नुभन्दा त वेश हो।
न बाँच्नु वा जिएमा नि भीखमंगा हुनु बढो ॥

किन कि गुरु नै हुन् ई फेरि पूज्य पितामह।
यस्ताका वधले हुन्छ संसारै रक्त रञ्जित ॥

यसरी अर्जुन र भगवान् श्रीकृष्णका बीच युद्ध गर्ने पर्दछ र युद्ध गरिन हुँदैन भन्ने विषयमा लामू छलफल भयो। त्यति मात्र होइन आफन्त र परजन अथवा धर्म र पाप अनि संसार के हो यो कसरी सञ्चालन हन्छ कसले यसको सञ्चालन गर्दछ वास्तविक धर्म के हो स्वधर्म के हो परधर्म के हो जस्ता धेरै धेरै विषयमा छलफल भयो। आफ्ना परम भक्त मित्र अर्जुनलाई भगवान्बाट असीम निगाहका साथ विभिन्न विषयमा ज्ञान प्रदान भयो। यसरी यो ज्ञान प्रदान हुँदाका संवाद अर्थात् वादविवादलाई महर्षि व्यासले लिपिबद्ध गर्नुभएको छ महाभारत महाकाव्यमा। यो विषय महाभारत महाकाव्यको एउटा महत्त्वपूर्ण विषय बन्न गएको छ। यसलाई नै **श्रीमद्भगवद्गीता** भनिएको छ। यो गीता संसारमा अवतरण गराउने महापुरुष वीर अर्जुन नै ठहरिएका छन्। अर्जुनमा उत्पन्न भएको विषाद शान्त गराउन नै भगवान् श्रीकृष्णबाट यो गीता निगाहा भएको हो। गीता अहिलेसम्म पनि संसारमा एउटा ठूलो दर्शन शास्त्र भएर रहेको छ। अर्को महत्त्वपूर्ण कुरा के भएको छ भने गीता ज्ञानकै कारण अर्जुनको विषाद शान्त भएर उनी युद्ध गर्न तयार भएका छन्।

भगवान् श्रीकृष्णका कुरा सुनेका वीर अर्जुनको मन शान्त भयो।

उनले आफ्नू कर्तव्य बुझे, धर्म चिने। उनी धर्मको रक्षार्थ अधर्मका विरुद्ध युद्ध लड्ने वीर आफूलाई सम्झेर युद्ध गर्न तयार भएर उठे। यति बेला गीताले भनेको छः–

सुनेर कृष्णका बात दिव्य ज्ञान महत्त्वका।
हट्यो अर्जुनको मोह आयो स्मरण शक्ति ता॥

कुनै संशय नै छैन दृढ छन् वीर अर्जुन।
भन्छन् आदेश जो भा छ गर्छू त्यै मधुसूदन !

महाभारतमहायुद्धमा ठूलो बहादुरी तथा संयमतापूर्वक युद्ध गरे कुन्तीपुत्र वीर अर्जुनले। पर्वतस्वरूपका भीष्म पितामहलाई शरशय्यामा सुताइदिए। गुरु द्रोणाचार्य मारिए युद्धमा। वीर कर्णले वीर गति प्राप्त गरे। घमण्डी दुर्योधन मारिए। यस्ता अनगिन्ती रथी महारथी सारै ठूलो संख्यामा समाप्त भए। कुरुक्षेत्र रगताम्य भयो। सारा अधर्मीहरू सखाप भए। यस कार्यमा वीर अर्जुनको भूमिका विशेष महत्त्वपूर्ण भएको हो।

महाभारत युद्धपछि जितिएको हस्तिनापुर राज्यको राजा महाराज युधिष्ठिर भए। भीम, अर्जुन, नकुल तथा सहदेवहरूले आ–आफ्नू जिम्माका कार्यहरू सतर्कताका साथ सम्पन्न गरेर पनि ठूलो यश कमाएका हुन् सबै भाइले। सारै ठूलो मेलमिलाप थियो भाइ भाइमा। लामू समय हस्तिनापुरको राजकाज सम्हालेपछि आफ्ना नाति परीक्षित्लाई राज्यभार सौंपेर स्वर्गको लक्ष्यका साथ हिंडेका हुन् पाँच पाण्डव भनेर महाभारत महाकाव्यमा वर्णन भएको छ। हरेक कार्यमा अर्जुनको विशेष भूमिका भएको प्रसङ्ग पनि देखिन्छ।

महारानी द्रौपदी

पूर्वीय सभ्यताले उन्नतिको शिखर चुमेको अवस्थामा महाभारत महायुद्ध भएको हो भन्ने अनुमान गरिएको छ। महाभारतकाल करीव पाँच हजार वर्ष पहिलेको हो भन्ने पनि गरिएको छ। महाभारत युद्धमा सारै ठूलो मात्रामा धनजनको क्षति भएपछि सभ्यताको समेत ह्रास भएको हो भन्ने अनुमान समेत हुन आउँछ। सो महाकाव्यमा चर्चा भए अनुसार युद्धमा नारी तथा पुरुषको समेत सहभागिता थियो। सो युद्धमा भाग लिएका भनेर वर्णन गरिएका नारी पात्रहरूमा एक महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी नारी पात्र हुन् महारानी द्रौपदी। सतीसाध्वी द्रौपदी युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेव पाँच भाइकी साझा पत्नी हुन्। यो प्रसङ्गले बताउँछ त्यति बेला बहुपति प्रथाको पनि जन्म भएको थियो समाजमा। महाभारत महाकाव्यमा भएको चर्चा अनुसार महारानी द्रौपदी पाञ्चाल नरेश द्रुपदकी पुत्री हुन्। उनको जन्म पनि साधारण होइन, विशेष किसिमको हो।

भारद्वाजपुत्र द्रोणाचार्य र पाञ्चाल नरेश द्रुपदका बीच गहिरो मित्रता थियो गुरुकुलमा रहेर शिक्षा लिइरहेका अवस्थामा। तरपछि गहिरो नै दुश्मनी भएपछि राजा द्रुपद द्रोणाचार्यसँग बदला लिन सक्ने पुत्र प्राप्त गर्न प्रयासरत थिए। यस विषयमा भौंतारिएको अवस्थामा तपस्वी याज र उपायाजसँग उनको भेट भयो। यी दुई ब्राह्मण तपस्वी शक्तिशाली ठहऱ्याएर द्रुपदले उनलाई द्रोणाचार्यलाई मार्न सक्ने क्षमता भएको पुत्र प्राप्तिका निमित्त उपाय निकाल्न प्रार्थना गरे। महातपस्वी याजले द्रुपदको निवेदन स्वीकार गरे। उनले पुत्र प्राप्त गराउने उद्देश्यले पुत्रेष्टि यज्ञ गराए द्रुपदका निमित्त। यज्ञाग्निबाट एउटा बालकको जन्म भयो। त्यो बालक धृष्टद्युम्न नामले प्रख्यात भएको हो पछि। धृष्टद्युम्न जन्मेपछि त्यति बेलै त्यही यज्ञबाट एउटी कन्याको पनि जन्म भयो। उनलाई पाञ्चाली भनी नामकरण गरियो। पाञ्चाली जन्मदैमा सारै सुन्दरी भएर जन्मेकी हुन्। महाभारतमा भनिएको छः–

मानुषं विग्रहं कृत्वा साक्षादमरवाहिनी।
नीलोत्पलसमो गन्धो यस्याः क्रोशात् प्रधावति॥

अर्थः-

मान्छेको रूपकी देवी साक्षात् दुर्गा समानकी।
हुन् कमल्कोपिला जस्ती खानी नै हुन् सुगन्धकी॥

(आदि पर्व १६६।४६)

भनिएको छ द्रुपदको यज्ञबाट कन्या प्रकट हुनासाथ आकाशवाणी भयो। आकाशवाणीले भनेको हो "यी कन्या कृष्णा हुन्। यी समस्त नारीजातिमा सबैभन्दा राम्री हुन्छिन्। यी क्षत्रियहरूको संहार गर्न जन्मेकी हुन्।"

आकाशवाणी अनुसार नै द्रौपदी अति सुन्दरी कन्या भएर हुर्केकी हुन्। विवाह योग्य हुँदासम्मा उनी रूप, सौन्दर्य एवं शीलस्वभावबाट समेत उच्च स्तरकी ठहरिएकी हुन्। उनलाई चाहने राजा राजकुमारहरू प्रशस्त भैसकेका थिए। त्यसै बेलामा पाञ्चाल नरेश द्रुपदले आफ्नी पुत्री कृष्णाको शुभ विवाहका निमित्त स्वयंवर समारोहको घोषणा गरिदिए। उनले निशाना र धनुको तथा बाणको समेत बन्दोबस्त गरे। राजकुमारी द्रौपदीसँग विवाह गर्न चाहने वीरले द्रुपदले तयार गरेको धनुमा ताँदो चढाई लक्ष्यभेदन गर्नुपर्ने थियो। सो लक्ष्य भेदन गरेर द्रौपदीको पति बन्ने चाहना राख्ने त्यस ओरपरका राजा, राजकुमार तथा अन्य शूरवीर क्षत्रियको त्यहाँ उपस्थिति भयो। त्यो स्वयंवर समारोह हेर्न वारणावतको लाक्षागृह आगलागी काण्डवाट जीवित निस्केर हिँडेका र ब्राह्मण रूप धारण गरेका पाण्डवकुमारहरू पनि आएका थिए। उनीहरू एउटा कुमालेको घरमा बसेका थिए। स्वयंवर समारोह हेर्ने उद्देश्यले चुपचाप आएका थिए।

स्वयंवर कार्यक्रम शुरू भयो। त्यहाँ उपस्थित राजा राजकुमार तथा अन्य वीरहरूले धनु उठाई लक्ष्यभेदन गर्न प्रयास गरे। तर कसैको केही सिप लागेन। कर्णले सक्ने लक्षण देखाएका थिए। राजकुमारी द्रौपदीले सूतपुत्रसँग विवाह नगर्ने घोषणा नै गरिदिइन्। कर्ण पछि हट्नैपऱ्यो हटे। आखिर भगवान् श्रीकृष्णको इसारामा ब्राह्मणरूपधारी अर्जुनले स्वयंवर गर्न राखिएको निशानामा बाण प्रहार गरेर सर्त अनुसारको काम सम्पन्न गरे। द्रौपदीले अर्जुनलाई वरमाला पहिराइन्। त्यहाँ उपस्थित राजाहरूले विद्रोह गर्न खोजेका भए पनि कसैको केही सिप लागेन। अर्जुनसँगै द्रौपदीको विवाह हुने भयो। यो घटनाबाट

अर्को एउटा कुरा के हुन गयो भने पाण्डवहरू लाक्षागृहमा जलेका रहेनछन्। उनीहरूको पहिचान भयो। राजा द्रुपदले पाण्डवहरूसँग द्रौपदीको विवाह गराए।

पाँच भाइ पाण्डवहरूसँग द्रौपदीको विवाह हुनुमा एउटा रहस्य छ। द्रौपदीको स्वयंवरको घोषणा हुँदा पाण्डवहरू ब्राह्मणको भेषमा गुप्त रूपमा थिए, अहिलेको प्रचलित शब्दमा भन्नुपर्दा भूमिगत अवस्थामा थिए। उनीहरू तिनताका भिक्षा मागेर जीवननिर्वाह गर्दथे। जुन दिन द्रौपदीबाट वरमाला पहिरेका थिए त्यस दिन पनि घर फर्किएपछि बाटैबाट उनीहरूले आमा कुन्तीलाई एउटा विशिष्ट प्रकारको अनौठो भिक्षा लिई आएको कुरा ठट्टाको रूपमा सुनाए। कुन्तीले भिक्षा के हो बुझ्दै नबुझी सधैं भैं पाँचै भाइले आपसमा बाँड्नू भनिदिइन्। यो एउटा कारण र पूर्व जुनीको कारणले पनि द्रौपदीको एकै पटक पाँच जनासँग विवाह हुन गएको हो।

हस्तिनापुरले पाण्डवहरूलाई हस्तिनापुरमा बोलायो। उनीहरू गएपछि इन्द्रप्रस्थ दिई त्यहाँ गएर राजकाज गरी बस्न भन्यो। पाण्डवहरूले त्यसै गरे। युवराज युधिष्ठिर त्यहाँका राजा बने। द्रौपदी रानी भइन्। त्यहाँ द्रौपदी लगायतका पाण्डवहरू राज्यको विकासमा जुटे। उनीहरूले धेरै विकास गरे त्यहाको। भौतिक, सामाजिक, राजनैतिक र आर्थिक क्रान्ति सफल भयो। पाण्डवहरूको यश कीर्ति बढ्न गयो। महाराज युधिष्ठिरबाट राजसूय यज्ञसमेत सम्पन्न भयो। आसपासका कैयौं राज्यहरूसँग सुसम्बन्ध कायम भयो। त्यो दुर्योधन पक्षका निमित्त असह्य हुन गयो। राजसूय यज्ञमा आमन्त्रित भै आएका दुर्योधनले त्यो सहन गर्न सकेनन्।

दुर्योधनपक्षले अन्ततोगत्वा जुवा खेल्ने प्रस्तावका साथ पाण्डवहरूलाई हस्तिनापुरमा बोलायो। शकुनि मार्फत छलकपटपूर्ण जुवा खेलाई पाण्डवहरूको सर्वस्व हरण गरियो। त्यतिले मात्र सन्तुष्ट नभएर महारानी द्रौपदीको चीरहरण गर्ने नीचभन्दा पनि नीच कार्य समेत भयो। द्रौपदीलाई राजसभाका बीचमा नाङ्गी बनाउन समेत प्रयत्न गरियो। भगवान् श्रीकृष्णले सुरक्षा दिनुभयो, लाज बचाइदिनुभयो द्रौपदीको। द्रौपदीले श्राप दिन खोजेपछि जुवामा हारेको सबै सम्पत्ति बाध्यतावश धृतराष्ट्रले फिर्ता गरे। त्यसपछि पनि पुनः जुवाको खाल बस्यो। पाण्डवहरूलाई पुनः हराइयो। उनीहरू बाह्र वर्ष वनवास र एक वर्ष

गुप्तवास गर्ने दाउमा समेत हारेकाले वनवास र गुप्तवासतिर लागे। यो समयमा पनि महारानी द्रौपदी पाण्डवहरूसँगै गइन्।

द्रौपदी जन्मदैमा अति नै सुन्दरी थिइन्। बैंस चढेपछि अझै राम्री हुनु स्वाभाविकै हो। त्यस्तै भइन्। यस कारण पनि समय समयमा समस्याहरू आउने गर्दथे। वनवास समयमा केही समस्या भए भने वनवास पश्चात् गुप्तवास बसेका बखत विराट नरेशका साला कीचकले सैरन्ध्रीका रूपमा रहेकी द्रौपदीलाई बलात्कार गर्ने असफल प्रयास समेत गऱ्यो। बलवान् भीमसेनद्वारा कीचकको वध नै हुन गयो।

द्रौपदीले जतिसुकै अप्ठेरा आउँदा पनि आफ्नू धर्म निभाएरै रहेको देखिन्छ। उनले आफ्ना पतिहरूको सेवामा आफूलाई लगाएरै रहिन्। महारानी बन्दा समेत उनका विरुद्धमा कसैले कुनै गुनासो गर्ने मौका पाएनन्। महारानी द्रौपदीका निमित्त प्रमुख आधार देवकीनन्दन श्रीकृष्ण हुनुभएको हो। श्रीकृष्णबाट द्रौपदीले चीरहरण समयमा होस् वा दुर्वासा ऋषिको खानपानको बन्दोबस्त गर्नुपर्दा होस् जहिले पनि सहयोग वा दया पाई नै रहेकीले सफलता पाएकी हुन्।

द्रौपदी जतिसुकै कष्टका समयमा पनि धैर्यता पूर्वक काम लिने गर्दथिन्। सधैं आफ्ना पतिहरूसँगै रहिन्। वार्ताका समयमा उनका तर्क उचित हुन्थे। वीरोचित कार्यमा र धर्मकर्मका कार्यमा द्रौपदीको ठूलो हात हुने गर्दथ्यो। महाभारत महायुद्धका समयमा द्रौपदी कुरुक्षेत्रको युद्ध शिविरमै रहेकी हुन्। आफ्नूतर्फबाट गर्ने कार्य गरी नै रहिन्।

महाभारत महायुद्ध समाप्त हुने अवस्थामा आइपुगेको थियो। दुर्योधन जंघा तोडिएको अवस्थामा मृत्युको समय नाप्दै थियो। अश्वत्थामाले रातमा सिविरमा सुतिरहेका द्रौपदीका पाँच पुत्रलाई छिपेर गएर कायरता पूर्वक मारे। त्यति बेला द्रौपदीको विलाप सारै ठूलो रूपमा भएको थियो। त्यो कायरतापूर्ण कार्य कसले गरायो भनेर खोजी गरे पाण्डव वीरहरूले। त्यो कार्य अश्वत्थामाबाट भएको भन्ने भएपछि लुकेर भागेका अश्वत्थामालाई समातेर ल्याई द्रौपदीका अगाडि राखियो। त्यति बेला द्रौपदी रिसले आगो भएकी थिइन् र पुत्रशोकको आगोमा आफैं जल्दै थिइन्। पुत्रको हत्यारा उनको अगाडि ल्याइएको थियो। त्यो हत्यारालाई मृत्यु दण्ड लगायतका जुनसुकै दण्ड सजाय दिन सक्थिन्। तर उनले त्यसो गरिनन्। उनीभित्र रहेको मातृत्व

उजागर भएर आयो। उनले अब अश्वत्थामालाई जस्तोसुकै सजाय दिए पनि उनका मारिएका छोराहरू त फर्केर आउँदैनन् सोचिन्। उनले म त रुन पऱ्यो पऱ्यो गुरुमाता कृपिलाई म रुवाउन्न जस्ता अभिव्यक्तिका साथ अश्वत्थामालाई छाडिदिने आग्रह गरिन्। यसबाट पाञ्चाली वीराङ्गना मात्र थिइनन्, दयालु आमा पनि थिइन् भन्ने सिद्ध हुन आउँछ।

महारानी द्रौपदी आफ्ना कुरामा अडिरहने नारी पनि हुन्। उनको चीरहरणका समयमा उनलाई जवरजस्ती लछारेर ल्याउने दुःशासनको छातीको रगत आफ्ना केशमा नपरेसम्म केश नकोर्ने नबाद्ने प्रतिज्ञा गरेकी थिइन्। त्यसमा उनी अडिग रहिन्। दुःशासन मारिएर उसको छातीको रगत आफ्नू केशमा लगाएपछि मात्र केश तह लगाएको वर्णन छ।

महाभारत महायुद्धमा पाण्डवहरूको विजय भयो। पाण्डुपुत्र युधिष्ठिर हस्तिनापुरका राजा भए। द्रौपदी महारानी बनिन्। लामू समय हस्तिनापुरको राज्य गरी पतनोन्मुख धर्मको रक्षा तथा विकासको सुव्यवस्था मिलाए पाण्डवहरूले। त्यसपछि हस्तिनापुरको राजकाज नाति परीक्षित्लाई सौंपेर पाण्डवहरू सशरीर स्वर्गको बाटो लाग्दा पनि द्रौपदी सँगै गएकी हुन्।

महारानी द्रौपदी एउटी पतिव्रता कुशल गृहिणी हुन् र राजकाजकी सहयोगी हुन् भनेर भन्ने गरिन्छ। द्रौपदीको नाम लिँदा मात्र पनि धर्म हुन्छ भन्ने मान्यता हिन्दू धर्मावलम्बीहरूमा अद्यापि रहेको पाइन्छ। यसको खास कारण के हुन सक्छ भने द्रौपदी एउटी विशिष्ट प्रतिभा भएकी पत्नी हुन् वीराङ्गना हुन् र ममतामयी आमा पनि हुन्।

भगवान् श्रीकृष्णको समुपस्थिति

महर्षि वेदव्यासबाट निर्मित महाभारत महाकाव्य पूर्वीय संसारको एक महान् ग्रन्थ हो। यसभित्र संसार रहेको छ। यहाँ धर्म, अर्थ, मोक्ष काम तथा मानव व्यवहार र कलह समेत रहेको छ। यसलाई ऋषि महर्षिदेखि वर्तमान कालका विद्वान् विदुषीहरूले ठूलो महत्त्व दिएर पढ्ने र बुझ्ने गर्दछन्। यो ग्रन्थ कुनै धार्मिक विषयको ग्रन्थ हो वा व्यावहारिक ग्रन्थ हो भनेर विचार गर्दा पनि लाग्छ यो दुवै हो। यो वास्तवमा राज्य वा समाज सञ्चालन चिन्तनको विशाल वटवृक्ष हो। नीतिशास्त्र हो र जीवन दर्शन पनि हो। यो युद्ध नीति हो युद्धको भयावहताबाट मान्छेलाई डर तथा त्रास दिई शान्तिकामी बनाउने राजनीति शास्त्र हो। अझै थप्न पर्दा के पनि थप गर्न सकिन्छ भने यो एउटा समाजशास्त्र नै हो। त्यसैले महाभारतमा महर्षि व्यास महोदय स्वयंले भनेका छन्:-

धर्मे चार्थे च कामे च मोक्षे च पुरुषर्षभ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्॥

यसबाट हामी सिद्ध गर्न सक्छौं महाभारत महापुराण वा महाकाव्यभित्र पूरा संसार अटाएको छ। संसारमा भएका कुरा सबै यसले समेटेको छ। त्यसैले संसारका विद्वान्हरू यसलाई एउटा आधार ग्रन्थका रूपमा पनि लिन खोज्छन्। यसभित्रको रस चुस्छन् र महान् दार्शनिक वा साहित्यकार बन्ने गरेका छन्। यस कुराका धेरै प्रमाण छन्। अहिले यहाँ त्यो विषयभित्र प्रवेश गर्न खोजिएको छैन। अहिले चिन्तन गर्न खोजिएको प्रमुख विषय भनेको महाभारत महाकाव्यले वर्णन गरेको महाभारत महायुद्धमा भगवान् श्रीकृष्णको समुपस्थिति कति बेला कसरी भयो भन्ने हो।

महाभारत महाकाव्यका प्रमुख पुरुष पात्रहरूमा देखापर्दछन् महर्षि व्यास, भीष्म पितामह, महाराज धृतराष्ट्र, पाण्डु, विदुर तथा देवकीनन्दन वासुदेव श्रीकृष्ण आदि। पाण्डु महारानी कुन्तीका पति हुन्। कुन्ती श्रीकृष्णकी फुपू हुन्। यस कारण कुरुवंशका यावत कुरा कृष्ण समक्ष पुग्नु अस्वाभाविक

ठानिदैन। उनीहरूका बीच भएको पारिवारिक कलह पनि कृष्ण परिवारमा सहजै पुग्न सक्ने विषय हो। फेरि देवकीनन्दन श्रीकृष्णको भनाइ नै छ उनी संसारकै सर्वश्रेष्ठ व्यक्ति हुन् र आदिपुरुष पनि हुन्। उनी संसार एक्कै पटकमा हेर्न सक्ने महापुरुष हुन्। अन्तर्यामी हुन्। यस कारण उनमा महाभारत महायुद्धका काला संकेत उनको बाल्यकालबाटै भएको थियो भन्ने अनुमान गर्न सकिन्छ।

पाण्डवहरू वारणावतको लाक्षागृहबाट निस्केर माता कुन्ती सहित वन वनमा भौंतारिइरहेका थिए। यसै बीचमा उनीहरूले द्रुपदपुत्री द्रौपदीको स्वयंवर समारोहको खवर सुने। ब्राह्मण भेषमा रहेका पाण्डवहरू सो समारोहमा देखापरे। महाराज द्रुपदले पाण्डवहरूलाई पनि स्वयंवर समारोहमा सहभागी हुन स्वीकृति दिए। स्वयंवरमा भाग लिन आएका क्षत्रिय राजा राजकुमारहरूले यसको विरोध गरे। रिसले चुर चुर भएर द्रुपदलाई मार्नेसम्मको आवाज उठाउन बाँकी राखेनन्। उनीहरूले द्रुपदका विरुद्धमा सल्लाह गरिरहेको अवस्थामा पाण्डुपुत्र भीम र अर्जुनले ठूलो पराक्रमका साथ द्रुपदको रक्षा गरे। त्यो भगवान् श्रीकृष्ण र दाउ बलरामले देखे। भगवान् श्रीकृष्णले पाण्डवहरूलाई पहिचान पनि गरे। स्वयंवर समारोह चालु भयो। प्रतियोगितामा अर्जुनले द्रुपदको सर्त वा निसानामा लक्ष्यभेद गरेका हुँदा द्रौपदीले अर्जुनलाई वरमाला पहिराइन्। त्यसपछि भगवान् श्रीकृष्ण तथा दाउ बलराम र पाण्डवहरू बीच सम्बन्ध तथा बातचित शुरू भएको र सुमधुर भएको देखिन्छ।

कुन्तीपुत्र अर्जुन केही समय तीर्थाटनमा गएका थिए। उनी प्रभास क्षेत्रमा आएपछि भगवान् श्रीकृष्णसँग भेट भयो। त्यसपछि अर्जुनको देवकीनन्दन श्रीकृष्णका साथ गहिरो मित्रता हुन गयो। अर्जुनद्वारा सुभद्रा हरण गर्ने गराउने काम समेत श्रीकृष्णकै सल्लाहमा भयो।

इन्द्रप्रस्थमा पाण्डवहरूको सहयोगमा भगवान् श्रीकृष्ण तन मनले लाग्नुभएको पनि वर्णन पाइन्छ। श्रीकृष्णकै सहयोगमा युधिष्ठिरको राजसूय यज्ञ सम्पन्न गराइयो। जरासन्धको वध भयो। यस बेला भगवान् श्रीकृष्णको ठूलो सहयोग पाएका हुन् पाण्डवहरूले। यी सबै कारणले पाण्डवहरूको यश कीर्ति बढ्न गयो एकातिर भने श्रीकृष्ण प्रतिको भक्तिभावमा पाण्डवहरूको लगाव रह्यो। श्रीकृष्णले पाण्डवहरूलाई सही कार्यमा लगाउने र सगाउने

काम गर्नुभयो। श्रीकृष्ण पाण्डवहरूका मार्गदर्शक बन्नुभयो। दुःख कष्टबाट बचाउँदै रहनुभयो। छलकपट पूर्ण जुवाखेलबाट हारिएकी द्रौपदीको कौरव सभामा वस्त्र हरण गरी इज्जत लुट्ने प्रयत्न हुँदा श्रीकृष्णबाट उनको लाज रक्षा गरेको इतिहास छ महाभारतमा।

पाण्डवहरूसँग भेट भएपछि भगवान् श्रीकृष्णले बुझ्नुभयो पाण्डवहरू प्रति कौरवहरूको पक्ष कति अन्यायी र आक्रामक छ। समय समयमा अन्याय पूर्वक तरिकाले दुःख दिइरहेको स्पष्ट देखियो। यी कुराहरूका प्रमाण हुन् बालक भीमलाई विष खुवाउनु, लाक्षागृहको निर्माण गराएर आगो लगाइ मार्ने अपराधिक षडयन्त्रको घृणित कार्य गर्नु, द्रौपदीको वस्त्र हरण गर्नु आदि यी नै कुराबाट न्यायवत्सल भगवान् श्रीकृष्णले निधो गरिसक्नुभएको थियो पाण्डवहरूको पक्ष लिने। पाण्डवहरू सत्य र धर्ममा रहेका छन्। दुर्योधन तथा धृतराष्ट्र पक्ष अधर्ममा अडेको छ भन्ने कुरा भगवान्मा यकिन भैसकेको थियो। त्यसैकारणले भगवान् श्रीकृष्णले पाण्डवहरूको पक्ष लिनुभएको र सघाउँदै आउनुभएको हो भन्ने स्पष्ट नै छ। पाण्डवहरूको बाह्रवर्षे वनवास र एक वर्षको गुप्तवासपछि उनीहरू विराटनगरमा सार्वजनिक भए। अभिमन्युको विवाहोत्सवमा भगवान्ले खुलारूपमा पाण्डव पक्षको समर्थनमा भाषण गर्नुभयो।

अभिमन्युको शुभविवाहमा आसपासका ठूला ठूला राजा महाराजाहरू तथा गण्यमान्य व्यक्तिहरूको उपस्थिति थियो। विवाहोत्सव सारै भव्य थियो। पाहुनाहरू आनन्दित थिए। विवाहको रातपछि भएको बिहानीमा सबै विराट सभामा उपस्थित भए। त्यो सभामा भगवान् श्रीकृष्णको भाषण जो भयो त्यो महत्त्वपूर्ण थियो।

भगवान्ले भन्नुभएको छः-

"सुहृद्गण !

तपाईंहरूलाई थाहा छ सुबलपुत्र शकुनिले द्यूतसभामा कसरी कपटद्वारा युधिष्ठिरलाई हराए। राज्य लिए र यिनीहरूलाई बाह्र वर्ष वनवास र एक वर्षको अज्ञातवास बस्न पर्ने बनाए।

पाण्डवहरू जहिले पनि सत्यमा रहन्छन्। सत्य धर्म नै यिनको बल हो। यिनीहरूसँग समस्त भूमण्डल जित्न सक्ने शक्ति छ तापनि यी वीराग्रण्य

पाण्डुकुमारहरूले तेह्र वर्ष वनवास र अज्ञातवासमा रहेर दुःख खपे। यो सारै कठिन काम थियो। त्यो पनि यिनीहरूबाट सम्भव भयो। तसर्थ अब निर्णय लिइनुपर्दछ यिनीहरूको आगामी दिनमा के हुन्छ। यस विषयमा निर्णय लिइदा यिनीहरूको र उनीहरूको समेत भलो हुने उपाय निकाल्नु छ।

अझै पनि धृतराष्ट्रहरू यिनीहरू प्रति विपरीत व्यवहार गर्छन् भने र यिनीहरूको राज्य फिर्ता दिँदैनन् भने पाण्डवहरू धृतराष्ट्रपुत्रहरूलाई मार्नेछन्। पाण्डवहरू संख्यामा थोरै छन् तर यिनीहरू आफ्ना समर्थकको समेत सहयोग लिन सक्छन् र जित्न सक्छन्। तसर्थ मेरो विचार छ यहाँबाट एकजना सुयोग्य दूत हस्तिनापुर पठाउनुपर्दछ। उनीहरूको विचार बुझेपछि उचित निर्णय लिनु वेश हुनेछ।

भगवान् श्रीकृष्णले यसरी महत्त्वपूर्ण भाषण दिएपछि दाउ बलराम, सात्यकी, राजा द्रुपद समेतले वीरोचित प्रवचन दिए यसै विषयमा। त्यसपछि सबैको निर्णयले द्रुपदका पुरोहितलाई पाण्डव पक्षका दूतका रूपमा हस्तिनापुर पठाइयो। भगवान् श्रीकृष्ण द्वारका फर्कनुभयो।

हस्तिनापुरबाट सकारात्मक समाचार नआएपछि पुनः पुनः शान्ति प्रस्ताव पठाई नै रहे सत्यवादी युधिष्ठिरले। त्यसको सकारात्मक संकेतसम्म पनि मिलेन हस्तिनापुरबाट। दूत पठाइँदा पनि केवल पाण्डवहरूको शक्ति तौलने जाल जस्तै बुझिइन्थ्यो। एक पटक हस्तिनापुरबाट धृतराष्ट्रका दूत बनेर सञ्जय गएका बखत अरू कुराकानी भएपछि वासुदेव श्रीकृष्णले भन्नुभयो "हे सञ्जय ! म पाण्डवहरूलाई विनाशबाट बचाउन चाहन्छु। उनीहरूलाई उनीहरूको भाग दिलाउन चाहन्छु। त्यसै प्रकारले उनीहरूको पनि भलो होस् भन्ने मेरो चाहना छ। त्यही प्रकारले छोराहरू सहितका महाराज धृतराष्ट्रको पनि शुभ होस भन्ने मेरो चाहना छ। मेरो मुख्य चाहना भनेको यी दुवै पक्ष आपसमा मिलेर बसून्। झैझगडा नहोस् पाण्डव तथा कौरव पक्षका बीचमा शान्ति कायम होस्। राजा युधिष्ठिरको पनि यस्तै कामना छ भन्ने बुझेको छु मैले।

श्रीकृष्णले नीति, व्यवहार तथा धर्मको व्याख्या गर्दै महाराज धृतराष्ट्रसम्म पुऱ्याउने कुराहरू कसेर गर्नुभएको छ। कुरा अनुसार युधिष्ठिरको तर्फबाट सम्पूर्ण कुरा व्यक्त गर्नुभएको छ श्रीकृष्णले। भनिएको छ राजा धृतराष्ट्र

आफ्ना छोराहरूसँग मिलेर पाण्डवहरूको पैतृक राज्य अपहरण गरी यिनीहरूलाई सताइ रहेका छन्। यो अन्याय हो, यस्तो हुनु हुन्न। तसर्थ हे सञ्जय ! यो कुरा उनीहरूलाई बताउनु।"

भगवान्ले फेरि भन्नुभएको छ "विद्वान् सञ्जय ! धर्मको आचरण गर्ने पाण्डवहरू शान्तिका लागि तयार छन्। युद्ध गर्न परे त्यसमा पनि पछि पर्दैनन्। तसर्थ तिमीले राजा धृतराष्ट्रलाई दुवै कुरा बताउनु, यसबाट दुवै पक्षको हित हुनेछ।

यसरी दूतहरू मार्फत धर्म, अर्थ, काम तथा मोक्षका कुरा समेत राखी बारम्बार शान्ति प्रस्ताव प्रस्तुत गर्दा पनि धृतराष्ट्र पक्षले घमण्ड पूर्वक रहेर कुरा सुन्दै नसुनेपछि अन्तिम शान्तिदूतका रूपमा भगवान् श्रीकृष्ण स्वयं हस्तिनापुर जानुभयो। राजा धृतराष्ट्र तथा घमण्डी दुर्योधनले शान्तिका कुनै पनि प्रस्ताव सुनेनन्, स्वीकार गरेनन्। शान्तिदूत भगवान् श्रीकृष्णलाई नै बन्दी बनाउने कुरा समेत जन्मेपछि युद्ध अपरिहार्य ठहरियो। युद्धकै तयारीमा दुवै पक्ष लाग्यो।

भारतीय महाद्वीपका सारा राष्ट्र पाण्डव तथा कौरव दुइ पक्षमध्ये एक पक्षको समर्थन गरेर सामेल भए महाभारत युद्धमा। भगवान् श्रीकृष्ण पाण्डव पक्षमा रहनु मात्र भएन, सर्वश्रेष्ठ धनुर्धर कुन्तीपुत्र अर्जुनको सारथि भएर समेत उपस्थित हुनुभयो। सारै भयावह युद्धको तयारी भयो जो "न भूतो न भविष्यति" मानिएको हो।

कुरुक्षेत्रमा सेनाहरू युद्धका निम्ति जम्मा भए। युद्धारम्भको दिन र समय आयो। दुवै पक्षका सेना आआफ्ना हात हतियार लिएर "आक्रमण !" को पर्खाइमा रहेका थिए। दुवै तर्फबाट युद्धारम्भको संकेत स्वरूप शंखध्वनि गुञ्जिएपछि पाण्डव पक्षका महारथी सर्वश्रेष्ठ धनुर्धर अर्जुनका मनमा आयो को को छन् यो युद्धमा आएका, हेर्न पऱ्यो एक पटक। अर्जुनका मनमा यस्तो कुरा जन्मेपछि उनले आफ्ना सारथि भगवान् श्रीकृष्णसँग आफ्नू मनको कुरा बिसाउँदै एक पटक युद्ध मैदानको निरीक्षण गर्ने प्रस्ताव राखे। भगवान्ले वीर अर्जुनको रथ युद्ध मैदानको बीच अर्थात् दुईतर्फका सेनाका बीचमा लगेर अड्याइदिनुभयो। अर्जुनले त्यहाँ आफन्त मात्र देखे। त्यस्तै पनि थियो त्यहाँ। यसले गर्दा अर्जुनको मनमा विषाद उत्पन्न भयो। भो भो यो युद्ध नगरौं गर्न

हुँदैन भनेर धनुष थन्क्याए। रुन्चे अनुहार पारेर रथको एक छेउमा गएर बसे अर्जुन।

महाभारत महाकाव्य अध्ययन गर्दै यहाँनेर आइपुग्दा कस्तो अनुभूति हुन्छ भने "म यसो गर्छु उसो गर्छु" भनेर हाँक दिनु र कार्य रूपमा उत्रिनु तथा कार्यान्वयन नै गर्नु फरक फरक विषय हुन्। यसको प्रमाणका लागि यहीँ हेरौं त को को यो युद्धमा सामेल हुने को कसका पक्षमा लड्ने आदि कुरा त पहिले नै निश्चित भएका विषय हुन्। तापनि अर्जुनका मनमा सेना निरीक्षण गर्ने सोच त्यति बेला किन र कसरी आयो ? पहिले थाहा भएको विषय हो। त्यहाँ आफन्तलाई नमारी युद्ध जितिदैन भन्ने निश्चित थियो। किनभने युद्ध नै आफन्तसँग भएको हो। तसर्थ मार्ने पर्दछ जो जो मैदानमा आउँछन्। उनीहरू पनि त्यसै गर्न आएका हुन्। यसो भए पनि विषाद उत्पन्न भयो अर्जुनका मनमा। यो देखेर भगवान् श्रीकृष्णले भन्नुभयोः–

कुतस्त्वा कष्मलमिदं विषमे समुपस्थितम्।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन॥

अर्थः– "हे अर्जुन ! तिमीलाई यस्तो परिस्थितिमा के कारणले यस्तो हुनगयो ? यो न श्रेष्ठ पुरुषबाट गरिने आचरण हो न स्वर्ग दिन्छ यसले, न त कीर्ति नै प्राप्त हुन्छ।"

भगवान् श्रीकृष्णको मनसाय हुन सक्छ यो त पहिले नै सोचि सकिएको विषय हो। यस्तो नहोओस् भनेर लाख प्रयास भइसकेको विषय हो। अहिले यो अवस्थामा अर्जुनबाट यस्तो व्यवहार गरिनु बिल्कुलै नमिल्ने विषय हो। तर अर्जुनका मनमा आयो। उनको मन विचलित भयो। त्यसैले भगवान्ले अर्जुनसँग थप भन्नुभएको छ "हे अर्जुन ! नपुङ्सकका जस्ता कुरा नगर अहिले। यो उचित समय होइन। हृदयमा आएको तुच्छ दुर्वलतालाई हटाउ। युद्ध गर्न थाल, उठ।"

श्रीकृष्णका कुरा सुनेपछि अर्जुनले श्रद्धेय भीष्म पितामह तथा गुरु द्रोणाचार्यमाथि म कसरी हतियार उठाउँ ? यी पूजनीय व्यक्तित्व हुन् भन्दै यस्तालाई मारेर विजयी हुनुभन्दा त भीख मागेर खानु वेश हुन्छ होइन र ? भन्दै हे कृष्ण ! अब म के गरुँ भन्न थाले।

अर्जुनको यस्तो बिलौना सुनेका भगवान् श्रीकृष्णले भन्नुभएकोछ "हे अर्जुन ! तिमी गर्नै नपर्ने कुरा गर्दै छौ। शोक गर्न नपर्ने मान्छेका विषयमा शोक गर्दै छौ। पण्डितले झैं भन्दै छौ। तर जसको प्राण गै सकेको छ उसका निमित्त र जसको प्राण गएको छैन उसका निमित्त पनि पण्डितहरू शोक गर्दैनन्।

न यस्तो हो म कुनै कालमा थिइनँ, तिमी थिएनौ र राजाहरू कोही थिएनन्। यस्तै हो पछि पनि हुँदैनन्। जसरी जीवात्माका शरीरमा बाल, जवानी र वृद्धावस्था हुन्छ शरीरमा हुन्छ, त्यसै गरी शरीर पनि एक अवस्थाबाट अर्कोमा जान्छ। त्यसैले आत्मा चिनेका धीर पुरुष शरीरसँग मोहित हुँदैनन्।

हे कुन्तीपुत्र ! सर्दी गर्मी सुख दुःख दिने इन्द्रियहरू र विषयहरू उत्पत्ति हुन्छन् र विनाश पनि हुन्छन्। यी नित्य होइनन्। अनित्य हुन्। यसै कारण हे भारत ! तिमी ती सबै सहिरहू। किनभने सुख दुःखलाई समान सम्झने व्यक्ति कत्ति पनि व्याकुल हुँदैनन्। त्यस्ता व्यक्ति मोक्षका निमित्त योग्य हुन्छन्। यसको असली तात्पर्य के हो भने जो व्यक्ति आध्यात्मिक साक्षात्कार को उच्च अवस्थामा पुग्छ उ यसमा दृढप्रतिज्ञ हुन्छ, सुख दुःखलाई सहज तरिकाबाट भोग्न सक्छ, त्यही व्यक्ति मुक्तिका निमित्त पनि योग्य हुन्छ।

नासतो विद्यते भावो नाभावो विद्यते सतः।
उभयोरपि दृष्टेन्तस्त्वनयो तत्त्वदर्शिभिः॥

माथि वर्णन गरिएको छ महाभारत महायुद्धको शुरूकै दिन अर्जुनको उदासिले निम्त्याएका विषयमा भगवान् र अर्जुनका बीचमा जुन वार्ता भएको छ त्यो वार्ताका विषयलाई श्रीमद्भगवद्गीता भनिएको छ। माथि उल्लिखित पद्य गीता दोश्रो अध्यायको १६ औ श्लोक हो। यहाँ भगवान्बाट आज्ञा भएको हो "असत वस्तुको सत्ता हुँदैन। सत्ता नभएपछि सत् को अभाव पनि हुँदैन। यस प्रकार यी दुवै विषयका खास तत्त्वज्ञानी पुरुषले जान्दछन्। यहाँ बुझ्न के जरुरी छ भने परिवर्तनशील शरीरको स्थायित्व हुँदैन। स्थायित्व नहुने शरीरलाई लिएर विषाद उत्पन्न गर्नु बेकार हुन्छ। सायद यही हो भगवान्को भनाइको आशय।

भगवान् श्रीकृष्ण अर्जुनलाई अगाडि भन्नुहुन्छ जो सारा शरीरमा व्याप्त छ त्यही हो अविनाशी। त्यो अविनाशीलाई नष्ट गर्नै सकिँदैन। अविनाशी

अप्रमेय तथा शाश्वत जीवको भौतिक शरीर अन्त्य योग्य छ। त्यसैले हे अर्जुन ! युद्ध गर।

जो यो जीवलाई मर्नेवाला सम्झन्छ, जो यसलाई मऱ्यो भनेर सम्झन्छ ती दुवै अज्ञानी हुन्। किनभने आत्मा न मर्छ न कसैबाट मारिन्छ। आत्माका निमित्त न जन्म छ न मृत्यु। न यो कहिल्यै जन्म्यो न जन्मन्छ। यो त अजन्मा नित्य र शाश्वत हो। त्यसैले शरीर मारिदैमा आत्मा मारिदैन। हे अर्जुन ! हे पार्थ ! जो व्यक्ति यो रहस्य जान्दछ कि आत्मा अविनाशी हो शाश्वत, अजन्मा हो र अव्यय हो यो कसरी मारिन्छ अर्थात् कसले मार्न सक्छ र ?

भगवान् स्वयं जवाफ दिनुहुन्छ "जसरी मानिस पुराना वस्त्र छाडेर नयाँ वस्त्र लगाउँछ त्यसै गरी आत्माले पुरानो शरीर त्यागेर नयाँ धारण गर्छ। यसको तात्पर्य विद्वान्हरू बताउँछन्। आत्माद्वारा शरीर परिवर्तन एक स्वीकृत तथ्य हो।"

भगवान्ले भन्नुभएको छ "यो आत्मालाई शस्त्र अस्त्रले केही गर्न सक्दैन। आगोले जलाउन सक्दैन पानीले बगाउन सक्दैन र वायुले सुकाउन पनि सक्दैन। किनभने आत्मा अच्छेद्य हो, अदाह्य हो, अक्लेद्य हो र अशोष्य पनि हो। यो आत्मा नित्य सर्वव्यापी अचल र स्थिर रहने सनातन हो। आत्मा अव्यक्त छ, अचिन्त्य छ, एवं विकार रहित पनि भनिन्छ यसलाई। त्यसैले हे अर्जुन ! आत्माका विषयमा शोक गर्नु योग्य होइन। अर्थात् तिमीले त्यस विषयमा शोक गर्न उचित छैन।

यदि तिमी आत्मालाई सदा जन्मने र मर्ने मान्दछौ भने पनि शोक गर्न योग्य भएन। यहाँ त जन्म भयो कि मृत्यु निश्चित छ। त्यसै गरी मर्नेको जन्म पनि निश्चितै छ। यस्तो विषयमा किन शोक गर्छौ ?

सबै प्राणी जन्मनुभन्दा पहिले थिएनन् मरेपछि पनि रहदैनन्, देखिदैनन्। बीचमा झलक्क देखिनेका विषयमा किन सोच विचार गरिरहने ?

आत्मा एक अनौठो विषय हो भनेर सम्झाउँदै भगवान् भन्नुहुन्छ "कोही महापुरुष आत्मालाई आश्चर्यपूर्वक देख्छन् दोश्रा थरी आश्चर्यपूर्वकको भनेर व्याख्या पनि गर्दछन् र कोही त्यसरी नै सुन्छन् पनि। कोही भने सुनेर पनि बुझ्दैनन्।"

हे अर्जुन ! आत्मा सबैको शरीरमा सधैं अवध्य रूपमा रहन्छ। यस कारण पनि तिमी शोक गर्न योग्य होइनौ। फेरि अर्को महत्त्वपूर्ण कुरा छ तिमी आफ्नै धर्मका कारण पनि डर मान्न योग्य होइनौ। तिमी डराउनै हुँदैन। किनभने क्षत्रियका निमित्त धर्मयुक्त युद्ध भन्दा अर्को उपयुक्त र कल्याणकारी कर्तव्य छैन। यस्तो स्वर्गको द्वाररूपी युद्ध गर्ने सुअवसर कमै क्षत्रियले पाउँछन्। यदि तिमीले यो युद्ध गरेनौ भने स्वधर्म र कीर्ति गुमाउँछौ पापी बन्छौ। लामू समयसम्म तिम्रो अकीर्ति रहिरहने छ। योग्य पुरुषका निमित्त अकीर्ति मृत्युभन्दा पनि ठूलो हुन्छ। जसका निमित्त तिमी सम्मानित थियौ घट्दै जाने छौ। क्षत्रियहरू तिमीलाई डराएर भाग्यो युद्धबाट भन्नेछन्। तिम्रा वैरीहरू तिम्रो शक्तिको निन्दा गरेर कटु वचन बोल्ने छन्। त्यो भन्दा ठूलो पीडा अरू के होला ? तिमी त युद्धमा मारिए स्वर्ग पुग्ने हौ र जित्यौ युद्ध भने पृथ्वीको राज्य सुख भोग्ने छौ। त्यस कारण हे अर्जुन ! तिमी युद्ध गर्न उठ खडा होउ। जय, पराजय, लाभ हानि सुख दुःख सबै समान सम्झ र युद्धका निम्ति तयार होऊ। यसबाट तिमीलाई कुनै पाप लाग्ने छैन।"

भगवान् श्रीकृष्णले अलिकति प्रसङ्ग बदल्दै भन्नुभएको छ "हे अर्जुन ! तिम्रा निमित्त यो ज्ञान योगको कुरा भनियो। अब तिमी कर्म योगका विषयमा सुन। यो सुनेर तिमी कर्म बन्धनबाट मुक्त हुनेछौ। यो कर्म योगमा बीजको नाश हुँदैन। फलरूप दोष पनि हुँदैन। त्यसो भएपनि कर्मयोगरूपी धर्मका साधन मृत्युरूप भयबाट रक्षा गर्ने हुन्छन्।

कर्मयोगमा निश्चयात्मक बुद्धि मात्र हुन्छ। तर अस्थिर विचार एवं विवेकहीन सकामवाला मान्छेहरूको निश्चय पनि धेरै भेदवाला र अनन्त हुन्छ। हे अर्जुन ! जो भोगमा तन्मय छन् कर्मफलका प्रशंसक छन्, वेद वाक्यमा प्रेम राख्छन् जसको बुद्धिमा स्वर्ग प्राप्ति ठूलो ध्येय छ जो स्वर्गभन्दा अर्को ठूलो केही छैन सोच्छन् ती अविवेकी जन यस्ता शोभाअयुक्त वाणी प्रस्तुत गर्दछन्। जो जन्मरूप कर्मफल दिने र भोग तथा ऐश्वर्य प्राप्तिका निमित्त नाना प्रकारका कर्महरूको वर्णन गर्ने गर्दछन्। त्यस्ता वाणीबाट जसको चित्त हरिएको छ जो भोग र ऐश्वर्यमा आसक्त छन् तिनीहरूको परमात्मामा निश्चयात्मक बुद्धि हुँदैन।

हे अर्जुन ! वेद उपर्युक्त प्रकारका तीन गुण कार्यरूप समस्त भोग एवं तत् विषयक साधनहरूको प्रतिपादन गर्दछ। त्यसैले तिमी भोग तथा तिनका

साधनमा आसक्ति हीन, हर्ष शोकादि द्वन्द्व रहित नित्य वस्तु परमात्मामा स्थित योग क्षेभ नचाहने स्वाधीन अन्तःस्करण वाला होउ। सबै तर्फबाट परिपूर्ण जलाशय प्राप्त हुँदा छोटो जलाशयमा मान्छेको जस्तो प्रयोजन हुन्छ ब्रह्माको तत्त्वबाट जान्ने ब्राह्मणको समस्त वेदमा त्यत्तिनै प्रयोजन रहन्छ।

यही प्रसङ्गको कुरा गर्दै भगवान् श्रीकृष्णले भन्नुभयोः-

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोस्त्वकर्मणि॥

अर्थः- तिम्रो कर्म गर्ने अधिकार छ। त्यसको फलमा छैन हुँदैन। त्यस कारण कर्मफल कामी नहोऊ। त्यस्तै नगर्न तिर पनि मन नलगाऊ।

भगवान्ले फेरि भन्नुभयो "हे धनञ्जय ! तिमी आसक्तिलाई त्याग। सिद्धि र असिद्धिमा समान बुद्धिवाला भएर योगमा स्थित भएको कर्तव्य कर्म गर। त्यस्तो कर्तव्य कर्म समत्वमै योग कहिन्छ। यस्तो समत्वरूप बुद्धियोगबाट सकाम कर्म अत्यन्त नै निम्न श्रेणीको हुन्छ। त्यसैले हे धनञ्जय ! समबुद्धिमा नै रक्षाको उपाय खोज। अर्थात् बुद्धियोगको आश्रय ग्रहण गर। किनभने फलको इच्छा गर्ने वाला अत्यन्त दुःखी हुन्छ।

समबुद्धियुक्त पुरुष पाप पुण्य दुवै यही लोकमै त्याग्छन्। अर्थात् त्यसबाट मुक्त हुन्छन्। यसै कारण तिमी समत्व योगमा लाग। यो समत्व योग नै कर्म कुशलता हो। अर्थात् कर्म बन्धनबाट छुट्ने उपाय हो। किनभने कर्म बुद्धिबाट युक्त ज्ञानीजन कर्मबाट उत्पन्न हुने फल त्यागेर जन्मरूप बन्धनबाट मुक्त भै निर्विकार परम पद प्राप्त गर्दछन्। जति बेला तिम्रो बुद्धि मोह रूप दलदलबाट पार होला त्यो समयमा तिमी यो लोक र परलोकको भोग तृष्णाबाट पार हुनेछौ। अनेक कुरा सुनेर विचलित भएको तिम्रो बुद्धि जब परमात्मामा अचल र स्थिर हुन्छ तब तिमीलाई योग प्राप्त हुन्छ। परमात्मामा नित्य संयोग हुनेछ।

भगवान्बाट यस्ता यस्ता दिव्य कुरा सुनेपछि अर्जुनले भनेः-

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम्॥२।२४॥

अर्थः- हे केशव ! समाधिमा स्थित परमात्मामा प्राप्त स्थिर बुद्धि पुरुषका लक्षण कस्ता कस्ता हुन्छन् ? ती स्थिरबुद्धि पुरुष कसरी बोल्छन्, रहन्छन् र हिँड्छन् ?

कुन्तीपुत्र अर्जुनको माथिको जिज्ञासामा भगवान् श्रीकृष्णले भन्नुभयो– हे अर्जुन ! जति बेला पुरुष मनमा भएका सम्पूर्ण कामनालाई त्याग्छ आत्म सन्तुष्ट बन्छ त्यति बेला ऊ स्थितप्रज्ञ हुन्छ। दुःख पर्दा मनमा उद्वेग हुँदैन, सुख पर्दा जो निःस्पृह हुन्छ र राग, द्वेष, भय र क्रोधरहित हुन्छ त्यस्तालाई स्थितबुद्धि भनिन्छ। जो सर्वत्र स्नेहरहित भयो शुभ वा अशुभ प्राप्त हुँदा पनि न प्रसन्न हुन्छ न द्वेष गर्छ उसको बुद्धि स्थिर हुन्छ। कछुवा जसरी आफ्नू सम्पूर्ण अङ्गलाई समेट्छ त्यसै गरी यी पुरुष इन्द्रियबाटै इन्द्रियलाई तहीलगाउँछन्। यस्तालाई स्थिर बुद्धि पुरुष सम्झनुपर्दछ। इन्द्रियद्वारा विषयलाई ग्रहण नगर्ने पुरुषको पनि विषय त निवृत्त हुन्छ तर रहनेवाला आसक्ति निवृत्त हुँदैन। यस्ता स्थितप्रज्ञ पुरुषको त आसक्ति पनि परमात्मामा साक्षात्कार गरेर निवृत्त हुन्छन्। हे अर्जुन ! आसक्तिको नाश नभएका कारणले प्रमथन स्वभाववाला इन्द्रियहरू बुद्धिमान् पुरुषको मनलाई पनि जबर्जस्ती प्रभाव पार्ने गर्दछन्। यस कारण साधकले सम्पूर्ण इन्द्रियलाई वशमा राखेर समाहित चित्त भै मेरो परायण भएर ध्यानमा बसून्। किनभने जसको इन्द्रिय वशमा हुन्छ उनैको बुद्धि स्थिर हुन्छ। विषयको चिन्तन गर्ने पुरुष विषयमै आसक्ति भएका हुन्छन्। आसक्तिकै कारण विषयले कामना उत्पन्न हुन्छ। कामनामा बाधा विरोध भएपछि क्रोध उत्पन्न हुन्छ। क्रोधबाट मूर्खता उत्पन्न हुन्छ। मूर्खताका कारण स्मृतिभ्रम हुन्छ। स्मृतिभ्रम भएपछि ज्ञान शक्तिको नाश हुन्छ। यस्तो भएपछि पुरुष आफ्नो अस्तित्वबाट पतन हुन्छ। तर विषयलाई आफ्नू अधीन गरेको अन्तस्करणवाला साधक राग द्वेषरहित इन्द्रियद्वारा विषयमा विचरण गर्दै अन्तस्करण शुद्ध बनाएर प्रसन्नता प्राप्त गर्दछ। प्रसन्नता प्राप्त भएपछि दुःखको अभाव हुन्छ। यस्तो भएको कर्मयोगी पुरुषको मन अन्यत्रबाट हटेर परमात्मामा स्थिर हुन्छ। मन इन्द्रियलाई नजितेको पुरुषमा निश्चयात्मक बुद्धि हुँदैन। त्यस्ताका मनमा भावना पनि हुँदैन। भावनाहीन मान्छेलाई शान्ति प्राप्त हुँदैन। शान्ति रहित मान्छेलाई कसरी सुख प्राप्त होला र ? किनभने जलमा चल्ने डुंगालाई वायुले असर पार्छ। त्यसै गरी विषयमा रहने पुरुषको बुद्धि इन्द्रियले नै हरण गर्दछ। यस कारण हे महाबाहु! जुन पुरुषका इन्द्रियहरू विषयबाट निग्रह भएका हुन्छन् उसैको बुद्धि स्थिर हुन्छ। सबै प्राणीका निमित्त जो रात समान छ त्यति बेला स्थितप्रज्ञ योगी जागा रहन्छन् र जुन नाशवान् सांसारिक सुख प्राप्तिमा सबै प्राणी जाग्छन्।

परमात्माको तत्त्व जान्नेवाला मुनिका निमित्त त्यो समय रात जस्तै हुन्छ। जसरी नदीहरूबाट गएको जलले बनेको समुद्र विचलित नभएर रहेको हुन्छ त्यस्तै स्थितप्रज्ञ पुरुष कुनै प्रकारका विकार उत्पन्न नगरी रहेका हुन्छन्। तिनैले परम शान्ति प्राप्त गर्दछन्, भोग चाहनेले होइन।

जो पुरुष सम्पूर्ण कामनालाई त्यागेर ममता रहित अहंकार रहित र स्पृहा रहित भएका हुन्छन् तिनैले शान्ति प्राप्त गर्दछन्। हे अर्जुन ! यो ब्रह्म प्राप्त गर्ने पुरुषको स्थिति हो। यस्तो स्थिति प्राप्त योगीहरू कहिल्यै मोहित हुँदैनन्। यसरी नै ब्रह्मानन्द प्राप्त गर्दछन्।

श्रीमद्भगवद्गीता अनुसार अध्याय दुईसम्ममा भगवान् श्रीकृष्ण र अर्जुनका बीच भएका संवार्तापछि अर्जुनले भगवान्सँग भनेका छन्:-

ज्यायसी चेत् कर्मणस्ते मता बुद्धिर्जनार्दन।
तत् किं कर्मणि घोरे मां नियोजयसि केशव॥

अर्थः- हे जनार्दन ! तपाईंको कर्मको अपेक्षा ज्ञान श्रेष्ठ हो भन्ने मान्यता हो भने मलाई यस्तो डरलाग्दो कर्ममा किन लगाइयो ? अर्को पद्यमा भनेका छन् अर्जुनले "तपाईं उस्तैउस्तै बात गरेर मेरो बुद्धि मोहित गरेझै गर्दै हुनुहुन्छ। त्यसो नगरिकन हे केशव ! मलाई एउटा सुनिश्चित बात बताउनुहोस् जसबाट मेरो कल्याण होओस्।"

अर्जुनका कुराको जवाफमा भगवान् भन्नुहुन्छ "हे निष्पाप ! यो लोकमा भएका दुई निष्ठाका बारेमा मैले पहिले नै भनिसकें। त्यसमा सांख्ययोगीहरूको निष्ठा त ज्ञान योग र योगीहरूको निष्ठा कर्मयोगबाटै हुन्छ। मान्छे न कर्म नगरी योगनिष्ठा प्राप्त गर्दछ न त केवल कर्म त्यागबाट मात्र सांख्य अर्थात् सांख्यनिष्ठा प्राप्त गर्दछ। यो निश्चित छ विना कर्म मानिस एक पल पनि रहन सक्दैन। किनभने सारा मान्छे प्रकृतिकै कारणले नै कर्म गर्न बाध्य छन्।"

मूर्ख मान्छेहरू इन्द्रियहरूलाई जवर्जस्ति रोकेर इन्द्रियकै विषयमा चिन्ता गर्ने गर्दछन्। ती मिथ्याचारी दम्भी हुन्। तर हे अर्जुन ! जो मान्छे मनबाट इन्द्रियलाई बसमा राखेर अनासक्त भई सबै इन्द्रियबाट कर्म योगको आचरण गर्छन् तिनै श्रेष्ठ हुन्। त्यसैले तिमी शास्त्रविहित कर्तव्यकर्म गर। किनभने कर्म नगर्नुभन्दा कर्म गर्नु वेश हुन्छ। कर्म नगरेर त तिम्रो शरीर निर्वाह पनि

हुँदैन। यज्ञका निमित्त गरिने कर्मका अतिरिक्त दोश्रो कर्ममा लाग्ने यो मानव समुदाय कर्मले नै बाँधिन्छ। त्यसैले हे अर्जुन ! तिमी आसक्ति रहित भएर उही यज्ञका निमित्त कर्तव्यकर्म गर। प्रजापति ब्रह्माले पनि यज्ञ सहित पूजा रचेर भनेका हुन् तिमीहरू यो यज्ञद्वारा वृद्धि प्राप्त गर। यो यज्ञ तिमीहरूलाई इच्छा भोजन गर्नेवाला छ। तिमीहरू यज्ञद्वारा देवताहरूलाई उन्नत बनाऊ। निःस्वार्थ भावनाबाट एकले अर्कोको उन्नति गराउँदै परम कल्याण प्राप्त गर। यज्ञद्वारा खुसी तुल्याइएका देवता तिमीलाई विना मागे इच्छित भोग दिनेछन्। यसरी ती देवताहरूले दिएको भोग देवतामा अर्पण नगरिकन जो स्वयं भोग गर्दछ त्यो चोर समान हुन्छ। यज्ञ गरेर बचेको अन्न खाने पुरुष श्रेष्ठ हुन्छ सबै पापबाट मुक्त हुन्छ। जो आफ्नू शरीर पोषण गर्न मात्र अन्न पकाउँछन् उनीहरू त पापै खान्छन्।

सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुन्छन्। अन्न वृष्टिबाट हुन्छ। वृष्टि यज्ञबाट हुन्छ र यज्ञ विहित कर्मबाट हुन्छ। कर्म समुदायलाई तिमी वेदबाट उत्पन्न र वेद अविनाशी परमात्माबाट उत्पन्न भएको हो भनेर जान। यसबाट सिद्ध हुन्छ सर्वव्यापी परमात्मा यज्ञमा प्रतिष्ठित छन्। हे पार्थ ! जुन पुरुष यो लोकमा यस प्रकारको परम्पराबाट प्रचलित सृष्टिचक्र अनुकूल रहँदैन आफ्नू कर्तव्यको पालना गर्दैन इन्द्रियहरूबाट भोगमा रमण गर्ने पापी पुरुष व्यर्थमा बाचेको बुझ्नुपर्छ। तर जो मान्छे आत्मामा रमण गर्छ आत्मामै तृप्त र सन्तुष्ट हुन्छ उसका लागि केही कर्तव्य बाँकी रहदैन। किनभने त्यो महापुरुषलाई यो विश्वमा न केही कर्म गर्ने प्रयोजन हुन्छ न त कर्म नगर्ने प्रयोजन नै हुन्छ। प्राणीहरूमा पनि यसको केही सम्बन्ध हुँदैन। त्यसैले तिमी निरन्तर आसक्तिरहित भएर कर्तव्यकर्म गरिरहु गरिरहु। आसक्तिरहित भएर कर्म गर्ने मान्छे परमात्मामा प्राप्त हुन्छ।

जनक आदि ज्ञानीहरूले आसक्तिरहित कर्मद्वारा नै परम सिद्धि प्राप्त गरेका हुन्। त्यस कारण यी सबै कुरा देखेर नै कर्म गर्न योग्य होऊ। कर्म गर्नु नै उचित छ। श्रेष्ठ पुरुष जो जो आचरण गर्छन् अन्य पुरुष त्यसै गर्छन्। उनीहरू केही प्रमाणित गरिदिन्छन् समस्त मानव समुदाय अनुसरण गर्दछ। हे अर्जुन ! मलाई तीनै लोकमा कुनै कर्तव्य गर्नु नै छैन। केही पाउन बाँकी छैन तैपनि म कर्ममै रहेको छु। किनभने अर्जुन ! यदि सावधान भएर म कर्ममा नलागुँ त ठूलो हानि हुन्छ। मान्छे मेरै अनुसरण गर्न पुग्छन्। यसै कारण हे

भारत ! कर्ममा आसक्त भएका अज्ञानी जन जसरी कर्म गर्छन् आसक्तिरहित विद्वान् लोकसंग्रह गर्ने इच्छा लिएर त्यही प्रकारको कर्म गरुन्।

परमात्माको स्वरूपमा अटल भएर रहेका ज्ञानी पुरुषले शास्त्रविहित कर्ममा आसक्त अज्ञानीहरूलाई बुद्धिमा भ्रम र कर्ममा अश्रद्धा उत्पन्न गराउन सक्छन्। तर स्वयं शास्त्रविहितहरू समस्त कर्म गर्दै उनीहरूलाई पनि गराउन सक्छन्। वास्तवमा सम्पूर्ण कार्य प्रकृतिकै गुणबाट गरिएका हुन्छन्। तैपनि जसको अन्तःस्करण अहंकारबाट मोहित छ त्यस्ता अज्ञानी आफूलाई कर्ता सम्झन्छन्। तर हे महाबाहो ! गुण विभाग एवं कर्म विभागका तत्त्व जान्नेहरू ज्ञानयोगीहरूमा सम्पूर्ण गुण नै रहन्छन् त्यस्तामा आसक्ति हुँदैन।

प्रकृतिको गुणबाट मोहित भएका मान्छे गुण र कर्ममा आसक्त रहन्छन्। त्यस्ता असमझ मन्दबुद्धिलाई पूर्णतया जान्नेले विचलित गराउन हुँदैन। म अन्तर्यामी परमात्मामा चित्त अड्याएर सबै कर्म मलाई अर्पण गरेर आशारहित ममतारहित र सन्तापरहित भएर युद्ध गर। जो कोही मान्छे दोष दृष्टिबाट रहित र श्रद्धायुक्त भएर मेरो मतको सदैव अनुसरण गर्छ ऊ सम्पूर्ण कर्मबाट छुट पाउँछ। तर जो मसँग दोषारोपण गरेर मेरो मतको अनुसरण गर्दैन त्यस्तालाई तिमी सम्पूर्ण ज्ञानमा मोहित र नष्ट सम्झ।

ज्ञानी पुरुष पनि आफ्नू प्रकृति अनुसार कार्य गर्छन्। किनभने सबै प्राणी तीन गुणबाट प्राप्त आफ्नू प्रकृतिको नै अनुसरण गर्छन्। हठको कुनै प्रयोजन रहदैन। प्रत्येक इन्द्रिय तथा त्यसका सम्बन्धमा राग द्वेष गर्ने नियम हुन्छन्। मान्छेले यस्ता राग तथा द्वेषमा वशीभूत हुन हुँदैन। किनभने यो विषय आत्मसाक्षात्कार मार्गमा अवरोधक हुन्छ। आफ्नू नियत कर्म दोषपूर्ण ढङ्गबाट सम्पन्न गर्नु पनि बरु श्रेयस्कर हुन्छ। किनभने अरूको कार्यको अनुसरण भयपूर्ण हुन्छ।

भगवान् श्रीकृष्णका कुरा सुनिरहेका अर्जुनले भने "हे कृष्ण त्यसो भए मान्छे नचाहेर पनि जवर्जस्ती लगाइए जस्तो किन पापाचरण गर्छन् ?"

भगवान्ले भन्नुभयो "रजोगुणबाट उत्पन्न भएको काम नै क्रोध हो। यो अघाउँदै नअघाउने पापी हो, यसलाई तिमी शत्रु ठान। जसरी धूवाँले अग्नि र धूलोले ऐना ढाकिएको हुन्छ त्यस्तै कामद्वारा ज्ञान ढाकिएको हुन्छ। हे अर्जुन ! कहिल्यै तृप्ति नहुने कामरूपी शत्रुले ज्ञानीहरूलाई पनि ढाकेको

हुन्छ। इन्द्रिय काम मन तथा बुद्धि कामका निवास स्थान हुन्। यिनीहरूद्वारा यो जीवात्मामा भएको वास्तविक ज्ञानलाई मोहित गरिदिन्छ। त्यसैले हे भरतवंश शिरोमणि अर्जुन ! शुरूमै इन्द्रियलाई वशमा राखेर यो पापी कामलाई दहन गर। ज्ञान तथा आत्मसाक्षात्कारको विनाश गर्नेलाई वध गर। कर्मेन्द्रियहरू जडपदार्थका तुलनामा श्रेष्ठ हुन्। मन इन्द्रियहरूमा ठूलो हो। बुद्धि मनभन्दा पनि उच्च हो र आत्मा बुद्धिभन्दा पनि ठूलो हो।

यसरी हे महाबाहु अर्जुन ! आफूलाई भौतिक इन्द्रिय, मन तथा बुद्धिभन्दा पनि पर हो भन्ने जानेर मनलाई सावधान गराई आध्यात्मिक बुद्धि स्थिर गरेर आध्यात्मिक शक्तिद्वारा कामरूपी अजात शत्रुलाई जित।

तेश्रो अध्याय यसरी सकियो। यो वास्तवमा कर्मयोगको महत्त्व दर्शाउने अध्याय हो।

चौथो अध्यायमा योगी महात्माहरूको आचरणको महिमा, र ज्ञानको महिमाको वर्णन गरिएको छ। भगवान् भन्नुहुन्छः–

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम्।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत्॥

अर्थः– मैले यो अमर योग विद्याको उपदेश सूर्यदेव विवस्वान्लाई दिएको हुँ। विवस्वान्ले मान्छेका पिता मनुलाई दिए। मनुले यो उपदेश इक्ष्वाकुलाई दिए। यसरी यो ज्ञान वा विज्ञान गुरु परम्परा हुँदै राजर्षिहरूकहाँ पुग्यो। तर कालक्रमले गर्दा बीचमा छुट्न गएको जस्तो भएको हो।

भगवान् अर्जुनलाई भन्नुहुन्छ त्यही प्राचीन योग अर्थात् परमेश्वरसँग साक्षत्कार गर्ने विज्ञान म तिमीलाई भनिरहेको छु। किनभने तिमी मेरा भक्त र मित्र पनि हौ। तिमी यो विज्ञानको दिव्य रहस्य सम्झन सक्छौ पनि।

भगवान् श्रीकृष्णका यी कुराबाट अर्जुन जिल्लिन खोजे। अनौठा मानेर भने सूर्यदेव विवस्वान् प्राचीन कालका हुन्। हजुर अहिलेको युगका कसरी म पत्याउँ हजुरले यो विद्याको उपदेश दिनुभएको थियो। अर्जुनको कुरा सुनेर भगवान् श्रीकृष्णले भन्नुभयोः–

बहूनि मे व्यतितानि जन्मानि तवचार्जुन।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप॥

भगवान्‌ले भन्नुभएको हो "तिम्रा र मेरा अनेकानेक जन्म भइसके अर्जुन ! म त ती सबै सम्झिरहेको छु। तर तिमीलाई सम्झना छैन। यद्यपि म अजन्मा र अविनाशी हुँ तापनि म त समस्त जीवको स्वामी हुँ। प्रत्येक युगमा म आफ्नू आदि दिव्य रूपमा प्रकट हुन्छु।" भगवान्‌ले फेरि भन्नुभयो "हे भरतवंशी जब र जहाँ धर्मको पतन हुन्छ र अधर्म फैलिन थाल्छ तब तब म अवतार लिने गर्दछु।" धर्मको उद्धार गर्न भक्तको रक्षा गर्न र दुष्टहरूको विनाश गर्न र धर्मको फेरि स्थापना गर्न म युग युगमा प्रकट हुन्छु। हे अर्जुन जो मेरो कर्मलाई सम्झन्छ बुझ्छ ऊ यो शरीर छाडेपछि यो भौतिक संसारमा जन्मदैन। मेरो सनातन धाममा पुग्दछ। आसक्ति, भय र क्रोधबाट मुक्त भएर ममा पूर्णतया लीन भै मेरो शरणमा आएर धेरै व्यक्तिहरू पहिले पहिले मेरो ज्ञानबाट पवित्र भैसके। उनीहरू सबैले मप्रतिको दिव्य प्रेम प्राप्त गरी सकेका छन्। जो जसरी मेरो शरणमा आउँछन् उसै अनुसार म उनीहरूलाई फल दिने गर्दछु। त्यसैले हे पार्थ ! प्रत्येक व्यक्ति सबै प्रकारबाट मेरो पथको अनुगमन गर्छन्।

मान्छेहरू सकाम कर्ममा सिद्धि चाहन्छन् फल स्वरूप उनीहरू देवताको पूजा गर्छन्। पक्कै हो त्यसरी सकाम कर्मको फल चाँडै पाइन्छ। प्रकृतिका तीन गुण तथा त्यससँग सम्बन्ध कर्म अनुसार मैले समाजमा चार विभाग रचेको छु। यसरी म यसको रचनाकार देखिन्छु तर तिमी यो जान म अव्यय अकर्ता हुँ। ममाथि कर्मको कुनै प्रभाव पर्दैन। न म कर्मफलको कामना नै गर्दछु। जो यो सत्य जान्दछ ऊ पनि कर्मफलको आशमा रहदैन।

भगवान्‌ले भन्नुभएको छ "प्राचीन कालमा समस्त मुक्तात्माहरूले मेरो दिव्य प्रकृति जानेर कर्म गरे। त्यसैले तिमीले पनि उनीहरूले झैं गरेर आफ्नू कर्तव्यको पालना गर। कर्म के हो अकर्म के हो यसको निश्चय गर्दा बुद्धिमान् व्यक्तिहरू पनि मोह ग्रस्त हुन्छन्। यस कारण म तिमीलाई बताउँछु कर्म के हो त्यो जानेर तिमी अशुभबाट मुक्त हुनेछौ। कर्म के हो यो जान्न कठिन छ। यो राम्रोसँग जान्न पर्ने विषय भने हो। कर्म क्या हो विकर्म क्याहो र अकर्म क्याहो। जो मान्छे कर्ममा अकर्म र अकर्ममा कर्म देख्छ त्यो बुद्धिमान् हो। सबै प्रकारका कर्ममा प्रबृत्त रहेर दिव्य स्थितिमा रहन्छ।"

जुन व्यक्तिको प्रत्येक प्रयास इन्द्रिय तृप्तिको कामनाबाट रहित हुन्छ उसलाई पूर्ण ज्ञानी मान्नु पर्दछ। उसलाई साधु पुरुष पनि भनिन्छ। यस्ताले

ज्ञानको अग्निबाट कर्मफललाई भस्म गराएका हुन्छन्। आफ्नू कर्मफलको सारा आसक्तिलाई त्यागेर सबै प्रकारका कार्यमा व्यस्त रहेर कुनै सकाम कर्म गर्दैनन्। यस्ता ज्ञानी पुरुष पूर्ण रूपले संयमित मन तथा बुद्धिले कार्य गर्छन्। आफ्नै सम्पत्तिको पनि सारा स्वामित्व त्याग्छन्। केवल शरीर निर्वाहका निमित्त कर्म गर्छन्। यसो भएपछि उनीहरू पापरूपी फलबाट प्रभावित हुँदैनन्। जो स्वतः हुने लाभबाट सन्तुष्ट हुन्छन् जो द्वैतभावबाट मुक्त हुन्छन् ईर्ष्या गर्दैनन् जो सफलता र असफलता दुवैमा उस्तै देखिन्छन् अर्थात् हुन्छन् उनीहरू कर्म गरे पनि बाधिदैनन्। जो व्यक्ति कृष्णमा लीन रहन्छन् उनीहरूलाई आफ्नो आध्यात्मिक कर्मको योगदानका कारण अवश्य पनि भगवतधाम प्राप्त हुन्छ। कोही योगी विभिन्न प्रकारका यज्ञद्वारा देवताहरूको पूजा गर्छन् कोही परब्रह्मरूपी अग्निमा आहुति दिन्छन्। कोही श्रवणादि क्रिया तथा इन्द्रियलाई मनको नियन्त्रण रूपी अग्निमा स्वाहा गर्छन् अर्का थरी इन्द्रिय विषयलाई अग्निमा स्वाहा गर्छन्। अर्का थरी फेरि मन तथा इन्द्रियलाई वशमा राखेर आत्मसाक्षात्कार गर्न चाहन्छन्। सम्पूर्ण इन्द्रियहरू तथा प्राणवायुलाई कर्मको संयमित मनरूपी अग्निमा आहुति गर्दछन्। कोही कठोर व्रत गरेर आफ्नू सम्पत्ति त्याग्छन् कोही कठिन तपस्याद्वारा कोही अष्टाङ्ग योग पद्धतिको अभ्यासद्वारा अथवा दिव्य ज्ञान उन्नति गर्नका लागि अध्ययनद्वारा प्रबुद्ध बन्दछन्। अरू खालका मानिस पनि छन् जो समाधिमा रहन श्वासलाई रोक्छन्। उनीहरू अपानमा प्राण र प्राणमा अपानलाई रोक्ने अभ्यास गर्दछन्। अन्तमा प्राण अपानलाई रोकेर समाधिमा रहन्छन्। अन्य योगी कम खाएर प्राणलाई प्राणमै आहुति दिन्छन्। यी सबै यज्ञ गर्नेहरू यज्ञको अर्थ बुझेका हुन्छन् र त्यसै कारण पाप कर्मबाट मुक्त हुन्छन्। यज्ञको फल रूपी अमृत चाखेर परमधाममतिर लाग्छन्। हे कुरु श्रेष्ठ ! जब यज्ञ विना मान्छे यो जीवनमा सुख पूर्वक बस्न सक्दैनन् त पछिल्लो जन्म कस्तो होला?

विभिन्न प्रकारका यज्ञ वेदसम्मत हुन्छन्। यी सबै प्रकारका कर्मबाट उत्पन्न हुने हुन्। यसरी जानेमा तिमी मुक्त हुनसक्छौ। हे परंतप ! द्रव्ययज्ञ भन्दा ज्ञानयज्ञ ठूलो हो। अन्ततोगत्वा सारा कर्मयज्ञको अवसान दिव्य ज्ञानमा गएर हुन्छ। तिमी गुरुसँग गएर सत्यलाई चिन्ने प्रयास गर्न सक्छौ। गुरुसँग गएर विनीत भावमा कुरा गर र सिक्न प्रयास गर। स्वरूप सिद्ध व्यक्ति तिमीलाई ज्ञान दिन सक्छन्। किनभने उनीहरूले सत्यको दर्शन पाएका हुन्छन्।

स्वरूपसिद्ध व्यक्तिबाट वास्तविक ज्ञान प्राप्त गरेपछि तिमी पुनः यस्तो मोहमा कहिल्यै पर्नेछैनौ। किनभने यो तथ्य ज्ञानबाट तिमी देख्न सक्नेछौ सबै जीव परमात्माका अंशस्वरूप हुन्। तब सम्झनेछौ सबै मेरै हुन्। यस्तो गर्दा कथंकदाचित् तिमीलाई समस्त पापीहरू देखिए भने पनि तिमी दिव्य ज्ञानरूपी डुङ्गामा चढिसकेका हुँदा दुःख सागर पार गर्ने नै छौ। जसरी प्रज्वलित अग्नि इन्धनलाई भस्म गर्दछ त्यसै गरी हे अर्जुन ! ज्ञानरूपी अग्नि भौतिक कर्मका समस्त फललाई डढाइदिन्छ। यो संसारमा दिव्य ज्ञान बराबर अरू कुनै शुद्ध ज्ञान छैन। यस्तो ज्ञान समस्त योगको पाकेको फल बराबर हो। जो व्यक्ति भक्तिमा सिद्ध हुन्छ ऊ यथासमय आफ्नू भित्र ज्ञानको स्वाद चाख्दछ। जो दिव्य ज्ञानमा समर्पित छ जसले इन्द्रियलाई वशमा राखेको छ ऊ ज्ञान प्राप्त गर्ने अधिकारी हुन्छ। यसो भएपछि उसले आध्यात्मिक शान्ति पाइहाल्छ। तर जो अज्ञानी र श्रद्धाविहीन छ शास्त्रहरूमा शंकाको दृष्टि राख्छ ऊ ईश्वर प्राप्त गर्न सक्दैन। अझ पतनै हुन जान्छ। संशयमा त यो जगत्मा र परलोकमै पनि स्थान पाइदैन। सुख हुँदैन। जो व्यक्ति आफू कर्मफल त्यागेर भक्ति गर्दछ जसको शंकालु पन दिव्य ज्ञानद्वारा नष्ट भइसकेको छ ऊ वास्तवमा आत्मपरायण हो। हे अर्जुन ! त्यस्तो व्यक्ति कर्मबन्धनमा बाँधिदैन। यस कारण तिम्रो हृदयमा अज्ञानका कारण जो संशय उठेको छ त्यसलाई ज्ञानरूपी शस्त्रले काटि देउ। हे भारत ! तिमी योगमा समन्वित भएर उठ। युद्ध गर।

भनिन्छ यसरी यो अध्यायमा जसरी योगपद्धतिको उपदेश भयो संसार लाई ठूलो उपदेश भएको छ। आत्म साक्षात्कारका लागि के के गर्न पर्ने रहेछ त्यो ज्ञान भगवान्बाट प्राप्त भएको छ।

पाचौं अध्यायलाई कर्मयोगका रूपमा लिइएको छ। यसमा सर्वप्रथम अर्जुनले भगवान्सँग सोधेका छन् "हे कृष्ण ! पहिले मलाई हजुरले कर्म त्याग्ने कुरा भन्नुभयो फेरि अहिले भक्तिपूर्वक कर्म गर्ने आदेश दिदै हुनुहुन्छ। के अब हजुर ममाथि दया गरेर निश्चित रूपबाट मलाई बताउनुहोला यी दुईमा कुन बढी लाभदायक हुन्छ ?

अर्जुनको यस्तो जिज्ञासा सुनेपछि भगवान् श्रीकृष्ण भन्नु हुन्छ— "मुक्तिका निमित्त त कर्मको त्याग तथा भक्तिमय कर्म दुवै उत्तम हुन्। तर यी दुईमा पनि कर्म त्यागेर भक्तियुक्त कर्म नै श्रेष्ठ हुन्छ।"

हे अर्जुन ! जो कसैसँग द्वेष गर्दैन न कुनै आकांक्षा लिन्छ त्यस्तो कर्मयोगी संन्यासी सम्झन योग्य हुन्छ। किनभने राग द्वेषादिबाट रहित मान्छे सुख पूर्वक संसार बन्धनबाट मुक्त हुन्छ। यस्तो संन्यास तथा कर्मयोगलाई मूर्खहरू मात्र फरक फल दिनेवाला सम्झन्छन्। तर पण्डितहरू त्यो मान्दैनन्। किनभने यी दुईमा एकमा पनि सम्यक् प्रकारका दुवै फल परमात्मामा प्राप्त हुने हुन्। सांख्ययोग र कर्मयोग दुवै कल्याणकारी हुन्।

ज्ञानी योगीहरूद्वारा जो परमधाम प्राप्त गर्दछन् कर्मयोगीहरू पनि प्राप्त गर्दछन्। यसैले जो ज्ञानयोग र कर्मयोगमा समता देख्छ उही यथार्थ द्रष्टा हो। तर हे अर्जुन ! कर्मयोग विना संन्यास प्राप्त गर्न कठिन हुन्छ र भगवत्स्वरूपको मनन गर्ने कर्मयोगी परब्रह्म परमात्मामा शीघ्र प्राप्त हुन्छ। जसको मन आफ्नू वशमा छ जो जितेन्द्रिय र अन्तःकरणवाला छ सम्पूर्ण प्राणीमा स्थित आत्मरूप परमात्मा जसको आत्मा छ यस्ता कर्मयोगी कर्म गर्दै गरे पनि लिप्त हुँदैनन्।

तत्त्व जान्ने सांख्ययोगी त देख्दा देख्दै, सुन्दा सुन्दै, स्पर्श गर्दा गर्दै, सुँघ्दा सुँघ्दै, खाँदा खाँदै, हिँड्दा हिँड्दै, सुत्दा सुत्दै, श्वास लिँदा लिँदै, बोल्दा बोल्दै, कुनै चिज वस्तु त्याग्दा त्याग्दै लिँदा लिँदै र आँखा हेर्दा वा चिम्लँदा पनि सबै इन्द्रियहरू आआफ्ना कर्ममा छन् सम्झेर केही पनि नगरेको सम्झन्छन्। आफूलाई कर्ता नै मान्दैनन्। स्वप्नामै छन् कि जस्ता हुन्छन्।

जो सबै कर्म परमात्मामा अर्पण गरेर आसक्तिलाई त्यागी कर्म गर्छन् त्यस्ता त जलकमलका पात जस्तै हुन्छन्। पापमा लिप्त हुँदैनन्। कर्मयोगी ममत्व बुद्धिरहित केवल मन, बुद्धि र शरीरद्वारा आसक्ति त्यागेर अन्तःकरणको शुद्धिका निमित्त काम गर्दछन्। कर्मयोगी कर्मको फल त्यागेर भगवत् प्राप्तिरूप शान्ति प्राप्त गर्दछन्। सकाम व्यक्ति कामनाका प्रेरणाले फलमा आसक्त भएर बाँधिन्छन्।

अन्तःकरण जसको वशमा छ यस्ता सांख्ययोग आचरणकर्ता गर्दा वा नगर्दा पनि नौ ढोकावाला शरीररूप घरमा सत्कर्मलाई मनबाट हटाएर आनन्दपूर्वक सच्चिदानन्दघन परमात्माको स्वरूपमा स्थित हुन्छन्। परमेश्वर मान्छेलाई न कर्ममा कर्मफल संयोगको रचना गर्दछन् न त गर्दैनन्। स्वभावले नै सबै काम हुन्छन्। सर्वव्यापी परमेश्वर पनि न कसैको पापकर्म न कसैका शुभकर्म ग्रहण

गर्छन्। तर अज्ञानबाट ज्ञान ढाकिएको हुन्छ। त्यसैले अज्ञानीहरू मोहित हुन्छन्। तर जसको अज्ञान परमात्मा तत्त्वज्ञानद्वारा नष्ट भएको हुन्छ। उनीहरूको ज्ञान सूर्यले झैं सच्चिदानन्दघन परमात्मालाई प्रकाशित गर्दछ। जसको मन त्यस्तै भएको छ जसको बुद्धि त्यस्तै छ र सच्चिदानन्दघन परमात्मामा जसको निरन्तर एकभाव छ ती ज्ञानद्वारा पापरहित भएर परमगति प्राप्त गर्दछन्। यस्ता ज्ञानी जन विद्या र विनययुक्त ब्राह्मण, गाई, हात्ती कुकुर र चाण्डाल सबैलाई सम देख्छन्। जसको मनमा समभाव छ जीवित अवस्थामै संसार जित्न समर्थ हुन्छन्। सदाका लागि जन्म मरणबाट मुक्त हुन्छन्। जीवनमुक्त हुन्छन्। किनभने सच्चिदानन्दघन परमात्मा निर्दोष हुन्छन्, सम हुन्छन्। जो प्रियपात्र हुँदा हर्षित हुँदैन र अप्रिय पात्र भएमा पनि उद्विग्न हुँदैन त्यो स्थिर बुद्धि संशयरहित ब्रह्मवेत्ता परब्रह्म परमात्मामा स्थित हुन्छ। बाहिरका विषयमा आसक्तिरहित अन्तःकरणवाला साधक आत्मामा स्थित, ध्यानजनित, सात्त्विक आनन्दमा छ जो उसलाई भेट्याउँछन्। त्यसपछि ऊ सच्चिदानन्दघन परब्रह्म परमात्माकै ध्यानरूप योगमा स्थित भएर अक्षय आनन्दको अनुभव गर्दछ।

जो इन्द्रिय तथा विषयको संयोगबाट उत्पन्न हुने भोग हुन्छ त्यो यद्यपि विषयीहरूका निमित्त सुखरूप लाग्छ तापनि दुःखकै कारण हुन्छ। त्यो अनित्य हो। त्यसैले हे अर्जुन ! बुद्धिमान् विवेकीहरू यस्तोमा फस्दैनन्। जो साधक यो मानव शरीरमा शरीर नाश हुनुभन्दा पहिले काम, क्रोधबाट उत्पन्न हुनेवाला बेग सहन समर्थ हुन्छन् ती नै योगी हुन् सुखी हुन— जो अन्तरात्मामा सुखी छन् आत्मामा रमण गर्ने हुन्। जो आत्मामा ज्ञानवाला छन् सच्चिदानन्दघन परब्रह्म परमात्माका साथ एकै भावको एक सांख्ययोगी शान्त ब्रह्म प्राप्त गर्दछन्।

जसको सबै पाप नष्ट भएको छ ज्ञानद्वारा संकारहित भएका छन् जो सम्पूर्ण प्राणीको हित चाहन्छन् जसको जितेको मन निश्चल भएर परमात्मामा स्थित छ ती ब्रह्मवेत्ता शान्त ब्रह्म प्राप्त गर्दछन्। काम क्रोधबाट रहित परब्रह्म परमात्मामा साक्षात्कार भएका ज्ञानीहरूलाई सबैतिरबाट शान्त परब्रह्म परमात्मामै परिपूर्ण हुन्छन्। बाहिरको विषय भोग चिन्तन नगर्नेहरू आँखाका बीचमा चित्त स्थित श्वास प्रश्वास बराबर गरेर ध्यान गर्छन्। इन्द्रिय मन र बुद्धिलाई जितिसकेका हुन्छन् यस्ता मोक्ष परायण मुनि इच्छा, भय र क्रोधरहित भएर मुक्त हुन्छन्। मेरा भक्त मलाई सबै यज्ञ तथा तप भोग्नेवाला सम्पूर्ण लोकका

ईश्वरका पनि ईश्वर तथा सम्पूर्ण प्राणीका मित्र स्वार्थरहित दयालु र प्रेमी जस्तै तत्त्व जाने बुझेर शान्ति प्राप्त गर्दछन्।

गीतामा सम्पूर्ण शास्त्रको सार रहेको देखिन्छ। यो गीता आजभन्दा पाँचहजार वर्ष पहिले संसारमा प्राप्त भएको हो। अहिले पनि उत्तिकै सान्दर्भिक छ। यसको महत्त्व सारै ठूलो छ। यसमा खास गरेर निःस्वार्थ कर्मयोग महत्त्वपूर्ण रहेको पाइन्छ। श्रीमद्भगवद्गीता अध्ययनबाट थाहा लाग्छ भगवान् सबैको भलो चाहनुहुन्छ। भक्त बन्नेका निमित्त त भनिरहनै परेन। भगवान्प्रति भक्तिभाव गरी ढुक्क हुनेका निमित्त कुनै दःख वा अशान्ति हुँदै हुँदैन।

पाँचौ अध्यायसम्म त्यस्तै चर्चा छन्। अब हेरौं छैठौं अध्यायमा कस्ता प्रसङ्ग छन्। छैठौं अध्यायको शुरूमै भगवान्ले भन्नुभएको छः-

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः॥

अर्थः- जो कर्मफलको आश्रय नलिई गर्नयोग्य काम गर्दछ त्यो संन्यासी हो, योगी हो। केवल अग्निको त्याग गरेर संन्यासी हुँदैन। कर्म त्यागेर मात्र योगी हुने होइन। भगवान् अगाडि भन्नुहुन्छ "हे अर्जुन ! जसलाई संन्यास भनिन्छ त्यसलाई तिमी योग सम्झ। किनभने संकल्प नत्यागी योगी होइँदैन। योगमा आरूढ हुन इच्छा गर्नेले योग प्राप्त गर्न निष्काम भावबाट कर्म गर्न पर्ने बताइएको छ। भौतिक इच्छा त्याग गरेर सर्वसंकल्प त्याग गर्ने नै योगारूढ कहिन्छ। आफ्नू उद्धार आफैंले गर्नुपर्दछ। त्यसैले भन्नैपर्दछ आफ्नू शत्रु वा मित्र आफैं हो। जसले इन्द्रियसहित शरीरलाई जितेको हुन्छ ऊ आफ्नू मित्र हो र जसले इन्द्रिय मन दमन गर्न सकेको छैन उसको शत्रु ऊ आफैं हुन्छ। सर्दी, गर्मी, सुख, दुःख मान अपमान बराबर मानेर जो शान्त हुन सक्छ त्यस्तो स्वाधीन आत्मबलवाला व्यक्ति ज्ञानमा सच्चिदानन्दघन परमात्मा जस्तै हो। उसको ज्ञानमा परमात्मा बाहेक अरू केही हुँदै हुँदैन। जसको अन्तःकरण ज्ञानविज्ञानबाट तृप्त छ उसको स्थिति विकाररहित हुन्छ। त्यस्ताका निमित्त ढुङ्गा, माटो र सुनमा अन्तर हुँदैन। त्यस्तैलाई भागवत प्राप्त भनेर मान्न सकिन्छ। शुभचिन्तक, शत्रु, मित्र, उदासीन, मध्यस्थ धर्मात्मा तथा पापी सबै समान मान्नेहरू श्रेष्ठ कहिन्छन्। मन, इन्द्रिय र शरीर वशमा लिनेहरू आशारहित, संग्रहरहित योगी एक्लै

एकान्त स्थानमा रहेर आत्मालाई निरन्तर परमात्मामा लगाउन शुद्ध भूमिमा कुश, मृगचर्म वा वस्त्र ओच्छ्याई ठिक्कको आसन बनाउनु। त्यो आसनमा बसेर चित्त र इन्द्रियलाई वशमा राख्दै आफ्नै नाकको अग्रभागमा हेरेर यताउती नहेरि ब्रह्मचर्य व्रत धारण गरी भयरहित भई शान्त अन्तस्करणवाला मभा चित्त लगाएर रहुन्। मन वशमा गरेको योगी आत्मालाई निरन्तर म परमेश्वर स्वरूपमा लगाएर परमानन्द प्राप्त गर्दछन्।

हे अर्जुन ! यो योग खान पान सुत्नु उठ्नु सबै सन्तुलनमा हुनेले सिद्ध गर्न सक्दछन्। दुःखलाई नाश गर्ने यो योग मनासिब खानपान बसउठ हुनेलाई नै प्राप्त हुन्छ। चित्त वशमा राखेर भोगेच्छा शून्य जो छ त्यो योगयुक्त कहिन्छ। जसरी वायु नभएका ठाउँमा बत्ती स्थिर हुन्छ परमात्मामा ध्यान मग्न योगी त्यस्तै हुन्छ श्रेष्ठ योगी त्यही हो। यो अभ्यासमा निरुद्ध चित्त जुन अवस्थामा उपराम हुन्छ परमात्मामा साक्षात्कार हुन सक्छ। त्यस्ता साधक विचलित हुँदैनन्। परमात्मा प्राप्तहरू विचलित हुँदैनन्। त्यसैले योग गर्नुपर्दछ। योग परमात्मामा स्थित भएर निश्चयका साथ गर्नुपर्दछ। जो दुःखरूप संसारको संयोगबाट रहित छ ऊ जस्तासुकै दुःख आए पनि विचलित हुँदैन। त्यसैले योग गर्नुपर्दछ। संन्यासबाट उत्पन्न हुने कामनाहरू त्यागेर मनलाई रोकेर परमात्मामा चित्त अड्याई योग गर्नुपर्दछ। योगद्वारा मनलाई रोकेर अनन्त आनन्दको अनुभव गर्नुपर्दछ।

भगवान्ले अलिकति प्रसङ्ग बदलेर भन्नुभएको छ– "जो जहातहीं मलाई देख्छ र सबै थोक मैमा देख्छ म पनि उसलाई देख्छु। जुन योगी मलाई र परमात्मालाई एउटै देख्छ र भक्तिपूर्वक सेवा गर्छ ऊ मैमा समाहित हुन सक्छ। हे अर्जुन ! त्यो योगी पूर्ण योगी हो जो सबै प्राणीमा उनीहरूको सुख दुःखमा समानता देख्दछ।"

यहाँ एउटा अनौठो प्रसङ्ग पनि अवतरण भएको देखिन्छ। महायुद्धको दोसाँधको अवस्था छ। दुवै तर्फका सेना आक्रमणको प्रतिक्षामा छन्। त्यस्तो समयमा यस्तो गहिरो कुरो अर्जुनको चित्तमा घुस्न कठिन भयो। यो स्वभाविक हो। तसर्थ अर्जुनले भनेका छन् "हे मधुसूदन ! तपाईंले योग पद्धतिको वर्णन गर्नुभयो। त्यो मेरो निमित्त अव्यवहारिक तथा असहनीय भयो। किनभने मेरो मन चञ्चल तथा अस्थिर छ।"

अर्जुनका कुरा सुनेर भगवान् श्रीकृष्णले भन्नुभयो "हे महाबाहु कुन्तीपुत्र ! हो चञ्चल मनलाई वशमा राख्न गारो हुन्छ तर अभ्यास गर्नुपर्दछ, सम्भव हुन्छ। जसको मन उच्छृङ्खल छ उसका निमित्त आत्म साक्षात्कार कार्य कठिन हो तर जसको मन संयमित छ र प्रयास गर्छ ऊ सफल पनि हुन्छ भन्ने ठान्छु म।"

अर्जुनको चित्त अझै बुझेन। उनले भने "हे कृष्ण ! असफल योगीको गति के हो जो प्रारम्भमा श्रद्धापूर्वक आत्म साक्षात्कारको विधि ग्रहण गर्दछन् तर पछि विचलित हुन्छन् र योग सिद्धि प्राप्त गर्दैनन् ? हे महाबाहु कृष्ण ! के ब्रह्म प्राप्ति मार्गबाट भ्रष्ट यस्ता यस्ता व्यक्ति आध्यात्मिक तथा भौतिक दुवै तर्फ असफल हुँदैनन् ? यिनीहरूको गति कस्तो हन्छ ? यिनीहरू नष्ट त हुँदैनन् ?

अर्जुनको यस्तो जिज्ञासा हुँदा भगवान् श्रीकृष्ण भन्नुहुन्छ– "हे पार्थ ! असफल योगी पवित्रात्माहरूको लोकमा बसेर भोग सकिएपछि सदाचारी पुरुष वा धनवान्का घरमा जन्मन्छन्। अथवा बुद्धिमान् योगीका कुलमा जन्मन्छन् र त्यो जन्ममा पनि योग गरेर पुण्य कमाउँछन्। यसरी जन्म जन्ममा भए पनि आफ्नू उद्धार गर्ने सुअवसर जुट्छ।"

सातौं अध्याय भगवद्ज्ञानमा आधारित भएको पाइन्छ। खास ज्ञान पाउन आतुर कुन्तीपुत्र अर्जुन हात जोडेर रहेको अवस्थामा भगवान् श्रीकृष्ण भन्नुहुन्छः– हे पृथापुत्र ! अब सुन तिमी कसरी मेरो भावनामा विश्वास गरेर मन मतिर आसक्त गरेर योगाभ्यास गर्दै पूर्ण रूपले निःसन्देह भएर आउन सक्छौ त्यो सुन। अब म तिमीलाई पूर्ण रूपले व्यावहारिक दिव्य ज्ञान दिन्छु। यो जानेपछि तिमीलाई कुनै अरू कुरा जान्न बाँकी रहने छैन। यो ज्ञानका निमित्त हजारौं मान्छेले प्रयत्न अवश्य गरेका छन्। तर सिद्धि प्राप्त गर्ने भेटिएका छैनन्। धेरै कम छन्। पृथ्वी, जल, अग्नि, वायु, आकाश मन, बुद्धि तथा अहंकार यी आठ प्रकारमा विभक्त मेरा प्रकृति हुन्। हे महाबाहु अर्जुन ! यिनका अलावा मेरो एउटा परा शक्ति छ जो जीवहरूमा रहेको छ। जो यस अपरा भक्तिको साधनहरूको खोजी भइरहेको छ। सारा प्राणीहरूको उद्गमका यी दुवै शक्ति मै हुँ। यो संसारमा जो जति भौतिक तथा आध्यात्मिक विषय छन् सबैको उत्पत्ति तथा प्रलय मै हुँ। हे धनञ्जय ! मभन्दा ठूलो कोही छैन। जसरी मोती धागोमा उनिन्छ त्यसै गरी सबै ममा आश्रित छन्। हे कुन्तीपुत्र ! म नै जलको स्वाद हुँ, सूर्य चन्द्रको प्रकाश हुँ, अकाशमा हुने ध्वनि र मान्छेमा

हुने सामर्थ्य पनि मै हुँ। पृथ्वीको सुगन्ध तथा अग्निको ताप म नै हुँ। म समस्त जीवको जीवन तथा तपस्वीको तप मै हुँ। हे पृथापुत्र ! यो जान कि. लोकका समस्त जीवको आदि बीज हुँ म। बुद्धिमान्को बुद्धि तथा शक्तिमानको तेज हुँ म। बलवान्को काम र इच्छारहित बल पनि हुँ म। तर धर्म विरुद्ध भने होइन। तिमी यो जानी राख शक्तिद्वारा सारा गुण, जो प्रकट हुन्छन् एक प्रकारले सबै मै हुँ। तर यति भएर पनि स्वतन्त्र छु। म प्रकृतिका गुणहरूको अधीनमा छैन। बरु सबै मेरा अधीनमा छन्। सत्त्वगुण रजोगुण तथा तमो गुणद्वारा मोहग्रस्त संसार म गुणातीत तथा अविनाशीलाई चिन्दैनन्। प्रकृतिका यी तीन गुण संयुक्त भएको मेरो शक्तिको पार पाउन कठिन छ। तर जो मेरो शरणागत छ ऊ सजिलै यसलाई पार गर्न सक्छ। जो निपट मूर्ख छ मान्छे मध्येमा पनि अधम छ जसको ज्ञान हरिएको छ नास्तिक प्रकृति धारण गर्ने वाला छ यस्ता दुष्ट मेरो शरण ग्रहण गर्दैनन्।

हे भरतश्रेष्ठ ! चार प्रकारका पुण्यात्मा मेरो सेवा गर्छन्। आर्त, जिज्ञासु, अर्थार्थी तथा ज्ञानी। यिनमा जो परम ज्ञानी छन् ती नै सर्वश्रेष्ठ हुन्। म तिनीहरूका निमित्त प्रिय छु र उनीहरू मेरा निमित्त प्रिय छन्। निःसन्देह यी सबै उदार व्यक्ति हुन्। तर जो मेरो ज्ञानप्राप्त छन् उनीहरूलाई म आफ्नै मान्छु। उनीहरू म समान हुन्। उनीहरू मेरै दिव्य स्वभावमा रहेर मेरो सर्वोच्च उद्देश्यलाई निश्चित रूपले प्राप्त गर्दछन्। अनेक जन्मजन्मान्तरपछि जसमा सच्चा ज्ञान हुन्छ सबै कारण मलाई नै समर्पण गरी मेरो शरणमा आउँछन्। यस्ता महात्मा अहिले धेरै कम छन्। जसको बुद्धि इच्छाहरूद्वारा मारिएको छ उनीहरू देवताका शरणमा जान्छन्। पूजाको विधि विधानलाई पालन गर्छन्। म प्रत्येक जीवको हृदयमा परमात्मा स्वरूप स्थित छु। जो कुनै देवताको पूजा गर्न चाहन्छन् उसको श्रद्धालाई स्थिर गरिदिन्छु। त्यसबाट ऊ विशेष देवताको भक्ति गर्न पाउँछ। यसो भए पनि उसलाई लाभ त मैले नै दिनु पर्दछ। अल्प बुद्धि भएकाहरू देवताको पूजा गर्छन्। उनीहरूले पाउने फल क्षणिक हुन्छ। देवताको पूजा गरेर देवलोकमा पुग्न पाइन्छ तर मेरो भक्त मेरै धाममा पुग्न पाउँछ।

बुद्धि नभएका मान्छेहरू मलाई नचिनेर म पहिले निराकार थिएँ भन्ठान्छन्। अहिले यो रूपमा आएको विश्वास गर्छन्। मेरो अविनाशी

सर्वोच्चतालाई जान्न सक्दैनन्। म मूर्ख तथा अल्पज्ञका निमित्त कहिल्यै प्रकट भइनँ। उनीहरूका निमित्त म आफ्नू अन्तरङ्ग शक्तिद्वारा आच्छादित रहन्छु। उनीहरू जान्न सक्दैनन् कि म अजन्मा र अविनाशी हुँ।

हे अर्जुन ! भगवान् भएका कारण म भूत भविष्य वर्तमान सबै जान्दछु। म समस्त जीवलाई पनि जान्दछु। तर मलाई कसैले चिन्दैनन्। हे भरतवंशी शत्रु विजेता अर्जुन ! समस्त जीव जन्म लिएर इच्छा तथा घृणाबाट उत्पन्न द्वन्द्वमा मोहग्रस्त भएर मोहमा फसेका हुन्छन्। जसले पहिला जन्ममा पुण्य कर्म गरेका छन् तर त्यो पाप कटनी भएको छ मेरो सेवामा आउन चाहन्छन्। जो जन्म मृत्युबाट पार पाउन यत्नशील छन् बुद्धिमान् व्यक्ति मेरो भक्तिको शरणमा पर्दछन्। ती वास्तवमा ब्रह्म हुन्। किनभने दिव्य कर्मका बारेमा उनीहरू जान्दछन्। जो म परमेश्वरलाई मेरो पूर्ण चेतनामा रहेर मलाई जगत्का समस्त यज्ञविधिहरूको नियामक भनेर बुझ्दछ ऊ आफ्नू मृत्युको समयमा पनि भगवान्लाई सम्झन सक्तछ।

आठौं अध्यायले भगवत्प्राप्तिका प्रसङ्गलाई उजागर गरेको छ। अर्जुनले भगवान्सँग पुरुषोत्तम के हो ? ब्रह्म के हो ? अध्यात्म के हो ? कर्म के हो ? अधिभूत नामबाट के भनिएको हो ? आधिदैव कसलाई भनिन्छ ? हे मधुसूदन ! यहाँ भनिने आदि यज्ञ कुन हो ? र त्यो यो शरीरमा कसरी रहेको छ ? अन्त्य समयमा तपाईं कसरी जानिनुहुन्छ ? आदि प्रश्न गर्दा भगवान्ले भन्नुभएको छः–

अक्षरं ब्रह्म परमं स्वभावोध्यात्ममुच्यते।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः॥

अर्थः– अविनाशी र दिव्य जीव ब्रह्म र उनका नित्य स्वभाव अध्यात्म या स्व भनिन्छ। जीवहरूको भौतिक शरीरमा सम्बन्ध हुने कार्य सकाम कर्म भनिन्छ। देहधारीहरूमा श्रेष्ठ निरन्तर परिवर्तनशील यो भौतिक प्रकृति अधिभूत कहिन्छ। भगवान्को विराट रूप अधिदैव कहलिन्छ। शरीरधारीहरूको भित्र रहने आत्मा जुन छ म परमेश्वर अधियज्ञ कहलिन्छु। जीवनको अन्त्य समयमा जो केवल मेरो स्मरण गर्छ उसले मेरो स्वभाव प्राप्त गर्दछ। हे कुन्तीपुत्र ! शरीर त्याग्ने बेलामा मान्छे जुन जुन भाव स्मरण गर्दछ निश्चित छ त्यही त्यही भावमा प्राप्त हुन्छ। त्यसै कारण हे अर्जुन ! तिमीले सधैं मेरो रूप अर्थात् कृष्ण रूप चिन्तन गर्ने गर्नुपर्‍यो। त्यस्तै युद्ध गर्न परेको विषयमा पनि चिन्तन

गरेर पूरा गर्नपर्‍यो। आफ्नू कर्म मलाई समर्पित गरेर आफ्नू मन बुद्धि ममा स्थिर गरे निश्चित रूपमा मलाई प्राप्त गर्न सक्नेछौ। हे पार्थ ! जो व्यक्ति आफ्नू मन मलाई स्मरण गर्नमा निरन्तर लगाइराख्छ अविचलित भावबाट भगवान्‌का रूपमा मेरो ध्यान गर्छ उसले मलाई प्राप्त गर्दछ।

मान्छेले परम पुरुषको ध्यान सर्वज्ञ, पुरातन, नियन्ता, सानुभन्दा पनि सानु प्रत्येकको पालनकर्ता समस्त भौतिक बुद्धिबाट पर अचिन्त्य तथा नित्य पुरुषका रूपमा गरोस्। यसो गर्नेवाला सूर्य तथा चन्द्रमा जस्तै तेजवान् हुन्छ। यही भौतिक प्रकृतिबाट परको दिव्य रूप हो। मृत्यु समयमा जो आफ्नो प्राणलाई नेत्रका बीचमा स्थिर गराएर योगशक्तिद्वारा अविचलित मनबाट पूर्णभक्तिका साथ परमेश्वरको स्मरणमा लगाउँछ त्यो मान्छेले भगवान् प्राप्त गर्दछ।

वेदज्ञ विद्वान् जुन सच्चिदानन्द रूप परम पदलाई अविनाशी भन्छन्, आसक्तिरहित यत्नशील संन्यासी जसभित्र पस्छन् र जुन परमपदलाई चाहना गर्ने ब्रह्मचारीहरू ब्रह्मचर्य पालन गर्दछन् त्यस परमपदको कुरा म तिमीलाई संक्षेपमा भनिदिउला। इन्द्रियहरू सबै रोकेर मनलाई हृदयमा अड्याएर फेरि त्यही पराजित मनद्वारा प्राणलाई शिरमा स्थापना गरी परमात्माको योग धारणामा अडेर जो व्यक्ति ॐ यही अक्षररूप ब्रह्मलाई उच्चारण गर्दै उसको अर्थस्वरूप म निर्गुण ब्रह्मलाई चिन्तन गर्दै शरीर त्याग गर्छ भने त्यो पुरुष परम गतिमा पुग्दछ।

हे अर्जुन ! जो अनन्य भावबाट निरन्तर मेरो स्मरण गर्छ उसलाई म पनि सुलभ हुन्छु। किनभने ऊ मेरो भक्तिमा रहेको हुन्छ। मलाई प्राप्त गरेर महापुरुष जो भक्ति योगी छन् कहिल्यै पनि यो दुःखपूर्ण अनित्य जगत्‌मा फर्कदैनन्। किनभने उनीहरूले परम सिद्धि प्राप्त गरिसकेका हुन्छन्। यो जगत् सर्वोच्च लोकदेखि लिएर निम्नतम लोक हो दुःखको घर हो जहाँ जन्म र मृत्युको चक्कर लागिरहेको हुन्छ। तर हे कुन्तीपुत्र ! जो मेरो धाम प्राप्त गर्दछ उसले फेरि कहिल्यै पनि जन्म लिँदैन। मानवीय गणना अनुसार एकहजार युग मिलेर ब्रह्माजीको एक दिन हुन्छ। यत्ति नै लामू रात्रि पनि हुन्छ ब्रह्माजीको। ब्रह्माको दिनको शुभारम्भमा सारा जीव अव्यक्त अवस्थामा हुन्छन्। जब रात हुन्छ तब त फेरि अव्यक्तमा विलीन हुन्छन्। जब जब ब्रह्माका दिन आउँछन्

सारा जीव प्रकट हुन्छन्। जब ब्रह्माको रात हुन्छ सहाराहीन भएर विलीन हुन्छन्। त्यो अव्यक्तभन्दा ज्यादै पर विलक्षण सनातन अव्यक्त भाव छ। त्यो परम दिव्य पुरुष समस्त प्राणीहरू नष्ट भएपछि पनि त नष्ट हुँदैन। जुन अव्यक्त अर्थात् अक्षर भन्ने नामले वर्णन गरिएको छ त्यही अक्षर नामक अव्यक्त भावलाई परम गति भनिन्छ। जुन सनातन अव्यक्त भावमा पुगेर मानिस फर्केर आउँदैन त्यो मेरो परम धाम हो। भगवान् जो सबैभन्दा महान् छन् अरू भक्तिद्वारा पनि पाउन सकिन्छ। उनी आफ्नै धाममा रहने गर्दछन्। त्यसो भए पनि सर्वव्यापी हुन्।

हे भरतश्रेष्ठ ! अब म तिमीलाई विभिन्न कालहरूका विषयमा बताउँछु। जहाँ यो संसारबाट प्रयाण गरिसकेका योगी फेरि यता आउँछन् अथवा आउँदैनन् त्यो जान्नेछौ। जो परब्रह्मको ज्ञाता छ ऊ अग्निदेवको प्रभावमा प्रकाशमा, दिनको शुभ क्षणमा शुक्लपक्षमा या जब सूर्य उत्तरायणमा हुन्छन् ती छ महिनामा यो संसारमा शरीर त्याग गर्नेहरू परब्रहम प्राप्त गर्दछन्। जो योगी राती कृष्णपक्षमा या सूर्य दक्षिणायन रहने छ महिनामा दिवंगत हुन्छन् उनीहरू चन्द्रलोक जान्छन्। तर ती उहाँबाट फेरि पृथ्वीमा फर्केर आउँछन्। हे अर्जुन ! यद्यपि भक्तगण यी दुवै मार्गका विषयमा जान्दछन् तर मोहग्रस्त हुँदैनन्। त्यसैले तिमी भक्तिमा सधै स्थिर रहने गर। जो व्यक्ति भक्तिमार्ग स्वीकार गर्दछ ऊ वेदाध्ययन, तपस्या, दान, दार्शनिक तथा सकाम कर्म गर्नेबाट प्राप्त हुनेवाला फलबाट वञ्चित हुँदैन। उनीहरू भक्ति सम्पन्न गरेर यी समस्त फलको प्राप्ति गर्दछन् र अन्तमा नित्यधाममा पुग्दछन्।

भगवान् श्रीकृष्णबाट गीताको आठौं अध्यायसम्ममा गरिएका वर्णनबाट अर्जुनका मनमा आत्मज्ञान हुँदै आएको हुँदा नवौं अध्यायमा पुनः भगवान्ले भन्नुभयोः–

इदं तु ते गुह्यतमं प्रवक्षाम्यनसूयवे।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्षसेऽशुभात्॥

हे अर्जुन ! तिमीले मसँग कहिल्यै ईर्ष्या गरेनौ। त्यसैले म तिमीलाई यो गुह्य ज्ञान बताउँछु। जो जानेर तिमी संसारका सारा क्लेशबाट मुक्त हुनेछौ। यो सविज्ञान ज्ञान विद्याहरूको राजा हो। अतिशय पवित्र पनि हो। अत्युत्तम र प्रत्यक्ष फल दिने पनि हो। धर्म युक्त छ र साधना सुगम र अविनाशी पनि

छ। धर्ममा श्रद्धा नभएका मानिस ममा नपुगी संसार चक्रमा जो मृत्युरूप हो भौतारिइरहन्छन्। म निराकार परमात्माबाट यो समग्र जगत्मा परिपूर्ण छु। समग्र प्राणी मेरै अन्तर्गत संकल्पकै आडमा अडेको छ। म भने तिनमा वास्तवमै छैन। तथापि मबाट उत्पन्न सारा विषय मैमा स्थित हुन्छन्। अलिकति मेरो ऐश्वर्यतिर हेर त अर्जुन ! यद्यपि म समस्त जीवको पालक हुँ सर्वत्र व्याप्त पनि छु तर म यो जगत्को अंश भने होइन। यसको खास कारण के भने सृष्टिको कारणै मै हुँ। यसलाई यसरी बुझ्नुपर्दछ जसरी वायु सदैव आकाशमा छ बहिरहन्छ व्याप्त छ त्यसै गरी म प्राणीहरूमा छु।

हे कुन्तीपुत्र ! कल्पको अन्त हुँदा सारा प्राणी मेरो प्रकृतिमा प्रवेश गर्छन्। नयाँ कल्पको आरम्भ हुँदा म आफ्नू शक्तिबाट पुनः उत्पन्न गर्ने गर्दछु। सम्पूर्ण दृश्य जगत् मेरो अधीनमा छ। यो मेरो इच्छाबाट बारम्बार स्वतः प्रकट हुन्छ र मैरै इच्छामा विनष्ट पनि हुन्छ। हे धनञ्जय ! यी सारा कर्म मलाई बाँध्न सक्दैनन् म उदासीन जसरी नै सारा भौतिक कर्ममा सधै विरक्त रहन्छु। हे कुन्तीपुत्र ! यो भौतिक प्रकृति मेरा शक्तिहरूमा एक हो। मेरै इच्छानुसार कार्य हुन्छ। जसबाट सारा चर अचर प्राणी उत्पन्न हुन्छन्। यो भौतिक जगत् बारम्बार सृजित र नष्ट हुने गर्दछ। जब म मनुष्य रूपमा अवतरित हुन्छु मूर्खहरू मेरो उपहास गर्छन्। उनीहरू म परमेश्वरको दिव्य स्वभाव चिन्दैनन्। जो यस प्रकारले मोह ग्रस्त हुन्छन् उनीहरू राक्षसी नास्तिक विचारमा आकृष्ट रहन्छन्। यस्तो मोहग्रस्त अवस्थामा उनको मुक्तिको आशा उनको सकाम कर्म तथा ज्ञानको अनुशीलन सबै निष्फल हुन्छ। हे पार्थ ! मोहमुक्त महात्माजन दैवी प्रकृतिको संरक्षणमा रहन्छन्। उनीहरू पूर्णतः भक्तिमा निमग्न रहन्छन्। किनभने उनीहरू आदि तथा अविनाशी भगवान्का रूप जान्दछन्। यी महात्माहरू मेरो महिमाको नित्य कीर्तन गर्दै दृढ संकल्पका साथ प्रयास गर्दै मलाई नमस्कार गरेर भक्तिभावबाट निरन्तर मेरो पूजा गर्छन्। अरू जन जो ज्ञानको अनुशीलनद्वारा यज्ञमा लागेका हुन्छन्, उनीहरू भगवान्को पूजा अनेक रूपमा गर्छन्।

म यो ब्रह्माण्डकै पिता माता आश्रय हुँ र पितामह हुँ। म जान्ने तथा शुद्धिकर्ता हुँ। ओंकार हुँ। वेद पनि मै हुँ। लक्ष्य म पालनकर्ता म स्वामी साक्षी धाम शरणस्थली तथा अत्यन्त प्रिय मित्र हुँ। म सृष्टि हुँ प्रलय हुँ।

सबैको आधार आश्रय र अविनाशी बीज मै नै त हुँ। हे अर्जुन मै ताप प्रदान गर्दछु, वर्षा गराउँछु र रोक्छु पनि मै। म अमर हुँ र साक्षात् मृत्यु पनि मै हुँ। आत्मा र पदार्थ दुवै मैमा छन्।

जो वेदहरूको अध्ययन गर्छन् सोमरस पान गर्छन् त्यस्ता पनि मेरो पूजा गर्छन्। उनीहरू पापकर्मबाट शुद्ध भएर इन्द्रको धाममा जन्म लिन्छन्। जहाँ देवताहरूका साथमा आनन्द भोग गर्छन्। यसरी उनीहरू जब स्वर्गीय इन्द्रिय सुख भोग्छन् र उनीहरूको पुण्य कर्मको फल क्षीण भएपछि त फर्केर मृत्यु लोकमा आउँछन्। यसरी इन्द्रिय सुखको गवेषणा हुन्छ। उनीहरू जन्म र मृत्युको चक्करमा घुमिरहन्छन् घुमिरहन्छन्। तर जो अनन्य भावबाट मेरो दिव्य रूपको ध्यान गर्छन् निरन्तर मेरो पूजा गर्छन् उनीहरूको जो आवश्यकता हुन्छ म पूरा गरिदिने गर्दछु। उनीहरूसँग जे जो छ त्यसको रक्षा पनि म नै गरी दिन्छु।

हे कुन्तीपुत्र ! जो देवताका भक्त हुन् उनको श्रद्धापूर्वक पूजा गर्छन् वास्तवमा उनीहरू मेरो पूजा गर्छन्। तर त्रुटिपूर्ण ढङ्गले गर्छन्। म नै समस्त यज्ञको एकमात्र भोक्ता र स्वामी हुँ। यस कारण जो मेरो वास्तविक दिव्य प्रकृति चिन्न सक्दैनन् उनीहरू तल झर्छन्। जो देवताहरूको पूजा गर्छन् उनीहरू देवतामाझ जन्म लिन्छन्। पितृहरूको पूजा गर्ने पितृसँगै पुग्छन्। भूत प्रेतको पूजा गर्नेहरूको पनि अवस्था त्यही हो। जो मेरो पूजा गर्छन् मैसँग बस्छन्। यदि कोही प्रेम तथा भक्तिका साथ मलाई पत्रं पुष्पं फलं या जल प्रदान गर्छन् म त्यसलाई स्वीकार गर्दछु।

हे कुन्तीपुत्र ! तिमी जे गर्छौं जे खान्छौ जो अर्पण गर्छौं या दान दिन्छौ या तपस्या गर्छौं सबै मलाई अर्पण गर्दै गर्ने गर। यसबाट तिमी कर्मबन्धन तथा यसको शुभाशुभ फलबाट मुक्त हुन सक्ने छौ। यो संन्यास योगमा आफ्नू चित्त स्थिर गरेर तिमी मुक्त भएर मसँग आउन सक्नेछौ। म न कसैसँग द्वेष गर्छु न पक्षपात गर्छु म त सबैका निमित्त समभाव हुँ। तर जोसुकै पनि जब मेरो सेवा गर्छ ऊ मेरो मित्र हो। मैसँग स्थित हुन्छ ऊ। म उसको मित्र हुँ। यदि कसैले जघन्य कर्म पनि गर्न पुग्ला तर यदि भक्तिमा रत छ भने ऊ साधु मानिन्छ। किनभने ऊ आफ्नू संकल्पमा अडिग छ। हे पार्थ ! जो मेरो शरण ग्रहण गर्दछ हुनसक्छ निम्न जन्मा, स्त्री, वैश्य, तथा शूद्र किन नहोस् परम धाम

प्राप्त गर्दछ। धर्मात्मा ब्राह्मण भक्त तथा राजर्षिहरूको त कुरै गर्न परेन। यो क्षणिक दुःखमय संसारमा आएर प्रेम भक्तिमा आफ्नू मन लगाऊ। आफ्नू मनलाई मेरो नित्य चिन्तनमा लगाऊ। मेरो भक्त बन। मलाई नमस्कार गर। मेरो पूजा गर। यसरी मैमा तल्लीन भएमा निश्चित रूपले मलाई प्राप्त गर्नेछौ।

यसरी श्रीमद्भगवद्गीताको नवौं अध्याय परम गुह्य ज्ञानको तात्पर्य सम्झाएर समाप्त भएको छ।

महाभारत महायुद्धको प्रसङ्गमा प्रादुर्भाव भएको श्रीमद्भगवद्गीता सारै महत्त्वपूर्ण विषय हो भन्ने वर्णन भैसकेको छ। गीताका सातौं आठौं र नवौं अध्याय ज्ञान विज्ञान विशेष हुन् भन्ने चर्चा पनि भैसक्यो। दशौं र एकादशौं अध्याय अझ महत्त्वपूर्ण मान्ने गर्छन् विद्वान्हरू। यद्यपि गीता शुरूदेखि अन्त्यसम्म नै सारै महत्त्वपूर्ण प्रसङ्ग भएको सृष्टि हो तापनि दशौं र एकादशौं अध्यायलाई गीताको पनि मुटु हो भन्न खोजिन्छ। कारण के हो भने दशौं अध्यायमा भगवान्ले आफ्ना विभूतिहरू र योगशक्तिको वर्णन गर्नुभएको छ र एघारौं अध्यायमा आफ्नू विराटरूप अर्थात् विश्वरूप नै अर्जुनलाई देखाइदिनुभएको छ।

दशौं अध्याय यसरी शुरू भएको छः-

भूय एव महाबाहो शृणु मे परमं वचः
यत्ते हं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया।

अर्थः- हे महाबाहो ! फेरि पनि मेरा रहस्यमय तथा प्रभावयुक्त कुरा सुन। तिमी मसँग अति हितका कुरा गर्ने भएकाले तिमीलाई हित गर्ने कुरा भन्दछु।

भगवान् भन्दै जानुभयो— "मेरो उत्पत्ति र मबाट हुने गरेका लीला न देवताहरू जान्दछन् न महर्षिहरू नै। यसको खास कारण के हो भने म उनीहरू सबैको पनि आदि कारण हुँ। जो मलाई अजन्मा र संसारकै ईश्वर भनेर जान्दछन् त्यस्ता ज्ञानवान्हरू सम्पूर्ण पापबाट मुक्त हुन्छन्। बुद्धि, ज्ञान, संशय तथा मोहबाट मुक्ति सत्यता क्षमाभाव मन तथा इन्द्रिय निग्रह सुख, दुःख, भय, अभय, जन्म, मृत्यु, समता, तुष्टि अहिंसा, दान, तप, यश, अपयश

जे जति गुणहरू रहन्छन् जीवहरूमा ती सबै मैबाट निःसृत भएका हुन्। सप्तर्षि तथा मनु लगायतका अन्य महर्षि, अन्य लोकमा विभिन्न लोकमा रहने सारा जीव जन्तु मैबाट अवतरित भएका हुन् र हुन्छन्। जो जो मेरो विषयमा विश्वस्त छन् उनीहरू मेरो भक्तिमा तत्पर हुन्छन्। यसमा शंकै छैन। म आध्यात्मिक एवं भौतिक जगत्को कारण हुँ। सबै मैबाट उत्पत्ति हुन्छन्। जो यो जान्दछ ऊ मेरो भक्तिमा लाग्दछ मेरो पूजा गर्दछ। मेरा विशुद्ध भक्तहरू मैमा वास गर्छन्। निरन्तर ममा मन लगाउने ममै आफ्नू प्राण चढाउन चाहने मेरै चर्चा आपसमा गर्ने गर्छन्। मेरो प्रसङ्गमा श्रद्धा चढाउन पनि रमाउनेहरू मैमा रमण गर्छन् रमाउँछन्। म पनि उनीहरूलाई नै तत्त्वज्ञान दिने गर्दछु। हे अर्जुन ! उनीहरूकै निमित्त म उनीहरूको हृदयमा प्रवेश गर्दछु। र उनीहरूको ज्ञान जनित अन्धकारलाई प्रकाशमय बनाइदिन्छु। तत्त्वज्ञानरूपी बत्ती बालेर उनीहरूमा रहेको अन्धकारलाई हटाइदिन्छु।

भगवान्बाट आज्ञा भएका कुराले अर्जुनमा ठूलो प्रभाव पाऱ्यो। अर्जुनले निवेदन गरे "हे कृष्ण ! हजुर परम धाम परब्रह्म र पवित्रतम हुनुहुन्छ। किनभने तपाईंलाई ऋषिहरू पनि सनातन, दिव्यपुरुष र देवताहरूका पनि देवता अजन्मा सर्वव्यापी मान्छन्। स्वयं हजुर पनि यसलाई अस्वीकार गर्नुहुन्न। हे नाथ ! सबै कुरा जान्नुहुन्छ। यसै कारण हजुर आफ्नू दिव्य पुरुषत्व तथा विभूतिको ज्ञान राख्नुहुन्छ। हे जनार्दन ! यी सबै कुरा विस्तारपूर्वक बताउनुहोस्। किनभने हजुरका यस्ता कुरा सुनेर ममा तृप्ति भएको छैन। सुन्न र जान्नमा मन व्यग्र भएको छ।"

अर्जुनको आफूप्रतिको भक्ति र जिज्ञासा देखेका भगवान् श्रीकृष्णले भन्नुभयो "हे कुरुश्रेष्ठ ! अब म मेरा विभूतिहरूको वर्णन गर्दछु। तिम्रा निमित्त अहिले केही विभूतिहरूको वर्णन गर्दछु। तर यति मात्र भने नठान्नु। किनभने मेरा विभूतिहरूको र मेरो विस्तारको त सीमा नै छैन। अन्त नै छैन।

हे अर्जुन ! म संसारकै आत्माहरूको आत्मा हुँ। सबैको आदि मध्य र अन्त मै नै हुँ। देवताहरूमा विष्णु हुँ र वायुको तेज वा बल हुँ। नक्षत्रहरूमा चन्द्रमा, वेदमा सामवेद, देवतामा इन्द्र, इन्द्रियमा मन, प्राणीको चेतना र शक्ति हुँ म। पुरोहितमा बृहस्पति, सेनापतिमा स्कन्ध र जलाशयमा समुद्र हुँ। महर्षिहरूमा भृगु हुँ, शब्दमा ओंकार। यज्ञमा जपयज्ञ र पहाडहरूमा हिमालय

हुँ। वृक्षमा पिपल, देवर्षिमा नारद गन्धर्वमा चित्ररथ र सिद्धमा कपिलमुनि हुँ म। घोडाहरूमा उच्चैश्रवा, हात्तीमा ऐरावत र मनुष्यमा राजा भनेर जाने हुन्छ। शस्त्रमा वज्र हुँ, गाईमा कामधेनु र प्रेमीमा कामदेव हुँ। त्यस्तै सर्पमध्येमा सर्पराज वासुकी, नागहरूमा नागराज शेषनाग र जलचरका अधिपति वरुण हुँ म। पितृमा अर्यमा र शासकमा यमराज हुँ। दैत्यमा प्रल्हाद, पशुहरूमा सिंह, र पक्षीहरूमा गरुड हुँ म। हे अर्जुन ! सृष्टिमा आदि मध्य र अन्त मै हुँ। विद्यामा अध्यात्म विद्या हुँ, अक्षरमा अकार र समासमा द्वन्द्व हुँ। कालमा महाकाल र जताततै मुख भएको विराट स्वरूप हुँ म। सबैको धारण पोषण गर्ने मै हुँ। केवल मै हुँ। म सबैको नाश गर्ने मृत्यु हुँ। जन्मनेहरूको जन्म हुँ। स्त्रीहरूमा कीर्ति, वाक्, स्मृति, मेधा, धृति तथा क्षमा हुँ। श्रुतिहरूमा बृहत्साम, छन्दमा गायत्री महिनामा मुङ्सिर र ऋतुमा वसन्त ऋतु हुँ।"

भगवान्ले अझ अगाडि बढ्दै भन्नुभएको छ "म छलीमा जुवा हुँ, प्रभाव हुँ, विजय हुँ र निर्णय पनि मै हुँ। वृष्णि वंशीमा वासुदेव हुँ, पाण्डवहरूमा धनञ्जय अर्थात् तिमी। मुनिमा वेदव्यास र कविमा शुक्राचार्य पनि मै हुँ। हे अर्जुन ! सबैको उपत्तिको कारणै मै हुँ। हे परन्तप ! मेरा दिव्य विभूतिको अन्त्य छैन। यहाँ तिमीसँग जति भने यो त सङ्क्षेप मात्र हो। तिमी यति मात्र जान यहाँ भनिएका कुरा सानु अंश मात्र हो। धेरै भनेर साध्य हुँदैन। सबै सुनेर तिमीलाई फायदा पनि छैन।"

भगवान् श्रीकृष्णका कुरा सुनेर नअघाएका अर्जुन एउटा आज्ञाकारी छात्र गुरुका अगाडि हात जोडेर विनीत भावमा मौन रहे जस्तै भएर रहेका थिए। केही भन्ने मौका पाएका थिएनन् तर भगवान्को वास्तविक रूप हेर्ने रहर भने गरेका थिए। अन्तर्यामी भगवान्ले एघारौं अध्यायमा विराट स्वरूपको दर्शन पनि दिनुभएको छ।

भगवान् श्रीकृष्णका दिव्य वाणी सुनेर आनन्दमग्न भएका अर्जुनले भगवान्सँग बिन्ति गरे "मप्रति अनुग्रह गरेर हजुरले परम गोपनीय अध्यात्म विषयक जुन उपदेश दिनुभयो त्यसबाट मेरो अज्ञान नष्ट भयो। किनभने हे कमलनयन ! मैले सबै कुरा सुनें। हे परमेश्वर ! हजुरले जे जति भन्नुभयो सबै सत्य अतिसत्य विषय भन्नुभएको छ। त्यसैले हे पुरुषोत्तम ! यी सबै ईश्वरीय रूप प्रत्यक्ष देख्न मन भएको छ। हे नाथ ! यदि मैले देख्न सक्ने र हजुरले

देखाउन सम्भव हुने हो भने त्यो अविनाशी स्वरूपको दर्शन गर्न मलाई मन लागेको छ। कृपया त्यो रूपको दर्शन गर्न पाउँ।"

अर्जुनका कुरा सुनेपछि भगवान् श्रीकृष्णले भन्नुभयो "हे अर्जुन ! हेर्न मन छ भने हेर, मेरो अलौकिक रूप म देखाइदिन्छु। तर तिम्रा यी नै आँखाबाट त्यो रूप हेर्न सकिँदैन। त्यस कारण पहिले म तिमीलाई दिव्य अलौकिक दृष्टि दिन्छु।"

यसपछि भगवान् श्रीकृष्णले अर्जुनलाई दिव्य दृष्टि दिनुभयो र विराट स्वरूप विश्वरूपको दर्शन गराउनुभयो। अर्जुन हेर्न थाले। उनले भगवान्का अनेक मुख, आँखा, कान, दिव्य भूषण, हजारौं हात र हातमा भएका हतियार फूल आदि देखे। मालाहरू वस्त्रहरू अद्भुत किसिमका सुन्दर देखे। यति मात्र देखेनन् भगवान्को अति सुन्दर र अन्त्यहीन रूप देखे। अर्जुनले भगवान्सँग भने "हे पुरुषोत्तम ! हजुरले जुन अत्यन्त गुह्य आध्यात्मिक विषयका उपदेश मलाई दिनुभएको थियो त्यो सुनेर मेरो मोह हटेको हो। अहिले फेरि यो दिव्य रूपको दर्शनले म कृतकृत्य भएँ।"

अर्जुनले भने "हे भगवान् श्रीकृष्ण ! म तपाईंका शरीरमा सारा देवता तथा सम्पूर्ण जीवहरू देख्दैछु। कमलको फूलमा आसीन ब्रह्मा, भगवान् शिव तथा समस्त ऋषिहरू एवं नागहरू देख्दैछु। हे विश्वेश्वर ! हजुरको शरीरमा धेरै हात पेट, मुख तथा आँखा देखिरहेको छु। मैले केवल हजुरलाई हेरेको छु तर न आदि न त अन्त्य नै देख्न सकेको छु। हजुरको मुखमा भएको तेज हेर्न कठिन भइरहेको छ। तेज त बलिरहेको भयंकर अग्नि जस्तै छ। चारैतिर ज्वाला फैलिए जस्तो देखिन्छ। हजुरको तेजोमय स्वरूप हेर्दैछु। विभूषण, गदा, चक्र कति कति देख्दैछु। हजुर आदि, मध्य र अन्त्यहीन हुनुभएको भान भएको छ। हजुरको मुखबाट बलेको आगोको ज्वाला आएको र गएको देख्दैछु। तपाईं एक हुनुहुन्छ तर तपाईंबाट समस्त आकाश ढाकिएको छ। हे प्रभु ! हजुरको यस्तो अद्भुत भयानक रूप देखेमा सारा लोक भयभीत हुन्छ होला। देवताहरू हजुरका शरणमा छन्। कोही प्रार्थना गरिरहेका छन् त कोही डरले थरथर कामेको पनि देख्दैछु। कोही कल्याण हो भन्दै स्तुति गरिरहेका छन्। हे सर्वव्यापी विष्णु ! हजुरको रूप देखेर म भयभीत भएको छु। मेरो मन विचलित भएको छ। मानसिक सन्तुलन नै बिग्रला जस्तो

भएको छ। धृतराष्ट्रका सारा पुत्रहरूसहित, समस्त राजाहरू सहित, भीष्म, द्रोण, कर्ण र हाम्रा प्रमुख योद्धाहरू पनि हजुरका मुखमा पसेको पो देखेको छु त मैले। हे प्रभु ! हजुर आफ्नू प्रज्वलित मुखबाट सबै दिशाका जनहरूलाई निलिरहनुभएको देख्दैछु म।"

अर्जुनका कुरा सुनेपछि भगवान् श्रीकृष्णले भन्नुभयो "सम्पूर्ण जगत्लाई विनष्ट गर्ने काल हुँ म अर्जुन ! यहाँ समस्त मान्छेहरूको नाश गर्न आएको हुँ। पाण्डवहरू बाहेक सारा योद्धा मारिन्छन् यहाँ। त्यसैले उठ, युद्ध गर्नका लागि तयार होऊ। कीर्ति कमाऊ। आफ्ना शुत्रुहरू मारेर सम्पन्न राज्य भोग गर। तिम्रा शत्रुहरू मैले पैले नै मारिसकेको छु। तिमी त युद्धमा केवल निमित्त मात्र हौ।"

भगवान्का कुरा सुनेका अर्जुनले भनेका छन् "हृषीकेश ! हजुरको नाम सुनेर संसार हर्षित हुन्छ। सबै हजुरसँग अनुरक्त हुन्छन्। सिद्धहरू हजुरलाई नमस्कार गर्छन्। बदमासहरू यत्रतत्र भाग्छन्। यो त ठीकै भएको छ। हे महात्मा हजुर ब्रह्माभन्दा पनि ठूला हुनुहुन्छ। तपाईं आदि स्रष्टा, हुनुहुन्छ। हजुर आदि देव, सनातन, पुरुष तथा जगत्का परम आश्रय हुनुहुन्छ। हजुर सबै थोक हुनुहुन्छ सम्पूर्ण जगत् हजुरबाट व्याप्त छ। म हजुरलाई चारैतर्फबाट नमस्कार गरिरहेको छु। हे प्रभु ! मैले हजुरलाई आफ्नू मित्र ठानेर व्यवहार गरें। मबाट ठूलो गल्ती भएको छ। हे अच्युत ! क्षमा पाउँ।"

विश्वरूप अर्थात् विराट रूप हेरेर अर्जुनले भगवान्सँग धेरै कुरा गरे। देखे पनि कहिल्यै नदेखेको भगवान्को रूप। तसर्थ उनी चकित परेका विवरण छन् यहाँ। अर्जुनका कुराबाट प्रसन्न हुनुभएका भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभयो "हे अर्जुन ! तिमी मेरो जुन रूप अहिले देखिरहेका छौ यो देख्न सारै दुर्लभ हुन्छ। देवताहरूपनि देख्न चाहन्छन् तर पाउँदैनन्। मप्रतिको अनन्य भक्तिद्वारा मात्र देख्न सकिन्छ। यसै गरेर मेरो ज्ञानको रहस्य पनि पाउन सक्छौ। हे अर्जुन ! जो व्यक्ति सकामकर्म तथा मनोधर्मको कल्मषबाट मुक्त भएर मेरो शुद्ध भक्तिमा तत्पर रहन्छ जो मैरै निमित्त कर्म गर्छ जो मलाई नै जीवन लक्ष्य बनाउँछ र प्रत्येक जीवमा मैत्री भाव राख्छ उसले निश्चय पनि मलाई प्राप्त गर्दछ।"

यसपछि अर्जुनले भगवान्को मानवी रूप नै सबैभन्दा प्रिय रूप हो भन्दै पूर्व रूपमा आउन बिन्ति गरे। भगवान्ले आफ्नू पूर्व रूपमा आएर पनि अर्जुनको आग्रह स्वीकार गर्नुभयो। यसरी एघारौं अध्याय समाप्त भएको छ।

एघारौं अध्यायबाट अर्जुनको मोह करीव हटेको हो। त्यसो भए पनि अर्जुनका मनमा एउटा जिज्ञासा आयो। निर्गुण निराकार ब्रह्म र सगुण साकार भगवान् कसको उपासना उत्तम हुन्छ। त्यसैले अर्जुनले प्रश्न गरे "हे परमेश्वर श्रीकृष्ण ! जुन अनन्य प्रेमी भक्तजन हजुरको ध्यान भजन गरेर हजुर सगुणरूप परमेश्वरको र दोश्रा थरी जो अविनाशी सच्चिदानन्दघन निराकार ब्रह्मको भजन गर्छन् यी दुईमा उत्तम को हो ?"

अर्जुनको जिज्ञासा शान्त पार्न भगवान्बाट आज्ञा भएको छ "ममा मन लगाएर एकाग्र भएर मेरो भजन ध्यानमा लाग्ने नै अति उत्तम योगी मानिन्छन्।"

भगवान्ले अगाडि भन्नुभएको छ "आफ्ना इन्द्रियलाई वशमा राखेर सबैमा समभाव राखी परम सत्यप्रति निराकार कल्पना अन्तर्गत त्यो अव्यक्तको पूजा जो गर्छन् इन्द्रियहरूका अनुभूतिबाट भिन्न छन्, सर्वत्यागी अकल्पनीय छन् अपरिवर्तनीय छन् समस्तको कल्याण चाहन्छन् उनीहरू ममा आइपुग्छन्। जसको मन परमेश्वरप्रति आसक्त छ र देहाभिमानी छन् उनीहरूका निमित्त मसँग आउन कठिन नै हुन्छ। जो आफ्ना सबै कार्य मलाई नै समर्पण गरेर अविचलित भावबाट मेरो पूजा गर्छन् र आफ्नू चित्त ममाथि लगाएर निरन्तर मेरो ध्यान गर्छन् उनीहरूलाई म जन्म मृत्युरूपी भवसागरबाट उद्धार गर्नेवाला हुँ। त्यसैले म भगवान्मा आफ्नू मन स्थिर गरेर आफ्नू सबै बुद्धि ममै लगाऊ। यसो गर्यौ भने तिमी ममा वास गर्नेछौ। हे अर्जुन ! हे धनञ्जय ! यदि तिमी अविचल भावबाट आफ्नू चित्त ममा स्थिर गर्न असमर्थ छौ भने तिमी भक्तियोगको पालना गर। त्यसबाट मलाई पाउन सरल हुन सक्छ। यदि भक्तियोगको विधि पनि अभ्यास गर्न सक्दैनौ भने मेरा निमित्त कर्म गर्ने प्रयत्न गर। किनभने यसबाट सिद्धि प्राप्त हुनेछ। यसो गर्न पनि असमर्थ भयौ भने मन बुद्धि आदिमा विजय गरी कर्मको फल त्याग। मर्म नबुझी गरिने अभ्यासभन्दा ज्ञान श्रेष्ठ हुन्छ, ज्ञानभन्दा मप्रतिको ध्यान श्रेष्ठ हुन्छ। ध्यानभन्दा पनि कर्मफल त्याग श्रेष्ठ हुन्छ। किनभने त्यागले तुरुन्त शान्ति मिल्छ। जो द्वेषरहित, स्वार्थरहित सबैको प्रेमी र हेतुरहित दयालु छ तथा ममतारहित अहंकाररहित

सुख दुःखमा सम र क्षमाशील छ र सधैं सन्तुष्ट रहन्छ मन इन्द्रियसहित शरीर वशमा राखेको छ मप्रति दृढ निश्चयी छ त्यस्तो भक्त मलाई प्रिय लाग्छ। जसले कसैलाई कष्ट पुऱ्याउँदैन कसैबाट विचलित हुँदैन जो सुख दुःख भय आदिमा बराबरी रहन्छ त्यो मलाई अत्यन्त प्रिय हुन्छ। मेरो जो भक्त सामान्य कार्यमा अल्मलिँदैन शुद्ध, चलाख र चिन्तारहित छ फलाशामा अल्झिदैन मलाई प्रिय हुन्छ। जो कहिल्यै हर्षित हुँदैन न शोकमा डुब्छ न पछुतोमा पिल्सिन्छ न कुनै आकांक्षा राख्छ शुभ अशुभ सबै वस्तु त्याग्नेवाला छ मलाई प्रिय लाग्छ।

जो शत्रु मित्र सबैमा समान छ मान अपमान जाडो गर्मी सुख दुःख यश अपयशमा सम भाव राख्छ जो खराव संगतबाट सधै अलग हुन्छ जो मौनतामा रहन्छ र सन्तुष्ट छ कुनै पर्वाह गर्दैन ज्ञानमा दृढ छ, भक्तिमा संलग्न छ, त्यस्तो व्यक्ति मेरो प्रिय हुन्छ। जो यो भक्तिको अमर पथको अनुसरण गर्छ जो मलाई नै आफ्नू उच्च लक्ष्य बनाइ श्रद्धासहित संलग्न रहन्छ त्यो भक्त मलाई प्रिय लादग्छ।

यसरी श्रीमद्भगवद गीताको बाह्रौं अध्याय भक्तियोग भएर आएको छ। तेरौं अध्याय निर्गुण निराकारको तत्त्व एवं ज्ञानयोगका विषयमा सम्झाउने उद्देश्यले आएको पाइन्छ। यसमा क्षेत्र तथा क्षेत्रज्ञका विषयमा प्रकाश पारिएको छ। भगवान् श्रीकृष्णले भन्नुभएको छः–

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।
एतद् यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः॥

अर्थः– हे अर्जुन ! यो शरीरलाई क्षेत्र भनिन्छ। यसलाई जसले जान्दछ बुझ्दछ ऊ क्षेत्रज्ञ हो।

भगवान्ले फेरि भन्नुभएको छ "हे अर्जुन ! तिमी सबै क्षेत्रको क्षेत्रज्ञ मलाई नै सम्झ। यसरी सम्झनु ज्ञान हो। यी सबै कुरा म सुनाइदिन्छु. सुन। क्षेत्र र क्षेत्रज्ञका विषयमा वैदिक ग्रन्थहरूमा बताइएको छ। पाँच महाभूत, अहंकार बुद्धि मूल प्रकृति दश इन्द्रिय र मन तथा इच्छा, द्वेष, सुख, दुःख, प्रकार एवं विकार सहितको वर्णन गरिएको छ। मन र इन्द्रिय सहितको शरीर निग्रहका विषयमा भनिएको छ। यी विषय जान्न पर्नेछन्। जानेमा

परमानन्द प्राप्त हुन्छ। त्यो म तिमीलाई बताउँला। यति बुझ्न पर्नेछ कि ऊ सम्पूर्ण इन्द्रियका विषयमा जान्नेवाला हो। त्यसो भएर पनि क्षेत्रज्ञ इन्द्रियमा छैन। आसक्तिरहित छ तर सबैको धारण पोषण गर्दछ। निर्गुण भनिन्छ तर गुणको भोग कर्ता हो। यो चराचर सबै प्राणीमा छ तर सूक्ष्म भएकाले जानिदैन। ऊ उत्पन्न गर्नेवाला, पोषण गर्ने र सम्हार गर्ने पनि हो। प्रकृति र पुरुषलाई अनादि बुझ्नुपर्दछ। प्रकृतिमा रहेको पुरुष प्रकृतिबाट उत्पन्न भएको पदार्थ भोग गर्छ।

हाम्रो शरीरमा भएको आत्मा नै वास्तवमा परमात्मा हो। यो राम्रोसँग जान्नेले मोक्ष प्राप्त गर्दछ। हे अर्जुन ! जति प्राणी जन्मन्छन् क्षेत्र र क्षेत्रज्ञको संयोगबाट जन्मन्छन्। जसले सम्पूर्ण कर्मलाई प्रकृतिबाट भएको देख्छ त्यसैले यथार्थ देख्यो भनेर माने हुन्छ। जसले प्राणीमात्रलाई परमात्मामा स्थित देख्छ सच्चिदानन्दघन ब्रह्म भेट्याउँछ। हे अर्जुन ! अनादि भएर पनि अविनाशी परमात्मा शरीरमा भएर पनि वास्तवमा लिप्त छैन हुँदैन। जसरी आकाश छ तर लिप्त हुँदैन यो कुरा पनि त्यस्तै हो। जसरी सूर्य सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गराउँछ त्यसै गरी आत्मा व्यापक भएर सम्पूर्ण क्षेत्रलाई प्रकाशित गर्दछ। यसरी क्षेत्र र क्षेत्रज्ञको विषय जान्दछन् ती महात्माजन। महात्माजन परब्रह्म परमात्मामा पुग्दछन्।

चौधौं अध्याय तेरौं अध्यायको पूरक हो भने पनि फरक नपर्ने देखिन आउँछ। यसमा ज्ञान महिमा र सत्त्व, रज र तमोगुणको उत्पत्तिका बारेमा भगवान्ले आँफूलाई केन्द्रित गर्नुभएको पाइन्छ। अर्जुन ज्ञानबाट लाभान्वित भइरहेका छन्। भगवान्बाट आज्ञा भएको छः–

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम्।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः॥

अर्थः– म ज्ञानका विषयमा फेरि भन्छु जसलाई जानेर ज्ञानीहरू यो संसारबाट मुक्त भए। सिद्धि प्राप्त गरे।"

भगवान्ले फेरि भन्नुभयो "यो ज्ञानको आश्रयमा आएर अर्थात् यो ज्ञान ग्रहण गरेर मेरो स्वरूप प्राप्त गर्नेहरू सृष्टिका बखत पुनः उत्पन्न हुँदैनन्। प्रलयकालमा पनि व्याकुल हुँदैनन्। हे अर्जुन ! नाना प्रकारका योनिहरूमा जति शरीर धारी प्राणीहरू उत्पन्न हुन्छन् त्यसमा प्रकृतिले गर्भ धारण गर्ने र

वीर्य धारण गराउने पिता म हुँ। सत्त्वगुण, रजोगुण र तमोगुण यी प्रकृतिबाट उत्पन्न हुने तीनै गुण अविनाशी हुन्। यी नै जीवका शरीरमा रहन आउँछन्।

हे निष्पाप ! यी तीन गुणमा सत्त्वगुण निर्मल भएकोले प्रकाश दिने हुन्छ र विकाररहित हुन्छ। यो सुख र ज्ञानको सम्बन्धमा रहेको हुन्छ। देहाभिमानीहरूलाई मोहित गर्ने तमोगुण हो। ऊ अज्ञानबाट उत्पन्न हुन्छ। यो जीवात्मालाई प्रमाद, आलस्य र निन्द्राद्वारा बाँधिदिने हुन्छ। सत्त्वगुण सुखमा लाग्छ रजोगुण कर्ममा लाग्छ तमोगुणले भने ज्ञानलाई ढाकेर प्रमादमा लगाउँछ। त्यसैले हे अर्जुन ! रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुण आउँछ। सत्त्वगुण र तमोगुणलाई दवाएर रजोगुण हुन्छ। रजोगुण र सत्त्वगुणलाई दबाएर तमोगुण आउँछ। अर्थात् बढ्दै बदलिँदै जान्छन् गुणहरू।

जति बेला यो शरीरमा अन्तःकरण र इन्द्रियमा चेतना तथा विवेक शक्ति उत्पन्न हुन्छ त्यति बेला सत्त्वगुण बढ्यो भनेर जान्नु। हे अर्जुन ! रजोगुण बढेपछि वृत्ति, स्वार्थ बुद्धि र सकाम कर्मको आरम्भ हुन्छ। यति बेला मानवमा आसक्ति र विषय भोगको लालसा उत्पन्न हुन्छ। तमोगुण बढ्दा अन्तःकरण तथा इन्द्रियमा अप्रकाश, कर्तव्यकर्ममा अप्रवृत्ति र प्रमादजन्य विषय हुन थाल्छन्। जब मान्छे सत्त्वगुण वृद्धिका समयमा मरण प्राप्त गर्दछ उत्तम कर्म गर्ने भएर दिव्य स्वर्गादि लोकमा पुग्दछ। रजोगुण बढेका समयमा मृत्यु हुनगए कर्ममा आसक्त भएर जन्मन्छ। तमोगुण भएका समयमा मृत्यु हुनेले मूढ योनिमा जन्म प्राप्त गर्दछ। श्रेष्ठ कर्मले सात्त्विक सुख, ज्ञान वैराग्यादि निर्मल फल प्राप्त गर्दछ। राजस कर्मको फल दुःख र तामस कर्मको फल अज्ञान कहिएको छ। सत्त्वगुणबाट ज्ञान, रजोगुणबाट लोभ र तमोगुणबाट प्रमाद तथा मोह उत्पन्न भै अज्ञान उत्पन्न हुन्छ।

सत्त्वगुण भएको मान्छे स्वर्गादि उच्च लोकमा जान्छ रजोगुणवाला मनुष्यलोकमा र तमोगुणवाला नीच योनिमा तथा नरकमा जान्छ। जति बेला कोही तीनै गुण बाहेकको कल्पमा पुग्दछ उसले मेरो स्वरूप प्राप्त गर्दछ। यसो भयो भने उसले ब्रह्मानन्द प्राप्त गर्दछ।

भगवान्का कुरामा स्पष्ट गर्न अर्जुनले प्रश्न गरे "यी तीन गुणबाट मुक्त पुरुष कस्ता लक्षणका हुन्छन् ? उनीहरूको आचरण कस्तो हुन्छ ? हे प्रभो ! मलाई बताउनुहोस्।"

भगवान्ले भन्नुभयो "हे अर्जुन ! जो प्रकाश आसक्ति तथा मोह उपस्थित हुँदा न घृणा गर्छ न इच्छा गर्छ र भौतिक गुणको समस्त प्रकृतिमा निश्चल र अविचल हुन्छ आफैँमा स्थित हुन्छ सुख र दुःखलाई समान मान्छ अनि ढुङ्गा, माटो र सुनमा अन्तर देख्दैन जो अनुकुल र प्रतिकूल अवस्थामा समान हुन्छ शत्रु र मित्रसँग समान व्यवहार गर्छ यस्तैलाई प्रकृतिका गुणबाट अतीत मानिन्छ। जो कुनै शंका नगरी अव्यभिचारी भक्तियोगद्वारा मलाई निरन्तर भज्दछ ऊ सच्चिदानन्दघन ब्रह्म प्राप्त गर्दछ। किनभने अविनाशी परब्रह्म र अमृत तथा नित्य कर्मको अखण्ड आनन्दको आश्रय मै हुँ।

पन्ध्रौं अध्यायमा भगवान्ले भन्नुभएको छ "आदिपुरुष परमेश्वर मूल ब्रह्मा मुख्य हाँगो र वेद जसका पात हुन् त्यो संसार वृक्ष हो। यसको मूल सहितको तत्त्व जसले जान्दछ वेदको तात्पर्य उसैले जानेको हुन्छ। यो वृक्षरूपी व्यवस्थालाई संसार वृक्ष भन्ने चलन पनि छ। यो वृक्षका हाँगाहरू माथिदेखि तल फैलिएका छन्। प्रकृतिका तीन गुणद्वारा पोषित छन् यी। यिनका जरा भनेका इन्द्रियहरू हुन्। जरा तलमाथि जतातै जान्छन्। मानव समाज यी नै जराबाट बाँधिएको छ। यो विषयको रूप रूपी वृक्षलाई वैराग्य शस्त्रद्वारा छिन्नभिन्न बनाई परमपदरूप परमेश्वरको खोजी गर्नुपर्दछ। त्यसरी खोजी गरिने आदिपुरुष नारायणको शरण मै हुँ। यही सोचेर परमेश्वरको मनन र निदिध्यासन गर्नुपर्दछ। जसको मान र मोह नष्ट भएको छ परमात्माप्रति नित्य स्थित छ कामना केही छैन सुख दुःख रूपी द्वन्द्वबाट मुक्त छ ज्ञानी छ त्यस्तो व्यक्ति अविनाशी परम पदमा पुग्दछ। यो परम पद प्राप्त गर्ने मान्छे फर्केर संसारमा आउँदैन। त्यो परम पद भनेको मेरो धाम हो, जहाँ सूर्य चन्द्रको प्रकाशको समेत कुनै काम हुँदैन। यो जगत्मा भएका सारा जीव मेरा अंश हुन्।

यो संसारमा भएका जीवहरू देहात्म बुद्धिलाई यसरी लिएर रहेका हुन्छन् र जाने आउने गर्छन्। वायुले गन्ध ल्याए लगे जस्तै हो। त्यसै गरी शरीर पनि आउने जाने हो। एउटा छाड्यो अर्कोमा प्रवेश गऱ्यो। यसरी दोश्रो शरीर धारण गर्ने जीवले नाक, कान, रूप आदि नयाँ खालकै निर्माण गर्छ, धारण गर्दछ र भोग गर्छ। यस्तो कुरो ज्ञानीहरू जान्दछन्। सूर्यमा भएको तेज सम्पूर्ण जगत्लाई प्रकाशित गर्दछ त्यस्ता सबै तेज मेरै हुन् भनेर जान्नु। अर्जुन ! म पृथिवीमा प्रवेश गरेर आफ्नू शक्तिबाट सबैलाई पालन गर्ने गर्दछु।

सबै प्राणीको शरीरमा रहने प्राण, अपान तेज सबै मै हुँ। यो संसारमा नाशवान् तथा अविनाशी दुई जीव हुन्छन्। शरीर नाशवान् हो र जीवभित्रको आत्मा अविनाशी हो। यी दुईमा पनि उत्तम अर्कै छ त्यसैको नाम अविनाशी परमेश्वर परमात्मा हो।

हे अर्जुन जो ज्ञानी छन् मलाई यसरी जान्दछन् तिनीहरूलाई पुरुषोत्तम भनेर जाने हुन्छ। हे निष्पाप अर्जुन ! यसरी यो अति रहस्ययुक्त गोपनीय शास्त्र मैले नै रचना गरेको हुँ। यसलाई जानेर मान्छे ज्ञानवान् र कृतार्थ हुन्छन्।

यसरी पन्ध्रौं अध्यायमा भन्दा पनि अझ कुरा बाँकी रहेका हुनाले सोह्रौं अध्याय भगवान्ले यसरी शुरू गर्नुभएको छ "भयको अभाव अन्तःकरणको पूर्ण निर्मलता तत्त्वज्ञानका लागि ध्यानयोगमा निरन्तर दृढ, सात्त्विक दान, इन्द्रियदमन भगवान् देवता र गुरुजनको पूजा अग्निहोत्र आदि उत्तम कर्मको आचरण वेद शास्त्रहरू पठन पाठन भगवन्नाम संकीर्तन स्वधर्म पालनका निमित्त कष्ट सहन शरीर तथा इन्द्रिय सहितको सरलता अहिंसा सत्यता क्रोध विहीनता त्याग शान्ति छिद्रान्वेषणमा अरुचि समस्त जीवहरूमा करुणा लोभ विहीनता भद्रता लज्जा संकल्प तेज क्षमा धैर्य पवित्रता ईर्ष्या तथा मानको अभिलाषाबाट मुक्ति यी सारा दिव्यगुण हुन्, जो दैवी प्रकृतिबाट सम्पन्न देवतुल्य मानिसमा भेटिन्छन्।"

हे पार्थ ! दम्भ दर्प अभिमान क्रोध परुषता तथा अज्ञान यी आसुरी स्वभाव भएकाहरूका गुण हुन्। दिव्य गुण मोक्ष प्राप्त गर्ने माध्यम हुनसक्छ। गुणकारी हुन्छ। आसुरी गुण बन्धनमा फसाउने गुण हो। हे पाण्डुपुत्र अर्जुन ! तिमी चिन्ता नगर। किनभने तिमी त दैवी गुण नै लिएर जन्मेका हौ। भगवान्ले फेरि भन्नुभयो "हे पार्थ ! यो संसारमा सृजित प्राणी दुई थरी छन्— दैवी तथा आसुरी। मैले पहिले दैवीगुणवालाको वर्णन सुनाइसकें। अब आसुरी गुणवालाका विषयमा सुन। जो आसुरी छन् उनीहरू त आफूले के गर्न हुन्छ के गर्न हुँदैनसम्मको पनि निधो गर्न सक्दैनन्। उनीहरूमा न पवित्रता हुन्छ न त उचित आचरण। यस्तासँग सत्यको अभाव पनि हुने नै भयो। उनीहरू संसारलाई मिथ्या ठान्छन्। यसको केही आधार छैन कुनै ईश्वरबाट बनाइएको नियम पनि होइन छैन भन्छन् र उनीहरूको विश्वास हुन्छ काम

अर्थात् कामेक्षाकै कारण सबै उत्पन्न हुने हो। काम वाहेक अरू छदै छैन। यस्तो निष्कर्ष हुन्छ आसुरीहरूको। उनीहरूसँग आत्मज्ञान हुँदैन र बुद्धिहीन हुन्छन्। कहिल्यै सन्तुष्ट नहुने काम घमण्ड र झुटोपनमा डुबेका हुन्छन् उनीहरू। उनीहरूबाट अपवित्र कार्य हुने गर्दछ। उनीहरू विश्वास गर्छन् इन्द्रिय तुष्टि नै मानव सभ्यताको आधार हो। उनीहरू लाखौं जालमा बाधिएर काम तथा क्रोधमा डुबेका हुन्छन् इन्द्रिय तृप्ति हेतु धन संग्रह गर्छन्।

आसुरी व्यक्तिहरू सोच्छन् अहिले मसँग यति धन छ यसमा थप्दै थप्दै जान्छु पछि बढ्छ यही धनबलबाट शत्रुहरूलाई तह लगाउँछु । त्यसपछि सबैभन्दा ठूलो हुन्छु र सबैको मालिक हुन्छु। म यज्ञ गरुँला दान दिउँला प्रतिष्ठा बढाउँला र आनन्द लिउँला। यसरी व्यक्तिहरू अज्ञानवश मोहग्रस्त हुन्छन्। आफैं ठूलो ठान्ने मोहग्रस्त मान्छेहरू गर्वका निमित्त पनि यज्ञ गर्दछन्। मिथ्याहंकार बल घमण्ड काम तथा क्रोधबाट मोहित भएर आसुरी व्यक्तिहरू वास्तविक धर्मको निन्दा समेत गर्दछन्। त्यस्तालाई म आसुरी योनिको भवसागरमा पठाइदिन्छु।

हे कुन्तीपुत्र ! यस्ता व्यक्ति बारम्बार आसुरी योनिमा जन्मन्छन्। कहिल्यै मसँग आइपुग्दैनन्। बिस्तारै अत्यन्त अधम गतिमा जान्छन्। यस्तो गति अर्थात् नरकका तीन द्वार हुन्छन्। ती हुन् काम, क्रोध र लोभ। त्यसैले प्रत्येक बुद्धिमान् व्यक्तिले यस्ता काम, क्रोध र लोभलाई त्याग्नुपर्दछ। किनभने यसबाट आत्म पतन हुन्छ। हे अर्जुन ! जो यी तीन नरक द्वारबाट उम्कन्छ ऊ आत्मसाक्षात्कार हुन पाइने कल्याणकारी कार्य गर्दछ। यसो गर्दै गर्दै परम गति प्राप्त गर्दछ। यस्तो नगरेर जो शास्त्रादेशको अवहेलना गर्छ मनमानी ढंगका कार्य गर्दछ उसलाई न सिद्धि न त परम गति नै प्राप्त हुन्छ। यस कारण मानवले जान्नुपर्छ शास्त्रको विधान अनुसार कर्तव्य के हो जानेर कर्म गर्नुपर्दछ। जसबाट आफ्नू उद्धार हुन्छ।

सोह्रौं अध्यायमा भगवान्बाट आज्ञा भएका दिव्य वचन सुनेका अर्जुनका मनमा आयो श्राद्ध विधि नजान्नेहरूको स्थिति के हुने त ? जिज्ञासा शान्त गर्न अर्जुनले भने "हे कृष्ण ! जो श्रद्धालु मनुष्य शास्त्र विधि बेगर नै देवादिको पूजा गर्छन् उनीहरूको स्थिति सात्त्विक, राजसी वा तामसी कुन हुन्छ ? अर्जुनको प्रश्नको उत्तरमा भगवान् भन्नुहुन्छः–

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा।
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु।

अर्थः– हे भारत ! मान्छेको शास्त्रीय संस्कार स्वभावैबाट उत्पन्न श्रद्धा सात्त्विकी राजसी तथा तामसी तीनै प्रकारका हुन्छन्। त्यो सुन। "भगवान्ले अगाडि भन्नुभयो– "सात्त्विकी मनुष्यको श्रद्धा उसको अन्तःकरण अनुसार हुन्छ। सात्त्विक मान्छे देवताको पूजा गर्छन्। राजसीहरू यक्ष राक्षसको पूजा गर्छन्। र तामस स्वभाववाला भूत प्रेतको पूजा गर्छन्। शास्त्र विधिबाट रहितहरू मनलागे तप गर्छन्। नाना प्रकारको आडम्बरयुक्त अहंकारबाट अभिमानबाट ग्रस्त हुन्छन्। त्यस्ता आसुरी स्वभाववाला हुन् भनेर जान्नुपर्दछ।"

भगवान्ले भन्नुभएको छ "भोजन पनि व्यक्तिका प्रकृति अनुसारका प्रिय हुन्छन्। त्यस्तै यज्ञ, तप तथा दान पनि तीन प्रकारकै हुन्छन्। अब तत्सम्बन्धी कुरा सुन। सात्त्विक व्यक्तिहरूलाई मन पर्ने भोजन आयु बढाउनेवाला हुन्छन्। यी जीवनलाई शुद्ध बनाउने बल बढाउने स्वस्थ बनाउने र सुख तथा तृप्ति प्रदान गर्ने हुन्छन्। यस्तो भोजन रसमय र स्वास्थ्यप्रद तथा हृदय बलवान् बनाउने हुन्छन्। पीरो, अमिलो चटपटे भोजन रजोगुणीहरूलाई मन पर्छ। यस्तो भोजन दुःख, शोक,तथा रोग उत्पन्न गर्ने हुन्छ। तामसीहरूलाई वासी पुरानू तथा जुठो भोजन मन पर्छ।

यज्ञहरूमा फलाशारहित शास्त्रमा कहिएका विधि अनुसार गरिएको यज्ञ सात्त्विक हुन्छ। यसमा केवल आस्था हुन्छ। अरू कुनै हेतु हुँदैन। हे भरतश्रेष्ठ ! कुनै भौतिक लाभको चाहना राखेर गरिने यज्ञ राजसी हो भनेर जान। शास्त्रले निर्देश गरेको विधि अनुसार नगरिएको यज्ञ तामसी मानिन्छ। त्यसै गरी तपस्याहरू पनि तीनै किसिमका हुन्छन्।

परमेश्वर, परब्रह्म, गुरु, माता, पिताहरूको पूजा गर्नु र पवित्रता, सरलता, ब्रह्मचर्य पालन र अहिंसा शरीरको तपस्या हो। जुन तपस्या दम्भपूर्वक गरिन्छ वा गराइन्छ त्यो राजसी तपस्या हुन्छ। मूर्खतावश अरूलाई सताउन गरिने तपस्या तामसी कहिन्छ। कर्तव्य सम्झेर गरिने दान कुनै लाभ प्राप्त गर्ने उद्देश्य बेगरको दान जुन हुन्छ अनुकूल समयमा योग्य व्यक्तिलाई दिइएको छ भने त्यो दान सात्त्विक हुन्छ। तर प्रत्युपकार वा फलाशा पूर्वक गरिने दानलाई चाहिं राजसी संज्ञा दिइएको छ। यस्तो दान भई नभई मन लागी नलागी

गरिन्छ जो उचित होइन। कुनै अपवित्र स्थानमा अनुचित समयमा अयोग्य व्यक्तिलाई दिइने दान तामसी दान हो।

सृष्टि कालदेखि नै ओं तत् सत् तीन शब्द परब्रह्मका पहिचान हुन्। यी शब्द ब्राह्मणहरूबाट ब्रह्मलाई सन्तुष्ट गर्न प्रयोग हुने शुभ शब्द हुन्। त्यसै कारण योगीहरू ब्रह्म प्राप्तिका निमित्त शास्त्रीय विधि अनुसार यज्ञ, दान तथा तपस्याका समयमा प्रयोग गरिन्छन्।

परम सत्य भक्तिमय यज्ञको लक्षण मानिन्छ। यसलाई सत् शब्दले अभिहित गरिन्छ। हे पृथापुत्र अर्जुन ! यस्तो यज्ञ सम्पन्नकर्ता पनि सत् नै मानिन्छ। यस्तो यज्ञ परमपुरुषलाई प्रसन्न गरिने हो। हे अर्जुन ! श्रद्धा विना यज्ञ, दान वा तप तपस्या नश्वर हुन्छन् असत् हुन्। यो जन्म तथा आउने जन्ममा समेत व्यर्थ हुन्छन्।

अठारौं अध्यायमा भगवान् श्रीकृष्णबाट त्याग, वर्णधर्म, उपासना निष्काम कर्मयोगसहित गीताकै माहात्म्यका विषयमा अर्जुनलाई ज्ञानप्रदान भएको देखिन्छ। श्रीमद्भगवद्गीताको यो अन्तिम अध्याय पनि हो। अर्जुन यो अठारौं अध्यायमा समस्त गीताको सार जान्ने प्रयासमा रहेका छन्। यस्तो लाग्दछ यो शुभ अवसरमा सकेसम्म ज्ञान थुल्नुपर्छ भगवान्बाट भने जसरी अर्जुनले भने– "हे महाबाहो ! म संन्यास र त्याग तत्त्व के हो ? जान्न चाहिरहेको छु।"

अर्जुनको यस्तो प्रार्थना सुनेपछि भगवान् श्रीकृष्णले भन्नुभएको छ– "भौतिक इच्छामा आधारित कार्यहरूको त्याग नै संन्यास हो भन्छन् कुनै विद्वान्हरू। त्यसै गरी कर्मको फलाशा नगर्नु त्याग हो। कुनै कुनै विद्वान्हरू भने समस्त सकाम कर्म नै दोषी हुन्छन् भन्छन्। त्यसैले त्याग गर्नै पर्दछ। तर भनिन्छ फेरि यज्ञ, तप, तपस्या सेवा त त्याग्न हुँदैन।"

भगवान् भन्दै जानुभयो "हे पुरुषश्रेष्ठ अर्जुन ! संन्यास र त्यागकै विषयमा तिमी मेरा कुरा सुन पहिले। त्याग सात्त्विक, राजस र तामस तीन प्रकारका छन् भनिएको छ। यज्ञ, दान, तप र तपस्या छाड्न अर्थात् त्याग्न हुने विषय होइनन्। तसर्थ यी कुरा अर्थात् शुभ कर्म नत्यागीकन ती कार्यको कार्यफल त्याग्नुपर्दछ। कुनै कर्मलाई त पूर्ण रूपले त्याग्नु नै उचित हुन्छ। त्यागका पनि त विशेष प्रकार छन्। विषयको मोहले त्याग गरिनुलाई त तामस त्याग भनिन्छ नि। कोही कोही कुनै पीडा वा शरीरको कष्टका कारण कर्तव्यकर्मलाई

त्याग्छन्। त्यस्तो त्याग राजस त्याग हुन्छ। हे अर्जुन ! शास्त्रोक्त कर्म गर्नु कर्तव्य हो। कर्तव्य कर्म कुनै किसिमको आसक्ति बेगर फलाशा त्यागेर गर्नुपर्दछ। जो अकुशल कर्मसँग द्वेष गर्दैन कुशल कर्ममा पनि आसक्त हुँदैन त्यो सत्त्वगुणी कहिन्छ। यसको आशय के हो भने शरीरवालाले सम्पूर्ण कर्म त्याग्न निकै गारो हुन्छ। त्यसैले त्यस्तो आश गर्न पनि हुँदैन। त्यसैले कर्मफलको त्यागी नै त्यागी हो। जो खास त्यागी हो उसले त्यागको फल मृत्युपछि प्राप्त गर्दछ। तर संन्यासीलाई भने कहिल्यै पनि भोग्न पर्दैन।

हे अर्जुन ! वेदान्तअनुसार कर्मपूर्तिका पाँच कारण छन्। अब त्यो कुरा सुन। कर्मभूमि शरीर र कर्ता विभिन्न किसिमका इन्द्रियहरू हुन्। यिनलाई क्रियाशील बनाउने चेष्टा हो। चेष्टालाई परमात्मा माने हुन्छ। कसैले यसलाई दैव वा भाग्य भन्न पनि खोज्छन्। मान्छे आफ्नू शरीर वा वाणीबाट उचित अनुचित कर्म गर्छन्। ती सबै माथि बताइएअनुसार नै हुन्। अतः यी पाँच कारणलाई नमानेर जो आफैँलाई कर्ता सम्झन्छ उसलाई बुद्धिमान् भन्न मिल्दैन। जो मिथ्या अहंकारबाट प्रेरित छैन, जसको बुद्धि कतैबाट निर्धारित छैन ऊ पनि आफ्नै कर्मबाट बाँधिएकै हुन्छ।

ज्ञान, ज्ञेय तथा ज्ञाता कर्मलाई प्रेरणा दिने तत्त्व हुन्। कर्म र कर्ता कर्मका खास विषय हुन्। यसलाई कर्मसंग्रह पनि भन्न सकिन्छ। प्रकृतिका तीन गुण अनुसार ज्ञान कर्म तथा कर्ताका पनि तीन भेद हुन्छन्। जुन ज्ञानबाट अनन्त रूपका जीवलाई एकै देखिन्छ त्यो सात्त्विक ज्ञान हो। भिन्न शरीरमा भिन्न भिन्न प्रकारका जीव देख्नु राजसी हो। तेश्रो ज्ञानवाला हो तुच्छ काम गर्ने, त्यसमा लिप्त रहने र त्यस्तै कार्य गर्ने त्यो तामसी हो।

जुन कर्म नियमित हो जो आसक्ति, राग तथा द्वेषरहित कर्मफलको इच्छा नराखी गरिएको हुन्छ त्यो कर्म सात्त्विक कर्म हुन्छ। जो आफ्नू निहित इच्छापूर्तिका निमित्त वा झूट्ये प्रभाव प्रदर्शनार्थ गरिन्छ त्यो राजसी हुन्छ। मोहवश धार्मिक नीति नियम वा विधि विधानलाई अवहेलना हुने गरी अरूलाई दुःख दिने नियतले गरिन्छ त्यस्तो कार्यलाई तामसी कार्य भनिन्छ।

अहंकाररहित भएर उत्साहपूर्वक जो काम गर्दछ, सफलता र असफलतालाई ध्यानमा नराखी जो कर्म गर्दछ त्यो सात्त्विक कर्मकर्ता हो। जो कर्मफलकै इच्छामा कर्म गर्छ, सुख दुःखबाट प्रभावित हुन्छ ऊ राजसी

कर्मकर्ता हो। शास्त्रका विरुद्ध काम गर्ने भौतिकवादी हठी छ भने त्यो तमोगुणी हो।

हे अर्जुन ! अब म तिमीलाई बुद्धि तथा धृतिका विषयमा प्रकृतिका गुणहरूको विषयमा भन्छु सुन। जसबाट कुन काम गरिन योग्य हो कुन होइन कसबाट सतर्क हुन जरुरी छ, कोसँग डराउन पर्ने हुन्छ जो जान्दछ त्यो सत्त्वगुणी हो। जो धर्म अधर्म करणीय अकरणीय कर्म छुट्याउँदैन त्यो राजसी हुन्छ। जो बुद्धि, मोह र अन्धकारयुक्त छ उल्ट्य उल्ट्य काम गर्छ त्यो तामसी हो।

हे पार्थ ! अब धृतिका कुरा पनि सुनिराख। जो अदम्य छ योगाभ्यासद्वारा अचल भएर मन, प्राण तथा इन्द्रियहरूलाई वशमा राख्छ त्यो धृति सात्त्विक हो। तर जो मान धर्म अर्थ तथा कर्मफलमा लिप्त बनिरहन्छ त्यो राजसी हो। हे अर्जुन ! धृति, स्वप्न, शोक, विषाद, तथा मोहयुक्त छ यस्तो दुर्बुद्धिपूर्ण धृति तामसी हो।

हे अर्जुन ! तीन थरी सुख के के हुन् त्यो पनि सुन। जुन सुखमा साधक भजन, ध्यान र सेवा आदिको अभ्यासले रमण गर्दै दुःखहरूको अन्तमा पुग्छ त्यसबाट प्राप्त हुने सुख सात्त्विक भनिएको छ। जो सुख इन्द्रियद्वारा विषयको संसर्गबाट प्राप्त हुन्छ त्यो रजोगुणी सुख हो। यो परिणाममा विषतुल्य हुन्छ। जो आत्मसाक्षात्कारबाट अज्ञात छ मोहकारक आलस्य तथा मोहबाट उत्पन्न हुन्छ त्यो तामसी कहिन्छ।

पृथ्वीमा आकाश अथवा देवलोकमा तथा देवताहरूमा कही पनि यस्तो सत्त्व छैन जो प्रकृतिका तीनगुणबाट रहित होओस्। हे परन्तप ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र सबैका कर्म स्वभावैले उत्पन्न गुणहरूद्वारा विभक्त भएका हुन्छन्। शान्तिप्रियता, आत्मसंयम, तपस्या, पवित्रता, सहिष्णुता, सत्यनिष्ठा, ज्ञानविज्ञान तथा धार्मिकता यी सबै स्वाभाविक गुण हुन्। यीनैद्वारा ब्राह्मण काम गर्छन्। वीरता, शक्ति संकल्प दक्षता, युद्धधर्ममा धैर्य उदारता तथा नेतृत्व यी क्षत्रियका स्वभाविक गुण हुन्। कृषिकार्यमा रमाउनु पशुपालन गर्नु व्यापारमा लाग्नु वैश्यका स्वाभाविक गुण हुन्। शूद्रका कर्म चाहिं श्रम गर्नु तथा अरूको सेवा गर्नु हो।

आ–आफ्ना गुणको पालना गर्दै प्रत्येक व्यक्ति स्वतः व्यक्तिन्छ। अब यसतर्फ पनि चर्चा गरौं। जुन परमेश्वरबाट प्राणीको उत्पन्न भएको छ समस्त

जगत् व्याप्त छ, तिनै परमेश्वरको पूजा गर्दै मान्छेले परा सिद्धि प्राप्त गर्दछन्। गुण ठम्याएर गरिएको परधर्मभन्दा आफ्नू धर्म उत्तम हुन्छ। स्वभावद्वारा नियत कर्म गर्दा केही त्रुटि भए पनि पाप लाग्दैन। त्यसैले हे अर्जुन ! कुनै पनि कार्य कुनै न कुनै दृष्टिबाट हेर्दा केही न केही दोष भएका हुन्छन् नै। यसो भए पनि स्वभावबाट उत्पन्न कार्य दोषी देखिए पनि गर्नुपर्दछ।

जो अनासक्त अर्थात् आत्मसंयमी छ, भौतिक भोगको पर्वाह गर्दैन, ऊ अभ्यासद्वारा कर्मफलबाट मुक्तिको सर्वोच्च सिद्धि प्राप्त गर्न सक्छ। हे अर्जुन ! जसरी सिद्धि प्राप्त व्यक्ति सर्वोच्च ज्ञानको अवस्था प्राप्त गर्दछ त्यसको पनि म संक्षिप्त रूपमा वर्णन गरिदिन्छु सुन। विशुद्ध बुद्धियुक्त भएर धैर्यपूर्वक सात्त्विक तथा नियमित भोजन गर्ने सात्त्विक धारण शक्तिले अन्तःकरण तथा इन्द्रिय संयम गरेर मन, वचन र शरीरलाई वशमा राखी अहंकार, बल, घमण्ड काम, क्रोध परिग्रह त्यागी निरन्तर ध्यान योगमा रहने ममतारहित शान्तियुक्त व्यक्ति सच्चिदानन्दघन ब्रह्ममा स्थित हुने पात्र हुन्छ। यसरी दिव्यपद प्राप्त व्यक्ति तुरुन्त ब्रह्मको अनुभव गर्दछ। प्रसन्न हुन्छ। न शोक हुन्छ उसमा न कुनै कामना। त्यस्तो व्यक्ति शुद्ध भक्ति प्राप्त गर्दछ।

केवल भक्तिले मलाई जान्न सकिन्छ। जो यो जान्दछ मभा प्रविष्ट हुन्छ। नित्य अविनाशी धाममा पुग्दछ। त्यसैले हे पार्थ ! सारा कार्य मलाई सौंप। मेरो संरक्षणमा कर्म गर। यदि तिमी यसो गर्न गयौ भने सारा संकटबाट पार हुनेछौ। अन्यथा नष्ट हुनेछौ। परमार्थबाट भ्रष्ट ठहरिने छौ। तसर्थ हे अर्जुन ! तिमीले युद्ध गर्नैपर्दछ।

अहिले मोहवश मेरो कुरा मानेर काम गर्न आनाकानी गरिरहेका छौ। तर हे कुन्तीपुत्र ! तिमी त्यो काम बाध्यतावश गर्नेछौ। हे अर्जुन ! भगवान् प्रत्येक जीवका हृदयमा हुन्छन्। आफ्नू मायाद्वारा प्रत्येक जीवलाई घुमाइरहेका हुन्छन्। त्यसैले उनैका शरणमा जाउ। यसैबाट नित्य धाममा पुग्नेछौ। मैले भन्न पर्ने सबै कुरा भनिदिएँ। राम्रोसँग मनन गर र जे इच्छा हुन्छ त्यही गर।

हे अर्जुन ! तिमी मेरा अत्यन्त प्रिय मित्र हौ। तसर्थ म अझै भन्छु सुन। सदैव मेरो चिन्तन गर। भक्त बन पूजा गर। मलाई नै नमस्कार गर। म नजिक आऊ। समस्त धर्मलाई परित्याग गर। मेरो शरणमा आऊ। म उद्धार गर्छु नडराऊ।

त्यसपछि भगवान् श्रीकृष्णले अर्जुनसँग यो पनि भन्नुभएको छ "यो गुह्यज्ञान कहिल्यै पनि असंयमीहरूलाई नभन्नु। मसँग द्वेष गर्नेहरूसँग पनि नगर्नु यी कुरा। जसले मेरा भक्तहरूलाई यी कुरा बताउला ऊ मसँग आइपुग्ने छ। यो संसारमा यस्ता सेवक बाहेकका अरू सेवक न मेरा प्रिय छन् न रहनेछन्। म यो पनि घोषणा गर्दछु जो हाम्रो यो संवाद अध्ययन मनन गर्छ ऊ आफ्नू बुद्धिले मेरो पूजा गरेको ठहर्नेछ। जो सश्रद्धा द्वेषरहित भएर मलाई सुनाउँछ ऊ सारा पापबाट मुक्त हुन्छ। शुभ लोकमा पुग्छ। जहाँ पुण्यात्मा निवास गर्छन्।

हे अर्जुन ! के तिमीले मेरा कुरा एकाग्रता पूर्वक सुन्यौ ? के तिम्रो अज्ञान तथा मोह हट्यो ?

भगवान् श्रीकृष्णबाट यसरी दिव्यामृत पान गरे जसरी शिक्षा रूपी अमृत पान गरिरहेका अर्जुनले भनेका छन्:-

नष्टे मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत।
स्थितोस्मि गतसंदेहः करिष्ये वचनं तव॥

अर्थः- हे कृष्ण ! हे अच्युत ! अब मेरो मोह हट्यो। हजुरको अनुग्रहबाट मेरो स्मरण शक्ति फिर्‍यो। अब म संशयरहित तथा दृढ भएँ। हजुरको आदेश निर्देश अनुसार काम गर्दछु।

यसरी श्रीमद्भगवद्गीता अवतरण भएको छ। कुरुक्षेत्रमा हुनै लागेको युद्ध मैदानमा दुईतर्फका सेनाहरूका बीच बीचबाट आएको हो गीता। यो गीतारूपी प्रवचन दिव्यदृष्टि प्राप्त सञ्जय हेर्दै आफ्ना महाराज धृतराष्ट्रलाई सुनाउँदै रहेका थिए भने उता व्यास महोदय गीतालाई लिपिबद्ध गराउन तल्लीन थिए।

सञ्जयले धृतराष्ट्रसँग भनेका छन् "महाराज ! यसरी मैले कृष्ण र अर्जुनका बीचका वार्ता सुनें। यो सन्देश वा वार्ता यस्तो अद्भुत छ मेरो शरीरमा त रोमाञ्च पैदा गराएको छ। महर्षि व्यासको कृपाबाट मैले यस्तो अनुपम कुरा हेर्न र सुन्न पाएँ। हे महाराज ! जब म यी पवित्र वार्ताको स्मरण गर्दछु प्रतिक्षण आल्हादित हुन्छु र आनन्दले गदगद हुन्छु। भगवान् श्रीकृष्णको अद्भुत रूप सम्झेर अधिकाधिक आश्चर्यमा पर्दछु, चकित हुन्छु, हर्षित हुन्छु, पुनः हर्षित हुन्छु। यसबाट मेरो मनले भनेको छः-

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धर।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥

अर्थः– जहाँ योगेश्वर श्रीकृष्ण छन् जहाँ परम धनुर्धर अर्जुन छन् त्यहीं ऐश्वर्य, विजय, अलौकिक शक्ति तथा नीति रहेका हुन्छन्। मेरो मत यसै भन्छ।

आफन्तसँग युद्ध गर्दा आफन्तले आफनैलाई मार्न पर्ने देखेर म युद्ध गर्दिनँ भनेर बसेका कुन्तीपुत्र अर्जुनलाई सम्झाउने क्रममा पवित्र श्रीमद्भगवद्गीताको शिक्षा दिनुभएका भगवान् श्रीकृष्ण अर्जुनलाई युद्धार्थ तयार पारेर मात्र रहनुभएको होइन। उहाँ त अर्जुनको सारथि भएर समेत महाभारत महायुद्धमा पूरै खट्नुभएको हो। सारथि भएर मात्र पनि नभएर पाण्डवहरूका प्रमुख सल्लाहकार समेत हुनुभएको हो। अझ त्यो महायुद्धमा भगवान्कै नेतृत्व समेत रहेको हो भन्नैपर्दछ। युद्धकर्ताहरू अर्जुन आदि अरू छन् भगवान्बाट मात्र जटिलताको गाँठो फुकाइने गरेको देखिन आउँछ। भीष्म पितामहको वधमा होस् वा गुरु द्रोणाचार्य वधमा होस्, जयद्रथ तथा दुर्योधनवध जतातै जहिलेसुकै भगवान् श्रीकृष्णको सल्लाह वा निर्णयले ठूलो काम गर्ने गरेको देखिन्छ। पाण्डवहरूका निमित्त भगवान् श्रीकृष्ण शीर्ष व्यक्तित्व बन्नुभएको हो। यसमा एउटा प्रमुख कारण छ, त्यो के भने पाण्डवहरू न्यायको पक्षमा थिए, धर्मको पक्षमा थिए र सत्यको पक्षमा थिए। त्यसैले भगवान्बाट संरक्षकत्व पाएका हुन्। भगवान्ले जहिले पनि र जहाँ पनि सत्य र न्यायकै पक्ष लिइरहनुभएको हो।

दुर्योधन र भीमका बीच भएको गदायुद्धपछि मरणासन्न दुर्योधनले द्रोणपुत्र अश्वत्थामालाई सेनापति बनाए। अश्वत्थामाले रातमा सुतिरहेका पाँच द्रौपदीपुत्रको हत्या गरेर भागे। अश्वत्थामाको खोजी भयो, पहिलिए। उनले ज्यान बचाउन अर्थात् श्रीकृष्ण सहितका पाण्डवहरूलाई सिद्ध्याउने आफूचाहिँ बच्ने उद्देश्यले ब्रह्मास्त्र प्रयोग गरे। अर्जुनले पनि प्रतिरक्षार्थ ब्रह्मास्त्र नै प्रयोग गर्दा भयावह परिस्थितिको सिर्जना हुनगयो। पृथ्वी नै कम्पायमान भएको हुँदा महर्षि व्यासले दुवै महारथीहरूलाई आआफ्ना अस्त्र फिर्ता गर्न भन्नुभयो। अर्जुनले फिर्ता गरे तर अश्वत्थामाले त्यसो गर्न सकेनन्। उनले गर्भमा रहेका परीक्षित्लाई वध गर्न पठाए। त्यति बेला

भगवान् श्रीकृष्णले मारिएका परीक्षित्को सुरक्षा गरेर पाण्डवहरूको वंशरक्षा गर्नुभएको छ।

महाभारत युद्ध समाप्त भयो, पाण्डवहरूले विजय प्राप्त गरे। तर युधिष्ठिरले सती साध्वी तपस्विनी गान्धारीको क्रोधको भयंकर भयको अनुभव गरे। उनको क्रोधाग्निद्वारा विजयका सारा प्रसाद समाप्त हुन सक्ने देखे। यसबाट रक्षा गर्ने एक मात्र उपाय भगवान् श्रीकृष्ण देखिए। युधिष्ठिरले भगवान्सँग निवेदन गरेर गान्धारीलाई सम्झाउन भने। श्रीकृष्णले त्यो पनि स्वीकार गर्नुभयो। भगवान् श्रीकृष्ण हस्तिनापुर जानुभयो। उहाँ गएर गान्धारीको रिसको आगो केही शान्त पारिदिनुभयो। पाण्डवहरू ढुक्क भए।

महाभारत युद्धमा महाराज धृतराष्ट्रका सय छोरा समाप्त भए। उनका पक्षका वीर रथी महारथी सबै सखाप भए। पाण्डवहरू विजयी भएर हस्तिनापुर गए। पाण्डवहरूबाट महाराज धृतराष्ट्रलाई भेट्ने कार्यक्रम बन्यो, श्रीकृष्णसहित उनीहरू धृतराष्ट्रकहाँ गए। धृतराष्ट्रले पाण्डवहरूलाई एक एक गरेर आलिङ्गन गर्न चाहेको कुरा राखे। युधिष्ठिरपछि भीमको पालामा कृष्णजीले इशारा गरेअनुसार भीमको सट्टामा दुर्योधनले गदा हान्ने अभ्यास गर्न बनाएको फलामको मानवमूर्ति अघि सारियो। धृतराष्ट्रले भीम भन्दै मूर्तिलाई बेसरी अँठ्याए। बलवान् धृतराष्ट्रको बलशाली अँठ्याइले मूर्ति चकनाचुर भएर फुट्यो। धृतराष्ट्रको शरीरमा समेत घाउ घाउ भयो, रगत बह्यो। पापी कपटी धृतराष्ट्र हाय ! भीम ! भन्दै नक्कली रुवाइ रुन थालेपछि श्रीकृष्णले भेद खोलिदिनुभयोः–

मा शुचो धृतराष्ट्र त्वं नैष भीम त्वया हतः।
आयसि प्रतिमा ह्येष त्वया निष्पातिता विभो॥
(स्त्री पर्व १०।२३)

अर्थः– महाराज धृतराष्ट्र ! शोक नगर्नोस्। भीमलाई तपाईंले मार्नुभएको छैन। यो त जो तपाईंले अँठ्याएर टुक्रा टुक्रा पार्नुभयो त्यो फलामको प्रतिमा थियो राजकुमार दुर्योधनले गदा अभ्यासका निमित्त बनाइराखेको।

भगवान् श्रीकृष्णले अगाडि भन्नुभयो "महाराज धृतराष्ट्र ! जो भयो, भयो छाडिदिनुहोस्। अब यसमा चिन्ता नगर्नुहोस्। हो, तपाईंका छोराहरू मारिएकाले क्रोधका कारण तपाईं चिन्ताग्रस्त हुनुभएको छ। तपाईं अहिले

धर्मबाट पनि विचलित हुनुहुन्छ। त्यही कारण तपाईं भीमसेनलाई मार्न चाहनुहुन्थ्यो, यो मलाई थाहा थियो। त्यसैले मैले प्रतिमा अगाडि सार्न लगाएको हुँ। त्यसैले बचाइयो भीमलाई। महाराज ! तपाईंले यसो गर्नु उचित होइन। तपाईंका छोराहरू भीमबाट नमारिएकै भए पनि बाँच्दैनथे। उनीहरू मारिन योग्य थिए मारिए। हामीले सर्वत्र शान्ति स्थापना गर्नका निमित्त जे गर्‍यौं उचित काम गर्‍यौं। त्यसैले तपाईंले अनुमोदन गर्नुपर्दछ यो कामको। त्यसै गर्नोस, शोकमा नडुब्नुहोस्।"

कुरुक्षेत्रको बीभत्स दृश्य

महाभारत महायुद्ध समाप्त भयो। भगवान् श्रीकृष्णका अनुसार पापीहरूको नाश भयो र अधर्मीहरूको संहार भयो। अधर्म रोक्न तथा धर्मको रक्षा गर्न अवतरण गर्नुभएका भगवान् श्रीकृष्णबाट एउटा भयानक नाटकको सफल मञ्चन भयो। यही अवसरमा अर्थात् कुरुक्षेत्रको भीषण युद्ध समाप्त भएपछि स्त्रीविलाप पर्व रहेको छ महाभारत महाकाव्यमा। त्यो पर्व निक्कै दर्दनाक छ। हस्तिनापुरकी महारानी गान्धारीले युद्धको विवरण हेर्न महर्षि व्यासबाट दिव्यदृष्टि पाएकी थिइन्। जीवनभर आँखामा पट्टि बाँधेर रहेकी गान्धारीले व्यासको वरदानबाट प्राप्त शक्ति अर्थात् दिव्यदृष्टि अनुसार कुरुक्षेत्रको निरीक्षण गरिन्। उनले रणभूमिको बीभत्स दृश्य देखिन्।

कुरुक्षेत्रको खास रणभूमि हाड, कपाल, रगत बिष्टा आदिबाट भरिभराउ थियो। कैयौं हजार लास त्यहाँ अलपत्र थिए। रगतले मुछिएका, ढाडिएका थिए लासहरू। हात्तीसवार, घोडासवार, रथी, महारथीका मृत शरीर रगत तथा बिष्टा आदिले लतपतिएका तथा छोपिए ढाकिएकाले नचिनिने भएका थिए। फुलेर ढाडिएका थिए। कतै गिडिएका टाउका र कतै टाउका विनाका गींड शरीर अलपत्र थिए। एउटा लास अर्को लासमाथि परेको देखिन्थ्यो अर्थात् खातै खात थियो लासको। कवज तथा बहुमूल्य गहनाहरू त्यत्तिकै थिए। लासहरूको मासु खान ओइरिएका श्याल, काग, गिद्ध कुकुर आदि हिंसक जनावरहरू आपसमा ङ्याङ ङुरुङ गरेको कंकलापूर्ण आवाज सुनिन्थ्यो। रमाइरहेका देखिन्थे ती मांसभक्षी पशुपंक्षीहरू। त्यो भूमि नै मान्छे खाने राक्षस समान देखिन्थ्यो। यस्तो बीभत्स दृश्य हेर्नुपरेको थियो महारानी गान्धारीले।

भगवान् व्यासको आज्ञा लिएर राजा धृतराष्ट्र तथा समस्त पाण्डव पनि त्यहाँ गएका थिए। भगवान् श्रीकृष्णसहित मृतजनका आफन्त पनि गएका थिए त्यहाँ। कुरुक्षेत्रमा पुगेर त्यो भयानक बीभत्स दृश्य देखेका अनाथ

स्त्रीहरूले आफ्ना पति, पुत्र, पौत्र तथा अन्य आफन्त पुरुष जनको मृत शरीर देखे। ती लासहरूलाई गिद्ध आदि मांसभक्षी पशुपंक्षीले लुछिरहेको देखिन्थ्यो त्यहाँ। कोही आफन्तको लासमा घोप्टिन पुगे। कोही मुर्छा परेर लडे। दुःखले व्याकुल भएका युवतीहरूको अलाप विलाप र रोदनले पूरा कुरुक्षेत्र हल्लिन गयो। यस्तै यस्ता बीभत्स दर्दनाक दृश्य हेरेर आफैँ आत्तिएकी गान्धारीले अरू नारीहरूका क्रन्दनसमेत मुछेर भगवान् श्रीकृष्णसँग भनिन्:-

इत्युक्ते जानति सर्वमहं सव्यसनागमम्।
अब्रवं पुरुषव्याघ्र यतो धर्मस्ततो जय॥

(स्त्रीविलाप पर्व १७।७)

अर्थः- उनले भनेकी हुन् युद्ध समयमा पुत्र दुर्योधनले मसँग विजयको आशीर्वाद माग्दा मैले भन्ने गरेकी थिएँ जहाँ धर्म हुन्छ त्यहाँ विजय हुन्छ।

यसो भनिसकेपछि धेरै धेरै विलाप गरिन् गान्धारीले आफ्नै छोराहरूलाई सम्झेर। त्यसपछि युद्धमा आफन्त मारिएका कैयौं नारीहरूका विलापको प्रतिनिधित्व गरेर पनि विलाप गरिन्। श्रीकृष्णसँग सोझा बांगा धेरै कुरा राखिन्। यसरी विलाप गर्दा गर्दै हस्तिनापुरकी महारानी गान्धारी मुर्छा परेर जमीनमा लडिन्। केही समयपछि जब होशमा आइन् उनको शरीरमा आगो सल्केको जस्तो अनुभव भयो उनलाई। यसै समयमा उनले यो सबै दुर्दशाका रचयिता देवकीनन्दन श्रीकृष्णलाई ठहऱ्याइन्। उनले श्रीकृष्णलाई सम्बोधन गरेर भनिन् "हे जनार्दन ! तिमी यो दुर्दशा हुन नदिन समर्थ थियौ, यसो भएर पनि कुरुकुलको सर्वनाश हुन दियौ। यसमा निःसन्देह तिमी प्रमुख दोषी हौ। यसर्थ म तिमीलाई श्राप दिन्छु सुन। जसरी कुरुकुलमा यस्तो आपत्ति आयो तिम्रो कुलमा पनि त्यस्तै हुनेछ। आजको छत्तिसौं वर्ष आउनासाथ तिम्रा भाइ, छोरा, नाति कुल कुटुम्ब आपसमा लड्दा लड्दै मर्नेछन् सिद्धिनेछन्। तिमी एउटा अनाथ अकिञ्चन वैरागी भएर वनवनमा विचरण गर्दै कुनै निन्दित उपायद्वारा मृत्यु प्राप्त गर्नेछौ। भरतवर्षका नारीहरू जस्तै तिम्रा कुलका नारीहरू पनि यस्तै गरी पतिपुत्रका लासमाथि घोप्टिएर अलाप विलाप गर्नेछन्।"

यसरी श्राप दिइन् गान्धारीले भगवान् श्रीकृष्णलाई। श्रीकृष्णले मुसुक्क मुस्कुराएर भन्नुभयो "क्षत्राणी ! मलाई थाहा छ यस्तै हुन्छ। तिमी ठीक

भन्दैछौ । यसमा कुनै सन्देह छैन । वृष्णी वंशका यादव दैवबाटै नष्ट हुन्छन् । उनीहरूको संहार गर्न सक्ने म बाहेक अरू कोही छैन ।"

यति भएपछि भगवान् श्रीकृष्णले रिसाए जसरी गान्धारीलाई भन्नुभयो "गान्धारी ! तिम्रै अपराधबाट कौरवको यसरी विनाश भएको हो । तिम्रो पुत्र दुर्योधन दुरात्मा ईर्षालु र अत्यन्त अभिमानी थियो । दुष्कर्म परायण निष्ठुर र मान्यजनको आज्ञाको पालन नगर्ने थियो । तिमीले उसैलाई अगुवा बनाएर जो अपराध गरेकी छौ त्यसलाई तिमी खराब ठान्दिनौ । असल ठान्छ्यौ, ठहऱ्याउँछ्यौ । अहिले त्यो आफ्नू अपराध ममाथि थोपर्दैछौ । यदि कोही मान्छे मरेका आफन्त, हराएको धन वा वस्तु र बितेको बातमा शोक गर्छ भने त्यसले दुःख पाउँछ, दुःखी हुन्छ । तिम्रो अवस्था अहिले त्यस्तै भएको छ ।"

यसो भनेर पनि भगवान् श्रीकृष्णले गान्धारीबाट पाएको श्रापलाई पनि स्वीकार गर्नुभयो । यो घटना देखे सुनेर पाण्डवहरू स्तब्ध भए आत्तिए । जीवनबाटै विरक्त भएका जस्ता देखिए ।

त्यति बेलै राजा धृतराष्ट्रले पाण्डुपुत्र युधिष्ठिरसँग यो युद्धमा कति मानिस मारिए बताऊ भन्दा पाण्डुपुत्र महाराज युधिष्ठिरले भनेका छन्ः–

दशायुतानामयुतं सहस्राणि च विंशति ।
कोट्यः षष्टिश्च षट् चैव ह्यस्मिन् राजन् मृधे हता ॥

(श्राद्धपर्व २६।९)

यो युद्धमा एक अरब छयसठ्ठी करोड बीस हजार योद्धा मारिएका छन् । उनले फेरि आफैँ भने चौबीस हजार एक सय पैसठ्ठी सैनिक बेपत्ता भएका छन् ।

यसबाट स्पष्ट हुन्छ मान्छे मात्रै त्यति मारिएका छन् भने कति हात्ती, घोडा रथ तथा शस्त्रअस्त्र सिद्धियो, राजकोषबाट नगद कति खर्च भयो र अन्य देशका राजाहरूबाट खर्च तथा नोक्सानी कति भयो त्यो अथाह छ । शूरवीर सून्य तथा विद्वान् विदुषीले शून्य भएको छ धरती । राज्यको आर्थिक ढाड भाच्चिएको छ । फेरि तंग्रिएला नतंग्रिएला यसै भन्न नसकिने अवस्था छ ।

अनुगीता

पूर्वीय सभ्यता अन्तर्गतको हिन्दू धर्मावलम्बीहरूका बीचमा भएका धार्मिक तथा ऐतिहासिक पुराण, महापुराण काव्य महाकाव्यहरूमा महाभारत महाकाव्य एउटा अद्वितीय तथा महत्त्वपूर्ण महाकाव्यका रूपमा मानिएको छ। यो सनातनी वैदिक हिन्दू धर्मबाट प्रभावित छ। यो एउटा ऐतिहासिक महाग्रन्थ हो। यसमा धेरै धेरै विषय समेटिएका पनि छन्। विद्वान्हरूले भन्ने गरेका छन् यो ग्रन्थमा सबै थोक अटाएको छ। भनिएको पनि छः-

धर्मे अर्थे च कामे च मोक्षे च भरतर्षभः।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्॥

यस्तो महाभारत महाग्रन्थ वा काव्यमा के कति विषय छन् त्यो भन्न सकिँदैन। त्यसैले यति भन्न सकिन्छ विशालकाय महाकाव्य हो यो। यसमा एक लाखभन्दा बढी श्लोक रहेका छन्। अठार पर्व छन्। त्यहीं भित्र श्रीमद्भगवद्गीता जस्तो संसार प्रसिद्ध पवित्र ग्रन्थ अर्थात् दर्शन पनि रहेको छ। यो गीता महाभारत महाकाव्यको मुटु जस्तै भएर रहेको पाइएको छ। विदुरनीति, यक्ष-युधिष्ठिर संवाद तथा विष्णुसहस्रनाम आदि महत्त्वपूर्ण कुराहरू रहेका छन् यहाँ। यही फेरि श्रीमद्भगवद्गीता जस्तै अर्को अनुगीता समेत रहेको पाइएको छ। अहिले यहाँ चर्चा गर्न खोजिएको विषय अनुगीताको हो।

बहुचर्चित महाभारत महायुद्ध समाप्त भयो। यो महायुद्ध यसरी भएको हो कि यसको स्मरण गर्दा वा यस सम्बन्धी साहित्य अध्ययन गर्दा पनि मान्छेले आत्तिनुपर्ने हुन्छ। यसका योद्धाहरूका विषयमा सोच्दा त्यस्तै हुन्छ। झसक्क झस्कन बाध्य हुन्छ मान्छे। महायुद्ध वास्तवमा भयावह भएर समाप्त भएको हो। प्रत्यक्षदर्शी तथा सहभागीका निमित्त त कष्टदायक तथा डरलाग्दो भएर नै सकिएको हो। त्यस्तो ऐतिहासिक विषयलाई महाकाव्यको रूप दिएर निर्माण गर्नुभएको हो महर्षि व्यासले। यो महाकाव्यले भनेको छ

"पाण्डव तथा कौरव दुइ पक्षका बीचको महायुद्ध समाप्त भएपछि विजयी पक्ष पाण्डवहरूले महाराज युधिष्ठिको नायकत्वमा आफ्नू राज्यमा विधि तथा न्याय पूर्ण शासन सञ्चालन गर्न थाले। महायुद्ध समयमा क्षतविक्षत भएको भौतिक संरचनाको पुनर्निर्माण गरे। हानि पुऱ्याइएको धार्मिक तथा आर्थिक विषयको निर्माणको जग बसाले। राजनैतिक तथा सांस्कृतिक सम्बन्ध सुधार गर्न भगवान् श्रीकृष्णसमेतको सक्रिय सहभागितामा युद्ध स्तरमै अगाडि बढे। सबै विषय सुचारु रूपमा चल्न थाले। शान्तिको बहाली भयो। यस्तो गराउन सकिएकोमा पाण्डव महारथीका बीच खुसियाली छाएको थियो। त्यसमा पनि श्रीकृष्ण तथा अर्जुन विशेष किसिमले रमाएको अवस्था थियो। यिनीहरू आआफ्ना नित्य कर्म इमान्दारी तथा वफादारीका साथ गर्थे। त्यसका साथ साथै आनन्दी जीवन बिताउन पनि सँगसँगै यताउति विचरण गर्थे। सुखमय बनेको थियो जीवन पद्धति। सहज जीवनका हरेक अवसरमा भगवान् श्रीकृष्ण आफ्ना मित्र अर्जुनलाई विशिष्ट किसिमका धार्मिक तथा व्यावहारिक कथा तथा अन्य प्रसङ्गका कुराहरू सुनाउने गर्नुहुन्थ्यो। अर्जुन श्रीकृष्णका अमृतरूपी वाणी सुनेर कहिल्यै अघाउँदैनथे। अझै सुनौं सुनिरहुँ जस्तो मान्थे। उनलाई युद्धको भयावहता बिर्सनु थियो। यही तरिका ठीक भएको थियो। यस्तैमा एक दिन श्रीकृष्णले अर्जुनलाई सम्बोधन गरेर भन्नुभयोः-

विजितेयं धरा कृत्स्ना सव्यसाचीन् परंतप।
त्वद्बाहुबलमाश्रित्य राजा धर्मसुतेन ह॥
(आश्वमेधिक पर्व १५।१२)

अर्थः- शत्रुको सातो उडाउन सक्ने सव्यसाची अर्जुन ! धर्मपुत्र युधिष्ठिरले तिम्रो बाहुबलको सहारा लिएर सारा पृथिवी जितेका छन्।

यसरी कुराको थालनी गरेर भगवान् श्रीकृष्ण भन्दै जानुभयो "तिमी, भीमसेन, नकुल तथा सहदेवसमेतको प्रभावबाट युधिष्ठिर यो पृथिवीको निष्कण्टक राज्यसुख भोग्दैछन्। धर्मको बलबाटै यो सबै भएको हो। धर्मबलबाटै दुर्योधन मारिएको हो। धृतराष्ट्रका छोराहरू अधर्ममा रुचि राख्दथे, लोभी, कपटी र दुरात्मा थिए। त्यसैले यहाँ भएको धर्मयुद्धमा आफ्ना सँगी साथीसहित मारिए। धर्मपुत्र पृथिवीपति राजा युधिष्ठिर अब तिमीबाट सुरक्षित भई सर्वथा शान्त भएर सम्पूर्ण पृथिवीको राज्य गर्दैछन्। अपार सुख भोग्दैछन्।

हे पाण्डुकुमार ! तिमीसँग रहन पाउँदा म खुसी हुन्छु, निर्जन वनमा बस्दासमेत आनन्दमग्न हुने गर्दछु। जहाँ तिमीहरू छौ र मेरी फुपू कुन्ती हुनुहुन्छ त्यहाँ त झन् के कुरा भयो र ? आनन्दै आनन्द हुन्छ। मलाई त यस्तो लाग्दैछ जहाँ धर्मपुत्र युधिष्ठिर, महाबली भीमसेन, तिमी, माद्रीकुमार नकुल तथा सहदेव छन् त्यहाँ रहन पाउँदा परमानन्द प्राप्त हुन्छ।"

भगवान् श्रीकृष्णले आफूहरू रहेको सुन्दर एवं भव्य सभाभवनतिर लक्ष्य गरेर भन्नुभयो– "हे कुरुनन्दन ! यो सभा भवनको रमणीय एवं पवित्र स्थान स्वर्ग जस्तै छ। यस्तो स्वर्गीय स्थानमा तिमीसँग बसेर धेरै समय बिताएँ मैले। मैले आफ्ना पिताश्रीको दर्शन गर्न नपाएको पनि लामू समय भैसक्यो। दाउ बलराम समेत आफन्तबाट टाढा भएको छु। त्यसैले म अब द्वारका जान चाहन्छु। तिमीले यो कुरा स्वीकार गर्नुपर्दछ। तिमीले नै मेरो यो प्रस्ताव महाराज युधिष्ठिर समक्ष पुऱ्याइदिएर स्वीकृति गराइदिए अझ वेश हुनेछ।"

हे पार्थ ! तिमी हामीले जे गर्न पर्ने थियो त्यो सबै गऱ्यौं। अब हस्तिनापुर चारैतर्फबाट सुरक्षित छ। मैले जे गरें त्यो सबै तिमीहरूको हित रक्षार्थ गरेको हुँ। अब मैले यहाँ रहने र गर्ने कुनै काम छैन। राजा धृतराष्ट्रका पुत्र राजा दुर्योधन आफ्ना भाइ, सेना र सेवकसहित मारिइसके। यो सारा पृथिवी युधिष्ठिरको अधीनमा आइसक्यो।

हे अर्जुन ! मसँग अब अझै बाँकी भएको घर सम्पत्ति म सबै राजा युधिष्ठिरमा समर्पण गर्न चाहन्छु। अरू केही छैन। त्यसैले अब यहाँ तिमीहरूसँग बस्नु त केवल मन बहलाउनु मात्र हो।"

भगवान् श्रीकृष्णका यी सबै कुरा अर्जुनले स्वीकार गरेपछि श्रीकृष्ण द्वारका जाने करीव निधो भयो। त्यति बेलै श्रीकृष्ण तथा अर्जुन सभाभवनमा विराजमान भए। त्यहाँ गएपछि कुन्तीपुत्र अर्जुनले युद्धभूमिमा श्रीकृष्णबाट प्राप्त भएको श्रीमद्भगवद्गीता सुन्ने इच्छा प्रकट गरे। त्यसकै कारणले अनुगीता जन्मन पुगेको हो।

अश्वमेधिक पर्वको सोह्रौं अध्यायबाट अनुगीता शुरू भएको छ। विद्वान्हरू भन्ने गर्दछन् अनुगीता पठनोपयोगी छ। अनुगीतामा धर्मका विविध आयाम समेटिएका छन्।

अथ श्रीविष्णुसहस्रनामस्तोत्रम्

यस्य स्मरणमात्रेण जन्मसंसारबन्धनात्।
विमुच्यते नमस्तस्मै विष्णवे प्रभविष्णवे॥
नमः समस्तभूतानामादिभूताय भूभृते।
अनेकरूपरूपाय विष्णवे प्रभविष्णवे॥

वैशम्पायन उवाच

श्रुत्वा धर्मानशेषेण पावनानि च सर्वशः।
युधिष्ठरः शान्तनवं पुनरेवाऽभ्यभाषत॥१॥
किमेकं दैवतं लोके किं वाप्येकं परायणम्।
स्तुवन्तः कं कमर्चन्तः प्राप्नुयुर्मानवाः शुभम्॥२॥
को धर्मः सर्वधर्माणां भवतः परमो मतः।
किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात्॥३॥

भीष्म उवाच

जगत्प्रभुं देवदेवमनन्तं पुरुषोत्तमम्।
स्तुवन्नामसहस्रेण पुरुषः सततोत्थितः॥४॥
तमेव चार्चयन्नित्यं भक्त्या पुरुषमव्ययम्।
ध्यायन् स्तुवन्नमस्यंश्च यजमानस्तमेव च॥५॥
अनादिनिधनं विष्णुं सर्वलोकमहेश्वरम्।
लोकाध्यक्षं स्तुवन्नित्यं सर्वदुःखातिगो भवेत्॥६॥
ब्रह्मण्यं सर्वधर्मज्ञं लोकानां कीर्तिवर्धनम्।
लोकनाथं महद्भूतं सर्वभूतभवोद्भवम्॥७॥
एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः।
यद्भक्त्या पुण्डरीकाक्षं स्तवैरर्चेन्नरः सदा॥८॥
परमं यो महत्तेजः परमं यो महत्तपः।
परमं यो महद्ब्रह्म परमं यः परायणम्॥९॥
पवित्राणां पवित्रं यो मङ्गलानां च मङ्गलम्।
दैवतं देवतानां च भूतानां योऽव्ययः पिता॥१०॥

यतः सर्वाणि भूतानि भवन्त्यादियुगागमे ।
यस्मिंश्च प्रलयं यान्ति पुनरेव युगक्षये ॥११॥
तस्य लोकप्रधानस्य जगन्नाथस्य भूपते ।
विष्णोर्नामसहस्रं मे शृणु पापभयापहम् ॥१२॥
यानि नामानि गौणानि विख्यातानि महात्मनः ।
ऋषिभिः परिगीतानि तानि वक्ष्यामि भूतये ॥१३॥
ॐ विश्वं विष्णुर्वषट्कारो भूतभव्यभवत्प्रभुः ।
भूतकृद्भूतभृद्भावो भूतात्मा भूतभावनः ॥१४॥
पूतात्मा परमात्मा च मुक्तानां परमा गतिः ।
अव्ययः पुरुषः साक्षी क्षेत्रज्ञोऽक्षर एव च ॥१५॥
योगो योगविदां नेता प्रधानपुरुषेश्वरः ।
नारसिंहवपुः श्रीमान् केशवः पुरुषोत्तमः ॥१६॥
सर्वः शर्वः शिवः स्थाणुर्भूतादिर्निधिरव्ययः ।
सम्भवो भावनो भर्ता प्रभवः प्रभुरीश्वरः ॥१७॥
स्वयम्भूः शम्भुरादित्यः पुष्कराक्षो महास्वनः ।
अनादिनिधनो धाता विधाता धातुरुत्तमः ॥१८॥
अप्रमेयो हृषीकेशः पद्मनाभोऽमरप्रभुः ।
विश्वकर्मा मनुस्त्वष्ट्य स्थविष्ठः स्थविरो ध्रुवः ॥१९॥
अग्राह्यः शाश्वतः कृष्णो लोहिताक्षः प्रतर्दनः ।
प्रभूतस्त्रिककुब्धाम पवित्रं मङ्गलं परम् ॥२०॥
ईशानः प्राणदः प्राणो ज्येष्ठः श्रेष्ठः प्रजापतिः ।
हिरण्यगर्भो भूगर्भो माधवो मधुसूदनः ॥२१॥
ईश्वरो विक्रमी धन्वी मेधावी विक्रमः क्रमः ।
अनुत्तमो दुराधर्षः कृतज्ञः कृतिरात्मवान् ॥२२॥
सुरेशः शरणं शर्म विश्वरेताः प्रजाभवः ।
अहः संवत्सरो व्यालः प्रत्ययः सर्वदर्शनः ॥२३॥
अजः सर्वेश्वरः सिद्धः सिद्धिः सर्वादिरच्युतः ।
वृषाकपिरमेयात्मा सर्वयोगविनिःसृतः ॥२४॥
वसुर्वसुमनाः सत्यः समात्मा सम्मितः समः ।
अमोघः पुण्डरीकाक्षो वृषकर्मा वृषाकृतिः ॥२५॥

रुद्रो बहुशिरा बभ्रुर्विश्वयोनिः शुचिश्रवाः।
अमृतः शाश्वतः स्थाणुर्वरारोहो महातपाः ॥२६॥
सर्वगः सर्वविद्भानुर्विष्वक्सेनो जनार्दनः।
वेदो वेदविदव्यङ्गो वेदाङ्गो वेदवित्कविः ॥२७॥
लोकाध्यक्षः सुराध्याक्षो धर्माध्यक्षः कृताकृतः।
चतुरात्मा चतुर्व्यूहश्चतुर्दंष्ट्रश्चतुर्भुजः ॥२८॥
भ्राजिष्णुर्भोजनं भोक्ता सहिष्णुर्जगदादिजः।
अनघो विजयो जेता विश्वयोनिः पुनर्वसुः ॥२९॥
उपेन्द्रो वामनः प्रांशुरमोघः शुचिरूर्जितः।
अतीन्द्रः संग्रहः सर्गो धृतात्मा नियमो यमः ॥३०॥
वेद्यो वैद्यः सदायोगी वीरहा माधवो मधुः।
अतीन्द्रियो महामायो महोत्साहो महाबलः ॥३१॥
महाबुद्धिर्महावीर्यो महाशक्तिर्महाद्युतिः।
अनिर्देश्यवपुः श्रीमानमेयात्मा महाद्रिधृक् ॥३२॥
महेष्वासो महीभर्ता श्रीनिवासः सतां गतिः।
अनिरुद्धः सुरानन्दो गोविन्दो गोविदां पतिः ॥३३॥
मरीचिर्दमनो हंसः सपर्णो भुजगोत्तमः।
हिरण्यनाभः सुतपाः पद्मनाभः प्रजापतिः ॥३४॥
अमृत्युः सर्वदृक् सिंहः सन्धाता सन्धिमान्स्थिरः।
अजो दुर्मर्षणः शास्ता विश्रुतात्मा सुरारिहा ॥३५॥
गुरुर्गुरुतमो धाम सत्यः सत्यपराक्रमः।
निमिषोऽनिमिषः स्रग्वी वाचस्पतिरुदारधीः ॥३६॥
अग्रणीर्ग्रामणीः श्रीमान्न्यायो नेता समीरणः।
सहस्रमूर्धा विश्वात्मा सहस्राक्षः सहस्रपात् ॥३७॥
आवर्तनो निवृत्तात्मा संवृत्तः सम्प्रमर्दनः।
अहः संवर्तको वह्निरनिलो धरणीधरः ॥३८॥
सुप्रसादः प्रसन्नात्मा विश्वधृग्विश्वभुग्विभुः।
सत्कर्ता सत्कृतः साधुर्जह्नुर्नारायणो नरः ॥३९॥
असंख्येयोऽप्रमेयात्मा विशिष्टः शिष्टकृच्छुचिः।
सिद्धार्थः सिद्धसंकल्पः सिद्धिदः सिद्धिसाधनः ॥४०॥

वृषाही वृषभो विष्णुर्वृषपर्वा वृषोदरः ।
वर्धनो वर्धमानश्च विविक्तः श्रुतिसागरः ॥४१॥
सुभुजो दुर्धरो वाग्मी महेन्द्रो वसुदो वसुः ।
नैकरूपो बृहद्रूपः शिपिविष्टः प्रकाशनः ॥४२॥
ओजस्तेजोद्युतिधरः प्रकाशात्मा प्रतापनः ।
ऋद्धः स्पष्टाक्षरो मन्त्रश्चन्द्रांशुर्भास्करद्युतिः ॥४३॥
अमृतांशूद्भवो भानुः शशबिन्दुः सुरेश्वरः ।
औषधं जगतः सेतुः सत्यधर्मपराक्रमः ॥४४॥
भूतभव्यभवन्नाथः पवनः पावनोऽनलः ।
कामहा कामकृत्कान्तः कामः कामप्रदः प्रभुः ॥४५॥
युगादिकृद्युगावर्तो नैकमायो महाशनः ।
अदृश्योऽव्यक्तरूपश्च सहस्रजिदनन्तजित् ॥४६॥
इष्टोऽविशिष्टः शिष्टेष्टः शिखण्डी नहुषो वृषः ।
क्रोधहा क्रोधकृत्कर्ता विश्वबाहुर्महीधरः ॥४७॥
अच्युतः प्रथितः प्राणः प्राणदो वासवानुजः ।
अपां निधिरधिष्ठानमप्रमत्तः प्रतिष्ठितः ॥४८॥
स्कन्दः स्कन्दधरो धुर्यो वरदो वायुवाहनः ।
वासुदेवो बृहद्भानुरादिदेवः पुरन्दरः ॥४९॥
अशोकस्तारणस्तारः शूरः शौरिर्जनेश्वरः ।
अनुकूलः शतावर्तः पद्मी पद्मनिभेक्षणः ॥५०॥
पद्मनाभोऽरविन्दाक्षः पद्मगर्भः शरीरभृत् ।
महर्द्धिर्ऋद्धो वृद्धात्मा महाक्षो गरुडध्वजः ॥५१॥
अतुलः शरभो भीमः समयज्ञो हविर्हरिः ।
सर्वलक्षणलक्षण्यो लक्ष्मीवान्समितिञ्जयः ॥५२॥
विक्षरो रोहितो मार्गो हेतुर्दामोदरः सहः ।
महीधरो महाभागो वेगवानमिताशनः ॥५३॥
उद्भवः क्षोभणो देवः श्रीगर्भः परमेश्वरः ।
करणं कारणं कर्ता विकर्ता गहनो गुहः ॥५४॥
व्यवसायो व्यवस्थानः संस्थानः स्थानदो ध्रुवः ।
परर्द्धिः परमस्पष्टस्तुष्टः पुष्टः शुभेक्षणः ॥५५॥

रामो विरामो विरजो मार्गो नेयो नयोऽनयः ।
वीरः शक्तिमतां श्रेष्ठो धर्मो धर्मविदुत्तमः ॥५६॥
वैकुण्ठः पुरुषः प्राणः प्राणदः प्रणवः पृथुः ।
हिरण्यगर्भः शत्रुघ्नो व्याप्तो वायुरधोक्षजः ॥५७॥
ऋतुः सुदर्शनः कालः परमेष्ठी परिग्रहः ।
उग्रः संवत्सरो दक्षो विश्रामो विश्वदक्षिणः ॥५८॥
विस्तारः स्थावरः स्थाणुः प्रमाणं बीजमव्ययम् ।
अर्थोऽनर्थो महाकोशो महाभोगो महाधनः ॥५९॥
अनिर्विण्णः स्थविष्ठोऽभूर्धर्मयूपो महामखः ।
नक्षत्रनेमिर्नक्षत्री क्षमः क्षामः समीहनः ॥६०॥
यज्ञ इज्यो महेज्यश्च ऋतुः सत्रं सतां गतिः ।
सर्वदर्शी विमुक्तात्मा सर्वज्ञो ज्ञानमुत्तमम् ॥६१॥
सुव्रतः सुमुखः सूक्ष्मः सुघोषः सुखदः सुहृत् ।
मनोहरो जितक्रोधो वीरबाहुर्विदारणः ॥६२॥
स्वापनः स्ववशो व्यापी नैकात्मा नैककर्मकृत् ।
वत्सरो वत्सलो वत्सी रत्नगर्भो धनेश्वरः ॥६३॥
धर्मगुब्धर्मकृद्धर्मी सदसत्क्षरमक्षरम् ।
अविज्ञाता सहस्रांशुर्विधाता कृतलक्षणः ॥६४॥
गभस्तिनेमिः सत्त्वस्थः सिंहो भूतमहेश्वरः ।
आदिदेवो महादेवो देवेशो देवभृद्गुरुः ॥६५॥
उत्तरो गोपतिर्गोप्ता ज्ञानगम्यः पुरातनः ।
शरीरभूतभृद्भोक्ता कपीन्द्रो भूरिदक्षिणः ॥६६॥
सोमपोऽमृतपः सोमः पुरुजित्पुरुसत्तमः ।
विनयो जयः सत्यसंधो दाशार्हः सात्वतां पतिः ॥६७॥
जीवो विनयिता साक्षी मुकुन्दोऽमितविक्रमः ।
अम्भोनिधिरनन्तात्मा महोदधिशयोऽन्तकः ॥६८॥
अजो महार्हः स्वाभाव्यो जितामित्रः प्रमोदनः ।
आनन्दो नन्दनो नन्दः सत्यधर्मा त्रिविक्रमः ॥६९॥
महर्षिः कपिलाचार्यः कृतज्ञो मेदिनीपतिः।
त्रिपदस्त्रिदशाध्यक्षो महाशृङ्गः कृतान्तकृत् ॥७०॥

महावराहो गोविन्दः सुषेणः कनकाङ्गदी ।
गुह्यो गभीरो गहनो गुप्तश्चक्रगदाधरः ॥७१॥
वेधाः स्वाङ्गोऽजितः कृष्णो दृढः संकर्षणोऽच्युतः ।
वरुणो वारुणो वृक्षः पुष्कराक्षो महामनाः ॥७२॥
भगवान् भगहानन्दी वनमाली हलायुधः ।
आदित्यो ज्योतिरादित्यः सहिष्णुर्गतिसत्तमः ॥७३॥
सुधन्वा खण्डपरशुर्दारुणो द्रविणप्रदः ।
दिविस्पृक्सर्वदृग्व्यासो वाचस्पतिरयोनिजः ॥७४॥
त्रिसामा सामगः साम निर्वाणं भेषजं भिषक् ।
संन्यासकृच्छमः शान्तो निष्ठा शान्तिः परायणम् ॥७५॥
शुभाङ्गः शान्तिदः स्रष्टा कुमुदः कुवलेशयः ।
गोहितो गोपतिर्गोप्ता वृषभाक्षो वृषप्रियः ॥७६॥
अनिवर्ती निवृत्तात्मा संक्षेप्ता क्षेमकृच्छिवः ।
श्रीवत्सवक्षाः श्रीवासः श्रीपतिः श्रीमतां वरः ॥७७॥
श्रीदः श्रीशः श्रीनिवासः श्रीनिधिः श्रीविभावनः।
श्रीधरः श्रीकरः श्रेयः श्रीमाँल्लोकत्रयाश्रयः ॥७८॥
स्वक्षः स्वङ्गः शतानन्दो नन्दिर्ज्योतिर्गणेश्वरः ।
विजितात्मा विधेयात्मा सत्कीर्तिश्छिन्नसंशयः ॥७९॥
उदीर्णः सर्वतश्चक्षुरनीशः शाश्वतः स्थिरः ।
भूशयो भूषणो भूतिर्विशोकः शोकनाशनः ॥८०॥
अर्चिष्मानर्चितः कुम्भो विशुद्धात्मा विशोधनः ।
अनिरुद्धोऽप्रतिरथः प्रद्युम्नोऽमितविक्रमः ॥८१॥
कालनेमिनिहा वीरः शौरिः शूरजनेश्वरः ।
त्रिलोकात्मा त्रिलोकेशः केशवः केशिहा हरिः ॥८२॥
कामदेवः कामपालः कामी कान्तः कृतागमः ।
अनिर्देश्यवपुर्विष्णुर्वीरोऽनन्तो धनञ्जयः ॥८३॥
ब्रह्मण्यो ब्रह्मकृद् ब्रह्मा ब्रह्म ब्रह्मविवर्धनः ।
ब्रह्मविद् ब्राह्मणो ब्रह्मी ब्रह्मज्ञो ब्राह्मणप्रियः ॥८४॥
महाक्रमो महाकर्मा महातेजा महोरगः ।
महाक्रतुर्महायज्वा महायज्ञो महाहविः ॥८५॥

स्तव्यः स्तवप्रियः स्तोत्रं स्तुतिः स्तोता रणप्रियः।
पूर्णः पूरयिता पुण्यः पुण्यकीर्तिरनामयः ॥८६॥
मनोजवस्तीर्थकरो वसुरेता वसुप्रदः।
वसुप्रदो वासुदेवो वसुर्वसुमना हविः ॥८७॥
सद्गतिः सत्कृतिः सत्ता सद्भूतिः सत्परायणः।
शूरसेनो यदुश्रेष्ठः सन्निवासः सुयामुनः ॥८८॥
भूतावासो वासुदेवः सर्वासुनिलयोऽनलः।
दर्पहा दर्पदो दृप्तो दुर्धरोऽथापराजितः ॥८९॥
विश्वमूर्तिर्महामूर्तिर्दीप्तमूर्तिरमूर्तिमान्।
अनेकमूर्तिरव्यक्तः शतमूर्तिः शताननः ॥९०॥
एको नैकः सवः कः किं यत्तत्पदमनुत्तमम्।
लोकबन्धुर्लोकनाथो माधवो भक्तवत्सलः ॥९१॥
सुवर्णवर्णो हेमाङ्गो वराङ्गश्चन्दनाङ्गदी।
वीरहा विषमः शून्यो घृताशीरचलश्चलः ॥९२॥
अमानी मानदो मान्यो लोकस्वामी त्रिलोकधृक्।
सुमेधा मेधजो धन्यः सत्यमेधा धराधरः ॥९३॥
तेजोवृक्षो द्युतिधरः सर्वशस्त्रभृतां वरः।
प्रग्रहो निग्रहो व्यग्रो नैकशृङ्गो गदाग्रजः ॥९४॥
चतुर्मूर्तिश्चतुर्बाहुश्चतुर्व्यूहश्चतुर्गतिः।
चतुरात्मा चतुर्भावश्चतुर्वेदविदेकपात् ॥९५॥
समावर्तोऽनिवृत्तात्मा दुर्जयो दुरतिक्रमः।
दुर्लभो दुर्गमो दुर्गो दुरावासो दुरारिहा ॥९६॥
शुभाङ्गो लोकसारङ्गः सुतन्तुस्तन्तुवर्धनः।
इन्द्रकर्मा महाकर्मा कृतकर्मा कृतागमः ॥९७॥
उद्भवः सुन्दरः सुन्दो रत्ननाभः सुलोचनः।
अर्को वाजसनः शृङ्गी जयन्तः सर्वविज्जयी ॥९८॥
सुवर्णबिन्दुरक्षोभ्यः सर्ववागीश्वरेश्वरः।
महाह्रदो महागर्तो महाभूतो महानिधिः ॥९९॥
कुमुदः कुन्दरः कुन्दः पर्जन्यः पावनोऽनिलः।
अमृताशोऽमृतवपुः सर्वज्ञः सर्वतोमुखः ॥१००॥

सुलभः सुव्रतः सिद्धः शत्रुजिच्छत्रुतापनः ।
न्यग्रोधोदुम्बरोऽश्वत्थश्चाणूरान्ध्रनिषूदनः ॥१०१॥
सहस्रार्चिः सप्तजिह्वः सप्तैधाः सप्तवाहनः ।
अमूर्तिरनघोऽचिन्त्यो भयकृद्भयनाशनः ॥१०२॥
अणुर्बृहत्कृशः स्थूलो गुणभृन्निर्गुणो महान् ।
अधृतः स्वधृतः स्वास्यः प्राग्वंशो वंशवर्द्धनः ॥१०३॥
भारभृत्कथितो योगी योगीशः सर्वकामदः ।
आश्रमः श्रमणः क्षामः सुपर्णो वायुवाहनः ॥१०४॥
धनुर्धरो धनुर्वेदो दण्डो दमयिता दमः ।
अपराजितः सर्वसहो नियन्ता नियमो यमः ॥१०५॥
सत्त्ववान्सात्त्विकः सत्यः सत्यधर्मपरायणः ।
अभिप्रायः प्रियार्होऽर्हः प्रियकृत्प्रीतिवर्धनः ॥१०६॥
विहायसगतिर्ज्योतिः सुरुचिर्हुतभुग्विभुः ।
रविर्विरोचनः सूर्यः सविता रविलोचनः ॥१०७॥
अनन्तो हुतभुग्भोक्ता सुखदो नैकजोऽग्रजः ।
अनिर्विण्णः सदामर्षी लोकाधिष्ठानमद्भुतः ॥१०८॥
सनात्सनातनतमः कपिलः कपिरव्ययः ।
स्वस्तिदः स्वस्तिकृत्स्वस्तिस्वस्तिभुक्स्वस्तिदक्षिणः ॥१०९॥
अरौद्रः कुण्डली चक्री विक्रम्यूर्जितशासनः ।
शब्दातिगः शब्दसहः शिशिरः शर्वरीकरः ॥११०॥
अक्रूरः पेशलो दक्षो दक्षिणः क्षमिणां वरः ।
विद्वत्तमो वीतभयः पुण्यश्रवणकीर्तनः ॥१११॥
उत्तारणो दुष्कृतिहा पुण्यो दुःस्वप्ननाशनः।
वीरहा रक्षणः सन्तो जीवनः पर्यवस्थितः ॥११२॥
अनन्तरूपोऽनन्तश्रीर्जितमन्युर्भयापहः ।
चुतरस्रो गभीरात्मा विदिशो व्यादिशो दिशः ॥११३॥
अनादिर्भूर्भुवो लक्ष्मीः सुवीरो रुचिराङ्गदः ।
जननो जनजन्मादिर्भीमो भीमपराक्रमः ॥११४॥
आधारनिलयोऽधाता पुष्पहासः प्रजागरः ॥
ऊर्ध्वगः सत्पथाचारः प्राणदः प्रणवः पणः ॥११५॥

प्रमाणं प्राणनिलयः प्राणभृत्प्राणजीवनः ।
तत्त्वं तत्त्वविदेकात्मा जन्ममृत्युजरातिगः ॥११६॥
भूर्भुवः स्वस्तरुस्तारः सविता प्रपितामहः ।
यज्ञो यज्ञपतिर्यज्वा यज्ञाङ्गो यज्ञवाहनः ॥११७॥
यज्ञभृद्यज्ञकृद्यज्ञी यज्ञभुग्यज्ञसाधनः ।
यज्ञान्तकृद्यज्ञगुह्यमन्नमन्नाद एव च ॥११८॥
आत्मयोनिः स्वयंजातो वैखानः सामगायनः ।
देवकीनन्दनः स्रष्टा क्षितीशः पापनाशनः ॥११९॥
शङ्खभृन्नन्दकी चक्री शार्ङ्गधन्वा गदाधरः ।
रथाङ्गपाणिरक्षोभ्यः सर्वप्रहरणायुधः ॥१२०॥
॥ सर्व प्रहरणायुध ॐ नम इति ॥
इतीदं कीर्तनीयस्य केशवस्य महात्मनः ।
नाम्नां सहस्रं दिव्यानामशेषेण प्रकीर्तितम् ॥१२१॥
य इदं शृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् ।
नाशुभं प्राप्नुयात्किञ्चित्सोऽमुत्रेह च मानवः ॥१२२॥
वेदान्तगो ब्राह्मणः स्यात्क्षत्रियो विजयी भवेत् ।
वैश्यो धनसमृद्धः स्याच्छूद्रः सुखमवाप्नुयात् ॥१२३॥
धर्मार्थी प्राप्नुयाद्धर्ममर्थार्थी चार्थमाप्नुयात् ।
कामानवाप्नुयात्कामी प्रजार्थी प्राप्नुयात्प्रजाम् ॥१२४॥
भक्तिमान्यः सदोत्थाय शुचिस्तद्गतमानसः ।
सहस्रं वासुदेवस्य नाम्नामेतत्प्रकीर्तयेत् ॥१२५॥
यशः प्राप्नोति विपुलं ज्ञातिप्राधान्यमेव च ।
अचलां श्रियमाप्नोति श्रेयः प्राप्नोत्यनुत्तमम् ॥१२६॥
न भयं क्वचिदाप्नोति वीर्यं तेजश्च विन्दति ।
भवत्यरोगो द्युतिमान् बलरूपगुणन्वितः ॥१२७॥
रोगार्तो मुच्यते रोगाद् बद्धो मुच्येत बन्धनात् ।
भयान्मुच्येत भीतस्तु मुच्येतापन्न आपदः ॥१२८॥
दुर्गाण्यतितरत्याशु पुरुषः पुरुषोत्तमम् ।
स्तुवन्नामसहस्रेण नित्यं भक्तिसमन्वितः ॥१२९॥
वासुदेवाश्रयो मर्त्यो वासुदेवपरायणः ।

सर्वपापविशुद्धात्मा याति ब्रह्म सनातनम् ॥१३०॥
न वासुदेवभक्तानामशुभं विद्यते क्वचित् ।
जन्ममृत्युजराव्याधिभयं नैवोपजायते ॥१३१॥
इमं स्तवमधीयानः श्रद्धाभक्तिसमन्वितः ।
युज्येतात्मसुखक्षान्ति श्रीधृतिस्मृतिकीर्तिभिः ॥१३२॥
न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः ।
भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे ॥१३३॥
द्यौः सचन्द्रार्कनक्षत्रा खं दिशो भूर्महोदधिः ।
वासुदेवस्य वीर्येण विधृतानि महात्मनः ॥१३४॥
ससुरासुरगन्धर्वं सयक्षोरगराक्षसम् ।
जगद्वशे वर्ततेदं कृष्णस्य सचराचरम् ॥१३५॥
इन्द्रियाणि मनो बुद्धिः सत्त्वं तेजो बलं धृतिः ।
वासुदेवात्मकान्याहुः क्षेत्रं क्षेत्रज्ञ एव च ॥१३६॥
सर्वागमानामाचारः प्रथमं परिकल्पते ।
आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः ॥१३७॥
ऋषयः पितरो देवा महाभूतानि धातवः ।
जङ्गमाजङ्गमं चेदं जगन्नारायणोद्भवम् ॥१३८॥
योगो ज्ञानं तथा सांख्यं विद्याः शिल्पादि कर्म च ।
वेदाः शास्त्राणि विज्ञानमेतत्सर्वं जनार्दनात् ॥१३९॥
एको विष्णुर्महद्भूतं पृथग्भूतान्यनेकशः ।
त्रींल्लोकान्व्याप्य भूतात्मा भुङ्क्ते विश्वभुगव्ययः ॥१४०॥
इमं स्तवं भगवतो विष्णोर्व्यासेन कीर्तितम् ।
पठेद्य इच्छेत्पुरुषः श्रेयः प्राप्तुं सुखानि च ॥१४१॥
विश्वेश्वरमजं देवं जगतः प्रभवाप्ययम् ।
भजन्ति ये पुष्कराक्षं न ते यान्ति पराभवम् ॥१४२॥

ॐ तत्सदिति श्रीमहाभारते शतसाहस्र्यां संहितायां वैयासिक्यामानुशासनिके पर्वणि भीष्मयुधिष्ठिरसंवादे श्रीविष्णोर्दिव्यसहस्रनामस्तोत्रम् ॥

हरिः ॐ तत्सत् । हरिः ॐ तत्सत् ।। हरिः ॐ तत्सत् ।।।

शुद्धिपत्र

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
५४	१४	हस्तनापुर	हस्तिनापुर
८३	५	हुन्	हुन
१०९	१६	रख्ने	राख्ने
१२९	७	पूर्वक	पूर्ण
१३७	८	तहीलगाउँछन्	तहलगाउँदछन्
१३९	२	उही	उठी
१३९	१७	बाचेको	बाँचेको
१४७	८	दःख	दुःख
१५४	५	व्याप्त	व्याप्त
१८९	२९	कुन्दरः	सुन्दरः

मुक्तिनाथ शर्मा नेउपाने

जन्ममिति : १९ फागुन, १९९६
जन्मस्थान : लमजुङ, दुराडाँडा, खुम्लुक
हाल बसोबास : नयाँबानेश्वर, काठमाडौं-१०
माता/पिता : स्व. रुक्मिणीदेवी/खडानन्द शर्मा
सम्पर्क : फोन-४४९२०२३, मो.-९८४१८२१७००

प्रकाशित कृतिहरू

- नेपालको आर्थिक प्रशासनः एक अनुभव (२०४६)
- विद्रोह, खण्डकाव्य (२०५५)
- काठमाडौंदेखि लन्डनसम्म, यात्रा संस्मरण (२०५७)
- सर्वोदय, ऐतिहासिक गीतिकाव्य (२०५९)
- श्रीमद्भागवद्भित्रका केही प्रसङ्ग (२०६०)
- श्रीमद्भगवद्गीता, नेपालीमा भावानुवाद (२०६१)
- पानी र नानी, बालगीतिकाव्य (२०६१)
- बेलायततिरका झ्यालका, दैनिकीका पानाबाट (२०६२)
- सम्झनाका झ्यालका, कवितासङ्ग्रह (२०६३)
- सानी चरी गौथली, बालगीतसङ्ग्रह (२०६३)
- तीर्थाटन, यात्रा संस्मरण (२०६४)
- दिदीबहिनीका पुस्तक, समीक्षासङ्ग्रह (२०६५)
- चिन्तनको चौतारी, शाश्वत चिन्तन सङ्ग्रह (२०६५)
- नानीको बानी, बालकाव्य (२०६६)
- बब्लु र सुगा, बालकथासङ्ग्रह (२०६६)
- Grand mother -बालकथासङ्ग्रह (२०६६)
- अन्जना र आकृति, बालउपन्यास (२०६७)
- थिरीथिरी, बालकवितासङ्ग्रह (२०६७)
- मनका तरङ्ग, गीतसङ्ग्रह (२०६७)
- राम्रा नानी, बालगीतिकाव्य (२०६८)
- महाभारतका केही प्रसङ्ग (२०६८)
- स्वदेश र विदेशका विभिन्नपुस्तकपुस्तिका, पत्रपत्रिका, स्मारिका आदिमा विविध विषयमा समसामयिक लेख रचना एवं कविताहरू प्रकाशित

सहलेखन

- नेपालको आर्थिक प्रशासनः सङ्क्षिप्त परिचय र प्रयोगात्मक झलक (२०४८)
- नेपालमा ग्रामीण विकासका अवधारणा (२०५१)

अनुभव : नेपाल सरकारको उपसचिव स्तरसमेतमा रही ३३ वर्षभन्दा बढी सरकारी सेवा

भ्रमण : भारत, चीन, संयुक्त अधिराज्य बेलायत र इटली

संलग्नता : संरक्षक सदस्य गण्डकी सामाजिक गुठी, बानेश्वर, काठमाडौं

आजीवन सदस्यः पूर्व कर्मचारी सेवा परिषद्, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, नेपाल बाल साहित्य समाज काठमाडौं, मोती सामुदायिक पुस्तकालय, अर्घाखाँची

9 789937 230141